जि.प्र.का. काठमाडौं, द.नं. : ३६३/०७४/०७५

नेफ्स्कून


# साकोस आवाज
# SACCOS AAWAJ

नेफ्स्कूनको त्रैमासिक प्रकाशन

वर्ष ६ | अंक २१ | मुल्य रु. १००/- | वैशाख-असार २०७९

## 4D

- डिजिटाईजेशन
- डिजिटलाईजेशन
- डिजिटल ट्रान्सफरमेशन
- डिजिटल इन्क्लुजन



नयाँ बानेश्वर, काठमाडौं, नेपाल
पो.ब.नं. : ९१६९, फोन नं. : +९७७-१-४७९१९६३, ४७८०२०१, ४७८३०७१, ४७८४६५९, इमेल : nefscun@nefscun.org.np

www.nefscun.org.np

# नेफस्कून गतिविधिका झलकहरु




















नेफ्स्कून

**प्रकाशक**
नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी
संघ लिमिटेड (नेफ्स्कून)

**संरक्षक**
परितोष पौड्याल
अध्यक्ष, नेफ्स्कून

**सूचना तथा प्रकाशन उपसमिति-संयोजक**
चन्द्र प्रसाद ढकाल
बरिष्ठ उपाध्यक्ष/प्रवक्ता

**सूचना तथा प्रकाशन उपसमिति सदस्यहरू**
विपिन शर्मा
लिला थापा
जगदिश भट्टराई
सालिकराम पुडासैनी

**सम्पादक**
सञ्जयराज तिमिल्सीना

**सह-सम्पादक**
राधा पौडेल

**मुद्रण**
एक्सिस प्रिन्टर्स प्रा.लि.
न्यूप्लाजा, काठमाडौं
०१-४५३६८६१

**मुल्य**
रु.१००/-





# यस भित्र


एकीकृत साकोस सञ्जालको लागि साझा प्रविधि ..... १
साकोस शिखर गोष्ठी-२०७९ ..... २
नेफ्स्कूनको ३५औं स्थापना दिवस ..... ७
बचत समूह राष्ट्रिय संघ गठनका सारथीहरु ..... ११
स्थिरीकरण कोषको शुभारम्भ ..... १८
सहकारी संघ संस्थाहरुका लागि विभागद्वारा जारी ३५ बुँदे निर्देशन ..... १९
स्तरीकरण कार्यक्रममा साकोसको आबद्धता ..... ३१
सहकारी अभियान : सुशासनको बाहक ..... ४२
अन्तर्वार्ता: निर्देशनको प्रभावकारी कार्यान्वयनको विकल्प छैन ..... ४४
वित्तीय सहकारीमा जोखिम व्यवस्थापन ..... ४९
सहकारीमा 4D र हाम्रो अवस्था ..... ५६
सहकारी क्षेत्रमा लघुवित्त कार्यक्रम ..... ५९
विश्व ऋण परिषद् लक्ष्य २०२५ ..... ६५
सहकारी संस्थामा लघु बीमाको आवश्यकता र महत्व ..... ६८
सुदूरपश्चिमको श्री एकता प्रगतिशिलले थालेको प्रगति ..... ७१



**© नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कून)**


केन्द्रीय कार्यालयः नयाँ बानेश्वर, काठमाडौं,
फोन नं.: ०१-४७९१९६३, ४७८०२०१, इमेलः nefscun@nefscun.org.np
वेबसाइटः www.nefscun.org.np



**यस साकोस आवाजमा प्रकाशित सबै धारणाहरु लेखकका निजी धारणा हुन् । -सम्पादक**

# सहकारीमा बजेट र मौद्रिक नीतिको सवाल

वित्तीय क्षेत्रमा महत्वका साथ हेरिने र उक्त क्षेत्रलाई दिशानिर्देश गर्ने नीतिकोरूपमा हेरिने मौद्रिक नीति जारी भएसँगै आर्थिक बर्ष २०७९/०८० को समग्र वित्तीय क्षेत्रको दिशा र गती यसले निश्चित भएको छ । संवैधानिक व्यवस्था अनुरूप जेष्ठ १५ गते संसदमा भएको प्रस्तुत बजेट सम्बन्धमा विभिन्न समर्थन र आलोचनामा उत्तिकै स्वरहरू प्रस्फुटन भए भने मौद्रिक नीतिका सम्बन्धमा पनि यसले दीर्घकालीनरूपमा वित्तीय क्षेत्रलाई सकारात्मक गन्तव्यमा डोऱ्याउने हुँदाहुँदै पनि तत्कालीनरूपमा बजारको वित्तीय संकट थप बढ्न सक्ने भन्ने कोणबाट समेत टिप्पणी भएका छन् ।

समाजवाद उन्मुख अर्थ व्यवस्थाका लागि संवैधानिकरूपमा सार्वजनिक र निजी क्षेत्रको समान हैसियत प्राप्त गरेको सहकारी क्षेत्रलाई यसपटकको बजेटले उत्साहित बनाउन सकेन । सहकारी ऐन, २०७४ मा तोकिएको करको दर अनुरूप आयकर ऐन संशोधनको लागि लामो संघर्ष र दवाव सिर्जना गरेको सहकारी अभियान यसपटक करको दर वृद्धिमा पूर्वसंकेतको अभावमा प्रतिक्रियाविहिन जस्तै बन्यो । आयकरमा पचास प्रतिशतसम्मको वृद्धिले वृद्धि भई साविकको नगरपालिका, उपमहानगरपालिका र महानगरपालिकामा लाग्दै आएको क्रमशः पाँच, सात दशमलव पाँच र दश प्रतिशत क्रमशः सात दशमलव पाँच, दश र पन्ध्र प्रतिशत पुगेको छ । करको दर वृद्धि हुँदा सदस्यमा आधारित वित्तीय सहकारी संस्थाहरूमाथि राज्यको तर्फबाट शोषण भएको छ ।

नीतिगतरूपमा सहकारीमार्फत उत्पादनमूलक क्षेत्रमा लगानी अभिबृद्धि, उद्यम विकासमा बचत परिचालन र रोजगारी सृजनालाई प्रोत्साहन गर्ने सोच पुरा गर्न बजेट चुकेको देखिन्छ । प्रत्येक बर्ष आउने नीति तथा कार्यक्रमले सहकारीमार्फत आर्थिक आत्मनिर्भरता वृद्धि, आयात प्रतिस्थापन, निर्यात प्रबर्द्धन गर्ने शब्दजालले सुसज्जित नै देखिन्छन् । तर यसको कार्यान्वयनको पक्ष भने प्राथमिकतामा पर्न सकेको छैन । मन्त्रालयको राजनीतिक नेतृत्व होस् वा सहकारी विभागको नेतृत्व अस्थिर हुँदा नीति तथा कार्यक्रम कार्यान्वयनको जवाफदेहिता प्रश्नवाचक चिन्ह लाग्ने गरेको छ ।

यस वर्ष पनि नेपाल राष्ट्र बैंकले मौद्रिक नीति जारी गरिसकेको छ । बजारमा आर्थिक संकूचन र वैदेशिक मुद्रा सञ्चिति बढीरहेको, मुद्रास्फितीको दर उच्च भएको चुनौतीको बीचमा जारी मौद्रिक नीति केहि कसिलो देखिएको छ तर सँगै शेयर बजारप्रति केहि उदार बनेको छ । शेयर बजारप्रति उदार, ऋण लगानी र धितो मुल्याङ्कनमा गरेको कडाईले दिर्घकालमा समग्र अर्थतन्त्रलाई सुधारको दिशामा लैजानसक्ने भएतापनि तत्काल सहकारी क्षेत्रमा त्यसको भार थपिने निश्चितप्रायः छ । अर्कोतर्फ अमुर्त (कसले नेतृत्व र पहल गर्ने भन्ने यकिन नभएको) नै भएतापनि बचत तथा ऋण सहकारीहरूको अनुगमनको लागि दोस्रो तहको संरचना निर्माण गर्न केन्द्रीय बैंकले सहजीकरण गर्ने विषय मौद्रिक नीतिको सकारात्मक पहल मान्नु पर्दछ । यद्यपी प्रारम्भिक सहकारी संस्थाहरूको अनुगमन विषयगत केन्द्रीय संघले गर्ने र संघको अनुगमनमा केन्द्रीय बैंक वा दोस्रो तहको संरचनाले गर्ने नीतिगत व्यवस्था आजको आवश्यकता हो । सहकारीले स्वायत्तता र स्वतन्त्रताको सिद्धान्त अवलम्बन गर्दा राज्यका दायरा भित्र मात्र उपयोग गर्ने हो भने सहकारी क्षेत्रमा दुर्घटनाका समाचारहरू सुन्नु नपर्ने गरी सञ्चालन गर्न सकिन्छ ।

चालु आ.व.को बजेट एवम् करको व्यवस्था, मौद्रिक नीतिका प्रावधानहरू हेर्दा अब वित्तीय कारोबार गर्ने संस्थाहरू नियमित अनुगमनमा नबस्ने, बचत संकलन गरेको रकम घर, जग्गा, पसल वा अन्य कुनै उद्योगमा लगानी गर्ने वा सदस्यको नाममा नै किन नहोस् ऋण लगानीको ठुलो हिस्सा घर, जग्गा जस्ता अनुत्पादक क्षेत्रमा नै लगानी गर्ने प्रत्यक्ष, अप्रत्यक्ष अभ्यासलाई न्यूनिकरण नगर्ने हो भने सहकारी क्षेत्रमा ठुला ठुला दुर्घटनाहरू हुन सक्दछन् ।





**परितोष पौड्याल**
अध्यक्ष, नेफ्स्कून

# अध्यक्षको सन्देश

२०४५ साल श्रावण ३२ गते विजारोपण भएको नेपालको साकोस अभियान जागरण, विकास, व्यावसायिकीकरण, गुणस्तर सुनिश्चितता र सञ्जालिकरणको शिखरारोहण गर्दै ३५औं वर्षमा पदार्पण गरेको छ । इतिहासको यस गौरवपूर्ण क्षणमा अभियानका अग्रजहरूको सपनालाई पुरा गर्ने बचनबद्धता व्यक्त गर्दछौं । गरिमामय इतिहासको जगमा उभिएको नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ वर्तमानका चुनौती सामना गर्ने भरपर्दो सारथीको रूपमा विश्व सञ्जालमा स्थापित गर्न समर्थ भएको छ । पैंतीस लाख सदस्यहरूको सारथी बनेको यस अभियान निर्माणको लागि विभिन्न कालखण्डमा योगदान पुऱ्याउनुहुने सम्पूर्ण अग्रजहरूप्रति कृतज्ञता व्यक्त गर्दछु । नेफ्स्कून यतिबेला एकीकृत साकोस सञ्जालको लागि साझा प्रविधि विकासमा प्रयत्नरत छ । वर्तमान वदल्न र सुन्दर भविष्यको निर्माण गर्न हामी मुख्य तीन कार्यभारमा संकल्पित छौं ।

### सैद्धान्तिक पक्षको गतिशिलता

वित्तीय सहकारीका चार सिद्धान्तको प्रकाशमा वचत तथा ऋणको अभियानलाई नेपालीहरूको जीवनपद्धति बनाइरहेका छौं । यी सिद्धान्तहरू इच्छाले होइन प्रयोगले प्रमाणित भई समस्याको समाधानको सुत्रको रूपमा स्थापित छन् । सिद्धान्तहरू नै कानुनको स्रोत हुन् र यसकै  कसीको रूपमा कानुनहरू निर्माण गरिन्छ । विश्वव्यापी सिद्धान्तको मुल मार्गदर्शनः सदस्यको सुरक्षा गर्ने, सुशासन प्रवर्द्धन गर्ने, प्रभावकारी सञ्चालन र कुशल व्यवस्थापनलाई संस्थागत गर्ने, सञ्चालन प्रणालीलाई चुस्त, भरपर्दो र जीवन्त बनाउन वित्तीय सहकारीको दिशा र दृष्टिलाई गतिशील बनाईरहेका छौं ।

### नैतिक पक्षको नेतृत्व

सञ्चालक समितिले नैतिक पक्षको नेतृत्व स्थापित गर्न संस्थाको निर्णय गर्ने मुख्य केन्द्रको  रूपमा उभिनु पर्दछ । संस्थाको सर्वोत्तम हितलाई सम्बोधन गर्न नेतृत्वले व्यवस्थापनलाई सल्लाह दिने, संस्थाको संरक्षण सम्वर्धन गर्ने, संस्थाको निरन्तरता दिने र आफु नमुना वनेर अरूलाई सिकाउने कार्यमा सधै अग्रणी हुनु पर्दछ । विश्वव्यापी रूपमा स्थापित आधार मुल्यहरू आत्म सहयोग, स्व-उत्तरदायित्व, लोकतन्त्र, समानता, न्याय र ऐक्यवद्धतालाई आत्मसात गरी नैतिक पक्षको नेतृत्व स्थापित गर्न इमान्दारिता, खुलापन, सामाजिक उत्तरदायित्व र अरूको हेरचाहका लागि सधै तत्पर रहनु पर्दछ ।

### प्राविधिक पक्षको सामर्थको विकास

समाज निम्न अवस्थामा, उच्च अवस्थामा र सरलताबाट जटिलता तिर उन्मुख हुन्छ । मानिसले सरल, सहज, छिटो र भरपर्दो सेवाको माग गर्नु मानवीय गुण हो । सहकारी संस्थाले डिजिटल च्यानलको प्रयोग मार्फत संस्थाको कार्यसम्पादन गर्नु, भुक्तानी व्यवस्थापनको साझा संयन्त्रलाई सञ्चालन गर्नु, तथ्याङ्क र दस्तावेजको सुरक्षा गर्नु र तथ्याङ्कको विश्लेषण गर्न डिजिटाईजेशन, डिजिटलाईजेशन, डिजिटल रूपान्तरण र डिजिटल समावेशीकरणको माध्येमबाट उच्च प्रविधिको विकासमा जुट्नु आवश्यक छ ।

यो प्राविधिक सामर्थको विकास गर्न नेफस्कूनले ३५ औं स्थापना दिवसको अवसरमा "**एकीकृत साकोस सञ्जालका लागि साझा प्रविधि**" **(Shared Technology for Integrated SACCOS Network)** भन्ने थिम तय गरेको छ । संघले आफ्ना नेटवर्कमा रहेका संस्थाको वित्तीय सक्षमता र प्रतिस्पर्धात्मक स्थान कायम राख्न, प्रविधि र उपकरणको सुलभ उपलब्धतालाई सुनिश्चित गर्न र सफ्टवेयरमा एकरूपता कायम राख्न एकीकृत स्रोत योजनाको रणनीति कार्यान्वयन गर्दैछ । सहकारी अभियानको अबको गतव्य भनेको उच्च प्रविधिको विकास र विद्युतीय प्रणालीको अपरिहार्यता नै हो । अभियानको यो कार्यभार पुरा गर्न नेफस्कून दृढ संकल्पीत छ ।



**प्रकाश प्रसाद पोखरेल**
प्रमुख कार्यकारी अधिकृत, नेफ्स्कून

# सङ्कल्प

नेपालको वित्तीय सहकारीमा मात्र नभई समग्र सहकारी अभियानको विकास, प्रर्वद्धन, सशक्तिकरण र सुशासनमा नेफ्स्कून विशिष्ठ पहिचान, उत्कृष्ट छवि र गौरवपूर्ण इतिहास सहित अग्रणीरूपमा स्थापित छ । सहकारी अभियानको आजको घनत्व, कारोबारको फैलावट र समुदायस्तरमा प्रभावको गुणात्मक वृद्धिमा नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ (नेफ्स्कून) को महत्वपूर्ण योगदान रहेको छ । मुलुकको जेठो केन्द्रीय संघको रूपमा यसले विगतमा खेलेको भूमिका, महत्वपूर्ण मोडहरूमा देखाएको उपस्थिति र बहस पैरवीको सघनताले आज ओजपूर्ण उपलब्धि हासिल गर्न नेफ्स्कून सक्षम भएको छ । स्थापनाको ३५औं वसन्त प्रवेश गर्दा आत्मगौरवका अनेकन संघर्षपूर्ण तर दुरगामी अर्थ बोक्ने अनुभूतिहरूले हामी हर्षित छौं । दुःखले आर्जित उपलब्धिहरूमा अग्रजहरू (संस्थापक, सञ्चालक एवं लेखा सुपरिवेक्षण समिति र व्यवस्थापन समुह)को सामुहिक योगदानको उच्च मुल्याङ्कन गर्दै आगामी दिनमा पनि यस्तै एकताबद्ध प्रयासका साथ साकोस अभियानको श्रीवृद्धिमा जुट्ने प्रण गर्दछौ । साथै, नेफ्स्कून बचत तथा ऋण सहकारीको अभियानको केन्द्रीय विषयगत संघको भूमिकामा रहेर ३५औं बर्ष प्रवेश गरेको सुखद अवसरमा संघमा योगदान गर्नुहुने सम्पूर्ण अभियानकर्मी तथा सरोकारवालाहरूमा नेफ्स्कून व्यवस्थापनको तर्फबाट हार्दिक आभार व्यक्त गर्दै नेपालको वित्तीय सहकारी अभियानलाई मुल्य, सिद्धान्त र नीतिगत वातावरणले उपलव्ध भएको अवसर अभियानमा आवद्ध आमसदस्यहरूको हितमा परिचालन गर्ने प्रतिवद्धता व्यक्त गर्दछौं ।

बचत तथा ऋण सहकारीमा सहकारी सञ्जालले निर्दिष्ट गरेको मार्गचित्र भित्र रहेर आफ्नो विशिष्ठ पहिचान सहित अभियानको जागरण, प्रवर्द्धन, विकास तथा साझा सञ्जालिकरणमा प्रविधिको उचित विकास गरी निरन्तर सक्रिय रहने छौं । समुदायको उत्कृष्ठ वित्तीय सेवा प्रदायकको रूपमा गुणस्तरीय वित्तीय तथा गैह्र वित्तीय सेवा प्रवाह गर्ने सक्षमता सहितका सदस्य संघ संस्थाहरूको विकास र स्रोत साधनहरूको व्यवस्थापनमा निरन्तर बहस पैरवी एवम् सहजीकरणका लागि अहोरात्र क्रियाशिल रहनेछौ । संघ मार्फत गुणस्तरीय सेवा प्रवाह गरी नेपालको सहकारी अभियानको उत्कृष्ठ सेवा प्रदायक संघको भूमिकालाई अक्षुण राख्नु हाम्रो पहिलो कार्य हुनेछ । यसका लागि अभियानको तर्फबाट प्राप्त योगदान, सहकार्य र समर्पणप्रति संघ व्यवस्थापन हार्दिक आभार सहित निरन्तरताको अपेक्षा गर्दछ ।

कोरोना कहरबाट तङ्ग्रिदै गरेको अभियान पुनः कोभिड–१९ महामारीको सन्त्रासमा मात्र छैन वित्तीय क्षेत्रमा देखिएको तरलता अभावको सम्मुखमा छ । सहकारी क्षेत्रमा उब्जिएका सुशासन सम्बन्धी प्रश्नको जवाफ अब बोलीमा होइन एकताबद्ध एवम् सुशासित अभ्यासबाट दिन आवश्यक छ । जनशक्ति सुरक्षा तथा प्रोत्साहनलाई पहिलो प्राथमिकतामा राखि उच्च प्रविधियुक्त दक्ष जनशक्ति मार्फत सेवा प्रवाहलाई निरन्तरता साथै साझा सञ्जालका लागि साझा प्रविधि इआरपी समेत विकास गरी लागु गरिनेछ । सदस्यहरूको आवश्यकतामा आधारित सेवा मार्फत समावेशी आर्थिक प्रणाली विकासका गर्न व्यवसायिक व्यवस्थापनका माध्यमबाट वित्तीय सहकारी क्षेत्रलाई मर्यादित सामाजिक उद्यमको क्षेत्रमा स्थापित गर्न साथै सुशासन प्रत्याभूतिका लागि संघ मार्फत योगदान गरिनेछ ।

संघको पाँचौं रणनीतिक योजना बमोजिम आ.व. २०७९।०८० को नीति तथा कार्यक्रमको मुख्य ध्येय सञ्जालमा छवी निर्माण तथा सुशासन प्रत्याभूतिका साथ, साकोस एकरूपता प्रणाली, सदस्यमैत्री वहस तथा पैरवी, स्थिरीकरण कोषको कार्यान्वयन, जोखिममा आधारित साकोस सुपरिवेक्षण, विपद् व्यवस्थापन, केन्द्रीय तरलता तथा ऐक्यवद्धता कोष निर्माण, साझा स्तरीय प्रविधि, जनशक्ति विकास स्रोत केन्द्र, सञ्चार प्रणाली, साझा बजारीकरण, सेवाहरूको विविधिकरण दिगो विकास लक्ष्य प्राप्तिका लागि सहकार्य, स्वनियममा आधारित सुशासन प्रर्वद्धन स्तरीकरण, एकीकरण, निरन्तर सिकाई, उद्यमशिलता प्रर्वद्धन, समावेशी सञ्जाल र पहुँच अभिबृद्धि लगायतका क्षेत्रहरूमा लक्ष्य कार्यान्वयनका लागि सम्पूर्ण सहकारीकर्मी तथा शुभेच्छुकहरूको साथमा व्यवस्थापकीय नेतृत्व प्रदान गरिनेछ ।

**"एकीकृत साकोस सञ्जालका लागि साझा प्रविधि"** भन्ने संकल्पका साथ संघको ३५औं वर्ष नेपालमा सबल दिगो वित्तीय सहकारीहरूको साझा सञ्जाल स्थापनामा सफल हुने विश्वास लिएका छौं । मर्यादित एवम् व्यवसायिक सञ्चालनको वातावरण तयार गरी प्रविधिमा आधारित सञ्जाल व्यवस्थापनमा सम्पूर्ण सरोकारवाला पक्षहरूको विगत जस्तै सद्भाव, सहकार्य र सकारात्मक पृष्ठपोषणको अपेक्षा गर्दछौं ।

# एकीकृत साकोस सञ्जालको लागि साझा प्रविधि
## (Shared Technology for Integrated SACCOS Network)

वित्तीय सहकारीको समावेशी एवम् स्मार्ट सेवा सुनिश्चित गरी सदस्यको जीवनस्तरमा सुधार गर्ने ध्येयलाई सबल र दिगो वित्तीय सहकारीहरूको साझा प्रविधि सञ्जालको परिकल्पना मार्फत साकार पार्नुछ । दिगो वित्तीय सेवा अन्तर्गत वित्तीय कारोबारको दिगोपना र संस्थाको दिगोपनाको लागि वित्तीय बजारमा सहकारीलाई डिजिटलाईजेशन गर्नु पर्दछ । नेफ्स्कूनले आफ्ना नेटवर्कमा रहेका संस्थाको वित्तीय सक्षमता र प्रतिस्पर्धात्मक स्थान कायम राख्न, प्रविधि र उपकरणको सुलभ उपलब्धतालाई सुनिश्चित गर्न र सफ्टवेयरमा एकरूपता कायम राख्न एकीकृत स्रोत योजनाको रणनीति कार्यान्वयन गर्दैछ । सहकारी अभियानको अबको गतव्य भनेको उच्च प्रविधिको विकास र विद्युतीय प्रणालीको अपरिहार्यता नै हो । यसलाई मध्येनजर गर्दै नेफ्स्कूनले ३५ औं स्थापना दिवसको अवसरमा **"एकीकृत साकोस सञ्जालका लागि साझा प्रविधि"** भन्ने थिम तय गरेको छ । बचत ऋण सहकारी अभियानमा नीति, विधि र प्रविधिमा एकरूपता कायम गराउने उद्देश्यसहित नेफ्स्कूले प्रविधिगत एकरूपताको कार्य समेत प्रारम्भ गरिसकेको छ ।

### एकीकृत साकोस सञ्जाल

करारीय आवद्धता तथा ऐक्यवद्धता सहित स्रोतहरूमा पहुँच र एकरूपता, संघ मार्फत साकोसका लागि आवश्यक सेवा विकास, प्रक्षेपण र अवलम्बनका निम्ति उत्प्रेरणा, संघले विकास गरेका सेवामा सदस्य संघ/संस्थाहरूको स्वामित्व र अपनत्व, लागत साझेदारी कार्यक्रम विकास र सञ्चालन, मानव संशाधन विकास बैंकमार्फत सदस्य संस्थाहरूमा मानव स्रोत उपयोग, सञ्जाल क्षमता विकासका लागि तालिम तथा स्रोत केन्द्र सञ्चालन, संघमा अद्यावधिक स्रोत व्यक्तिहरूको सूचीबाट तालिम सञ्चालन, संघमार्फत प्रभावकारी लेखा प्रणाली विकास, सदस्य संस्थाहरूबाट केन्द्रीय तरलता सुविधाको प्रयोग र नमुना नीतिहरूको प्रयोगको सुनिश्चतता नै एकीकृत साकोस सञ्जाल हो ।

### साझा प्रविधि

साकोस सञ्जालमा आवद्ध तथा सञ्जाल भित्र रहनु पर्ने सम्पूर्ण संघ संस्थाहरूलाई समेटी सबैको साझा अपनत्व सहितको विकास गरिएको एउटै प्रविधि मार्फत सेवाहरूमा स्थलगत र गैरस्थलगत पहुँच, डिजिटल माध्यम मार्फत पहुँच वृद्धि २४/७ (चौबीसै घन्टा, साते दिन) बचत, ऋण, बीमा र भुक्तानी फर्स्योट सेवा, स्मार्ट प्रविधि, अद्यावधिक सदस्य तथा व्यवस्थापन सूचना प्रणाली, प्रविधिमार्फत सदस्य तथा ऋण विश्लेषण र निर्णय (Data Analytics), प्रविधिमार्फत सदस्यता आवेदन, स्वचालित प्रणाली मार्फत खाता सञ्चालन, प्रविधिमार्फत नियमित शिक्षा/तालिम सञ्चालन, प्रविधिमार्फत सुपरिवेक्षण, साकोस एकरूपता प्रणाली अनुरूपको दृश्यात्मक, नीतिगत र प्रविधिगत एकरूपता, प्रमाणीकृत प्रविधिको प्रयोग नै साझा प्रविधि हो ।

### प्रविधिको आवश्यकता

२१औं शताब्दी प्रविधिको युगको रूपमा चिनिन्छ । अन्तर्राष्ट्रिय सञ्जालमा रहेका बैंकहरूको माध्यमबाट एउटा मुलुकको नागरिकले सजिलै विभिन्न फरक मुद्रा चलनमा रहेका मुलुकमा कारोबार गर्न सक्दछ । विभिन्न मुलुकमा भौतिक मुद्रा प्रचलनलाई निरूत्साहित गरिएको पाइन्छ भने नेपालमा पनि विद्यालयको शुल्क तिर्न, यात्राको टिकट बुक गर्न, सुपर मार्केटमा वस्तु खरीद गर्न, रेष्टुरेन्टको बील भुक्तानी गर्न, विद्युत महशुल, टेलिफोनको बील तिर्न, बीमाको प्रिमियम तिर्न लगायतका कार्य गर्न प्रविधिलाई प्रयोग गरिएको छ । कतिपय स्थानमा प्रविधिको प्रयोग मार्फत दायित्व भुक्तानी गर्दा छुट सुविधाको समेत अफर गर्ने गरेको पाइन्छ, जसले पैसाको भौतिक उपस्थिति र सोबाट सिर्जित हुने जोखिम न्यूनिकरण गरी कारोबार सम्पादन गर्दछ । त्यसैले आम नागरिक (विशेषगरी युवा पुस्ता) वित्तीय प्रविधिमा आकर्षित हुँदै गएको छ । यसको आवश्यकताको सन्दर्भमा निम्न आधारहरू प्रस्तुत गर्न सकिन्छ :

(क) बैंकिङ सेवाहरूमा पहुँच
(ख) अधिक सुविधाजनक सेवा
(ग) समयको बचत
(घ) शिघ्र एवम् पूर्वाग्रह रहित कार्यसम्पादन
(ङ) कारोबार लागतमा न्यूनिकरण (जनशक्ति र समय न्यूनिकरण मार्फत)
(च) प्रभावकारी आन्तरिक नियन्त्रण र नगद रहित कारोबार
(छ) विश्वसनीय प्रतिवेदनहरू
(ज) पहुँच वृद्धि (२४/७ सेवा)
(झ) उच्च व्यवसायिकता प्रदर्शन
(ञ) सदस्य सन्तुष्टि र अपनत्व वृद्धि (नयाँ प्रकारका सेवाहरू, जस्तै पैसा स्थानान्तरण र प्रत्यक्ष निक्षेपहरू स्वीकार गरेर)

### सहकारीको सन्दर्भमा साझा प्रविधिहरूको प्रयोग

वित्तीय सहकारीहरूले प्रयोग गर्ने प्रविधिलाई निम्न चार क्षेत्रगत उद्देश्यमा प्रयोग गर्न सकिन्छ ।

(क) डिजिटाईजेशन (Digitization) : भौतिकरूपमा सिर्जित भएका दस्तावेजहरूलाई विद्युतीय प्रतिको रूपमा रूपान्तरण गरी सुरक्षित गर्ने विधि,
(ख) डिजिटलाईजेशन (Digitalization) : कारोबारहरूको अभिलेख विद्युतीय प्रणालीमा नै सिर्जित गरी अभिलेख व्यवस्थापन गर्ने प्रणाली,
(ग) डिजिटल ट्रान्सफरमेशन (Digital Transformation) : एक स्वरूपमा प्रविष्ट गरिएको अभिलेख वा तथ्याङ्कलाई सोहीरूपमा वा फरक रूपमा अर्को कुनै स्थान वा प्रणालीमा स्थानान्तरण तथा विश्लेषण गर्ने विधि,
(घ) डिजिटल ईन्क्लुजन (Digital Inclusion) : प्रविधिको माध्यमबाट व्यवसायिक वस्तु तथा सेवा प्रवर्द्धन र विस्तार गरी संस्थामा पहुँच नभएका वर्गहरूलाई सेवामा समेट्ने कार्य,

एकलरूपमा कुनै संस्थाले विकास गरी वा खरीद गरी उल्लेखित प्रविधिको प्रयोग गर्न लागत र जनशक्ति उपलब्धताको दृष्टिकोणबाट निकै चुनौतिपूर्ण छ । तर एउटा साझा प्लेटफर्मको रूपमा संघले यस्तो प्रविधि विकास गरी सदस्य संस्थाहरूको पहुँच स्थापित गर्दा लागत र जनशक्ति व्यवस्थापनको दृष्टिकोणबाट सहज र प्रभावकारी हुन सक्दछ । नेपालमा वित्तीय सहकारीहरूको केन्द्रीय संघको रूपमा रहेको नेफ्स्कूनले उल्लेखित सम्पूर्ण समाधान सहितको प्रविधि विकासको लागि नेपालमा हालसम्म भएका वित्तीय प्रविधि हस्तान्तरण गर्ने कम्पनीहरूको तुलनामा उच्चस्तरको लगानी र जनशक्ति मार्फत प्रविधिको प्लेटफर्म विकास गर्दैछ । जसलाई वित्तीय सहकारी सञ्जालको साझा प्रविधिको रूपमा परिकल्पना गरिएको छ ।




# साकोस शिखर गोष्ठी २०७९ नविनतम साझा प्रविधि विकास मुल लक्ष्य

"दीगो एवम् एकीकृत सञ्जालको लागि नविनतम साझा प्रविधि" भन्ने मुल भावका साथ काठमाडौंमा सञ्चालित दुई दिवसीय साकोस शिखर गोष्ठी १२ बुँदे घोषणापत्र सहित सोमबार सम्पन्न भएको छ । गोष्ठी नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि.(नेफ्स्कून) को आयोजनामा र भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय र सहकारी विभागको सहआयोजनामा भएको थियो । नेफ्स्कूनका अध्यक्ष परितोष पौड्यालको अध्यक्षतामा सुरू गोष्ठीको उद्घाटन गृहमन्त्री बालकृष्ण खाँडले गर्नुभएको थियो ।

> **प्रमुख अतिथि गृहमन्त्री बालकृष्ण खाँडले गोष्ठीको उद्घाटन गर्दै सरकारले गर्न नसकेको काम सहकारीमार्फत भएको भन्दै अभियानको प्रशंसा गर्नुभएको थियो ।**

प्रमुख अतिथि गृहमन्त्री बालकृष्ण खाँडले गोष्ठीको उद्घाटन गर्दै सरकारले गर्न नसकेको काम सहकारीमार्फत भएको भन्दै अभियानको प्रशंसा गर्नुभएको थियो । गृहमन्त्री खाँडले नागरिकको जीवनमा परिवर्तन ल्याउन सहकारीले खेलेको भूमिका महत्वपूर्ण रहेको बताउँदै सहकारी अभियानप्रति सरकार सकारात्मक रहेको स्पष्ट पार्नुभयो ।

दूरदराजमा रहेका महिला दिदीबहिनीहरूमा आर्थिक सशक्तिकरण ल्याउन सहकारी सफल भएको प्रशंग उल्लेख गर्दै मन्त्री खाँडले सहकारी सदस्यलाई सम्पत्तिको मालिक बनाउने अभियान भएकोले सदस्यको बचत र स्रोत साधनलाई उर्जाशिल अभियानमा रूपान्तरित गर्न सुझाव प्रदान गर्नुभयो ।

सहकारी विभागका रजिष्ट्रार रूद्रप्रसाद पण्डितले सहकारी अभियान र सरकार एउटै डुङ्गाका

सहयात्री भएकोले एकसाथ अगाडि बढेर सहकारी क्षेत्रलाई सुशासनमा ल्याउन पहल गर्नुपर्नेमा जोड दिनुभयो । काठमाडौंमा आयोजित दुई दिवसीय गोष्ठीले सहकारीलाई विधि र सिद्धान्तमा चल्न प्रेरित गर्दै सुशासन कायम गर्न महत्वपूर्ण भूमिका निर्वाह गरोस् भनी शुभकामना प्रदान गर्नुभयो । सहकारीका नीति, योजना कार्यक्रम बनाउन तथ्यांक आवश्यक हुने बताउनुहुँदै उहाँले सम्पूर्ण सहकारी कोपोमिसमा आवद्ध हुनु आग्रह गर्नुभयो । ३० हजार सहकारी संस्थाहरूमा २६ प्रतिशत मात्रै सहकारीका विवरण प्राप्त भएको र थप अद्यावधिक गर्न आग्रह गर्नुभयो ।

त्यस्तै राष्ट्रिय सहकारी महासंघका अध्यक्ष मिनराज कडेलले सरकारले सहकारीको आयकरको दर बढाएको भन्दै गृहमन्त्रीको ध्यानाकर्षण गराउनुभयो । आयकरको दर पुरानै कायम गर्न उहाँले नेपाल सरकारलाई आग्रह गर्नुभयो । त्यस्तै उहाँले बचत तथा ऋण सहकारी संस्थाको नियमनको लागि छुट्टै बचत ऋण ऐनको माग समेत गर्नुभयो ।

कार्यक्रममा नेफ्स्कूनका अध्यक्ष परितोष पौड्यालले कोभिड महामारीले सृजना गरेका वित्तीय सक्षमता, स्थिरता र स्वस्थताका विषयको यथोचित सम्बोधन गर्ने दाबी गर्नुभयो । साकोस अभियानको शक्ति, सामर्थ्य र सहनशीलताको बलमा चुनौतीहरू सामना गर्न सकिने विश्वास व्यक्त गर्नुभयो । उहाँले लामो बहसपछि बचत ऋण सहकारीहरूका लागि स्थिरीकरण कोष सञ्चालनमा आएपनि यसका कतिपय कानुनी प्रावधानहरू अभियानमैत्री बनाउनुपर्ने आवश्यकता रहेको तर्फ प्रमख अतिथि लगायत सरोकारवालाहरूको ध्यानाकर्षण गराउनुभयो । अध्यक्ष पौड्यालले कर्जा सूचना केन्द्र र कर्जा असुली न्यायाधिकरणसँगै छुट्टै साकोस ऐनको आवश्यकता रहेको




धारणा राख्नुभयो ।

नेफ्स्कूनका बरिष्ठ उपाध्यक्ष चन्द्रप्रसाद ढकालले साकोस अभियान सबलीकरणका लागि र अभियानलाई उत्साहित बनाउन साथै कोभिडका कारण सुस्ताएका विषहरूमा नयाँ उत्साह र सञ्चार प्रवाह गर्न गोष्ठीको आयोजना गरिएको प्रष्ट्याउनुभयो ।

उद्घाटन समारोहमा विश्व ऋण परिषद्की प्रमुख कार्यकारी अधिकृत एलिस म्याक कार्टर ला बोर्ड, एशियाली ऋण महासंघकी प्रमुख कार्यकारी अधिकृत एलिनिता भि. सान्रोकेले गोष्ठी सफलताको शुभकामना व्यक्त गर्नुभएको थियो ।

उद्घाटन समारोहमा पूर्व मन्त्री एवं सहकारी अभियन्ता केशव प्रसाद बडाल, राष्ट्रिय सहकारी महासंघका अध्यक्ष मिनराज कंडेल, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका नि. सचिव जनकराज जोशी, समस्याग्रस्त सहकारी व्यवस्थापन समितिका अध्यक्ष काशीराज दाहाल लगायत विभिन्न राजनीतिक दलका प्रतिनिधिहरू, अन्तराष्ट्रिय व्यक्तित्वहरू, मुख्य सरोकारवाला पक्षहरू, अभियानकर्मी, नियमनकारी निकायका जिम्मेवार अधिकारीहरू, सम्बन्धीत सरोकारवालाहरू एवम् विकास साझेदारहरू सहित करिब ७०० जनाको सहभागिता रहेको थियो । कार्यक्रमको सञ्चालन महासचिव दामोदर अधिकारीले गर्नुभएको थियो ।

## कार्यपत्र प्रस्तुतीकरण

गोष्ठीको उद्घाटन सत्र समापनसँगै नेफ्स्कूनका प्रमुख कार्यकारी अधिकृत प्रकाश प्रसाद पोखरेलद्वारा साकोस अभियानको मार्गचित्रः दिगो एवम् एकीकृत सञ्जाल सम्बन्धी प्रस्तुतीकरण गर्नुभएको थियो । सामूहिक सत्र मार्फत प्र.का.अ. पोखरेलले साकोस शिखर गोष्ठीका हालसम्मका उपलब्धीहरू, वित्तीय सहकारीका समसामयिक सवाल र एकीकृत सञ्जाल निर्माणका लागि नीतिगत वातावरण र अभियानको मार्गचित्र सम्बन्धमा आफ्नो प्रस्तुती राख्नुभएको थियो । राष्ट्रिय सहकारी महासंघका अध्यक्ष मिनराज कंडेलको अध्यक्षतामा सञ्चालित उक्त सत्रमा सहकारी विभागका रजिष्ट्रार रूद्रप्रसाद पण्डित, जनउत्थान साकोस रूपन्देहीकी अध्यक्ष ज्ञानु पौड्याल र नेफ्स्कून साकोस म्यानेजर्स क्लबका अध्यक्ष दिपक बस्नेत टिप्पणीकर्ताको रूपमा रहनुभएको थियो भने सत्रको सञ्चालन नेफ्स्कूनका प्राचार्य सञ्जयराज तिमिल्सीनाले गर्नुभएको थियो ।



त्यसैगरि दोस्रो सामुहिक सत्र रारा ल्याव प्रा.लि.का प्रमुख कार्यकारी अधिकृत मनोज घिमिरे र नियोसिस प्रा.लि.का प्रमुख कार्यकारी अधिकृत डा.भोजराज घिमिरेबाट सहकारीमा प्रविधिको प्रयोगः विद्यमान चुनौति र समाधान विषयक कार्यपत्र प्रस्तुत भएको थियो भने व्यवस्थापन विज्ञ सोहन बाबु खत्रीले टिप्पणी गर्नुभएको थियो । राष्ट्रिय सहकारी विकास बोर्डका सहअध्यक्ष मित्रराज दवाडीको अध्यक्षता रहेको सत्र सञ्चालन नेफ्स्कूनका विभागीय प्रमुख दुर्गाप्रसाद ढकालले गर्नुभएको थियो ।

त्यसैगरी पहिलो दिनका अन्तिम दुईवटा ब्रेकआउट सत्रमध्ये सहकारीमार्फत गरिबी न्यूनीकरण सम्बन्धी बरिष्ठ अनुसन्धानकर्ता विधान आचार्यको प्रस्तुतीकरण रहेको थियो । नेफ्स्कूनका निवर्तमान अध्यक्ष डी.बी. बस्नेतको अध्यक्षतामा सञ्चालित सत्रको प्रस्तुतीमाथी टिप्पणी गरिबी निवारण कोषका उपाध्यक्ष निर्मल भट्टराई र वित्तीय साक्षरता विज्ञ इन्दिरा पन्तले गर्नुभएको थियो ।

त्यसैगरी अर्को सत्र मर्यादित श्रम र आर्थिक समृद्धि विषयक प्रस्तुतीकरण कृषि तथा बन विज्ञान विश्वविद्यालयका प्रा. डा. शारदा थपलियाले गर्नुभएको थियो । सत्रको अध्यक्षता राष्ट्रिय सहकारी बैंकका अध्यक्ष के.बी. उप्रेतिको र टिप्पणीकर्तामा नेपाल कृषि सहकारी केन्द्रीय संघका अध्यक्ष खेम बहादुर पाठक र जन प्रशासन क्याम्पसका एसोसियट प्रोफेसर डा. नरेन्द्रराज पौडेल हुनुहुथ्यो । सत्रको सहजकर्ता नेफ्स्कूनका बरिष्ठ अधिकृत नविनराज दाहाल हुनुहुन्थ्यो ।

दोस्रो दिनको पहिलो सामूहिक सत्र एशियाली ऋण  महासंघ (अकु) का प्रमुख प्राविधिक अधिकृत रञ्जित हिताराचीले साकोसहरूले अवलम्बन गरेको नयाँ सामान्य संस्कृतिः कोभिड १९ को प्रतिक्रिया विषयक प्रस्तुतीकरण गर्नुभएको थियो । राष्ट्रिय सहकारी महासंघका अध्यक्ष रमेश पोखरेलको अध्यक्षतामा सुरू सत्रको डा. दिनेशचन्द्र देवकोटाले कार्यपत्रमाथी टिप्पणी गर्नुभएको थियो । कार्यपत्र सहजकर्ता नेफ्स्कूनका सदस्य सेवा विभाग प्रमुख गणेश तिमल्सिनाले गर्नुभएको थियो ।

दोस्रो दिनको दोस्रो सामूहिक सत्र मा नेपाल सरकारका पूर्व सचिव गोपीनाथ मैनालीको प्रस्तुतीकरण रहेको थियो । संघीयतामा साकोसः प्रवर्द्धन, विकास र नियमनको सन्दर्भ विषयक कार्यपत्रमाथी नेपाल सहकारका अर्थ सचिव शिशिर कुमार ढुंङ्गानाले टिप्पणी गर्नुभएको थियो ।  सत्रको अध्यक्षता राष्ट्रिय सहकारी महासंघकी बरिष्ठ उपाध्यक्ष एवम् आइसिए ग्लोबल बोर्ड सदस्य ओमदेबी मल्लले गर्नुभएको थियो । सत्रको सहजकर्ता नेफ्स्कूनका वित्त तथा सामान्य प्रशासन विभाग प्रमुख राधेश्याम श्रेष्ठले गर्नुभएको थियो ।

तेस्रो ब्रेकआउट सत्र बागमती प्रदेश लोकसेवा आयोगका सदस्य एवम् सहकारी विभागका पूर्व रजिष्ट्रार सुदर्शन प्रसाद ढकालले वित्तीय सहकारीमा गुणस्तर विकास अन्तर्राष्ट्रिय अभ्यास र नेपाल विषयक प्रस्तुतीकरण गर्नुभएको थियो । राष्ट्रिय सहकारी महासंघका संस्थापक अध्यक्ष दिपक प्रकाश बास्कोटाको अध्यक्षता रहेको थियो ।  टिप्पणी सहकारी मन्त्रालयका सहसचिव प्रदिपराज अधिकारीले गर्नुभएको थियो । सहजकर्ता बरिष्ठ अधिकृत भरत न्यौपानेले गर्नुभएको थियो ।

त्यसैगरी अर्को ब्रेकआउट सत्र नेपाल राष्ट्र बैंकका उप निर्देशक डा. रमेश चौलागाईंले सहकारीमा जोखिम व्यवस्थापन र आन्तरिक नियन्त्रण प्रणाली विषयक प्रस्तुतीकरण गर्नुभएको थियो । सत्रको अध्यक्षता संविधानविद् एवम् समस्याग्रस्त सहकारी व्यवस्थापन समितिका अध्यक्ष काशीराज दाहालले गर्नुभएको थियो । पोखरा विश्वविद्यालयका एसोसियट प्रोफेसर डा. रविन्द्र घिमिरेले कार्यपत्रमाथी टिप्पणी गर्नुभएको थियो भने सत्रको सहजकर्ता नेफ्स्कूनका बरिष्ठ अधिकृत शितल थपलियाले गर्नुभएको थियो ।

अन्तिम सत्र मानवोदय इन्टिच्यूट अफ पार्टिसिपेटरी डेभलपमेन्ट, भारत का निर्देशक वरूण विद्यार्थीले नेतृत्व रूपान्तरणः प्रत्येक नेतृत्वले अंगालनुपर्ने महत्वपूर्ण परिवर्तन विषयक प्रस्तुतीकरण गर्नुभएको थियो । सत्रको अध्यक्षता पूर्व मन्त्री एवम् राष्ट्रिय सहकारी महासंघका पूर्व अध्यक्ष केशव प्रसाद बडाल र कार्यपत्रमाथी टिप्पणी नेफ्स्कूनका पूर्व अध्यक्ष ऋषिराज घिमिरेले गर्नुभएको

थियो । सञ्चालन सहजीकरण नेफ्स्कूनका प्राचार्य सञ्जयराज तिमिल्सीनाले गर्नुभएको थियो ।

पूर्व मन्त्री एव्म राष्ट्रिय सहकारी महासंघका पूर्व अध्यक्ष केशव प्रसाद बडालको प्रमुख आतिथ्यतामा गोष्ठीको समापन भएको थियो । नेफ्स्कूनका अध्यक्ष परितोष पौड्यालको अध्यक्षतामा भएको गोष्ठीको समापन सत्र सञ्चालन नेफ्स्कूनका महासचिव दामोदर अधिकारीले गर्नुभएको थियो ।

दुई दिवसीय गोष्ठीले वित्तीय सहकारीका सिद्धान्त, संस्कृति र प्रणालीबारे साझा बुझाई सहितको प्रतिवद्धता विकास गरी वित्तीय सहकारीमा एकरूपता कायम गर्न डिजिटाइजेशनको लागि नयाँ प्रविधि अनुकरण र हस्तान्तरण गरि समावेशी एवम् स्मार्ट सेवा सुनिश्चितता सहित १२ बुँदे घोषणापत्र जारी गरेको थियो । नेफ्स्कूनकी उपाध्यक्ष एवम् साकोस शिखर गोष्ठी व्यवस्थापन उपसमित संयोजक शान्ति अधिकारीले १२ बुँदे घोषणापत्र वाचन गर्नुभएको थियो भने साकोस अभियानकर्मी, सरकारी निकायका प्रतिनिधि, विभिन्न राजनीतिक दलका प्रतिनिधि एवम् सरोकारवालाहरूद्वारा घोषणापत्रमा ऐक्यबद्धता जाहेर भएको थियो ।

कोषाध्यक्ष दिपक पनेरूले धन्यवाद ज्ञापन गर्नुभएको थियो । कोषाध्यक्ष पनेरूले घोषणा पत्रमा उल्लेख भएका कुराहरूलाई व्यवहारमा कार्यान्वयन गर्न सम्पूर्ण सहकारीकर्मीलाई आव्हान गर्नुभएको थियो ।

गोष्ठी समापन समारोहका प्रमुख अतिथि केशव बडालले सहकारी अभियानको दिगो र संस्थागत विकासका लागि अझै संघर्ष जारी राख्नुपर्ने अवस्था आइपरेको बताउनुभयो । राज्यले सहकारीलाई तगारो लगायर राख्ने काम गरेकोले सहकारी मार्फत समृद्धिको अभियान अगाडि बढ्न नसकेको प्रष्ट पार्नुभयो । मानवीय आवश्यकताका यावद काम गर्न सक्ने गरी केही नेपाल ऐन संशोधन विधेयक मार्फत सहकारीले निर्धक्कसाथ काम गर्ने बाटो खुलागरिनदिनुपर्नेमा उहाँले जोड दिनुभयो ।

सहकारी विभागका रजिष्ट्रार रूद्रप्रसाद पण्डितले सरकार र सहकारी एउटै डुङ्गाका यात्री भएको हुँदा दुवै पक्षले सजगतापूर्ण ढंगले डुङ्गाको यात्रा गर्न सकेमात्र सफलतापुर्वक पार गर्न सकिने भन्दै अभियानको घोषणापत्र प्रभावकारी कार्यान्वयनका लागि प्रतिबद्धता सहितको ऐक्यबद्धता जाहेर गर्नु भएको थियो ।

गोष्ठीको समापन समारोहमा राजनीतिक दलको प्रतिनिधित्व गर्दै नेकपा एमालेका कमल चौलागाईं र माओबादी केन्द्रका दिलाराज आचार्यले राजनीति दलको तर्फबाट ऐक्यबद्धता जाहेर गर्नुभएको थियो ।

नेफ्स्कूनका अध्यक्ष परितोष पौड्यालले साकोस अभियान सुदृढीकरणका लागि नेफ्स्कूनले सञ्चालन गरिरहेको स्तरीकरणका कार्यक्रम, सहकारी ऐन मार्फत सञ्चालित स्थिरीकरण कोषको प्रभावकारिता र एकीकृत सञ्जाल व्यवस्थापनका लागि नविनतम प्रविधि एकरूपतामा अभियानको ऐक्यबद्धताका लागि आव्हान गर्नुभएको थियो । गोष्ठीमा सहभागी सम्पूर्ण अभियानकर्मी, सरकारी निकायका पदाधिकारी, राजनीतिक दलका प्रतिनिधि एवम् सरोकारवालाहरू सबैले गोष्ठीबाट जारी भएको १२ बुँदे घोषणापत्रमाथी ऐक्यबद्धता जाहेर गर्नुभएको थियो ।

साकोस शिखर गोष्ठी २०७९ सफलतापूर्वक सम्पन्न गर्न सहयोग पुऱ्याउहुने अभियानकर्मी, सहकारी मन्त्रालय, सहकारी विभाग, राष्ट्रिय सहकारी महासंघ, राष्ट्रिय सहकारी बैंक लगायतका साझेदार निकायहरू क्रमशः सहारा नेपाल साकोस, रारा डिजिटल ल्याब प्रा.लि., आई.एम.ई.लाइफ इन्स्योरेन्स कम्पनी लि., सिटिजन्स लाईफ इन्स्योरेन्स, राज ट्रेडिङ कर्न्सन प्रा.लि. का साथै प्राविधिक सहयोग उपलब्ध गराउनुहुने मानवोदय इन्स्टिच्यूट अफ पार्टिसिपेटरी डेभलपमेन्ट-भारत, विश्व ऋण परिषद् (WOCCU) एशियाली ऋण महासंघ (ACCU), नेपाल सहकारी पत्रकार समाज (सिजेएन) लगायत सम्पूर्णमा हार्दिक धन्यवाद ज्ञापन गरिएको थियो ।



# चौथो साकोस शिखर गोष्ठी २०७९

# घोषणापत्र

विश्वव्यापी कोभिड १९ प्रभाव सामना गर्दै पुनरजागृत हुँदै गएको नेपालको साकोस अभियानमा सामना शक्ति विकासका लागि सम्पूर्ण सरोकारवाला पक्षहरुसँग सद्भावपूर्ण सहकार्य गर्दै भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय एवम् सहकारी विभाग र नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कून) को आयोजनामा "दीगो एवम् एकीकृत सञ्जालको लागि नविनतम् साझा प्रविधि" भन्ने मूल भाव (Themes) का साथ २०७९ जेष्ठ २९ र ३० गते काठमाण्डौंमा आयोजित चौथो साकोस शिखर गोष्ठीमा विभिन्न विषयविज्ञहरुबाट प्रस्तुत विषयहरुमा भएको गहन छलफलको निश्कर्ष स्वरुप नविनतम प्रविधिको अनुकरण गर्दै नेपालको साकोस अभियानलाई दीगो एवम् सञ्जालिकृत र गुणात्मक बनाउनमा महत्वपूर्ण योगदान पुग्ने कुरामा विश्वस्त भई हामी सहभागी अभियन्ताहरु साकोसमार्फत मर्यादित श्रम सिर्जना, गरीवी न्यूनीकरण र स्वरोजगारी सिर्जना गरी समृद्ध एवम् आत्मनिर्भर मुलुक निर्माणका लागि उच्च संकल्पसहित यो १२ बुँदे साझा घोषणापत्र जारी गर्दछौं ।

१. यसपूर्वका साकोस शिखर गोष्ठीबाट पारित साझा प्रतिबद्धताका उपलब्धीहरुको स्वामित्व ग्रहण गर्दै हालसम्म कार्यान्वयनमा आइसकेका प्रतिबद्धताको निरन्तरता सहित बाकी संकल्पहरुको समेत यथाशिघ्र कार्यान्वयनको लागि आ-आफ्नो स्थानबाट स्पष्ट योजना सहित क्रियाशिलतापूर्वक भूमिका निर्वाह गर्ने छौं ।

२. गरिबीको रेखामुनी रहेका लक्षित वर्गलाई वित्तीय पहुँच पुऱ्याउन वित्तीय साक्षरता मार्फत सामाजिक समावेशीकरण सहित वित्तीय मुलप्रवाहिकरणको लागि केन्द्रीय संघ मार्फत विकास गरिएका नीतिगत व्यवस्थाहरुको कार्यान्वयन गर्न प्रतिबद्ध छौं ।

३. समग्र सहकारी अभियानको दुईतिहाई वित्तीय स्रोत परिचालन र ५० प्रतिशत भन्दा बढी सदस्यको प्रतिनिधित्व गर्ने बचत तथा ऋण सहकारी संस्थाहरुको प्रबर्द्धन, विकास, अनुगमन र स्वनियमन प्रणालीलाई प्रभावकारी बनाई समुदायको वित्तीय कारोबारलाई स्वस्थ, मर्यादित एवम् प्रभावकारीरुपमा व्यवस्थित बनाउन वित्तीय सहकारी ऐन जारी गराउन केन्द्रीय संघले गर्ने बहस पैरवीमा ऐक्यवद्धता सहित योगदान गर्न प्रतिबद्ध छौं ।

४. आफूले प्रतिनिधित्व गरेको संस्थामार्फत एकीकृत सूचना प्रणाली (COPOMIS) मा समष्टिगत र नियमित तथ्यांक विवरण २०७९ असार मसान्तसम्म अद्यावधिक गर्न प्रतिबद्ध छौं ।

५. सहकारी ऐन २०७४ ले व्यवस्था गरेका कर्जा सूचना केन्द्र, कर्जा असुली न्यायाधिकरण, अन्तरसहकारी कारोबार, सहकारी प्रबर्द्धन कोषको प्रभावकारी कार्यान्वयन र तहगत कानुनमा एकरुपताको लागि सामुहिक पैरवी गर्न प्रतिबद्ध छौं ।

६. सदस्यहरुको बचतको सुरक्षाका साथै सम्पूर्ण संस्थागत सुरक्षा र विकासको लागि कानुनबमोजिम खडा भएको स्थिरीकरण कोष मार्फत नियमित अनुगमनको व्यवस्थाको लागि कोषमा आबद्ध भई कोषको क्षमता विकासमा तोकिएबमोजिम योगदान गर्दै प्रभावकारी सञ्चालनमा कानुनी संरचना परिवर्तनको लागि सामुहिक पैरवी गर्न प्रतिवद्ध छौं ।

७. साकोस सञ्जालमा एकरुपता कायम गरी साकोस अभियानमा विद्यमान जोखिम न्यूनीकरण एवम् प्रभावकारी सम्बोधनको लागि संस्था मार्फत प्रवाह गरिने वित्तीय एवम् गैरवित्तीय सेवालाई चुस्त, दुरुस्त एवम् प्रभावकारी बनाउन नविनतम प्रविधिको प्रयोग गर्न र विद्यमान दस्तावेजहरुको डिजिटाईजेशन गरी सुरक्षित अभिलेख व्यवस्थापन गर्न प्रतिबद्ध छौं ।

८. संस्था र सदस्यहरुमा आउनसक्ने जोखिम न्यूनीकरण एवम् व्यवस्थापनको लागि संस्थागत रुपमा विपद् जोखिम न्यूनीकरण र व्यवसाय निरन्तरता योजना निर्माण गरी कार्यान्वयन गर्न प्रतिबद्ध छौं ।

९. साकोसमा विद्यमान जोखिमको पहिचान, मापन एवम् न्यूनीकरणका साथै संस्थाको गुणस्तर सुनिश्चितताको लागि केन्द्रीय संघले विकास तथा सञ्चालन गरेको नियमित अनुगमनको कार्यक्रममा सहभागी हुनेछौं ।

१०. साकोसमा संकलित वित्तीय स्रोतहरुलाई सदस्य मार्फत उत्पादनमुलक कार्यमा परिचालनलाई बढावा दिई समुदायमा गरिबी न्यूनीकरणको लागि सदस्यहरुलाई वित्तीय एवम् प्राविधिक स्रोतमा पहुँच स्थापित गर्नुका साथै सदस्यहरुमार्फत कृषि क्षेत्रलाई उच्च प्राथमिकता दिंदै उत्पादनमुलक क्षेत्रमा लगानी गर्न प्रतिबद्ध छौं ।

११. सहकारीको कर्म, मर्यादित श्रम भन्ने सोचका साथ जोखिमपूर्ण पेशामा संलग्न सदस्यहरु एवम् संस्थामा कार्यरत कर्मचारीहरुको पेशागत हितको संरक्षण र पेशागत सुरक्षा सहित कानुनबमोजिमका न्यूनतम सुविधाहरुको सुनिश्चित गरी आत्मसम्मानयुक्त जीवन यापनको वातावरण निर्माण तथा पारिश्रमिक भुक्तानी गर्न प्रतिबद्ध छौं ।

१२. सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी कानुन अनुसार रु.१० करोड भन्दा बढीका निक्षेप वा पूँजी भएका बचत तथा ऋणको कारोबार गर्ने सम्पूर्ण सहकारी संस्थाले goAML सफ्टवेयर प्रणालीमा आबद्धता र नियमित प्रतिवेदन पेश गरी कानुनको प्रभावकारी कार्यान्वयन गर्न, गराउन प्रतिबद्ध छौं ।

नेफ्स्कूनद्वारा आयोजित यस चौथो साकोस शिखर गोष्ठी २०७९ का सम्पूर्ण सहभागीहरु यस घोषणा पत्रमा उल्लेखित बूँदाहरुलाई कार्यान्वयन गर्ने सामुहिक प्रतिबद्धताका रुपमा यो घोषणा पत्र जारी गर्दछौं ।

३५ औं
नेफ्स्कून
# स्थापना दिवस


नेफ्स्कूनको ३५ औं स्थापना दिवसको पूर्वसन्ध्यामा सहकारी विभाग र अभियानका शिर्ष व्यक्तिहरुबाट प्राप्त मार्गनिर्देशक

# शुभकामना मन्तव्य:



**रुद्र प्रसाद पण्डित**
**रजिष्ट्रार, सहकारी विभाग**

नेफ्स्कूनको ३५औं वार्षिक उत्सवको उपलक्ष्यमा नेफ्स्कून र यसका सम्पूर्ण सदस्यहरूलाई वार्षिकोत्सव सफलताको शुभकामना व्यक्त गर्दछु । नेफ्स्कूनले नेपालका बचत तथा ऋण सहकारी संस्थाहरूको उन्नयनमा दुरगामी प्रभाव पार्ने काम गर्दै जाओस् । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा आर्जन गरेको ज्ञान अनुभव सदस्यहरूमा विस्तार गर्न सकोस्, नेपालका बचत तथा ऋण सहकारी संस्थाहरूको आस्थाको धरोहर बन्न सकोस् । भविष्यका दिनमा अझ बढी सदस्यहरूलाई आवद्ध बनाउँदै अफ्नो ब्राण्डलाई अझ प्रवलीकरण गर्ने, अझ विस्तार गर्ने र सदस्यहरूबीचमा केही गरौं भन्ने भावनाको जागरण गराउन सकोस् मेरो यही शुभकामना छ ।



**मिनराज कंडेल**
**अध्यक्ष, राष्ट्रिय सहकारी महासंघ**


नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि.(नेफ्स्कून) २०४५ साल साउन ३२ गते बचत समूह राष्ट्रिय संघ तदर्थ समितिको नामबाट गठन भएको थियो । आज यसले ३४ वर्ष पार गरेर ३५ वर्षमा प्रवेश गरेको छ । सहकारी ऐन २०४८ र नियमावली २०४९ आएपछि मात्रै २०५० साल भदौ २९ गते औपचारिक रूपमा नेफ्स्कून दर्ता भएको थियो ।

यस सन्दर्भमा नेफ्स्कून र समग्र साकोस अभियानको उत्तरोत्तर प्रगति र अझै बर्तमान चुनौतिहरूको सामना गर्दै नेपालको साकोस अभियानले आफूलाई एउटा उचाईमा सुव्यवस्थित ढंगले अगाडि बढाउन सकोस्, राष्ट्रिय सहकारी महासंघको तर्फबाट र मेरो व्यक्तिगत तर्फबाट हार्दिक शुभकामना व्यक्त गर्न चाहन्छु ।

सबैभन्दा पुरानो र सबैभन्दा महत्वपूर्ण विषय भित्र रहेर नेपालको सहकारी क्षेत्रमा झण्डै ५० प्रतिशत सहभागिता यसमार्फत रहेको छ । बचत तथा ऋण सहकारी अभियानमा अवसरहरू पनि पर्याप्त छन् र चुनौतिहरू पनि थपिएका छन् । विश्वव्यापी रूपमा कोरोना, रूस र यूक्रेन बीचको युद्धपछि आर्थिक क्षेत्रमा जुन प्रकारको मन्दी अर्थात समस्या देखिएको छ, त्यसबाट पर्न गएको असर सहकारी क्षेत्रमा परेको छ । वित्तीय कारोबार गर्ने सहकारीमा पनि यसले ठूलो प्रभाव पारेको छ, यस्तो अवस्थामा वित्तीय सहकारीको छाता संघ भएकोले नेफ्स्कूनले वर्तमान अवस्थाका चुनौतिहरूको सामना गर्दै नेपालको साकोस अभियानलाई सुव्यवस्थित र पारदर्शी ढंगले दिगो बनाउनको लागि थप पहल गर्नुपर्ने अवस्था देखिएको छ । ३५ वर्ष प्रवेश गरिरहेको अवस्थामा

नेफ्स्कूनले आफ्नो सिङ्गो साकोस अभियानको एउटा नेतृत्वदायि छाता संगठन भएको कारणले यो चुनौतिको समना गर्दै सदस्यका बचतका, सेयरका, कोषका रकमलाई कसरी बढीभन्दा बढी सदुपयोग र पारदर्शी ढंगले अगाडि लाने र अन्तर्राष्ट्रिय स्ट्याण्डर्डभित्र रहेर विश्व ऋण परिषद्ले प्रतिपादन गरेका सिद्धान्त, प्रशिक्षण अथवा संस्थागत विकासका
कार्यक्रमहरूलाई समेत लिएर अगाडि बढ्ने प्रेरणा मिलोस् ।

नेफ्स्कूनले गर्दै पनि आएको श्रेणीगत ब्राण्डिङ्ग कार्यक्रम, स्तरीकरण, स्थिरीकरण कोष र प्रविधि विकासलाई साथसाथै अगाडि बढाउँदै नीति र व्यवहारका हिसाबले अगुवाई र नेतृत्वकर्ताको भूमिकामा अगाडि बढ्न सकोस हार्दिक शुभकामना ।




**केशव बडाल**
**पूर्व अध्यक्ष, राष्ट्रिय सहकारी महासंघ**

सर्वप्रथम त नेपालको बचत तथा ऋण केन्द्रीय सहकारी संघ उमेरले ३५ वर्षमा प्रवेश गर्दैछ । ३४ वर्षको उमेरमा संघले देशका लगभग सबै जिल्ला र खासगरी ६४ जिल्लाका बचत संघहरू समेत गरी लाखौं लाख सदस्यहरूको जीवनमा परिवर्तन ल्याउन महत्वपूर्ण भूमिका खेलेको छ । साहु महाजनको ऋणबाट थिचिएका आम सदस्यहरूको जीवनस्तरमा सुधार ल्याएर अगाडि बढ्नको लागि बचत तथा ऋण सहकारी अभियानमार्फत नेफ्स्कूनले गरेको उत्कृष्ट कार्यको प्रशंसा पनि गर्दछु र त्यसप्रति हार्दिक शुभकामना व्यक्त गर्दछु ।

सहकारीले छरिएर रहेको श्रम, पुँजी, सीप, प्रविधिको प्रयोग मार्फत सामाजिक व्यवसाय गर्ने भएको हुनाले सामाजिक न्यायको पक्ष र उत्पादन बृद्धिको पक्षलाई अगाडि बढाउन अझै गम्भिरताका साथ अगाडि बढ्न सकोस् यही सफलताको शुभकामना दिन चाहन्छु ।

विभिन्न ठाउँका सहकारी जुन सहकारीको दर्शन, सिद्धान्त, मूल्य, मान्यता आचरण व्यवहार ठीक ढंगले परिपालना गरेर सञ्चालनमा रहेका छन् तिनले राम्रा र उदाहरणीय कामहरू गरेका छन् । सहकारीका सिद्धान्त, आचरण र व्यवहारको परिपालना नगर्ने एकादुई सहकारीका कमी कमजोरीले केही अन्य सहकारीमा पनि प्रश्नचिन्ह खडा भएको छ । त्यस्तो कार्य कसैले नगरोस् नगराओस् भनी त्यसतर्फ ध्यान दिँदै सहकारीको विकास र प्रतिष्ठाको कार्यक्रम मार्फत अगाडि बढ्ने सफलता मिलोस् यही शुभकामना व्यक्त गर्दछु ।




**मित्रराज दवाडी**
**सह-अध्यक्ष, राष्ट्रिय सहकारी विकास बोर्ड**

नेपालका बचत तथा ऋण सहकारी संस्थाहरूको केन्द्रीय संघ नेफ्स्कून ३४ वर्ष पुरा भएर एक वयस्क उमेरमा पुगेको छ । यस अवधिमा नेफ्स्कूनले संगालेका जतिपनि अनुभव र सकारात्मक उपलब्धीहरू छन्, तीनलाई संस्थागत गर्दै ग्रामिण भेगका दूरदराजमा रहेका सर्वसाधारणहरूमा बचत अभियानको जग बसालेर सहकारी कर्मलाई एक उत्कृष्ठ कार्यको रूपमा स्थापित गरेको छ, यो अत्यन्त राम्रो पक्ष हो ।

सहकारीका सकारात्मक र राम्रा पक्षसँगसँगै वित्तीय क्षेत्रमा केही विकृती पनि भित्रिएका छन् । वित्तीय क्षेत्रमा विद्यमान समस्या समाधान गर्न सक्ने र वित्तीय कारोबार गर्ने सहकारीहरूलाई उत्कृष्ट बनाउँदै ब्राण्डिङका कार्यक्रम मार्फत सहकारीमा सुशासन कायम गर्न सकोस मेरो तर्फबाट यही शुभकामना छ ।


देशलाई आर्थिक रूपमा आत्मनिर्भर बनाउन ग्रामिण सदस्यहरूमाफ वित्तीय पहुँच अभिवृद्धि गर्दै उत्पादनमा जोड दिनु आवश्यक छ । नेफ्स्कूनले आफ्नो ३५औं बार्षिक उत्सव मनाइरहँदा सहकारीमार्फत परिचालन हुने पुँजीलाई उत्पादनमूलक क्षेत्रमा प्रवर्द्धन गर्दै उत्पादनको भ्यालु चेन भित्र रहेर काम गर्न सकोस् । बार्षिक उत्सवको हार्दिक शुभकामना ।



**कैलाशभक्त प्रधानाङ्ग**
**पूर्वअध्यक्ष, नेफस्कून**

नेफ्स्कूनको राष्ट्रिय अन्तर्राष्ट्रिय प्रभाव र प्रतिष्ठा उच्च छ । एशियाली ऋण महासंघ र विश्व ऋण परिषद्को सदस्य बनेको छ । सहकारीका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मूल्य र सिद्धान्तहरूको पालनामा प्रतिबद्ध छ । नेफ्स्कूनले अहिले जे गरिरहेको छ, जनशक्ति, भौतिक सम्पत्ती सबै कुरालाई हेर्दा नेफ्स्कूनको प्रगति राम्रो छ । भविष्यमा पनि सहकारी क्षेत्रमा नेफ्स्कून प्रतिको विश्वसनीयतामा कमी हुदैन भन्ने मलाई लागेको छ । संघले सहकारी क्षेत्रमा विश्वास निर्माण गर्दै सम्पूर्ण बचत ऋण अभियानलाई दिगो, सबल र सुशासन कायम गराएर अगाडि बढ्न सकोस् ३५औं स्थापना दिवसको अवसरमा संघको सफलता, उन्नती र उत्तरोत्तर प्रगतिको कामना गर्दछु ।

सहकारी अभियानमा बचत तथा ऋणका धेरै संस्थाहरू देखिए । सहकारी खुल्ने क्रम बढ्यो तर  बचत तथा ऋण सहकारीको मूल्य मान्यताका बिषयमा जानकार भएनन् । संघले बचत ऋण सहकारी सञ्चालनका सिद्धान्त मानिसहरूलाई व्यापक रूपमा सिकाउँदै जानुपर्ने आवश्यकता मैले देखेको छु । धेरै लामो समयदेखि संघले बचत तथा ऋण सहकारी सञ्चालनका सिद्धान्तहरूको विषयमा वकालत गर्दै आएको छ, तर समुदायसम्म यसको सन्देश प्रवाह गर्न कमी भएको हो की भन्ने लाग्छ । त्यसकारण नेफ्स्कूनले सहकारी भित्र र सहकारीसँग सरोकार राख्ने सरोकारवाला निकायहरूसम्मलाई सहकारीको मूल्य मान्यता र सिद्धान्त को बारेमा जानकारी गराउन जोड दिनुपर्छ । सदस्य सम्बन्ध, सन्तुष्टी र सरकारसँगको नीतिगत बहश पैरवीमा संघले जोड दिइरहेको छ, तर मुख्य कुरा बचत ऋण सहकारीको सिद्धान्तकै विषयमा मानिसहरू जानकार नभएका हुन् अथवा कमजोरी के हो ? त्यसलाई पहिचान गरेर संघ अगाडि बडोस् भन्ने शुभकामना व्यक्त गर्दछु ।



**ऋषिराज घिमिरे**
**पूर्वअध्यक्ष, नेफस्कून**

नेफस्कूनको भावी यात्रा त्यती सजिलो छैन । बजारमा अनगिन्ति प्रतिस्पिर्धीहरू मौलाई सकेका छन् । वाणिज्य र विकास वैंकहरू भन्दा लघुवित्त वैंकहरू सहकारीका लागि चुनौतियुक्त छन् र सहकारी अभियानकै प्रतिस्पर्धीको रूपमा ग्रामिण भेगमा सेवारत छन् र यिनीहरूलाई राष्ट्र बैंकको समेत प्रत्यक्ष संरक्षण रहेको छ । कतिपय सहकारीका नेतृत्व वर्गहरू सहकारीमा आफ्नो भविष्य अन्यौल देखेर लघुवित्त बैंकतिर लागिसकेका छन् । अब नेफ्स्कूनले पारिवारिक विमर्श र समाधानको खोजी पहिल्याउनु पहिलो प्राथमिकता हो । अभियानले अधिकाधिक सदस्यसँग **लक्ष्ययुक्त र विषय केन्द्रित छलफललाई अगाडि बढाउनुपर्छ, तवमात्र "सहकारीको पैसा सहकारीमा"** भन्ने नारालाई मूर्तरूप दिन सहज हुनेछ र विविध परिवर्तन सम्भव छ । यस बाहेक हरेक मुद्दामा सरकारको हैन अभियानका अगुवाको साथ आवश्यक हुन्छ, अभियान एकमत भएमा सरकारको साथ स्वतः रहनेछ । तसर्थ, सहकारी अघिअघि सरकार पछिपछि भन्ने भनाईलाई आत्मसाथ गरियो भने एकाकार हुन समय लाग्ने छैन ।

बचत ऋण सहकारीलाई स्वच्छता दिने हो भने अव ऋण संघ ऐन (Credit Union Act) को विकल्प छैन । वित्तीय कारोबार गर्ने भएकोले क्रेडिट युनियनलाई सहकारी मात्र हैन त्यो भन्दा अधिक हो (Credit Unions are more than Cooperatives) भनिन्छ । सहकारी बजारमा आएको विचलन तीब्र गतिमा फैलिरहेको छ । सुशासनमा नरहेका संस्था अव टाट पटिल्ने अवस्थामा देखा परिरहेका छन् । विद्यमान आर्थिक मन्दीलाई अध्ययन गर्दा यो गति अझ बढ्ने र यसको प्रत्यक्ष प्रभाव सहकारी बजारमा देखिने निश्चित छ । हाल लगभग सबै सहकारी संस्थाले बचत तथा ऋणको कारोबार गरिरहेका छन् । यसलाई सम्बोधन गर्न पनि अन्तर्राष्ट्रिय अभ्याससँग मिल्दोजुल्दो ऋण संघ ऐन ल्याउने र उक्त ऐनभित्र फोर्स मर्जको प्रावधान सहित बचत ऋणको कारोबार गर्ने केन्द्रीय संघको क्षमता अभिबृद्धि गरी बचत ऋण सहकारीको अनुगमनको जिम्मा केन्द्रीय संघलाई दिने व्यवस्था गरिनुपर्छ । केन्द्रीय संघले सहकारी संस्थाहरूको अनुगमन गरी विभागलाई प्रतिवेदन बुझाउने, विभागले केन्द्रीय संघको अनुगमन गर्ने र सहकारी संस्था दर्ता गर्दा केन्द्रीय संघको सिफारिस लिने व्यवस्था अब गरिनुपर्छ ।

सहकारी संघ संस्थालाई कारोबारको स्वायत्तता भएपनि अनुगमन प्रभावकारी बनाउन सरकारले अध्यादेश मार्फतबाटै क्रेडिट युनियन एक्ट ल्याएर अभियानमा देखिएको विचलनलाई तत्काल रोक्नुपर्ने आवश्यकता टड्कारो देखिएको छ ।

हामीलाई थाहाछ सहकारीका केही माथिल्ला व्यक्तिहरू र सरकारी निकायका केही व्यक्तिहरू यसको विरोधमा छन्, यो स्वभाविक पनि हो किनकि उनीहरूमा यस्तो ऐनको बारेमा भित्री मर्मको ज्ञानको कमी छ । उनीहरूलाई बुझाउनका लागि थप प्रमाणहरू र यथेष्ट सामाग्रीहरू तयार पारेर वहस पैरवीमा जानु पर्ने संकेत देखिएको छ ।

अब सरकारले जिल्ला संघ र प्रदेश संघहरूलाई बचत तथा ऋणको कारोबार गर्न रोक लगाउनुपर्छ । विनियममा व्यवस्था भएबमोजिम प्रारम्भिक सहकारी संस्था र केन्द्रीय संघबीच प्रत्यक्ष कारोबार हुनुपर्छ । त्यसमा संघ र प्रदेशमार्फत हुने कारोबार बन्द गरिनुपर्छ ।

त्यसैगरी सहकारी ऐन अनुरूप गठन भएको बचत तथा ऋण सहकारी संस्था सम्बन्धी स्थिरीकरण कोषमा हाल कायम रहेको व्यवस्था अनुरूप रकम नछुट्याई कूल सम्पत्तीको ५ प्रतिशत कायम हुनेगरी ऐनमा संशोधन गरिनुपर्छ । अब, सहकारी अभियान बनाउनको लागि **अरूले के भन्छन् त्यो गौण हो तर अभियान के भन्छ त्यो महत्वपूर्ण हो,** त्यसैले, स्मरण रहोस् अभियानका लाखौं सदस्यका पैतालाहरू शिरमा राखेर बुलन्द आवाज गरौं, सफलताले आफैं ढोका ढक्ढक्याउन आईपुग्नेछ तर यसका लागि दिमागबाट मात्र हैन दिलबाट पनि समर्पित हुनु जरूरी छ । अभियानलाई शिरमा राखेर दिमाग र दिल दुबैबाट समर्पित बन्न सकौं ! **नेफ्स्कूनको ३५औं बार्षिकोत्सबको सबैमा हार्दिक शुभकामना ।**



## डी.बी. बस्नेत

**निवर्तमान अध्यक्ष, नेफ्स्कून**

नेफ्स्कून अब तन्नेरी अवस्थामा पुगिसकेको छ । नेफ्स्कूनको विगतदेखिको इतिहासलाई हेर्ने हो भने पनि यसले आफ्नो उमेरमा धेरै उपलब्धीहरू हासिल गरिसकेको छ । तर नेपालको सहकारी अभियान अत्यन्त सकसको स्थितिमा छ । वित्तीय कारोबार गर्ने सहकारीहरूलाई जुन सरकारी तबरबाट हुने स्ट्रोङ्ली अनुगमनको काम अत्यन्तै कमजोर भएको कारणले र संघले गर्नुपर्ने कामहरूमा पनि कानुनी तबरबाट सहयोगहरू प्राप्त नभएको कारणले भनेजति गर्न सकेनौं की भन्ने लाग्छ । तर जे जति काम भएका छन् ती पनि अभियान अग्रसर भएरै भएका कामहरू हुन् । हामीले दबाब दिने भनेको सरकारले कानुनी रूपमा वित्तीय सहकारीहरूलाई सुशासनमा चलाउनको लागि स्पष्ट कानुनको व्यवस्था गर भन्ने नै हो ।

अर्कोकुरा अब सहकारी अभियान सानो सानो र २०/२५ जनाको सदस्य बोकेर सानो सहकारी चलाएर जाने दिन छैन । ठूलो ठूलो सहकारीहरू र पूर्ण व्यवस्थापकीय क्षमता विकास गरेर मात्रै सहकारीहरू चलाउनुपर्ने अवस्था छ । नेफ्स्कूनले पनि यो वेलामा सन्देश दिनुपर्ने यही नै कुरा हो । व्यवस्थापकीय क्षमतालाई समय परिस्थिति अनुसार विद्युतीय सञ्चार माध्यम मार्फत जुन कामहरू गर्ने समय अगाडि बढिरहेका छन्, त्यो हिसावले सबै सदस्यहरूको मनजित्ने गरी चुस्त दुरूस्त र पारदर्शी हिसावले संस्था सञ्चालन गर्नुपर्छ र तिनैलाई चाहिने आवश्यक टुल्सहरू जुन नेफ्स्कूनले पस्किराखेको छ, तिनै कुराहरूलाई अझ हामीले जोड दिनुपर्छ भन्ने लाग्छ ।

कानुनी लविङको क्षेत्रमा पनि नेफ्स्कून कमजोर छैन, संघको लिडरसीपमा रहनुभएका साथीहरूले पनि निक्कै मेहनत गरिरहनुभएको छ । महत्वपूर्ण कामहरू भइरहेका छन् । लविङ पैरवीमा हाम्रो जोड पर्याप्त छ तर सरकारी मान्छेहरूको लगातारको हेरफेरले अभियानले गति लिने विषयमा समस्या सृजना भएको हो की भन्ने मलाई लाग्छ ।

नेफ्स्कूनको यो ३५ औं स्थापना दिवसको अवसरमा आवद्ध सदस्य संस्थाहरूमा मेरो अनुरोध छ, 'जो सुशासनमा बसेर आफ्नो संस्था चलाउनुभएको छ र नेफ्स्कूनलाई विश्वास गर्नुभएको छ, सबै नै स्थिरीकरण अभियानभित्र समाहित भएर हाम्रो वित्तीय सहकारीको विश्वास बोकेको नेफ्स्कूनको छाता मुनी नडगमगाईकन बस्नुहोस, अभियानभित्र एकीकृत हुन र नेफ्स्कूनलाई बलियो बनाउन जे गुर्नपर्छ त्यो सदस्यहरूको काम हो यसमा सम्पूर्ण सदस्य संघ संस्थाहरूको साथ सहयोग आवश्यक छ । सम्पूर्णमा मेरो यही शुभकामना पनि छ ।

# बचत समूह राष्ट्रिय संघ गठनका सारथीहरु

नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि.(नेफ्स्कून) को जन्म २०४५ साल श्रावण ३२ गते बचत समूह राष्ट्रिय संघ तदर्थ समिति बाट भएको थियो । २०५० साल भाद्र २९ गते सहकारी विभागका रजिष्ट्रार शंकरराज जोशीले नेपाल बचत तथा ऋण सहकारी संघ नामाकरण सहित यसको न्वारान गर्नुभयो । राष्ट्रिय बचत तथा ऋण संघ नेपालमा आबद्ध सदस्य समूहहरूमध्ये सहकारी ऐन २०४८ अन्तर्गत दर्ता भएका करिब ४७ वटा बचत तथा ऋण सहकारी संस्थाका प्रतिनिधिहरूको उपस्थिति सहित २०५० साल भाद्र १९ गते तत्कालिन संघ सञ्चालन समितिका अध्यक्ष भोजराज घिमिरेको सभापतित्वमा संघ दर्ता गर्ने प्रक्रिया सहितको बैठक बस्यो । वैठकमा सहकारी विभागका तत्कालिन रजिष्ट्रार शंकरराज जोशी र महिला सहकारी संस्थाका अध्यक्ष रोहिणी जोशीको आमन्त्रित उपस्थिति रहेको थियो ।

२०५० साल भाद्र १९ गते को बैठकमा उपस्थित ४७ वटा बचत तथा ऋण सहकारी संस्थाका प्रतिनिधिहरूको हस्ताक्षर सहितको निर्णयले आज नेपालको बचत तथा ऋण सहकारी अभियानको छाता संगठन नेफ्स्कूनको सञ्जाल देशव्यापी बन्न सफल भएको छ । त्यस समयमा योगदान गर्नुहुने संघका संस्थापक अध्यक्ष भोजराज घिमिरे सहित २१ जनाको नामावली साथै भाद्र १९ गतेको बैठकमा उपस्थित ४७ सहकारीका ४७ जना प्रतिनिधिहरूको उपस्थिति आजको यस अभियानको ज्वलन्त इतिहास हो । स्थापना कालका इतिहासका इतिहासकारहरूको नाम नेपालको बचत तथा ऋण सहकारी अभियानमा सँधै अग्रणी रहन्छ ।

नेफ्स्कूनका संस्थापक अध्यक्ष भोजराज घिमिरे आज हामी माझ हुनुहुन्न तर उहाँले कोरेको गोरेटोलाई फराकिलो र गुणस्तरीय पिच निर्माण गरी अनन्त यात्रामा अभियानलाई कुदाउन सँगसँगै धेरै स्वयंसेवी र कर्मचारीको योगदान निरन्तर थपिँदो छ । संघको न्वारनका साँछी संस्था र संस्थाका प्रतिनिधिहरूको पनि उपस्थिति न्यून बन्दै गइरहेको छ भने नयाँ पुस्ताले नयाँ इट्टा थप्दै अभियानलाई अग्ल्याइरहनुभएको छ । अभियानको जगको आधारलाई केन्द्रविन्दु बनाउँदै थपिएका इट्टाहरू सबल र गुणस्तरयुक्त भएमात्रै संघको अस्तित्व दिगो हुनसक्छ ।

स्थापनाकालका सहयात्री संस्थालाई खोज्दै जाँदा आज हामी करिब २१ वटा संस्था मात्र अस्तित्वमा रहेको पाउँछौं । तर आज अभियानमा एकसाथ यात्रा गर्न यी २१ वटा संस्थासँगसँगै करिब प्रत्यक्ष अप्रत्यक्ष गरी ८ हजार सहकारी संस्था अभियानको साझा यात्राका सहभागी बनेका छन् । स्थापना कालका सहयात्री संस्थाहरूको नाम अन्य नामसँग एकीकरण भएपछि नामाकरण फेरिएको अवस्थामा समेत क्रियाशिल छन् ।

**नेफ्स्कून स्थापनाकालका क्रियाशिल केही बचत तथा ऋण सहकारी संस्थाहरुः**

| क्रम सं. | सदस्यता नं. | सहकारी | ठेगाना | डिभिजन दर्ता | नेफ्स्कून सदस्यता |
|---|---|---|---|---|---|
| १ | १ | सामुहिक बचत कल्याण कोष सहकारी संस्था लि. | काठमाडौं | २०४७/१२/१४ | २०४७/५/२४ |
| २ | २ | सहकारी ऋण कोष साकोस | ललितपुर | २०४७/५/२४ | २०४७/५/२४ |
| ३ | ८ | सृजनशील साकोस | काठमाडौं | २०४९/९/०७ | २०४८/०९/५ |
| ४ | १० | अरनिको यातायात साकोस | दोलखा | २०४९/१०/०४ | २०४८/०७/१७ |
| ५ | ११ | अरूणोदय साकोस | पर्सा, सखुवा प्रसौनी | २०४९/१०/२९ | २०४९/०७/१६ |
| ६ | १५ | फ्रेण्डसीप साकोस | दोलखा | २०४९/११/१७ | २०४८/१२/१४ |
| ७ | १७ | हितकारी साकोस | मोरङ | २०४९/११/१७ | २०४९/०७/१८ |
| ८ | १८ | विकू साकोस | नवलपरासी | २०५०/०२/०५ | २०४८/०६/१० |
| ९ | १९ | सहयोगी साकोस | भक्तपुर | २०५०/०२/२३ | २०४८/०८/०२ |
| १० | २० | बेताली साकोस | रामेछाप | २०५०/०३/०४ | २०४८/०९/०१ |
| ११ | २३ | आपसी सहयोग | काठमाडौं | २०५०/०३/२१ | २०४८/०९/०५ |
| १२ | २५ | कल्याणकारी साकोस | ललितपुर | २०५०/०३/२८ | २०५०/०४/२५ |
| १३ | २७ | अन्नपूर्ण महिला साकोस | काठमाडौं | २०५०/०३/३१ | २०४८/०९/०५ |
| १४ | २९ | गोरखकाली साकोस | गोरखा | २०५०/०४/०७ | २०४८/१०/१३ |
| १५ | ३० | ऐंचोपैंचो साकोस | काठमाडौं | २०५०/०४/०८ | २०४९/०५ |
| १६ | ३९ | सहयोगी सेवा केन्द्र साकोस | भक्तपुर | २०५०/०५/०२ | २०५०/०५/०८ |
| १७ | ४० | मयलकोट साकोस | काभ्रे | २०५०/०५/०३ | २०५०/०५/०७ |
| १८ | ४३ | समृद्धि साकोस | काठमाडौं | २०५०/०५/१० | २०४८/०९/०१ |
| १९ | ४४ | उन्नतीशिल साकोस | काठमाडौं | २०५०/०५/१० | २०४७/०५/२४ |
| २० | ४५ | फ्रेण्ड्स फोरम साकोस | काठमाडौं | २०५०/०५/१० | २०४७/०७/२६ |
| २१ | ४६ | झिम्पा साकोस | बागलुङ | २०५०/०५/११ | २०४८/०८/२० |

## सामुहिक बचत कल्याण कोष सहकारी संस्था लि.



**दामोदर प्रसाद गैरे**
**निवर्तमान अध्यक्ष**

काठमाडौंको सामुहिक बचत कल्याण कोष सहकारी संस्था लि.नेफ्स्कूनको पहिलो सदस्य संस्था हो । सदस्यता नं. १ रहेको सामुहिक बचत कल्याण कोष क्रियाशिल सदस्य संस्थाको रूपमा रहेको छ । सहकारीका संस्थापक अध्यक्ष ज्योतिप्रसाद कंडेल र गोपाल प्रसाद बास्कोटाको स्वर्गबास भइसकेको छ । सहकारीका निवर्तमान अध्यक्ष दामोदर प्रसाद गैरे अहिले बरिष्ठ सल्लाहकारको रूपमा रहनुभएको छ । नेफ्स्कून स्थापनाकालको इतिहास स्मरण गर्दै सहकारी अभियन्ता गैरे भन्नुहुन्छ, "स्वर्गीय भोजराज घिमिरेको अध्यक्षतामा बचत समूह राष्ट्रिय संघ गठनको तयारी भइरहँदा सामुहिक बचत कल्याण कोष सहकारीको सहभागिताले हरेक बैठक र निर्णयहरूमा एउटा इट्टा थप्ने काम गरेको थियो ।"

सामुहिक बचत कल्याण कोषका संस्थापक अध्यक्षहरू नेफ्स्कूनका गतिविधिहरूमा निकै क्रियाशिल रहेको स्मरण छ, त्यस बखत हामी सहकारीका हरेक तालिम, कार्यक्रम र अवलोकन भ्रमणमा देशव्यापी पुग्थ्यौं । त्यसले सहकारीको परिकल्पनालाई साकार पार्न सहयोग गऱ्यो । अहिले नेफ्स्कून नेपालको बचत तथा ऋण सहकारी अभियानमा एउटा अभिभावक संघको रूपमा रहेर बचत अभियानको दिगोपनाका लागि निरन्तर संघर्ष गरिरहेको छ । अभियानको एउटा मार्गदर्शकको रूपमा यसले चालेका कदमहरू उदाहरणीय छन् । सहकारी क्षेत्रको दिगो विकासका लागि अझै धेरै गर्नुपर्ने देखेको छु ।"

सामुहिक बचत कल्याण कोष सहकारी संस्था लि. २०४७ साल चैत्र १४ गते सहकारी विभागमा दर्ता भएको हो । २०५० साल भाद्र २९ गते सहकारी विभागमा नेपाल बचत तथा ऋण सहकारी संघ दर्ता हुँदा सहभागी सदस्य संस्थामध्ये सामुहिक बचत कल्याण कोष सहकारी संस्था लि. संघको १ नं. सदस्य संस्था हो । सुरूमा कृषि विकास बैंकका कर्मचारी र बाणेश्वरस्थित रत्न राज्यलक्ष्मी स्कूलका शिक्षकहरूको सहभागितामा प्रति व्यक्ति रू. १ सय बचत संकलन गरेर सहकारी गठन भएको थियो ।

सहकारीमार्फत राष्ट्रिय पुँजी निर्माणमा योगदान पुऱ्याउने उद्देश्यसहित स्थापना भएको सामूहिक बचत कल्याण कोषको हालको सेयर सदस्यता शूल्क रू. १ लाख र न्यूनतम मासिक बचत रू. १ हजार रहेको छ । सुरूमा सरकारी कर्मचारी, बैंकका कर्मचारी र शिक्षकहरूको सदस्यता मात्र रहेको सामूहिक बचत कल्याण कोष पछिल्लो समय व्यापारिक समूहहरूमाझ समेत लोकप्रिय बन्दै गइरहेको छ । हाल ७ सय ७९ सदस्य रहेको सहकारीको कुल पुँजी रू. ४ करोड २७ लाख ५० हजार रहेको छ ।

## सहकारी ऋण कोष बचत तथा ऋण सहकारी संस्था लि.



**शशीधर पोखरेल**
**संस्थापक सचिव**

ललितपुरको कुपण्डोलमा रहेको सहकारी ऋण कोष बचत तथा ऋण सहकारी संस्था लि. नेफ्स्कून भन्दा जेठो र नेफ्स्कून स्थापनाका लागि निर्माण गरिएको संस्थापक सदस्य संस्था हो । अहिलेको नेफ्स्कून त्यतिबेला बचत समूह राष्ट्रिय संघ गठन गर्नका लागि विश्व ऋण परिषद्का प्रतिनिधिहरू सहितको भेलाले २०४५ सालमा सहकारी ऋण कोषको गठन भएको थियो । २०४८ सालको सहकारी ऐन र नियमावली २०४९ आइसकेपछि २०४९ साल भदौ ७ गते सहकारी विभागमा सहकारी ऋण कोषको विधिवद दर्ता भएको थियो ।

नेफ्स्कून स्थापनाका संस्थापक सदस्यहरूमध्ये सहकारी ऋण कोष सबैभन्दा जेठो र हालसम्म क्रियाशिल सहकारी संस्था हो । शुरूमा ऋण कोषमा साझा यातायात भित्रका कर्मचारीहरू मात्र सदस्य रहने गरि गठन गरिएको थियो । स्व. भोजराज घिमिरेको पहलमा तत्कालिन संस्थापक अध्यक्ष शम्भू के.सी.को अध्यक्षतामा गठन भएको थियो पछि उहाँ नेफ्स्कूनको सञ्चालकमा जानुभयो । त्यो बेला साझा यातायातका २५ जना कर्मचारीहरूले प्रति महिना एक सय रूपैंया संकलन गरेर गठन गरेका थियौं । पछि यसलाई साझाभित्र मात्र सीमित गरिनुहुँदैन भनेर बाहिर निस्क्यौं । अहिले ६० करोड माथि कारोबार छ । ३२ सय सदस्य छन् ।

महालक्ष्मी नगरपालिका, मध्यमुर ठिमी नगरपालिका, काठमाडौंको घण्टाघर, मैतिदेवी र चावहिलमा सेवा केन्द्र छन् । ४५ जना कर्मचारी कार्यरत छन् । कुपन्डोलमा आफ्नै भवनबाट सेवा प्रवाह गर्न सफल भएको छ । विचका केही समय निश्क्रिय रहेपनि २०६२ सालदेखि भने सहकारी क्रियाशिल रूपमा अगाडि बढ्यो । ५ वर्ष भाडा तिरेरै कार्यालय सञ्चालन गर्‍यौं । २०६९ सालदेखि भने आफ्नै भवन निर्माण गरेर सेवा सञ्चालन गरिरहेका छौं ।

संस्थाको उद्देश्य बमोजिम बचत तथा ऋणको कारोबार गरेको

छ भने सदस्यहरूलाई उद्यशिलता विकास गर्ने उद्देश्यले विभिन्न तालिम तथा शिक्षाका कार्यक्रम सहित उत्पादनमूलक लगानीमा जोड दिएको छ । कृषि क्षेत्रमा कर्जा लगानी बढाएर कृषि उत्पादनमा टेवा पुऱ्याउने नीति सहकारीको रहेको छ । यस आर्थिक वर्षमा नेफ्स्कूनद्वारा सञ्चालित स्तरीकरणको कार्यक्रम प्रोबेसनमा जाने तयारीमा पनि सहकारी रहेको छ ।

नेफ्स्कूनले बास्तवमै नेपालको बचत तथा ऋण सहकारी अभियानमा नेतृत्वदायी भूमिका निर्वाह गरेको छ । तर अझै पनि सहकारी नीति सहकारी मैत्री नबन्दा सरकार समक्ष नेफ्स्कूनको लविइङ कमजोर भएको हो कि भन्ने लाग्छ । सम्पूर्ण बचत तथा ऋण सहकारी संस्थाहरू नेफ्स्कूनमा आबद्ध हुनुपर्छ र सबै बचत तथा ऋण सहकारी संस्थाहरू अनिवार्य रूपमा नेफ्स्कूनसँगै कारोबार गर्ने वातावरण निर्माण हुनुपर्छ भन्ने लाग्छ । सहकारी ऋण कोष बचत तथा ऋण सहकारी संस्था लि. सुरूदेखि नै नेफ्स्कूनको सहयोगी छ र आगामी दिनमा पनि नेफ्स्कूनकै साथ सहयोगमा रहने विश्वास लिएका छौं ।

## अरूणोदय बचत तथा ऋण सहकारी संस्था लि.



**राजेश पण्डित**

**संस्थापक अध्यक्ष**

मधेश प्रदेश अन्तर्गत पर्सा जिल्लाको सखुवा प्रसौनी गाउँपालिका ५ मा स्थापित अरूणोदय बचत तथा ऋण सहकारी संस्थाको इतिहास नेफ्स्कूनको भन्दा पुरानो छ । नेफ्स्कूनको जन्म २०४५ साल श्रावण ३२ गते बचत समूह राष्ट्रिय संघ तदर्थ समिति बाट भएको भएपनि २०५० साल भाद्र २९ गते मात्रै औपचारिकता पाएको थियो । अरूणोदय साकोस भने २०४९ साल माघ २९ गते नै काठमाडौं सहकारी विभागमा दर्ता भएको थियो ।

म र मेरो एकजना साथी अरूणोदय युवा क्लब पर्साबाट २०४९ सालमा ललितपुरको चापागाउँमा सञ्चालित तालिमका सहभागी भएका थियौं । तालिम प्रशिक्षक बासु न्यौपाने र रामहरि के.सी. हुनुहुन्थ्यो । तालिमका क्रममा बचत तथा ऋण सहकारी संघको विषयमा उहाँहरूले केही कुराकानी गर्नुभएको थियो । कुराकानीबाट हामी दुवैजना अलि प्रभावित भयौं । त्यो बेला गैडाकोटमा रहेको विकू बचत तथा ऋण सहकारीको पनि उहाँहरूले निकै कुरा गर्नुभयो । काठमाडौंबाट फर्कने क्रममा हामीलहरूले विकू बचत तथा ऋण सहकारी संस्थाको पनि भ्रमण गऱ्यौं । त्यसले सहकारी मार्फत साँच्चिकै गरिबहरूको उत्थान गर्न सकिन्छ की भन्ने सोच पलायो । गरिबहरूको उत्थान गर्न र रोजगारी निर्माण गर्न सकिन्छ भन्ने भइसकेपछि हामीले गाउँका ५० जना भेला भएर २५/२५ रूपैंयाका दरले बचत संकलन गऱ्यौं । २०४९ साल असोज २ गते अरूणोदय सहकारी गठन गऱ्यौं । संकलित बचत दुईजनालाई ६/६ सय रूपैंयाका दरले ऋण पनि दियौं ।

सहकारीलाई नियमबद्ध सञ्चालन गर्ने सोच सहित काठमाडौं सहकारी विभागमा २०४९ साल माघ २९ गते दर्ता गऱ्यौं । त्यो समयमा डिभिजन सहकारी कार्यालयहरू खुलेका थिएनन् । जतिपनि सहकारी दर्ता हुन्थ्ये, सहकारी विभागमार्फत मात्रै हुन्थ्ये । त्यो बेला बचत ऋण सहकारी संघमा हरि घिमिरे हाकिम हुनुहुन्थ्यो । त्यतिबेला बचत समूह राष्ट्रिय संघ नाम थियो । कार्यालयमा पुग्दा मलाई साह्रै तिर्खा लागेको थियो । मैले पानी माग्दा हरि घिमिरेले सानो घैंटाबाट आँफैले पानी सारेर दिनुभएको स्मरणमा छ ।

त्यस समयमा सखुवा प्रसौनी गाउँपालिकाका मानिसहरू जंगलबाट लठ्ठी काटेर भारतमा लगि बेच्चे गर्दथे । आज त्यो अवस्थाका समुदायका बासिन्दाहरूमा सहकारी मार्फत बचत गर्ने, ऋण लिएर उत्पादनमूलक काम गर्ने बानी बसेको छ । सहकारी मार्फत धेरै सदस्यहरूको जीवनमा आर्थिक रूपान्तरण सम्भव भएको छ । आज सहकारीमा २८ सय सेयर सदस्य छन् । सहकारीको कूल पुँजी ३ करोड पुगेको छ । साढे २ करोड ऋण लगानी भएको छ । केन्द्रीय कार्यालय र एक सेवा केन्द्र सञ्चालनमा छन् । साकोसमा कुल ७ जना कर्मचारीले प्रत्यक्ष रोजगारी पाएका छन् । मेरै अध्यक्षतामा ७ जनाको सञ्चालक समिति छ । संस्थाको प्रत्येक वर्ष साधारणसभा हुने गरेको छ भने संस्थाका विभिन्न नीति तथा कार्यविधिहरू निर्माण भएका छन् । सदस्यहरूको आर्थिक उन्नती गर्न संस्थागत पुँजी बृद्धि गर्ने नीति सहकारीले लिएको छ । आगामी साधारणसभाबाट नयाँ सञ्चालक समिति निर्वाचित गर्ने निर्णय पनि गरेका छौं । साकोसले आफ्नै पुँजीबाट जग्गा खरिद गरी भवन निर्माणको काम पनि सम्पन्न गरिसकेको छ ।

अहिले समय धेरै परिवर्तन भयो । गाउँमा पनि अन्य ५/६ वटा सहकारी संस्थाहरू छन् । तर स्थानीय सखुवा प्रसौनी गाउँपालिकाका जनताको आयस्तर बृद्धि हुन नसक्दा सहकारीले पनि उच्च सफलता हासिल गर्न सकेको छैन । सहकारीमा चुनौति धेरै छन् । अझै पनि सहकारीमा बचत गर्ने भन्दा पनि ऋण मात्रै खोज्ने सदस्यहरूको संख्या धेरै छ । विपन्न परिकारका सदस्यहरूको बाहुल्यता छ । संस्थागत पूँजी बृद्धि हुन सकेको छैन र सदस्यहरूको आयस्तर बृद्धि गर्न पनि सकिएको छैन ।

**फ्रेण्ड्स फोरम बचत तथा ऋण सहकारी संस्था लि.**



**अनिरुद्र प्रधान**
**संस्थापक अध्यक्ष**

काठमाडौंको ज्याठा मार्गमा रहेको फ्रेण्ड्स फोरम बचत तथा ऋण सहकारी संस्था लि.नेपालको बचत तथा ऋण सहकारी अभियानको जेठो संस्थामा गनिन्छ । २०४० साल साउन २१ गते फ्रेण्ड फोरम सहकारी गठन भएको थियो ।

सर्वप्रथम कलकत्ता पढ्न जाने क्रममा मैले सहकारी बारे धेरै बुझ्ने मौका पाएँ । कलकत्तामा जहाँ जहाँ उद्योगहरू छन्, त्यहाँ सहकारी सञ्चालनमा रहेछन् । बाहिर १ रूपैया पर्ने खाद्यान्न सामग्रीलाई सहकारीले ५० रूपैंयामा दिने, चिनी बाहिर डेढ रूपैया पर्ने सहकारीले एक रूपैंयामा दिने । अनि नेपालमा पनि साझा छ, नेशनल ट्रेडिङ छ, किन सामग्री सस्तोमा पाइँदैन भनेर हामीले छलफल सुरू गऱ्यौं । हामी १०/१२ जना साथीहरू रत्नपार्कमा भेला भएर मिटिङ गऱ्यौं । त्यसपछि ५०/५० रूपैंया संकलन गरौं र जसलाई आवश्यक छ उसले चलाउने भनी बचत संकलन गर्न सुरू गऱ्यौं । यस्तो गर्दै जाँदा हाम्रा समस्याहरू हामी बीचमै समाधान हुँदै गए । अब सहकारी खोल्नुपर्छ भनेर साथीहरू कै सल्लाह बमोजिम फ्रेण्ड् फोरम सेभिङ एण्ड क्रेडिट मोबिलाइजेशनको नामबाट काम गर्न सुरू गऱ्यौं ।

त्यसको दुई तीन वर्षपछि एकजना शिवलाल भूषाल भन्ने साथीलाई अध्ययनका लागि फिलिपिन्स जाने अवसर मिल्यो । उहाँले फिलिपिन्समा छ महिना सहकारीको अध्ययन गर्ने मौका पाउनुभएछ । उहाँ अहिले पनि युनिसेफ अन्तर्गत बंगलादेशमा कार्यरत हुनुहुन्छ । उहाँले सहकारीको BYLAW (विनियम) बनाउन सहयोग गर्नुभयो । २०४५ सालमा हामीले फेरी सहकारीलाई रिभ्यू गरेर सञ्चालन गर्न सुरू गऱ्यौं । त्यो बेला हामीले २५ रूपैंया शेयर भ्यालू, र मासिक ५० रूपैंया बचत संकलनको सुरूवात गरेका थियौं ।

पछि नेफस्कूनका संस्थापक अध्यक्ष भोजराज घिमिरे, संस्थापक पम्फा राई, होमनाथ फ्रेण्ड् फोरम गठनको क्रममा जोडिनुभयो । उहाँहरू सबै साझा यातायात, साझा भण्डार, साझा प्रकाशन बाट हुनुहुन्थ्यो । म एक जना मात्र साझा भन्दा बाहिरको व्यक्ति थिएँ । नेफस्कूनको पहिलो निर्वाचित कोषाध्यक्ष पनि भएँ । पछि म यू एन को जागिरे भएँ, त्यो बेला मेरो प्लेसमेण्टमा होमनाथ जी कोषाध्यक्ष हुनुभयो ।

कोषाध्यक्ष, लेखा संयोजक र फेरि कोषाध्यक्ष हुँदै तीन कार्यकाल नेफस्कूनमा रहें । कैलाशभक्त प्रधानाङ्ग अध्यक्ष हुनुहुन्थ्यो ।

फ्रेण्ड फोरम बचत तथा ऋण सहकारी संस्थामा म २० वर्ष रहें । अहिले अभियानबाट बाहिर निस्किएको छु । सल्लाहकार राख्नुभएको छ । मैले सहकारीमा राम्रो अभ्यासको सुरूवता गराएको छु । प्रत्येक महिनाको दोस्रो शनिबार बोर्ड वैठक बस्छ । सहकारीले सदस्य बृद्धि र पुँजी बृद्धि भने उल्लेख्य रूपमा गर्न सकेको छैन । सहकारीमा हाल ६०० सेयर सदस्यहरू हुनुहुन्छ । करिब ६ करोडको पुँजी रहेको छ । करिब ७० लाख सेयर पुँजी छ । कार्यक्षेत्र काठमाडौं, भक्तपुर र ललितपुर भएपनि संस्था विस्तारित हुन सकेको छैन । विद्यमान चुनौतिहरूको सामना गर्दै सहकारी सुशासित ढंगले सञ्चालनरत छ ।






# १00औं अन्तर्राष्ट्रिय सहकारी दिवस, विश्वभर विविध कार्यक्रम गरि मनाइयो

## 100th International Day of Cooperatives

### Cooperatives Build a Better World

2 JULY 2022

---

जुलाई महिनाको पहिलो शनिबार १००औं अन्तर्राष्ट्रिय सहकारी दिवस (कोप्स् डे) विश्वभर विभिन्न कार्यक्रमको आयोजना गरी मनाइएको छ ।

अन्तर्राष्ट्रिय सहकारी महासंघ (आइसीए) ले यस वर्षको नारा **'Cooperatives Build a Better World'** तय गरेको छ । सदस्य र समुदायको सहकार्य र सद्भावमार्फत विश्वलाई उन्नत बनाउन सहकारीको महत्वपूर्ण योगदान रहेको भाव नारामा अन्तर्निहित छ । सन् १९९५ देखि आइसीए र संयुक्त राष्ट्र संघ अन्तर्गतको सहकारी प्रवर्द्धन र विकाससम्बन्धी समिति-कोप्याकले संयुक्त रूपमा आइसीएको थिम तय गर्दै आएका छन् ।

सहकारी अभियानको शीर्ष संघ राष्ट्रिय सहकारी महासंघले पनि २९ औं राष्ट्रिय सहकारी महासंघ दिवस, १००औं अन्तर्राष्ट्रिय सहकारी दिवस र २८औं संयुक्त राष्ट्र संघीय अन्तर्राष्ट्रिय सहकारी दिवस एकसाथ विशेष कार्यक्रम आयोजना गरी मनाएको थियो । सो अवसरमा महासंघले राष्ट्रिय सहकारी दिवसका अवसरमा घोषित राष्ट्रिय सहकारी व्यक्तित्व सम्मान र उत्कृष्ट सहकारी पुरस्कारहरू समेत प्रदान गरेको थियो ।

सन् १९२३ देखि प्रत्येक जुलाईको पहिलो शनिवार अन्तर्राष्ट्रिय सहकारी दिवसका रूपमा मनाउने गरिदैं आएकोमा संयुक्त राष्ट्र संघीय महासभाले समेत आइसीए स्थापनाको १ सय वर्ष पुगेको उपलक्ष्यमा सन् १९९५ देखि मनाउने गरी सन् १९९२ मा सोही दिनलाई आइसीए डे घोषणा गरेको थियो । जसअनुसार यो वर्ष जुलाई २ मा २८ औं संयुक्त राष्ट्र संघीय अन्तर्राष्ट्रिय सहकारी दिवस परेको थियो ।

आइसिएका महानिर्देशक ब्रुनो रोलेन्ट्सले भनेका छन्, 'सन् २०२१ को डिसेम्बरमा अन्तर्राष्ट्रिय सहकारी गठबन्धनले आयोजना गरेको ३३औं विश्व सहकारी महाधिवेशनमा सहकारीले कसरी आफ्नो साझा पहिचानबाट विश्वका समस्याहरु समाधान गर्न कदम चाल्न प्रेरित गरिरहेको छ भन्ने कुरामा ध्यान केन्द्रित गरेको थियो ।'

सहकारीमार्फत आत्म-सहयोग, आत्म-उत्तरदायित्व, लोकतन्त्र, समानता, ऐक्यबद्धता, इमानदारी र खुलापनको सहकारी मूल्यहरूद्वारा प्रेरित भई सामाजिक उत्तरदायित्व र अरूको हेरचाह मार्फत एक समुन्नत विश्व निर्माण गर्दैछ ।

विश्वभर सञ्चालन भइरहेका, अर्थतन्त्रका विभिन्न क्षेत्रहरूमा सहकारीहरूले आफूलाई औसतभन्दा सङ्कटमा बढी लचिलो साबित गराएका छन् । तिनीहरूले आर्थिक सहभागितालाई बढावा दिन, वातावरणीय ह्रास र जलवायु परिवर्तन विरूद्ध लड्न, राम्रो रोजगारी सिर्जना गर्न, खाद्य सुरक्षामा योगदान पुर्‍याउन, स्थानीय समुदायहरूमा वित्तीय पहुँच स्थापित गर्न, नैतिक मूल्य श्रृंखलाहरु निर्माण गर्न र मानिसहरूको भौतिक अवस्था र सुरक्षामा सुधार गरेर सकारात्मक शान्तिमा योगदान पुर्‍याउन सहकारी अब्बल बन्दै गइरहेका छन् ।



# चौथो साकोस शिखर गोष्ठी २०७९ सम्बन्धमा सहभागी प्रतिनिधिहरुको प्रतिक्रिया

## रूद्र प्रसाद पण्डित

**रजिष्ट्रार, सहकारी विभाग**

साकोस शिखर गोष्ठी सहकारीको सबैभन्दा महत्वपूर्ण र धेरै ठूलो कार्यक्रम हो भन्ने मलाई लागेको छ । नेपालभरिका करिब ७ सय वटा सहकारी संस्था र अन्तर्राष्ट्रिय स्तरबाट समेत प्रतिनिधिहरू सहभागी र राष्ट्रिय अन्तर्राष्ट्रिय व्यक्तिहरूबाट महत्वपूर्ण कार्यपत्रको प्रस्तुतीले कार्यक्रममा विशिष्टता प्रदान गरेको थियो । सुरू देखि अन्त्य सम्म बसेर त्यसका बहुआयामिक पक्षमा मैले विश्लेषण गरेर हेर्ने अवसर प्राप्त गरेँ ।

एशियाली ऋण महासंघका प्रमुख प्राविधिक अधिकृत रञ्जित हिताराचीले प्रस्तुत गर्नुभएको कार्यपत्र महत्वपूर्ण थियो तर जुम मार्फत अभौतिक माध्यमबाट गरिएको प्रस्तुती त्यति प्रभावकारी हुन सकेन भन्ने लाग्यो । यस्ता प्रस्तुतीहरू भौतिक उपस्थितिका बीचनै गर्नु उपयुक्त होला । त्यस्तै भारतका बरूण विद्यार्थीको प्रस्तुती निकै आकर्षक थियो । तर समय व्यवस्थापनमा कमजोरी भएको हो की ! उहाँलाई अलि बढी समय उपलब्ध गराउन सकेको भए उहाँबाट फोरमले धेरै लिने मौका पाउँथ्यो भन्ने मलाई लागेको थियो ।

एउटा दुःखको कुरा के लाग्यो भने यति ठूलो फोरम, त्यो पनि राज्यले लिएको आर्थिक विकासको नीति भित्रको तेस्रो खम्बा सहकारीको कार्यक्रमले राष्ट्रिय मिडियामा स्थान नपाउनु दुर्भाग्यपूर्ण कुरा हो । ठूला राष्ट्रिय दैनिक सञ्चार माध्यमहरूमा यसको कभरेज पुगेको पाइन ।

अर्को नेपालको प्रस्तुतकर्ताहरू जो जो हुनुहुन्थ्यो धेरैको प्रस्तुतिकरण सोचेजति प्रभावकारी लागेन, केही अपवादबाहेक धेरै प्रस्तुतीकरणले कुनै वे फरवार्ड भने दिन सकेन भन्ने मैले महशुस गरेको कुरा हो ।

तरपनि समग्रमा कार्यक्रम अत्यन्त राम्रो हो । नेफ्स्कूनले विशेष गरीकन ओकू र आकू बाट जुन अन्तर्राष्ट्रिय स्तरमा स्थापित भएका सहकारी मूल्य मान्यता, मापदण्डहरू, आइसिएबाट प्रतिपादित मूल्य मान्यता सिद्धान्तहरूलाई नेपालको सहकारी जगतमा प्रभावकारी तरिकाबाट कार्यान्वयन गर्न र नयाँ मान्यता स्थापित गर्नका लागि जुन भूमिका खेलेको छ, त्यो अत्यन्त सह्रानीय छ । यस्ता खालका साकोस समिटले सहभागीहरूका इच्छा आकांक्षा पुरा गर्ने र उहाँहरूलाई नयाँ मुभमेन्टमा जानको लागि इनर्रजाइज गर्ने खालको भूमिका निर्वाह गरेको छ, अन्य कुनैपनि केन्द्रीय संघले यस्तो गरेको देखिन्न । जुन वास्तवमा प्रशंसनीय नै छ ।

## मिनराज कंडेल

**अध्यक्ष, राष्ट्रिय सहकारी महासंघ**

म नेफ्स्कूनको अध्यक्ष भएकै बेलामा २०६८ सालमा पहिलो पटक साकोस शिखर गोष्ठीको आयोजना गरेका थियौं । एशियाली ऋण महासंघले एशिया प्यासिफिक रिजनमा बचत ऋण सहकारीहरूको फोरम गर्ने गर्दथ्यो । विश्वव्यापी रुपमा र एशिया प्यासिफिक रिजनमा खासगरी वित्तीय सहकारीहरूमा देखिएका वर्तमान अवस्था, चुनौति, सम्भावनाहरूका विषयमा फोरमहरूमा छलफल गर्थ्यौं र सिङ्गो एशिया प्यासिफिक रिजनको क्रेडिट युनियन मुभमेन्टलाई कसरी अगाडि लानुपर्छ, अबको वे फर फरवार्ड के हुन्छ भनेर छलफल गरिन्थ्यो ।

त्यसै सन्दर्भमा नेफ्स्कूनभित्र धेरै छलफल भैसकेपछि पहिलो पटक साकोस समिट २०१२ सुरू गरेका थियौं । त्यतिखेर हामीले अबको दश वर्षपछि नेपालको साकोस अभियान कहाँ पुग्नेछ भनेर म र ऋषिराज घिमिरेज्यूबाट कार्यपत्र पनि प्रस्तुत गरेका थियौं ।

त्यो समयमा पनि हामीले नेपालका बचत तथा ऋण सहकारी अभियानका सम्भावनाहरू के छन् ? चुनौतिहरू के छन्? सुधार गर्नुपर्ने पक्षहरू के छन् र सबल पक्ष के छन् भनी विश्लेषण गर्ने गरिन्थ्यो । त्यसैको निरन्तरता स्वरूप चौथो साकोस शिखर गोष्ठी पनि सम्पन्न भएको छ । यो चौथो साकोस शिखर गोष्ठी पनि उपलब्धीमूलक रह्यो भन्ने मेरो विश्लेषण छ । केही विषयहरू अत्यन्त महत्वपूर्ण रहे । तिनमा वृहत छलफल पनि भयो । विश्वव्यापी रूपमै समग्र वित्तीय क्षेत्रमा जुन खालका समस्याहरू देखा परिरहेका छन्, त्यसलाई पनि निराकरण गर्दै अगाडि बढ्नको लागि र नेपालको बचत ऋण सहकारी अभियानलाई अगाडि बढाउन राष्ट्रिय अन्तर्राष्ट्रिय परिस्थिति, विद्यमान चुनौतिहरूको सामना गर्दै कसरी अगाडि बड्न सकिन्छ भन्ने विषयलाई पनि गोष्ठीमा समाविष्ट कार्यप्रस्तुतीबाट केही आशयहरू प्राप्त भए ।

सहकारीलाई अझ सुव्यवस्थित ढंगले यसका दर्शन, मूल्य, सिद्धान्तको आधारमा कसरी अगाडि बढ्न सकिन्छ भन्ने उद्देश्यले गोष्ठी अत्यन्त उपलब्धीमुलक रह्यो । त्यहाँ भएका कुराहरू र अभियानमाझ पेश भएको प्रतिवद्धता पत्र जुन छ, त्यसलाई नियमित फलो गरेर नेफ्स्कूनले खासगरी सिङ्गो नेपालको साकोस अभियानलाई सुव्यवस्थित ढंगले अगाडि बढाउनुपर्छ भन्ने लाग्छ ।

यस क्षेत्रमा चुनौतिहरू अझ थपिदो छ, यस विषम परिस्थितिमा वित्तीय कारोबार गर्ने सहकारीको अवस्थामा कोभिड पछिको आर्थिक मन्दी र खासगरी सोभियत संघ र युक्रेन बीचको लडाईंको कारणले गर्दा जुन खालको अवस्था देखा परेको छ, दिन प्रतिदिन चुनौति बन्दै गइरहेको छ । त्यो चुनौतिको सामना गर्न सक्नेगरि नेफ्स्कूनले प्रारम्भिक सदस्य र सदस्य संघहरूलाई अझै पनि गाईड गर्दै अगाडि बढ्नुपर्छ । नेफ्स्कूनले अगाडि सारेको थिम "सामना शक्ति विकासका लागि सद्भावपूर्ण सहकार्य" अहिले अझ बढी आवश्यकता छ भन्ने लाग्छ ।

पछिल्ला दिनमा देखा परेका समस्याहरूलाई निराकरण गर्न र साकोस गोष्ठीले गाईड गरेका र प्रतिबद्धतापत्रमा उल्लेख गरिएका विषयहरूलाई अगाडि बढाउनलाई निरन्तर नेफ्स्कूनले मार्गनिर्देशन गर्ने, फलोअप गर्ने, अनुगमन गरेर त्यसको पूर्ण कार्यान्वयका साथ अगाडि बढ्न पहल गर्नुपर्छ भन्ने मलाई लाग्छ ।



## हरिबहादुर राजवंशी

अध्यक्ष, सहारा नेपाल बचत तथा ऋण सहकारी संस्था लि., झापा

'चौथो साकोस शिखर गोष्ठी–२०७९' नेपालको बचत तथा ऋण सहकारी अभियानमा निकै उपलब्धीमूलक बन्न पुगेको छ । सहभागी साथीहरूसँगको परामर्शमा पनि गोष्ठीले अभियान सुदृढीकरणका लागि ठोस योगदान पुग्ने विश्वास सबैको रहेको पाएँ । नेपालभरको प्रतिनिधिमूलक सहभागिता रहेको वृहत गोष्ठी स्तरीय नै लाग्यो । सहभागी प्रशिक्षकहरू पनि स्तरीय हुनुहुन्थ्यो । पृष्ठपोषण पनि अत्यन्त राम्रो रहेको पाएँ । विषयवस्तुको छनोट, प्रस्तुतकर्ता र टिप्पणीकर्ता बीचको समन्वयमा तादाम्यता रहेको थियो । कुनै पनि विषय सय मा सय हुने गरी पूर्ण हुन्छ भन्न सकिदैन । सिक्ने सिकाउने विषयमा सुधारको अपेक्षा सँधै रहन्छ नै । अझ मेरो विचारमा त कुनै पनि विषयलाई ब्रेक आउट नगरीकन सामूहिक सत्र सञ्चालन गर्न सकेको भए सबै विषयवस्तुमा सबै सहभागीले जानकारी राख्ने अवसर प्राप्त हुन्थ्यो भन्ने लाग्यो । समय व्यवस्थापनलाई ध्यान दिँदा यो सम्भव नभएको पनि हुनसक्छ, तर एउटा संस्थाबाट एक जना मात्र सहभागी हुनेहरूका लागि ब्रेकआउट सत्रले सबै विषयवस्तुबारे जानकारी राख्न सक्ने अवसर प्राप्त भएन भन्ने लाग्छ ।

नेपालमा बचत तथा ऋण सहकारी संस्थाहरू अन्य सहकारीको तुलनामा बढी नै जोखिममा छन् । बचत तथा ऋण सहकारी संस्थामा जोखिम न्यूनीकरण कसरी गर्न सकिन्छ भन्ने सवालमा नेफ्स्कूनले धेरै सोलुसनहरू संस्थागत रूपमै पनि दिएको छ । बचत ऋण सहकारी सञ्चालनमा अवसर पनि छ, साथसाथै चुनौति पनि त्यत्तिकै छन् । केही नयाँ विषयहरू त्यस्ता छन्, जसमा थप खोज अध्ययन अनुसन्धान गरेर समाधानका बाटा पहिल्याउनुपर्ने पनि हुनसक्छन् । कोभिड माहामारीपछिको आर्थिक मन्दीले पनि सदस्य र संस्थालाई धेरै समस्या उब्जाएको छ । सहकारीमार्फत पर्याप्त ऋण लगानी भएका छन् । असुलीमा समस्या बढ्दो छ । दैनिक सहकारी संस्थाहरू ऋण असुलीका लागि ताकेता गर्दैछन् भने सदस्यको लगानीले प्रतिफल लिन नसक्दा त्यसको प्रत्यक्ष असर संस्थामा पनि परेको छ । यस तर्फ पनि अब बचत तथा ऋण सहकारी अभियान सचेत बन्नुपर्छ भन्ने लाग्छ ।



## तारा पन्त

अध्यक्ष, शिक्षक कल्याण बचत तथा ऋण सहकारी संस्था लि., दोलखा

नेफ्स्कूनको आयोजनामा सम्पन्न नेपालका बचत तथा ऋण सहकारी अभियान बीचको वृहत्त सम्मेलन 'साकोस शिखर गोष्ठी–२०७९' साकोस अभियानमा अत्यन्त उपलब्धीमूल कार्यक्रम रहेको मैले महशुस गरेको छु । दुई दिनसम्म सञ्चालित कार्यक्रममा प्रस्तुत भएका विषयवस्तुहरू अत्यन्त गहन, समयसान्दर्भिक र सिकाइयोग्य थिए । कार्यपत्र प्रस्तुतकर्ताले राखेको विषयवस्तुको टिप्पणी सहित त्यो पत्रसँग सम्बन्धीत व्याख्या विश्लेषण, कानुनी व्यवस्था र व्यवहारिक अभ्यासहरूको विषयमा टिप्पणीकर्ताको राम्रो प्रस्तुतीबाट सिकाई अझ स्पष्ट र सरल बन्न पुगेको थियो । यस्तो बृहत गोष्ठीमा यो मेरो पहिलो सहभागिता हो । हाम्रो संस्था शिक्षक कल्याण बचत तथा ऋण सहकारी संस्थाबाट व्यवस्थापक र म कार्यक्रममा सहभागी भएका थियौं । हामीले गोष्ठीमा सहभागी भएर आईसकेपछि संस्थामा सञ्चालक समितिको बैठक बसेर सिकाई उपलब्धीहरूको बारेर बृहत्तर छलफल पनि गर्‍यौं । सञ्चालक समिति अर्थात व्यवस्थापन पक्ष जोकोही पनि बाहय तालिम, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अवलोकन भ्रमण मा सहभागी भएर आउँदा हामीले सिकाई उपलब्धीहरूलाई बैठक मार्फत नै आदान प्रदान गर्ने कार्यको थालनी गरेका छौं ।




## बचत तथा ऋण सहकारी संस्था सम्बन्धी

# स्थिरीकरण कोष

# शुभारम्भ

## बचत तथा ऋण सहकारी संस्थासम्बन्धी स्थिरीकरण कोष

नेपालको बचत तथा ऋण सहकारी अभियानले करिब ६६ वर्षपछि दुरगामी महत्वको उपलब्धी हासिल गरेको छ । बचत तथा ऋण सहकारी संस्थाहरूबाट १० करोड भन्दा बढीको प्रारम्भिक योगदान गरी २०७९ जेठ २७ गतेबाट साकोसको सुरक्षा कवचको रूपमा रहेको स्थिरीकरण कोष खडा भएको छ । विधिवत कोष खडा भएसँगै सहकारी ऐन २०७४ को अर्को एउटा महत्वपूर्ण प्रावधान पनि कार्यान्वयनमा आएको छ ।

भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्री शशी श्रेष्ठले मन्त्रालयमा आयोजित विशेष कार्यक्रमका बीच जेठ २७ गते शुक्रबार कोषको औपचारिक शुभारम्भको घोषणा गर्नुभयो ।

बचत तथा ऋण सहकारी संस्थासम्बन्धी स्थिरीकरण कोष स्थापना तथा सञ्चालन कार्यविधि २०७६ को दफा (६) उपदफा (२) को देहाय (१) बमोजिम अर्थ मन्त्रालयबाट सहमती प्राप्त भई सहकारी मन्त्रालयको २०७९ जेठ २७ गतेको निर्णयबाट स्थिरीकरण कोष शुभारम्भ भएको घोषणा गर्दै मन्त्री श्रेष्ठले बचत ऋण अभियानले महत्वम उपलब्धी हासिल गरेको प्रति खुसी व्यक्त गर्नुभयो ।

कोष सञ्चालन शुभारम्भ घोषणा कार्यक्रममा मन्त्रालयका सचिव रामप्रसाद थपलिया, विभागका रजिष्ट्रार रूद्र प्रसाद पण्डित, राष्ट्रिय सहकारी महासंघका अध्यक्ष मिनराज कंडेल, नेफ्स्कूनका अध्यक्ष परितोष पौड्याल, प्रमुख कार्यकारी अधिकृत प्रकाश प्रसाद पोखरेल सहितको उपस्थिति थियो ।

बचत तथा ऋण सहकारी संस्था सम्बन्धी स्थिरीकरण कोष खडा गर्न गत वैशाख ८ गते स्थिरीकरण कोष सञ्चालन समितिका अध्यक्ष एवम् नेफ्स्कूनका अध्यक्ष परितोष पौड्यालद्वारा सहकारी विभागका रजिष्ट्रार रूद्र प्रसाद पण्डितलाई कोष सञ्चालन सम्बन्धी आवश्यक दस्तावेज हस्तान्तरण गर्नुभएको थियो । सहकारी मन्त्री शशी श्रेष्ठले २०७९ जेठ २७ गतेको निर्णयबाट कोष पूर्ण सञ्चालनका लागि स्वीकृती प्रदान गरेसँगै औपचारिक रूपमा बचत तथा ऋण सहकारी संस्था सम्बन्धी स्थिरीकरण कोष सञ्चालनमा आएको हो ।

मन्त्री श्रेष्ठले सो घोषणामा भन्नुभएको छ, "सहकारी ऐन २०७४ को दफा १०३ (१) अनुसार बचत तथा ऋण विषयगत संस्थाको सञ्चालनमा सम्भावित जोखिमबाट संरक्षण गर्न त्यस्ता संस्थाहरू मिलि स्थिरीकरण कोष खडा गरिने व्यवस्था छ । सहकारी नियमावली, २०७५ को नियम ७४(४) बमोजिम स्थिरीकरण कोष खडा गर्न न्यूनतम दश करोड रूपैंयाको प्रारम्भिक योगदान गर्नुपर्ने व्यवस्था अनुरूप बचत तथा ऋण सहकारी संस्थाहरूबाट उक्त योगदान पुरा गर्नुभएकोमा सबैमा हार्दिक धन्यवाद व्यक्त गर्दछु ।"

त्यसैगरी स्थिरीकरण कोष बचत तथा ऋण सहकारीको योगदानमा आधारित जगेडा कोष हो । सहकारी संस्थाहरूलाई समस्याग्रस्त हुन बाट बचाउन आर्थिक उतारचढावमा स्थिरता कायम गर्न सुरक्षा कवचको रूपमा स्थिरीकरण कोष रहेको छ । कोषको प्रभावकारी कार्यान्वयनका लागि कोष सञ्चालन समितिमा यस मन्त्रालय सहित सरोकारवाला निकायहरूको सहभागिता रहेकोले सुव्यवस्थित कार्यान्वयन र प्रतिफलको अपेक्षा सहित संलग्न सबैलाई मन्त्री श्रेष्ठले बधाई तथा शुभकामना व्यक्त गर्नुभयो ।

स्थिरीकरण कोष बचत तथा ऋण विषयगत केन्द्रीय संघमा रहने व्यवस्था सहकारी ऐन २०७४ को दफा १०३ को उपदफा ३ ले गरेको छ भने सहकारी नियमावलीको नियम ७४ (२) (क) अनुसार कोष सञ्चालन समितिको अध्यक्ष नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कून) को अध्यक्ष तथा (ञ) अनुसार सदस्य सचिव नेफ्स्कूनका कार्यकारी प्रमुख समितिको सदस्य सचिव रहने व्यवस्था छ ।

कोष सञ्चालनका लागि नेफ्स्कून, राष्ट्रिय सहकारी बैंक, राष्ट्रिय सहकारी महासंघ, राष्ट्रिय सहकारी विकास बोर्ड, नेपाल राष्ट्र बैंक, सहकारी मन्त्रालय, अर्थ मन्त्रालय र विभागको प्रतिनिधि समेत रहने गरी सञ्चालन समितिको व्यवस्था गर्न सकिने पनि ऐनमा उल्लेख छ ।

# सहकारी संघ संस्थाहरुका लागि विभागद्वारा ३५ बुँदे निर्देशन जारी

सहकारी विभागले सहकारी संघ संस्थाहरूका लागि ३५ बुँदे निर्देशन जारी गरेको छ । जेठ १२ गते काभ्रेको धुलिखेलमा आयोजित सहकारी संस्थामा सुशासन प्रवर्द्धन र व्यवस्थापन विषयक कार्यशाला गोष्ठीका प्रमुख अतिथि भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री शशी श्रेष्ठ र मन्त्रालयका सचिव रामप्रसाद थपलियाको रोहबरमा विभागका रजिष्ट्रार रूद्र प्रसाद पण्डितले सहकारी संघ संस्थामा सुशासन प्रवर्द्धनको लागि एकीकृत निर्देशन–२०७९ जारी गर्नुभएको हो ।

विभागबाट जारी नयाँ निर्देशनको प्रभावकारी कार्यान्वयनबाट सहकारी मूल्य मान्यता र सिद्धान्त अनुरूप सहकारी संघ संस्थाको कामकारबाहीलाई जिम्मेवार, इमान्दार, अनुशासित, पारदर्शि एवं विधिसम्मत तरिकाले सञ्चालन एवं व्यवस्थापन गरी सहकारी संघ संस्थामा सुशासन कायम गर्न महत्वपूर्ण भूमिका रहने विश्वास रजिष्ट्रार पण्डितले गर्नुभएको थियो ।

नयाँ निर्देशनमा महत्वपूर्ण ९ विषयहरू समेटिएका छन् । जसअन्तर्ग संघसंस्था दर्ता गर्ने अधिकारी तथा सदस्यको जिम्मेवारी, सदस्यता केन्द्रीयता, आन्तरिक नियन्त्रण प्रणाली, संस्था सञ्चालन र व्यवस्थापन सम्बन्धी बिषयहरू रहेका छन् । त्यसैगरी समिति उपसमिति तथा साधारण सभा, बचत तथा ऋण परिचालन र कोष बाँडफाँड, तरलता व्यवस्थापन तथा आर्थिक स्रोत परिचालन, कर्मचारी व्यवस्थापन, अभिलेख व्यवस्थापन तथा लेखा परीक्षण र खारेजी तथा बचाउ सम्बन्धी व्यवस्था अन्तर्गत ३५ बुँदा रहेका छन् ।

निर्देशिकामा सहकारी संघसंस्थाको दर्ता तथा नियमनसम्बन्धी कार्यमा प्रत्यक्षरूपमा संलग्न निर्वाचित वा मनोनयन हुने सार्वजनिक पदमा वहाल रहेको पदाधिकारी वा सरकार, प्रदेश सरकार वा स्थानीय तहको कार्यालय वा निकायमा कार्यरत कर्मचारी सहकारी संस्थाको सञ्चालक समिति वा लेखा सुपरीवेक्षण समितिमा निर्वाचित वा मनोनीत हुन नसक्ने व्यवस्था गरेको छ ।

यस्ता पदहरूमा बहाल रहेको भएमा तत्काल राजिनामा दिने, रिक्त पदका लागि आगामी साधारणसभामा उपनिर्वाचनको माध्यमबाट पदपूर्ति गर्ने व्यवस्था मिलाउने निर्देशिकामा उल्लेख छ ।

पेशागत आधारमा दर्ता भएका सहकारी संस्थामा सदस्यता प्राप्त गरेको अवस्थामा बाहेक लाभको पदमा कार्यरत कुनै पनि राष्ट्रसेवक सहकारी संघसंस्थाको सञ्चालक समिति वा लेखा सुपरिवेक्षण समिति वा व्यवस्थापक वा कर्मचारी भई कामकाज नगर्ने व्यवस्था गरेको छ ।

“ सहकारी संघसंस्थाहरूले सबै समयमा तरलता कम्तीमा कुल बचतको १० देखि १५ प्रतिशत कायम राख्ने उल्लेख छ । १० प्रतिशत भन्दा कम तरलता रहेको अवस्थामा व्यवस्थापकले सञ्चालक समितिलाई जानकारी गराउने र तरलता व्यवस्थापनमा सञ्चालक समिति जिम्मेवार रहने उल्लेख छ । ”

सहकारी संघसंस्थाहरूले सबै समयमा तरलता कम्तीमा कुल बचतको १० देखि १५ प्रतिशत कायम राख्ने उल्लेख छ । १० प्रतिशत भन्दा कम तरलता रहेको अवस्थामा व्यवस्थापकले सञ्चालक समितिलाई जानकारी गराउने र तरलता व्यवस्थापनमा सञ्चालक समिति जिम्मेवार रहने उल्लेख छ ।

सहकारी संघसंस्थाहरूले साप्ताहिक रूपमा तरलताको गणना गर्ने र लेखा सुपरिवेक्षण समितिको चौमासिक प्रतिवेदनमा सो विषय समावेश गरी सञ्चालक समितिमा पेश गर्ने निर्देशिकामा उल्लेख छ । तोकिए बमोजिमको तरलता व्यवस्था नगरी संस्थाले लाभांश वितरण गर्न पाउने छैन । लाभांश वितरण गरेमा सञ्चालक समिति र व्यवस्थापकबाट दामासाहीले असुल उपर गरी संस्थाको जगेडा कोषमा दाखिला गर्ने व्यवस्था गरेको छ ।

महासंघ, संघहरू एवं सहकारी बैंकले ऋण लगानीलाई अधिकतम उत्पादनमुखी, स्थानीय स्रोत साधनहरूको प्रभावकारी परिचालन, व्यावसायिकताको विकास, वातावरण संरक्षण, रोजगारी सिर्जना मार्फत गरिबी न्यूनीकरणतर्फ उच्च प्राथमिकता दिनुपर्ने निर्देशिकामा उल्लेख छ । संस्थाको स्वीकृत विनियमको उद्देश्य र कार्य विपरीत व्यापार मात्र गर्ने

उद्देश्यले कुनै पनि मालसामान तथा अचल सम्पत्ति खरिद गर्न पाइने छैन ।

सहकारी संघ संस्थाहरूले जलविद्युत आयोजना, अस्पताल, विद्यालय, क्याम्पस, होटल व्यवसाय, पेट्रोल पम्प लगायतका परियोजनाहरू सञ्चालन गर्ने उद्देश्य तथा कार्यहरू विनियममा समावेश नगरी कुनै पनि परियोजनामा लगानी पाउने छैन । अब परियोजना सञ्चालन गर्ने गरी विनियम स्वीकृत गरेका संघसंस्थाहरूले यस्ता परियोजनामा गरेको लगानी संस्थाको पूर्ण स्वामित्व कायम हुने गरी मात्र गर्नुपर्ने छ ।

सदस्यको बचत रकम परिचालन गरी परियोजनामा लगानी गर्न पाउने छैनन् । यस्ता परियोजनामा प्रवाह हुने वाह्य ऋण कुल सम्पत्तिको ५ प्रतिशतमा नबढ्ने गरी गर्नुपर्ने छ । आन्तरिक कोष परिचालन गरी परियोजनामा लगानी गरेको अवस्थामा पुँजी कोषको सीमा कायम गर्ने पनि निर्देशनमा उल्लेख छ ।

सहकारी संघसंस्थाहरूले एक लाख रूपैयाँ भन्दा वढीको ऋण लगानी गर्दा सामूहिक जमानी वा व्यक्तिगत धन जमानी वा धितो लिएर मात्र गर्न पाउनेछन् । ऋणको क्षेत्रगत वर्गीकरण गर्ने र प्रवाह भएको कुल ऋणको कम्तीमा ५१ प्रतिशत ऋण उत्पादन तथा आयमूलक व्यावसायमा लगानी गर्न पाउनेछन् ।

विभागले महानगरपालिका, उपमहानगरपालिकाको कुनै वडामा प्रत्येक पाँचहजार जनसंख्या, नगरपालिकामा प्रत्येक दुई हजार जनसंख्या र गाउँपालिकामा प्रत्येक पाँचसय जनसंख्यामा नबढ्ने गरी एक बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्था दर्ता हुन सक्ने कानुनी व्यवस्था गरेको छ । उल्लेखित मापदण्ड भन्दा बढी संस्था स्थापना हुने देखिएमा त्यस्तो संस्था दर्ता गर्ने अधिकारीले दर्ता बन्देज लगाउन सक्ने व्यवस्था निर्देशनमा उल्लेख छ ।

कमजोर, बृद्ध, फरक क्षमता भएका सदस्यहरूलाई उच्च प्राथमिकता दिई सेवा प्रवाह गर्न उपयुक्त सेवास्थल निर्माणमा ध्यान दिने, सदस्यहरूलाई प्रदान गर्ने सेवा शुल्क, ब्याज, हर्जाना सम्बन्धी प्रक्रियाका विषयहरू समावेश गरी संस्थाको वडापत्र जारी गर्ने, सदस्यको गुनासोको अभिलेखीकरण र सुनुवाईको प्रगति देखिने गरी अभिलेख राख्ने, सदस्यको सन्तुष्टी सर्भेक्षण गर्ने, गुनासो सुनुवाई संयन्त्र, गुनासो सुन्ने अधिकारी, गुनासो सुनुवाई प्रक्रिया समेत देखिने गरी संस्थाको गुनासो सुनुवाई कार्यविधि जारी गरी कार्यान्वयन गर्न विभागले जोड दिएको छ ।

सहकारी संघसंस्थाहरूको सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति, उपसमितिका पदाधिकारी तथा व्यवस्थापक एवं कर्मचारीहरूले आफ्नो अधिकार क्षेत्र नाघी गरेको काम कारवाहीउपर निजहरूलाई नै व्यक्तिगत रूपमा उत्तरदायी बनाउने, निजहरू एकै अवधिमा अर्को सहकारीको कर्मचारी वा कुनै समितिमा संलग्न हुन नपाउने गरि सदस्य, सञ्चालक र कर्मचारीहरूको लागि आचार संहिता तयार गरी पालना गर्न, गराउन निर्देर्शित गरिएको छ ।

सहकारी संस्थाले नगद (काउण्टर) र ढुकुटी (भल्ट) को अनिवार्य बीमा गर्ने, सहकारी संघसंस्थाहरूले विद्युतीय तथा छापा माध्यम र विद्युतीय सामाजिक सञ्जाल प्रयोग गरी संस्थागत सूचना बाहेक कुनै चिठ्ठा, उपहार, बढी ब्याज लगायतका प्रलोभनजन्य कार्य गरी सदस्य बनाउने, बचत संकलन गर्ने तथा ऋण उपलब्ध गराउने गरी विज्ञापन वा प्रचारप्रसार गर्न नपाइने उल्लेख छ ।

त्यसैगरी सहकारी संघसंस्थाहरूले अधिकार प्राप्त अधिकारीको लिखित स्वीकृति नलिई प्रदेश कार्यालय, शाखा कार्यालय, उपशाखा कार्यालय, फिल्ड कार्यालय, सदस्य सेवा केन्द्र/कार्यालय, विक्री केन्द्र/कार्यालय, आदि खोल्ने, स्थानान्तरण गर्ने लगायतका कार्य गर्न नपाउने, सो कार्य गरी सदस्य बनाई शेयर तथा बचत संकलन गर्ने, ऋण लगानी गराउने कार्य गरेको पाइएमा उपरोक्त कार्यहरू सहकारीजन्य ठगीको कसुर मानी प्रचलित कानुन बमोजिम कारवाही हुने व्यवस्था रहेको छ ।

निर्देशनमा सहकारी संघसंस्थाहरूले ATM, QR Code, Mobile Banking लगायतका अन्य विद्युतीय प्रविधि प्रयोग गरी सेवाप्रवाह गर्दा संस्थाको विनियममा उद्देश्य तथा कार्यहरू अन्तर्गत समावेश गरी साधारण सभा र नियामक निकायवाट स्वीकृत गरेको हुनुपर्ने उल्लेख छ ।

संस्थाका सञ्चालक समिति र लेखा सुपरिवेक्षण समितिका जम्मा ४९% भन्दा बढी पदाधिकारीहरूले एकैपटक संस्थाबाट ऋण लिन नपाईने, यसरी पदाधिकारीहरूलाई प्रवाह गरेको ऋण र धितोको विवरण नियामक निकायमा मासिक रूपमा पठाउनुपर्ने व्यवस्था निर्देशनमार्फत तोकिएको छ ।

त्यस्तै PEARLS Monitoring System लाई पालना गरी संस्थाको वित्तीय संरचनालाई PEARLS का मानकले तोकेको सूचक भित्र राख्ने साथै सदस्य केन्द्रीयता सूचकांक (MCI) का सूचकहरू पूर्ण परिपालना गर्नुपर्ने व्यवस्था गरेको छ ।

विभागले नयाँ निर्देशन जारी गर्ने सम्बन्धमा अभियानसँग विभिन्न समयमा चरणबद्ध छलफल गरी अन्तिम टुङ्गोमा पुगेको थियो ।

# मोरङ साकोस गोष्ठी

## नविनतम साझा प्रविधिको पहुँच विस्तारमा जोड



जिल्ला बचत तथा ऋण सहकारी लि. मोरङको आयोजनामा मोरङ साकोस गोष्ठी २०७९, ११ बुँदे घोषणापत्र जारी गर्दै सम्पन्न भएको छ । असार १८ र १९ गते पथरी शनिश्चरेमा आयोजित गोष्ठीको उद्घाटन नेफ्स्कूनका अध्यक्ष परितोष पौड्यालले गर्नुभएको थियो ।

प्रमुख अतिथि पौड्यालले सहकारीले सुन्दर संसारको निर्माण गर्छ भन्ने नारा सहित १००औं अन्तर्राष्ट्रिय सहकारी दिवस अभियानबीच एकसाथ मनाइरहँदा सम्पूर्णमा सहकारी मार्फत समुन्नत समाज, राष्ट्र र विश्व निमार्णको अभियानमा हार्दिक शुभकामना व्यक्त गर्नुभएको थियो । सहकारी मार्फत रूपान्तरणको अभियानलाई संस्थागत गर्दै समुन्नत र समृद्ध राष्ट्र निर्माणमा सहकारीको योगदान बढाउनुपर्नेमा उहाँको जोड रहेको थियो ।

जिल्ला बचत संघका अध्यक्ष सोमनाथ निरौलाको अध्यक्षतामा सुरू गोष्ठीमा विशेष अतिथि, स्थानीय सहकारीकर्मीहरू, स्थानीय निकायका जनप्रतिनिधिहरू, कार्यपत्र प्रस्तोता तथा टिप्पणीकर्ताहरू सहित जिल्लाभरका बचत तथा ऋण सहकारी संस्थाका पदाधिकारी र व्यवस्थापकहरू गरी करिब ३३० जनाको सहभागिता रहेको थियो ।

पथरीशनिश्चरे नगरपालिकाका मेयर मोहन प्रसाह तुम्हाङ्फोले सहकारी क्षेत्रमा महत्वपूर्ण र उल्लेखनीय कामहरू पनि भएको र कमी कमजोरी तथा विसंगति पनि उत्तिकै रहेको बताउनुभयो । सञ्चालकले सहकारीको पैसा हिनामिना गरेका विषयहरू नगरमा गुनासो आइरहेको बताउँदै नगर प्रमुख तुम्हाङ्फोले सहकारीले मुल्य मान्यता र सिद्धान्तको पालना गरेर मात्र सहकारी संस्था सञ्चालन गर्नुपर्नेमा जोड दिनुभयो ।

असार १८ र १९ दुई दिन सञ्चालित गोष्ठीमा सहकारी क्षेत्रका विभिन्न विषयविज्ञहरूबाट विभिन्न ५ विषयवस्तुमा कार्यपत्र प्रस्तुतीकरण भएका थिए ।

गोष्ठीको पहिलो दिन नेफ्स्कूनका महासचिव दामोदर अधिकारीले साकोस सञ्जालिकरण र प्रविधि विषयक कार्यपत्र प्रस्तुत गर्नुभएको थियो भने कार्यपत्रमाथी टिप्पणी जिल्ला सहकारी संघ र प्रदेश सहकारी संघ मोरङका अध्यक्ष डिल्ली पोखरेलले गर्नुभएको थियो । उहाँ महेन्द्र मोरङ क्याम्पसका सहायक क्याम्पस प्रमुख समेत हुनुहुन्छ । त्यसैगरी दोस्रो सत्र नेपाल सरकारका पूर्व सचिव गोनीनाथ मैनालीले सहकारीको नियमन र प्रवर्द्धनमा नियामक निकायको भूमिका र सवालका क्षेत्रहरू विषयक कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । उहाँको प्रस्तुतीकरणमाथी नेपाल वहुउद्देश्यीय सहकारी संस्था लि. का अध्यक्ष एवम् राष्ट्रिय सहकारी विकास बोर्डका सदस्य रामचन्द्र उप्रेतीले गर्नुभएको थियो ।

त्यसैगरी दोस्रो दिनको पहिलो सत्र स्नातकोत्तर क्याम्पस विराटनगरका प्राध्यापक डा. अर्जुन बरालले आर्थिक समृद्धिको यात्रामाः नेपालको सहकारी आन्दोलन विषयक प्रस्तुतीकरण गर्नुभएको थियो भने दमक क्याम्पसका पूर्व सह प्राध्यापक गिता अधिकारीले टिप्पणी गर्नुभएको थियो । उहाँ दमक नगरपालिकाको निवर्तमान उपप्रमुख समेत हुनुहुन्छ ।

कानेपोखरी गाउँपालिकाका पूर्व अध्यक्ष एवम् जिल्ला बचत संघ मोरङका पूर्व अध्यक्ष ताराबहादुर काफ्लेले संघीयतामा सहकारी स्थानीय तहको भूमिका विषयक कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । कार्यपत्रमाथी टिप्पणी प्रदेश नं. १, प्रदेश रजिष्ट्रार कार्यालयका नि.रजिष्ट्रार हरिवहादुर खत्रीले गर्नुभएको थियो ।

गोष्ठीको अन्तिम सत्र राष्ट्रिय सहकारी बैंकका प्रमुख कार्यकारी अधिकृत बद्री गुरागाईंले जोखिम न्यूनीकरण एवम् सक्षम सहकारी विकासको आधार विषयक कार्यपत्र प्रस्तुतीकरण गर्नुभएको थियो । कार्यपत्रमाथी टिप्पणी महेन्द्र मोरङ क्याम्पस विराटनगरका प्राध्यापक डा. मोहन सुवेदीले गर्नुभएको थियो

गोष्ठीको समापन नेपाल बचत

तथा ऋण केन्द्रीय सहकारी संघ लि.(नेफ्स्कून) का बरिष्ठ उपाध्यक्ष चन्द्र प्रसाद ढकालको प्रमुख आतिथ्यतामा भएको थियो ।

प्रमुख अतिथि ढकालले सहकारी संघ संस्थालाई सुशासनमा सञ्चालन गर्न नीति विधि र प्रविधिको पालना सँगै सहकारी ऐन र नियमावलीको कार्यान्वयतर्फ जोड दिनुपर्ने बताउनुभयो । उहाँले प्रविधिको पहुँच विस्तार गरी सहकारीका सदस्यहरूमाफ गुणस्तरीय सेवा प्रवाह गर्न सकिने भएकोले अभियानमा साफा एकीकृत प्रविधि विकास गरी प्रयोगमा एकरूपता ल्याउनुपर्नेमा जोड दिनुभयो ।




अन्तर्राष्ट्रिय सहकारी दिवसको अवसर पारेर आयोजना गरिएको दुई दिनको गोष्ठीले सहकारी अभियानका विज्ञ एवम् सहभागीहरूबीचको छलफलबाट साकोस अभियानको भावी कार्यदिशा तय गर्ने उद्देश्यसहित ११ बुँदे घोषणपत्र जारी गर्दै कार्यान्वयन प्रतिवद्धता व्यक्त गरेको थियो ।

दुई दिनसम्म चलेको गोष्ठीमा प्रस्तुत कार्यपत्र र कार्यपत्रमाथिको टिप्पणी र सहभागिहरूको छलफलको आधारमा घोषणापत्र जारी गरिएको थियो ।

## मोरङ साकोस गोष्ठी घोषणा पत्र

१. स्थानीय भुगोल र कार्यक्षेत्रमा उपयुक्त हुने सर्वसाधारणको पहुँच हुने गरी सेवालाई दिगो, एकिकृत र नविनतम साफा प्रविधिमा आधारित सञ्जालीकरणको माध्यमबाट सदस्यहरूलाई एउटै नीति, विधि र प्रविधिबाट प्रभावकारी सेवा दिने

२. बदलिँदो परिस्थिति अनुरूप उत्पादनसँग सम्वन्धित रहेर तालिम, गोष्ठी र सिप हस्तान्तरणको माध्यमबाट सदस्यहरूलाई व्यवसायिकरण गर्दै गरिबी न्यूनिकरणतर्फ उन्मुख गर्ने

३. संस्थाको वित्तिय जोखिम र भविष्यमा आउन सक्ने संकटपूर्ण अवस्थालाई न्यूनिकरण गर्नका लागि पर्ल्स अनुगमन प्रणाली लगायत समयानुकुल वितीय मापन तथा विश्लेषणका औजारहरूको पूर्ण प्रयोग गरी वित्तीय अनुपात मिलान गर्दै संस्थाको पुँजी वृद्धि गर्न र स्तरीय लेखामान अनुसार वित्तीय विवरण प्रस्तुत गर्ने

४. सहकारीका मूल्य, मान्यता र सिद्धान्तमा केन्द्रित भई सरकारका तीनै तहबाट निर्माण हुने सहकारी ऐन, नियमावली तथा कार्यविधिहरू सहकारीमैत्री बनाउन समन्वयनात्मक भुमिका निर्वाह गर्ने र स्वःनियमम प्रणाली विकास गर्ने

५. सहकारीको व्यवसाय एवम् सदस्यका सुरक्षण र जोखिम वहन क्षमता अभिवृद्धि गर्न सहकारी संरक्षण/बिमा लगायतका सामाजिक सुरक्षाका कार्यक्रम लागु गर्ने

६. सहकारी क्षेत्रको सेवा प्रविधिमैत्री बनाउन सम्वन्धित सरोकारवाला निकायहरूमा पहल गरी लागत न्युनिकरण र सबै सहकारीमा नविनतम साफा प्रविधिलाई सञ्जालको साफा प्रविधिको रूपमा पहुँच पुऱ्याउने वातावरण तयार गर्ने

७. सामाजिक परीक्षणलाई प्रभावकारी बनाउन विभाग र स्थानीय तहसँग समन्वय गरी कार्यान्वयन गर्ने

८. सहकारीको तथ्यांकलाई अद्यावधिक र नियमनलाई प्रभावकारी बनाउन कोपोमिस लाई अनिवार्य अद्यावधिक गरी सम्वन्धित निकाय र छाता संघहरूलाई आवधिक प्रतिवेदन पेश गर्ने

९. समुदायमा आधारित नभई सञ्चालनमा आएका सहकारी संस्थाहरूलाई नीति, विधि र सहकारी मूल्य मान्यता अनुरूप समुदायमा आधारित संस्थाहरूमा रूपान्तरण गर्न र साकोसहरूलाई तालिम, गोष्ठी र एकिकरणको प्रक्रियालाई तिव्रता दिन सम्वन्धित संस्थाहरूलाई त्यसतर्फ अभिप्रेरित गर्ने

१०. सहकारी संस्थाहरूमा लगाइएको चर्को आयकर र स्थानीय करलाई न्युनिकरण गराउनेतर्फ सहकारी अभियानको पहलकदमीमा ऐक्यवद्धता जनाउने

११.अघिल्लो गोष्ठीहरूका निष्कर्ष र प्रतिवद्धताहरूलाई समयानुकुल अद्यावधिक गरी कार्यान्वयन गर्न र आगामी तीन वर्ष भित्रमा त्यसको समिक्षासमेत हुने गरी अर्को बृहत साकोस गोष्ठीलाई निरन्तरता दिने

संघले यसअघि २०७५ सालमा पहिलो गोष्ठी गरेको थियो । अघिल्ला गोष्ठीको निष्कर्ष र प्रतिवद्धताहरूलाई समयानुकुल अद्यावधिक गरी कार्यान्वयन गर्न र आगामी तीन वर्ष भित्रमा त्यसको समिक्षा समेत हुने गरी अर्को साकोस गोष्ठीलाई निरन्तरता दिन प्रतिबद्ध रहेको संघले जनाएको छ ।



# सहकारीमा धेरै गर्न बाँकी छ, सन्तोष गरेर बस्ने बेला भएको छैनः मन्त्री श्रेष्ठ

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री शशी श्रेष्ठले सहकारी क्षेत्रको विकासमा अझ धेरै गर्नुपर्ने आवश्यकता रहेको औंल्याउनुभएको छ । राष्ट्रिय सहकारी महासंघको सभाहलमा आयोजित १००औं अन्तर्राष्ट्रिय सहकारी दिवस विशेष समारोहको उद्घाटन गर्दै प्रमुख अतिथि श्रेष्ठले सहकारी क्षेत्रले गरेका अनुभव र व्यवहारका विषयमा अन्तर्राष्ट्रिय स्तरमा खुलेर बहस गर्ने र अनुभव आदानप्रदान गर्न सक्ने हैसियतमा पुगेको भएपनि यसैमा सन्तोष गरेर बस्ने अवस्था नरहेको बताउनुभयो ।

मन्त्री श्रेष्ठले सहकारी अभियानमा अझै पनि व्यापक रूपमा आम सर्वसाधरण जनता सहभागी हुन नसक्नु, पर्याप्त पुँजीको अभाव रहनु, व्यवस्थापकीय क्षमताको अभिवृद्धि हुन नसक्नु, संगठनात्मक कमजोरीहरू रहनु, संस्थाहरूमा पर्याप्त पूर्वाधार हरूको विकास भइनसक्नु, केही व्यक्तिहरूको वोलवाला रहनु, सुशासन र दक्षताको अभाव रहनु र यस क्षेत्रमा उत्प्रेरणाको कमी रहनुजस्ता केही कानुनी असक्षमता र असफलतापूर्ण गतिविधिले समग्र अभियानप्रति नै आक्षेप लगाउने अवस्था विद्यमान रहेको बताउनुभयो ।

मन्त्री श्रेष्ठले सहकारी क्षेत्रमा गरिएका प्रयासहरूको सापेक्षतामा आशातित सफलता हासिल हुन नसकेको बताउनुभयो । उहाँले मुलुकमा भएको राजनीतिक परिवर्तन, राज्य पुर्नसंरचना, शासकीय शैलीमा आएको परिवर्तन, जनताको बदलिँदो उच्च आकांक्षाहरू देशको आर्थिक सम्भाव्यता र सक्षमता, सामाजिक रुपान्तरणको स्थिति, प्रविधिको विकासका कारण सहकारी क्षेत्रमा सर्वसाधरणको चासो र चिन्ता बृद्धि भएको बताउनुभयो ।

सहकारी रोजगारीको प्रमुख आधारस्तम्भ भएको अवस्थामा देशको आर्थिक, सामाजिक, सांस्कृतिक रुपान्तरण मानवीय विकास र पर्यावरणको संरक्षण प्रवर्द्धन गर्दै दिगो र फराकिलो विकास सँगसँगै गरिबी निवारणको प्रमुख आधारको रूपमा यस क्षेत्रलाई स्थापित गर्न जरूरी रहेको बताउनुभयो ।

मन्त्री श्रेष्ठले मुलुकको समृद्धिका लागि सरकार र सहकारी अभियान एउटै डुङ्गाको सहयात्री भएको बताउँदै सहकारी व्यवसायलाई अवरोध पुऱ्याउने कानुनी व्यवस्थामा समसामयिक परिवर्तन गर्न सकिने उल्लेख गर्नुभयो ।

जुलाई महिनाको पहिलो शनिवार (असार १८ गते) १०० औं अन्तर्राष्ट्रिय सहकारी दिवस, २८ औं संयुक्त राष्ट्र संघीय अन्तर्राष्ट्रिय सहकारी दिवस र २९ औं राष्ट्रिय सहकारी महासंघ दिवस एकसाथ मनाइएको थियो ।

भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालयका सचिव रामप्रसाद थपलियाले सहकारीले उत्कृष्ट विश्व निर्माणमा कसरी योगदान गर्न सक्छ भन्ने विषयमा कार्यपत्र प्रस्तुत गर्दै नेपालमा पनि सहकारीबाट नमूनायोग्य काम गर्न सकिने बताउनुभयो ।

सहकारी विभागका रजिष्ट्रार रूद्रप्रसाद पण्डितले सहकारी लोकतान्त्रिक र सुशासन अभ्यास गर्ने थलो भएकाले लाभको पदमा बसेका सहकारीका सदस्यले पद त्याग गर्नुपर्ने बताउनुभयो ।

सम्पत्ति शुद्धीकरणलाई सहकारी संघ/संस्थाले महत्वकासाथ कार्यान्वयन गर्नुपर्ने उहाँको जोडथियो ।

महासंघका अध्यक्ष मिनराज कंडेलले सहकारी अभियान सरकारसँग हातेमालो गरेर विकासको सहयात्री बन्न चाहेको बताउँदै सहकारी ऐन २०७४ मा भएको व्यवस्था अनुसार नै सहकारी संघ/संस्थाहरूलाई कर निर्धारण गर्न उहाँले आग्रह गर्नुभएको थियो ।

कार्यक्रममा राष्ट्रिय सहकारी महासंघका पूर्व अध्यक्ष दिपक प्रकाश बास्कोटा, राष्ट्रिय योजना आयोगकी सदस्य एवम् महासंघकी सल्लाहकार डा.उषा झा, नेफ्स्कूनका बरिष्ठ उपाध्यक्ष चन्द्र प्रसाद ढकाल, आइएलओका कन्ट्रि डाइरेक्टर डा.रिचार्ड हवार्डले पनि शुभकामना मन्तव्य राख्नुभएको



थियो । महासंघकी महाप्रवन्धक चित्रा कुमारी सुब्बाले कार्यक्रम सञ्चालन गर्नुभएको थियो भने बरिष्ठ उपाध्यक्ष ओमदेवी मल्लले स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो ।

विशेष समारोहका बीच महासंघले ६५औं राष्ट्रिय सहकारी दिवसका अवसरमा घोषणा गरेका सहकारी अभियानमा महत्वपूर्ण योगदान पुऱ्याउनु हुने व्यक्ति, संघ संस्थाहरू अन्तर्गत उत्कृष्ट राष्ट्रिय सहकारी पुरस्कार, उत्कृष्ट कर्मचारी पुरस्कार, उत्कृष्ट सहकारी पुरस्कार र सातवटै प्रदेशबाट प्रतिनिधित्व रहने गरी उत्कृष्ट सहकारी व्यवसाय पुरस्कार सहित १० विधामा सम्मान तथा पुरस्कार प्रदान गरेको थियो ।

पुरस्कार प्राप्त गर्नेहरूमध्येमा राष्ट्रिय सहकारी महासंघद्वारा स्थापित राष्ट्रिय सहकारी पुरस्कार २०७८ बाट वरिष्ठ सहकारी अभियन्ता विजयराज घिमिरे पुरस्कृत हुनुभएको थियो ।

उत्कृष्ट सहकारी कर्मचारी पुरस्कार, २०७८ बाट जिल्ला बचत तथा ऋण सहकारी संघ लि., भक्तपुरका ब्यवस्थापक बालकृष्ण ध्वजु पुरस्कृत हुनु भएको थियो । उत्कृष्ट सहकारी पुरस्कार २०७८ बाट जिल्ला सहकारी संघ लि. दोलखा पुरस्कृत भएको थियो ।

महासंघले उत्कृष्ट सहकारी ब्यवसाय पुरस्कार, २०७८ अन्तर्गत सातवटै प्रदेशका उत्कृष्ट सहकारीलाई पुरस्कृत गरेको थियो । जसमध्ये प्रदेश नं. १ बाट मेची बहुउद्देश्यीय सहकारी संस्था लि., दमक झापा, मधेश प्रदेशबाट बागदेव दुग्ध उत्पादक सहकारी संस्था लि., निजगढी बारा, बागमती प्रदेशबाट हिलटप जुनार बहुउद्देश्यीय सहकारी संस्था लि.तिनकुने, काठमाडौं, गण्डकी प्रदेशबाट कालिगण्डकी महिला विकास बहुउद्देश्यीय सहकारी संस्था लि.पैंयुपाटा, बागलुङ्ग, लुम्बिनी प्रदेशबाट सिको बचत तथा ऋण सहकारी संस्था लि.ठाकुरबाबा, बर्दीया, कर्णाली प्रदेशबाटबाट जनहितकारी बचत तथा ऋण सहकारी संस्था लि.वीरेन्द्रनगर, सुर्खेत र सुदुरपश्चिम प्रदेशबाट श्री एकता प्रगतिशील बचत तथा ऋण सहकारी संस्था लि.गोदावारी, कैलालीलाई पुरस्कृत गरिएको थियो ।

# केन्द्रीय उपभोक्ता र मौरीपालन केन्द्रीय सहकारी संघलाई नेफस्कूनमा स्वागत

नेफ्स्कूनले नेपाल केन्द्रीय उपभोक्ता सहकारी संघ र मौरीपालन केन्द्रीय सहकारी संघका नवनिर्वाचित सञ्चालक समितिलाई हार्दिक बधाई सँगै कार्यकाल सफलताको शुभकामना व्यक्त गरेको छ । असार २१ गते संघको केन्द्रीय कार्यालयमा एक संक्षिप्त कार्यक्रम आयोजना गरी उपभोक्ता र मौरीपालक केन्द्रीय सहकारी संघका नवनिर्वाचित सञ्चालक समितिलाई बधाई शुभकामनाका साथै द्विपक्षीय सहयोग, सहकार्यका सम्भावनाहरूका बारेमा प्रारम्भिक छलफल चलाएको हो ।

कार्यक्रममा नेफ्स्कूनका अध्यक्ष परितोष पौड्यालले पर्याप्त सम्भावना रहेका उपभोक्ता र मौलीपालन दुवै संघका गतिविधिहरूमा क्रियाशिलता अभिवृद्धि गर्दै तीनवटै विषयगत केन्द्रीय संघहरूबीचको सहकार्यात्मक सम्बन्ध विस्तारलाई थप प्रगाढ बनाएर जान सकिने बताउनुभयो । उहाँले नेफ्स्कून, उपभोक्ता र मौरीपालन संघबीचको व्यावसायिक सम्बन्ध विस्तारका आधारहरू पहिचान गरेर रणनीतिक योजनासहित अघि बढ्न सुझाव प्रदान गर्नुभयो । नेफ्स्कूनले आवद्ध सहकारीमा व्यावसायिकता विकासका लागि अन्तर्राष्ट्रिय श्रम संगठन (आइएलओ) सँगको साझेदारीमा उद्यमशिलता विकास र व्यावसायिक सीप तालिम प्रदान गर्दै आइरहेकोले त्यसमा अन्तरसम्बन्धीत हुँदै साझेदारीका कार्यक्रमहरूमा उपभोक्ता र मौरीपालन सहकारीसँग ऐक्यवद्धतासहित अगाडि बढ्न सकिने सम्भावनाहरूको चर्चा गर्नुभयो ।

विश्व अभ्यासमा उपभोक्ता सहकारीहरू उत्कृष्ट मोडलको रूपमा रहेको उल्लेख गर्दै अध्यक्ष पौड्यालले नेपालमा पनि उपभोक्ता सहकारीको उत्थान र विकासका लागि संगठनात्मक संरचना देखि स्रोत साधनको पर्याप्तता सम्मका लागि योजनाबद्ध ढंगले नयाँ आयामका साथ काम गर्नुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रममा नेफ्स्कूनका




बरिष्ठ उपाध्यक्ष चन्द्र प्रसाद ढकालले नवनिर्वाचित सञ्चालक समितिलाई बधाई तथा शुभकामना व्यक्त गर्दै उपभोक्ता र मौरीपालन विषयगत केन्द्रीय सहकारी संघबीच सामिप्यता र सहकार्यको सम्भावना खोज्न सकिने उल्लेख गर्नुभयो । उहाँले नेपाल मौरीपालनको क्षेत्रमा प्रचुर सम्भावना बोकेको देश भएर पनि विविध कारणले उचित वातावरण पाउन नसकेको बताउनुभयो । केन्द्रीय उपभोक्ता र मौरीपालन संघलाई केन्द्रीय रूपमा सवल बनाउन विषयगत संघको तर्फबाट नेफ्स्कूनको साथ सहयोग रहने विश्वास व्यक्त गर्नुभयो । मुलुकको आवश्यकता र उपभोक्ताको उद्देश्यलाई प्राथमिकतामा राखेर काम गर्न सफलता मिलोस भनी दुवै संघका नवनिर्वाचित समितिलाई बधाई एवम् शुभकामना प्रदान गर्नुभयो ।

कार्यक्रममा नेपाल केन्द्रीय उपभोक्ता सहकारी संघ लि.का अध्यक्ष टेक प्रसाद चौलागाईंले समय समयमा अभियानभित्र उपभोक्ता सहकारीका विषयमा उठ्ने सबालले आँफूलाई सँधै निराश पारेको कारणले पनि नेतृत्व लिएर अगाडि बढ्नुपर्छ भन्ने लगेको बताउनुभयो ।

यसलाई गतिशिल बनाएर लान सकिन्छ भन्ने विश्वास लिएको छु, उहाँले भन्नुभयो, "टीम मिलेमा काम गर्न सजिलो पनि छ, र यतिबेला सबै क्षेत्रबाट साथ सहयोगको आश्वासन पनि पाएको छु, स्थानीय निकायका धेरै जनप्रतिनिधि साथीलहरूले पनि सहयोगको आश्वासन दिनुभएको छ ।" आगामी दिनमा राष्ट्रिय सहकारी महासंघ, नेफ्स्कून, यस्तै अन्य विषयगत संघहरूसँगको पारस्परिकताका माध्यमबाट अगाडि बढ्ने र उपभोक्ता सहकारी संघलाई राम्रो संघ बनाउने विश्वास लिएको उहाँले बताउनुभयो ।

नेपाल मौरीपालन केन्द्रीय सहकारी संघका नवनिर्वाचित अध्यक्ष शम्भु बहादुर कार्कीले विषयगत केन्द्रीय संघहरूबीचको सामीप्यता र असल सम्बन्ध विकासले राम्रो कामको सुरूवात हुने बताउनुभयो । उहाँले मह नेपालका लागि प्रचुर सम्भावना बोकेको क्षेत्र हुँदा हुँदै पनि पछाडि परिरहेकोले यसमा नमुना ढंगले कार्यक्रम अगाडि ल्याउनुपर्ने आवश्यकता रहेको औंल्याउनुभयो ।

नेफ्स्कूनका महासचिव दामोदर अधिकारीले विषयगत केन्द्रीय संघहरूबीचको आत्मिय सम्बन्धलाई मजवुद बनाउन सामुहिक छलफल र विचार विमर्शहरू पनि आवश्यक रहेको बताउनुभयो । उहाँले सहकारी अभियानभित्र कसले कसलाई पछाडि पार्ने र कसरी अगाडि बढ्ने भन्दापनि दर्विलो सहकार्यको माध्यमबाट समग्र अभियानलाई कसरी अगाडि बढाउन र सहकारीको आदर्श मूल्य मान्यतालाई कसरी स्थापित गर्न सकिन्छ भन्ने मूल उद्देश्यका साथ अगाडि बढ्नुपर्ने बताउनुभयो ।

कार्यक्रममा नवनिर्वाचित दुवै संघका सञ्चालक समितिका पदाधिकारीहरू, सदस्यहरू र लेखा सुपरिवेक्षण समितिका संयोजक र सदस्यहरू उपस्थित हुनुहुन्थ्यो । यसैगरी, नेफ्स्कूनकोतर्फबाट प्रमुख कार्यकारी अधिकृत प्रकाश प्रसाद पोखरेल, सहायक कार्यकारी अधिकृत एवम सदस्य सेवा विभाग प्रमुख गणेश प्रसाद तिमल्सिना सहभागी हुनुहुन्थ्यो ।

२०७९ साल असार १९ गते सम्पन्न नेपाल केन्द्रीय उपभोक्ता सहकारी संघ लि.को १९औं वार्षिक साधारणसभाले सक्रिय युवा सहकारीकर्मी टेक प्रसाद चौलागाईंको अध्यक्षतामा ११ सदस्यीय सञ्चालक समिति तथा लक्ष्मण महर्जनको संयोजकत्वमा ३ सदस्यीय लेखा सुपरिवेक्षण समिति निर्वाचित गरेको थियो ।

मौरीपालन केन्द्रीय सहकारी संघ लि.को २०७८ पौष २८ गते सम्पन्न १३ औं बार्षिक साधारणसभाको ५औं अधिवेशनमार्फत २०७९ असार १२ गते सम्पन्न निर्वाचनबाट शम्भु बहादुर कार्कीको अध्यक्षतामा ९ सदस्यीय सञ्चालक समिति र तेज प्रसाद बरूवालको संयोजकत्वमा ३ सदस्यीय लेखा सुपरिवेक्षण समिति निर्वाचित गरेको थियो ।

# कोपोमिस कार्यान्वयनमा अटेरी गर्ने सहकारीलाई विभागले कारबाही सुरु गर्ने






सहकारी विभागका रजिष्ट्रार रूद्रप्रसाद पण्डितले राज्यले जारी गरेको कोपोमिस कार्यान्वयन सम्बन्धी कानुनको अवज्ञा गर्न कसैलाई छुट नहुने बताउनुभएको छ । नेपाल सहकारी पत्रकार समाज (सिजेएन) र सहकारी विभागको संयुक्त आयोजनामा असार १७ गते राजधानीमा आयोजित कोपोमिसमा समष्टिगत विवरण प्रविष्टिमा संघ संस्थाको भूमिका विषयक अन्तरक्रिया कार्यक्रममा बोल्दै रजिष्ट्रार पण्डितले भन्नुभयो, “सहकारी सम्बन्धी सम्पूर्ण कार्य विभाग मार्फत हुने अनि विभागमार्फत राज्यले जारी गरेको कोपोमिस कार्यान्वयन गर्न अटेरी गर्ने ?” यो विषयमा कसैलाई पनि छुट हुँदैन, यदि अटेरी गरेमा कानुन बमोजिमको कारबाही प्रक्रिया सुरू हुन्छ, उहाँले भन्नुभयो ।

रजिष्ट्रार पण्डितले स्थानीय तहको नियमनमा रहेका सहकारीमा कोपोमिस कार्यान्वयन गर्न सरकारले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमार्फत असार १६ गते सबै पालिकालाई अनुरोध गरेको बताउनुभयो ।

मन्त्रालयले सबै पालिकालाई नयाँ सहकारी संस्था दर्ता गर्दा कोपोमिसमा विवरण प्रविष्ट गरेर मात्र प्रमाणपत्र प्रदान गर्न अनुरोध गरेको उहाँले जानकारी गराउनुभयो । यसैगरी स्थानीय तहलाई ब्यवसाय कर चुक्ता प्रमाणपत्र जारी गर्दा, सहकारीसँग साझेदारीमा काम गर्दा र सहकारीलाई अनुदान दिँदा पनि कोपोमिसमा अनिवार्य आवद्ध गर्न आग्रह गरेका छौं, उहाँले भन्नुभयो । सहकारी विभागको आग्रहमा आन्तरिक राजश्व कार्यालयले मातहतका सबै कार्यालयलाई कोपोमिसबाट जारी भएको सब्मिसन नम्बर पेश गर्ने सहकारीलाई मात्र करचुक्ता प्रमाणपत्र जारी गर्न परिपत्र गरेको रजिष्ट्रार पण्डितले बताउनुभयो ।

नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ (नेफ्स्कून)का वरिष्ठ उपाध्यक्ष चन्द्र प्रसाद ढकालले वित्तीय कारोबार गर्ने सहकारी सुशासनमा बस्न अपरिहार्य भएको बताउनुभयो । कोपोमिसमा आबद्ध हुन नचाहने सहकारीहरूले आफ्नो सहकारी कर्म छोडेर अर्कै पेशा व्यवसायमा लाग्न समेत उहाँले अनुरोध गर्नुभएको थियो । कोपोमिस सहकारीको वास्तविक तथ्यांक तयार गर्ने र सहकारी सम्बन्धी आवश्यक नीति निर्माण सहजता ल्याउने उद्देश्यले सुरू गरिएको हो, यसमा कुनै पनि बचत तथा ऋण सहकारी संस्थाले आफ्ना समष्टिगत विवरण अद्यावधिक गरेर अगाडि बढ्न चाँहदैन भने त्यसका लागि अभियानबाट अलग गरेको जानुको विकल्प नरहने उहाँले प्रष्ट पार्नुभयो ।

राष्ट्रिय सहकारी बैंकका अध्यक्ष के.बी. उप्रेतीले सहकारीको तथ्याङ्क अनुमानको भरमा भन्नुपर्ने अवस्था विद्यमान रहनु लाजमर्दो विषय भएको बताउनुभयो । सरकारले लागू गरेको कोपोमिसलाई प्रभावकारीरूपमा कार्यान्वयन गरेर सहकारीको बास्तविक तथ्याङ्क प्राप्त गर्नसकिने विश्वास व्यक्त गर्नुभयो ।

बागमती प्रदेश बचत तथा ऋण सहकारी संघका अध्यक्ष उद्दव सापकोटाले मातहतका सबै सदस्य संघ/संस्थाहरूलाई कोपोमिस कार्यान्वयन गर्न परिपत्र गरिएको बताउनुभयो ।

राष्ट्रिय सहकारी बैंकका नायव महाप्रवन्धक सुरेश थापाले महासंघले सबै तालिम कार्यक्रममा कोपोमिसको विषय सामेल गरेको उल्लेख गर्दै सरोकारवाला सबै निकाय मिलेर सहकारीको रिपोर्टिङ प्रणालीमा भएको अलमल निराकरण गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो ।

सहकारी तथा गरिबी निवारणसम्बन्धी सूचना व्यवस्थापन प्रणाली (कोपोमिस) कार्यान्वयनका लागि सहकारी विभागले प्रदेश सरकार, स्थानीय तह र सहकारी संघ संस्थाहरूलाई पत्राचार गरी यही मंसिरभित्र सबै सहकारीलाई कोपोमिस सिस्टममा ल्याउने तयारी गरेको छ ।

# कोपोमिस अभिमुखीकरण सञ्चालन




नेफ्स्कून गोंगवु फिल्ड कार्यालयको आयोजनामा गोंगवु क्षेत्रमा क्रियाशील साकोसहरूको लागि एक दिवसीय कोपोमिस अभिमुखीकरण शुक्रबार सम्पन्न भएको छ ।

नेफ्स्कून गोंगवु फिल्ड व्यावस्थापन उपसमिति सदस्य मधुसुदन पाठकको अध्यक्षतामा भएको कार्यक्रममा गोंगवु क्षेत्रका २५ साकोसका प्रतिनिधिहरूको उपस्थिति रहेको थियो ।

कार्यक्रममा नेफ्स्कूनका कोषाध्यक्ष दिपक पनेरूले कोपोमिस कार्यक्रममा आवद्ध भई राज्यलाई सहकारीको विवरण संकलन र यस क्षेत्रको सुशासनमा वृद्धि ल्याउनको लागि सघाउनु संस्थाको दायित्व भएको हुँदा सबै सहकारी कोपोमिसमा आवद्ध हुनैपर्ने बताउनु भयो ।

कार्यक्रमको समापन गर्दै नेफ्स्कून सञ्चालक एवम गोंगवु फिल्ड व्यावस्थापन उपसमिति संयोजक न्हुछे नारायण श्रेष्ठले कोपोमिस कार्यक्रमको औचित्य र आवश्यकताको वारेमा प्रष्ट्याउनु भएको थियो ।

कार्यक्रममा कोपोमिसको समष्टिगत विवरण भर्न, मासिक प्रतिवेदन प्रविष्टी गर्न, goAML मार्फत शंकास्पद र सिमा कारोबारको प्रतिवेदन पेश गर्ने विषयमा सहजिकरण गरिएको थियो ।

कार्यक्रमको सहजिकरण नेफ्स्कूनका कार्यक्रम अधिकृत शौभाग्य भट्टराई र गोंगवु फिल्ड कार्यलयका ईन्चार्ज प्रकाश अधिकारीले गर्नु भएको थियो ।

# कोपोमिस तालिम सञ्चालन



सुर्खेतको बीरेन्द्रनगर नगरपालिका र नेफ्स्कूनको संयुक्त आयोजनामा सहकारी संघ संस्थाहरूका लागि कोपोमिस तालिम प्रदान गरिएको थियो । असार २० र २१ दुई दिन सञ्चालित तालिममा बीरेन्द्रनगर नगरपालिका विभिन्न बचत तथा ऋण सहकारी संस्था र बहुउद्देश्यीय सहकारी संस्था गरी ३६ सहकारीबाट सहकारीकर्मीहरूको सहभागिता रहेको थियो ।

तालिम सुर्खेत फिल्ड व्यवस्थापन उपसमिति सदस्य बम बहादुर बि.सीको अध्यक्षता, नगरपालिकाका शाखा प्रमुख टंक प्रकाश लामिछानेको प्रमुख आतिथ्यता तथा सहकारी तथा गरिबी निवारण शाखा प्रमुख निर्मला भट्टराईको आतिथ्यतामा भएको थियो ।

प्रमुख अतिथि टंक प्रकाश लामिछानेकले बीरेन्द्रनगर नगरपालिका भित्र सञ्चालित सहकारी संघ संस्थाहरूलाई कोपोमिसमा अनिवार्य सहकारीका समष्टिगत विवरण भर्न लगाउने उद्देश्यसहित तालिमको आयोजना गरिएको बताउनुभयो । सहकारी विभागले जारी गरेको सूचना सम्पूर्ण सहकारी संघ संस्थाले पालना गनुपर्ने र सहकारी सम्बन्धी वास्तविक तथ्यांक राज्यलाई दिनुपर्ने भएकोले सबै सहकारी संस्थाले कोपोमिसमा आफ्ना सहकारीको तथ्यांक भर्न उहाँले अनुरोध गर्नुभएको थियो ।

तालिमको सहजीकरण नेफ्स्कून केन्द्रीय कार्यालयका कर्मचारी मनोहर आचार्यले गर्नुभएको थियो ।

सहकारी तथा गरिबी निवारणसम्बन्धी सूचना व्यवस्थापन प्रणाली (कोपोमिस) कार्यान्वयनका लागि सहकारी विभागले प्रदेश सरकार, स्थानीय तह र सहकारी संघ संस्थाहरूलाई पत्राचार गरी यही मंसिरभित्र सबै सहकारीलाई कोपोमिस सिस्टममा ल्याउने तयारी गरेको छ ।

नेफ्स्कूनले आफ्ना सबै फिल्ड कार्यालयहरू मार्फत कोपोमिसमा सहकारीका डाटा प्रविष्टिका लागि तालिम तथा अभिमुखीकरण कार्यक्रमहरू सञ्चालन गरिरहेको छ भने पछिल्ला दिनहरूमा ठूलो संख्यामा बचत तथा ऋण सहकारी संस्थाहरूले सहकारीका समष्टिगत डाटा प्रविष्टि गरिरहेका छन् ।

# हार्दिक बधाई



यस संघका बरिष्ठ उपाध्यक्ष एवम् सहकारी अभियन्ता श्री चन्द्र प्रसाद ढकालज्यू २०७९ वैशाख १ गते नयाँ वर्षका दिन राष्ट्रपति विद्यादेवी भण्डारीबाट राष्ट्रिय जीवनका विभिन्न क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याए वापत जनसेवाश्री सम्मानबाट विभूषित हुनुभएकोमा हार्दिक बधाई एवम् शुभकामना व्यक्त गर्दछौं ।

नेफ्स्कून

**नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. परिवार**




# गुल्मीको गुल्मीदरबार गाउँपालिकासँग आधारशिला कार्यक्रम सम्झौता

गुल्मी जिल्लाको गुल्मीदरबार गाउँपालिकासँग वैशाख ९ गते आधारशिला कार्यक्रम कार्यान्वयन सम्झौता भएको छ । गाउँपालिकाकी कार्यवाहक अध्यक्ष मिना भण्डारी, प्रमुख प्रशासकीय अधिकृत लक्ष्मण पाण्डे, सहकारी शाखा प्रमुख नवराज घिमिरे सहभागी रहनुभएको सम्झौता कार्यक्रममा नेफ्स्कूनकातर्फबाट संघको पोखरा फिल्ड कार्यालय इन्चार्ज यमकला सुवेदी र रूपन्देही फिल्ड कार्यालय इन्चार्ज छत्रप्रसाद धमला सहभागी हुनुहुन्थ्यो ।

नेफ्स्कूनले स्थानीय तहसँगको सहकार्य र समन्वयमा सबै प्रकृतिका सहकारीहरूको सुशासन, वित्तीय स्थिरता, संस्थागत सक्षमता विकास आदिमा सहयोग पुऱ्याउने उद्देश्यसहित सञ्चालन गरेको कार्यक्रम हो आधारशिला ।

कार्यक्रममा गाउँपालिकाकी कार्यबाहक अध्यक्ष भण्डारीले नेफ्स्कूनले सञ्चालन गरेको आधारशिला कार्यक्रमले पालिकाका सहकारीहरूको संस्थागत विकासमा महत्वपूर्ण योगदान गर्ने विश्वास व्यक्त गर्नुभयो । गुल्मीदरबार गाउँपालिका भर हाल विभिन्न प्रकृतिका गरी २१ वटा सहकारीहरू सञ्चालनरत छन्

# काभ्रेका सहकारी व्यवस्थापन प्रमुखहरुको जिल्लास्तरी गोष्ठी सम्पन्न




जिल्ला सहकारी संघ लि. काभ्रेपलाञ्चोकको आयोजना र काभ्रे म्यानेजर्स क्लबको व्यवस्थापन सहयोगमा काभ्रे जिल्लामा सञ्चालित सहकारीका व्यवस्थापन प्रमुखहरूको दुई दिवसीय गोष्ठी असार ६ गते सम्पन्न भएको थियो । धुलिखेलमा सञ्चालित जिल्ला स्तरीय गोष्ठीको उद्घाटन पूर्वअर्थमन्त्री डा. युवराज खतिवडाले गर्नुभएको थियो ।

सहकारी संस्थाहरूको विकास र प्रवर्द्धनका लागि व्यवस्थापन प्रमुखहरूलाई दक्ष बनाउने उद्देश्यसहित जिल्ला संघ स्तरबाट काभ्रे जिल्ला संघले पहिलो जिल्लास्तरीय गोष्ठीको आयोजना गरेको थियो ।

गोष्ठीलाई सम्बोधन गर्दै पूर्वअर्थमन्त्री डा. खतिवडाले सहकारीको अनुगमन प्रभावकारी बनाउन स्थानीय तहबाटै शुरूवात गरिनुपर्ने बताउनुभयो । तीन तहका सरकार र त्यो मातहत सहकारी पुगेपछि अब सबै सहकरीको अनुगमन केन्द्रले गरेर सम्भब नहुने बताउँदै स्थानीय तहबाटै सहकारीको



अनुगमन प्रणाली विकास हुनुपर्नेमा उहाँले जोड दिनुभयो । अन्यथा सहकारीमा सुशासन कायम हुन सक्दैन । उहाँले भन्नुभयो, "३० हजार सहकारीको अनुगमन गरी सुशासन कायम गर्ने कार्य जटिल छ, नेपाल राष्ट्र बैंकलाई बैंकहरूको संख्या थोरै हुँदा त वित्तीय स्वस्थता कायम गराउन धौधौ परेको छ, सहकारीमा अझ धेरै ठूलो समस्या छ, त्यसका लागि स्थानीय तहबाटै अनुगम संयन्त्र विकास गरिनुपर्छ ।"

बैंक वित्तीय क्षेत्रमा विद्यमान तरलता संकटको समस्या तत्काल समाधान नहुने पनि  डा. खतिवडाले बताउनुभएको थियो । अस्वभाविक क्षेत्रमा लगानी बढेको हुँदा तरलता समस्या आएको भन्दै उहाँले त्यसलाई रोक्नुपर्ने बताउनुभयो । पूँजीगत पलायन, हुण्डी कारोबार एवं व्यापारमा हुने विचलनलाई रोक्न नसके तरलता समस्या हल गर्न नसकिनेतर्फ उहाँले संकेत गर्नुभयो । अहिले प्रणालीमा नै समस्या रहेकाले बैंक, वित्त र सहकारी संस्थामा एउटै समस्या आएको छ । उहाँले थप्नुभयो, "कोरोनालाई मात्र जोडेर तरलता समस्याको विश्लेषण गर्न नमिल्ने भन्दै विवेकपूर्ण तरिकाले लगानी नगर्दा समस्या आएको हो ।"

जिल्ला सहकारी संघ, काभ्रेका अध्यक्ष दिलिप शर्माको अध्यक्षतामा सुरू भएको गोष्ठीको उद्घाटन सत्रमा राष्ट्रिय सहकारी महासंघका सञ्चालक डि.बी. बस्नेत, नेफ्स्कूनका अध्यक्ष परितोष पौड्याल, राष्ट्रिय सहकारी बैंकका सञ्चालक ज्ञानबहादुर तामाङ, बागमती प्रदेश सहकारी संघका अध्यक्ष रामशरण घिमिरे, बागमती प्रोस्कुनका अध्यक्ष उद्धव सापकोटा, जिल्ला सहकारी संघ, काभ्रेका सल्लाहकारहरू टिकाबल्लभ सापकोटा, विनोद पराजुली, मुकुन्दप्रसाद दाहाल, काभ्रेपलाञ्चोक जिल्ला बचत तथा ऋण सहकारी संघ लि.का अध्यक्ष जितेन्द्र नकर्मी, जिल्ला बहुउद्देश्यीय सहकारी संघ, काभ्रेका अध्यक्ष विधान जोशी लगायतले शुभकामना मन्तव्य व्यक्तगर्नुभएको थियो ।

सहकारी क्षेत्रमा कार्यरत व्यवस्थापन प्रमुखहरूको व्यवस्थापकीय क्षमतामा विकास गर्ने, सहकारी क्षेत्रमा आवश्यक नवीनतम प्रविधिहरूको खोज, अभ्यास, अनुसन्धान र आवश्यकताका विषयमा अनुभव आदानप्रदान गर्ने र सहकारी क्षेत्रमा देखिएका जोखिमहरूको पहिचान गरी न्युनीकरणका उपायहरू




अबलम्वन गर्ने उद्देश्यले दुई दिने गोष्ठीको आयोजना गरिएको संघका अध्यक्ष दिलिप शर्माले बताउनुभयो । काभ्रेका सहकारीमार्फत २१ अर्बको पूँजी परिचालन भएको र त्यो पूँजीलाई उत्पादनसँग जोड्न सके रोजगारी सिर्जना र आर्थिक समृद्धिमा टेवा पुग्नेमा उहाँको जोड रहेको थियो ।

गोष्ठीको पहिलो दिनमा प्रभावकारी वित्तीय संरचनाको विषयमा विषय विज्ञ कुवेर निरौला, राष्ट्रिय अर्थतन्त्र निर्माणमा सहकारीको भूमिका विषयमा डा. देवराज रोका, प्रभावकारी ऋण असुली विषयमा नेफ्स्कूनका प्रमुख कार्यकारी अधिकृत प्रकाश प्रसाद पोखरेल र सहकारीमा प्रविधिको विकास विषयमा एम बैंकका व्यापार प्रमुख सन्जय महासेठद्वारा कार्यपत्र प्रस्तुतीकरण भएका थिए । काभ्रेको सहकारी अभियान र गोष्ठीले बोकेको थिमका विषयमा जिल्ला संघका प्रमुख कार्यकारी अधिकृत ज्ञानेन्द्र दाहालले प्रस्तुतीकरण गर्नुभएको थिए ।

त्यसैगरी दोश्रो दिन नेफ्स्कूनका निवर्तमान प्रमुख कार्यकारी अधिकृत डा. शिवजी सापकोटाले इन्नोभेसन एण्ड एचआर म्यानेजमेन्ट इन कोप, एससीटि नेटवर्कका सीइओ सुबोध गौतमले डिजिटाईजेशन इन कोप्स र वर्ल्ड डिष्ट्रिब्युसन नेपालका सिनियर म्यानेजर अशोक लामिछानेले एटिए इन कोअपरेटिभ्सको विषयमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । त्यसैगरी गोष्ठीमा नवराज फुयाँलले तनाव व्यवस्थापनका विषयमा आफ्नो प्रस्तुती राख्नुभएको थियो ।

कार्यक्रममा सहकारी संस्थामा सफल भएका सिइओहरूको अनुभव समेत आदानप्रदान गरिएको थियो । विकु साकोसका प्रमुख कार्यकारी अधिकृत माधव प्रसाद पौडेल, पोखरा रोयल साकोसका प्रमुख मिलन ढकाल र कोन सामुदायिक साकोसका सीइओ अपिल कोइरालाले सहकारीमा मानव संशाधन व्यवस्थापन, बचत तथा ऋण परिचालन र सदस्यसँग गरिने व्यवहारका विषयमा आ–आफ्ना अनुभव साट्नुभएको थियो । सञ्चालक समितिले बनाएका कार्ययोजना कर्मचारीको टिमवर्कले मात्रै सफल हुने हुँदा कर्मचारीहरूलाई समय सुहाँउदो सेवा सुविधा र उत्प्रेरणा दिन सके संस्थाले लिएको लक्ष्य प्राप्त गर्न सकिनेतर्फ उहाँहरूले आफ्ना संस्थागत अनुभवहरू सुनाउनुभएको थियो ।




सहकारी क्षेत्रमा कार्यरत व्यवस्थापन प्रमुखहरूको व्यवस्थापकीय क्षमतामा विकास गर्ने, सहकारी क्षेत्रमा आवश्यक नवीनतम प्रविधिहरूको खोज, अभ्यास, अनुसन्धान र आवश्यकताका विषयमा अनुभव आदानप्रदान गर्ने र सहकारी क्षेत्रमा देखिएका जोखिमहरूको पहिचान गरी न्युनिकरणका उपायहरू अबलम्वन गर्ने उद्देश्य गोष्ठीको रहेको थियो । 'चुनौतिपछि नयाँ सामान्य अवस्था अँगाल्दै सहकारी' भन्ने नाराका साथ गोष्ठी सम्पन्न भएको थियो । कार्यक्रममा विभिन्न सहकारी संस्थाबाट गरी १३० जनाको सहभागिता रहेको थियो ।

# स्तरीकरण कार्यक्रममा साकोसको आबद्धता

नेफ्स्कूनले बचत तथा ऋण सहकारी संस्थाहरूको गुणस्तर सुनिश्चितता सम्बन्धमा सञ्चालन गरेको राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय प्रमाणीकरण कार्यक्रमहरूको लोकप्रियता दिनानुदिन बढ्दो छ ।

नेफ्स्कूनले सदस्य संस्थाहरूलाई सुशासन तथा स्व-नियमनको प्रत्याभुति गराई सुरक्षित एवं दीगो साकोस निर्माण गरी सदस्यहरूलई उत्कृट सेवा प्रदानमा सहजीकरण गर्ने उद्देश्यसहित एशियाली स्तरको एक्सेस व्राण्ड, राष्ट्रिय स्तरको प्रोवेसन व्राण्ड र जोखिममा आधारित साकोस सुपरिवेक्षण कार्यक्रम (कर्ब्स) जस्ता स्तरीकरण कार्यक्रमहरूलाई संघको चालु पाँचौ रणनीतिक योजनामा समेत समावेश गरी यसको प्रभावकारी कार्यान्वयनमा दृढ सङ्कल्प गरेको छ ।

सुशासनयुक्त सहकारी संस्था सञ्चालनमा कठिनाइ आएको सन्दर्भमा नेफ्स्कूनको सञ्जालमा आबद्ध हुने मात्र होइन आन्तरिक र बाह्य सुशासनका लागि संघले सञ्चालन गरेका गुणस्तर सुनिश्चितताका कार्यक्रमहरूमा संलग्न हुने संख्या क्रमिक रूपले बढ्दो छ ।

**एक्सेस**ः

- एशियाली ऋण महासंघले विकास गरेको गुणस्तर मापन प्रणाली हो ।
- विभिन्न दृष्टिकोणबाट संस्थाको गुणस्तर परीक्षण गरी एशियाली ऋण महासंघले एशियाली स्तरको गुणस्तर प्रमाणीकरण गर्छ ।
- नेपालमा नेफ्स्कूनले वि.सं. २०६५ सालदेखि सदस्य संस्थाहरूको गुणस्तर विकासको लागि प्रयोगमा ल्याएको हो ।

**प्रोबेसन**ः

- साकोसहरूको राष्ट्रिय गुणस्तर प्रमाणीकरण कार्यक्रम हो ।
- नेफ्स्कूनले आफ्नो २१ औं साधारणसभाबाट विकास गरी सहकारी विभागसँगको सहकार्यमा वि.सं २०६९ सालदेखि सञ्चालनमा ल्याएको हो ।
- साकोसको अनुगमन तथा सुपरिवेक्षण मार्फत गुणस्तर विकासमा निश्चित सूचकहरूको परीक्षण गरी प्रमाणीकरण गरिन्छ ।

**कर्ब्स**ः

- जोखिममा आधारित साकोस सुपरिवेक्षण कार्यक्रम साकोसमा आवद्ध सदस्यहरूको वित्तीय एवम् सामाजिक सुरक्षाको प्रत्याभूतिका लागि सञ्चालनमा ल्याइएको हो ।
- यसले साकोस सञ्चालनमा विद्यमान वित्तीय एवम् गैर वित्तीय जोखिमको पूर्वानुमान र व्यवस्थापन गर्नको लागि काम गर्दछ ।
- सहकारी विभाग समेतको सहभागितामा विकास गरिएको सुपरिवेक्षण औजारमा वित्तीय र सुशासन व्यवस्थापन गरी ७५ वटा सूचकहरू मार्फत विभिन्न क्षेत्रमा परिक्षण गरिन्छ ।

**२०७९ बैशाख देखि असार सम्म साकोस गुणस्तर सुनिश्चितताका कार्यक्रमका सहभागी बचत तथा ऋण सहकारी संस्थाहरूः**

## एक्सेस कार्यक्रम

ACCESS

A-one Competitive Choice for Excellence in Service and Soundness

### हाम्रो सुपर साकोस

नवलपरासीको बर्दघाट नगरपालिका-२ चिसापानीस्थित हाम्रो सुपर बचत तथा ऋण सहकारी संस्था लि.एक्सेस कार्यक्रममा आबद्ध भएको छ । एसियाली ऋण महासंघले विकास गरेको उक्त कार्यक्रम नेफ्स्कूनको प्राविधिक सहजीकरणमा लागु गरिएको साकोसहरूको गुणस्तर सुनिश्चितता सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिकीकरण कार्यक्रम हो ।

वैशाख १८ गते साकोसको कार्यालयमा आयोजित एक संक्षिप्त कार्यक्रमका बीच एक्सेस कार्यक्रम सम्झौता सम्पन्न भएको हो । कार्यक्रममा साकोसका अध्यक्ष खेमराज सुबेदी र नेफ्स्कूनकोतर्फ बाट कार्यक्रम अधिकृत भरत न्यौपाने ले सम्झौता पत्रमा संयुक्त रूपमा हस्ताक्षर गर्नु भएको थियो । सम्झौता कार्यक्रममा नेफ्स्कूनका बरिष्ठ उपाध्यक्ष चन्द्र प्रसाद ढकाल, भुमही सेवा केन्द्र प्रमुख नेत्र प्रसाद सापकोटा, साकोसका सचिव बिष्णु प्रसाद बराल र कोषाध्यक्ष रूकमागत पाण्डे उपस्थित हुनुहुन्थ्यो ।

# प्रोबेसन कार्यक्रम

SUCCEED
PROBATION
Program for Building Absolute & Professionalization

## सौराहा साकोस

चितवनको रत्ननगर नगरपालिका वडा नं ६, सौराहास्थित सौराहा साकोस प्रोबेसन कार्यक्रममा आबद्ध भएको छ । प्रोबेसन कार्यक्रम नेफ्स्कूनले सञ्चालन गरेको राष्ट्रिय स्तरको साकोसहरूको गुणस्तर सुनिश्चितासम्बन्धी पूर्ण तथा व्यावायिक साकोस विकास कार्यक्रम हो ।

साकोसको तर्फबाट अध्यक्ष रामकुमार अर्याल तथा नेफ्स्कूनको तर्फबाट कार्यक्रम अधिकृत सुरज चालिसेले वैशाख ४ गते उक्त सम्झौतामा हस्ताक्षर गर्नुभएको थियो ।

२०५६ साल साउन ११ गते स्थापना भएको सौराहा साकोसमा करिब २ हजार भन्दा बढी सदस्य छन् भने ५० करोड भन्दा माथि वासलात रहेको छ ।

## अमेर साकोस

नवलपरासीको गैडाकोट १६, अमरपुरी मा अवस्थित अमेर बचत तथा ऋण सहकारी संस्था लि.प्रोबेसन कार्यक्रममा आबद्ध भएको छ ।

साकोसमा वैशाख १९ गते आयोजित कार्यक्रममा साकोसका अध्यक्ष प्रजापति कडेल र नेफ्स्कूनको तर्फबाट बरिष्ठ अधिकृत भरत प्रसाद न्यौपानेले सम्झौतापत्रमा हस्ताक्षर गर्नुभएको थियो ।

प्रोबेसन कार्यक्रम आबद्धताले साकोसको संस्थागत विकास र वित्तीय सुशासन कायम हुने विश्वास लिएका छौं, अध्यक्ष कंडेलले भन्नुभयो, "नेफ्स्कूनले प्रदान गर्ने मार्गदर्शनको पालना गदै छिट्टै ब्राण्ड प्राप्त गर्ने तयारीका साथ निरन्तर कार्यगर्न प्रतिबद्ध रहनेछौं ।"

२०५६ साल पुस १८ गते स्थापना भएको अमेर साकोसमा ६ हजार ४ सय ५२ जना सदस्य छन् भने साकोसको कुँल पुँजी ४३ करोड रूपैयाँ रहेको छ । समुदायमा सञ्चालित साकोसले सदस्य सेवालाई केन्द्रविन्दुमा राखेर वित्तीय सेवा प्रवाह गर्दै आइरहेको साकोसका अध्यक्ष कंडेलले जानकारी गराउनुभयो ।

## महाराजा साकोस

नवलपरासीको बर्दघाट सुस्ता पश्चिम, कावासोती नगरपालिका २, वि.पी. चोकमा रहेको महाराजा बचत तथा ऋण सहकारी संस्था लि. प्रोबेसन कार्यक्रममा आबद्ध भएको छ ।

साकोसको तर्फबाट अध्यक्ष देवीसारा पुलामी कानु मगर तथा नेफ्स्कूनको तर्फबाट कार्यक्रम अधिकृत सुरज चालिसेले बुधबार सम्झौतामा हस्ताक्षर गर्नुभएको थियो ।

साकोसमा आयोजित कार्यक्रममा साकोसका उपाध्यक्ष बालकृष्ण पाण्डे, कोषाध्यक्ष महेन्द्र बहादुर थापा, व्यवस्थापक रामनाथ उप्रेती, नायव व्यवस्थापक भुपराज तिवारी उपस्थित हुनुहुन्थयो । २०६७ साउन २ गते स्थापना भएको महाराजा साकोसमा हाल २८ सय ४८ जना सदस्य छन् भने रू. २० करोड ५४ लाख कुल पुँजी रहेको छ ।

## सनसाईन साकोस

पोखराको सनसाईन बचत तथा ऋण सहकारी संस्था लि.प्रोबेसन कार्यक्रममा आबद्ध भएको छ ।

असार २१ गते सम्पन्न सम्झौता कार्यक्रममा साकोसका अध्यक्ष अग्नी प्रसाद कँडेल, उपाध्यक्ष नरेन्द्र मित्रकोटी, सचिव नवराज अधिकारी, सञ्चालक सदस्य र व्यवस्थापक रोशन पौडेल हुनुहुन्थ्यो भने नेफ्स्कूनका तर्फबाट अनुगमन अधिकृत सुर्यप्रसाद तिमल्सिना र बरिष्ठ सहायक दिप्ती आचार्य सहभागी हुनुहुन्थ्यो ।

सम्झौता कार्यक्रम पश्चात साकोसका अध्यक्ष अग्नी प्रसाद कँडेलले कर्ब्स कार्यक्रममा आबद्ध भएर गरिएका वित्तीय सुशासनका अभ्यासबाट प्रोबेसन कार्यक्रममा सहजता हुने र साकोसले अब छिट्टै प्रोबेसन ब्राण्ड प्राप्त गर्ने तयारीका साथ काम गर्ने बताउनुभयो ।

सनसाईन साकोस आजभन्दा २ वर्ष अगाडिदेखि नेफ्स्कूनद्वारा सञ्चालित जोखिममा आधारित साकोस सुपरिवेक्षण कार्यक्रम (कर्ब्स) मा आबद्ध थियो । कास्की जिल्लाभर कार्यक्षेत्र रहेको समुदाय केन्द्रित साकोसमा हाल १ हजार ६ सय दुईजना सेयर सदस्य छन् भने कुल वासलात ३९ करोड रहेको छ ।

# जोखिममा आधारित साकोस सुपरिवेक्षण (कर्ब्स) कार्यक्रम




## गृहिणी सेवा साकोस

काठमाडौंको चन्द्रागिरी नगरपालिका-१३, पुरानो नैकाप मा रहेको गृहिणी सेवा बचत तथा ऋण सहकारी संस्था लि. कर्ब्स कार्यक्रममा आबद्ध भएको छ । कर्ब्स कार्यक्रम नेफ्स्कूनले सञ्चालन गरेको जोखिममा आधारित साकोस सुपरिवेक्षण कार्यक्रम हो । जिल्ला संघ साझेदारी कार्यक्रम अन्तर्गत काठमाडौं जिल्ला बचत संघ (कास्कून) र नेफ्स्कूनको संयुक्त कार्यक्रम मार्फत गृहिणी सेवा साकोस वैशाख १९ गते कर्ब्समा आबद्ध भएको हो ।

साकोसको कार्यालयमा आयोजित एक संक्षिप्त कार्यक्रमका बीच साकोसकी अध्यक्ष शोभा भट्ट गौतम, नेफ्स्कूनको तर्फबाट कार्यक्रम अधिकृत सोबिता मैनाली र कास्कूनको तर्फबाट कार्यक्रम अधिकृत नवराज सुवेदीले सम्झौतापत्रमा हस्ताक्षर गर्नुभएको थियो ।

## बसेनी साकोस

चितवनको भरतपुर महानगरपालिका-११, बसेनीस्थित बसेनी बचत तथा ऋण सहकारी संस्था लि.कर्ब्स कार्यक्रममा आबद्ध भएको छ । जिल्ला संघ साझेदारी कार्यक्रम अन्तर्गत चितवन जिल्ला बचत संघ (चिस्कून) र नेफ्स्कूनको संयुक्त कार्यक्रम मार्फत बसेनी साकोस कर्ब्समा आबद्ध भएको हो ।

साकोसको कार्यालयमा आयोजित एक संक्षिप्त कार्यक्रमका बीच चितवन जिल्ला बचत संघका अध्यक्ष हरिश्चन्द्र सुवेदी, नेफ्स्कूनको तर्फबाट नेफ्स्कूनकी सञ्चालक सदस्य विद्या कोइराला र साकोसको तर्फबाट बसेनी साकोसका अध्यक्ष हरिबहादुर रानाभाटले सम्झौतापत्रमा हस्ताक्षर गर्नुभएको थियो ।

## माता बालकुमारी साकोस

काठमाडौंको बुढानिलकण्ठ नगरपालिका-१२ कपन, फैकास्थित माता बाल कुमारी बचत तथा ऋण सहकारी संस्था लि. कर्ब्स कार्यक्रममा आबद्ध भएको छ ।

जिल्ला संघ साझेदारी कार्यक्रम अन्तर्गत काठमाडौं जिल्ला बचत संघ (कास्कून) र नेफ्स्कूनको संयुक्त कार्यक्रम मार्फत माता बालकुमारी साकोस कर्ब्सामा सहभागी भएको हो ।

## अबल साकोस

काठमाडौंको टोखा नगरपालिका-८ स्थित अबल बचत तथा ऋण सहकारी संस्था लि. कर्ब्स कार्यक्रममा आबद्ध भएको छ । अबल साकोसका अध्यक्ष श्रीराम के. सी. कोषाध्यक्ष शोभिता श्रेष्ठ , नेफ्स्कून कार्यक्रम अधिकृत सोबिता मैनाली तथा गोंगबु फिल्ड कार्यालयका वरिष्ठ सहायक पुरूषोत्तम धिताल र कास्कून कार्यक्रम अधिकृत नबराज सुवेदीको सहभागितामा त्रिपक्षीय सम्झौतामा हस्ताक्षर भएको थियो ।

सम्झौता पछि संस्थाको जोखिम पहिचानका लागि स्थलगत तथा गैर स्थलगत सुपरिवेक्षण गरि स्तरीकरणका कार्यहरूको कार्यान्वयनमा नियमित लाग्ने प्रतिबद्धता समेत जाहेर भएको थियो ।

## अनुग्रह साकोस

चितवनको खैरहनी नगरपालिका-१०, कठारमा रहेको अनुग्रह बचत तथा ऋण सहकारी संस्था लि.कर्ब्स कार्यक्रममा आबद्ध भएको छ । जिल्ला संघ साझेदारी कार्यक्रम अन्तर्गत चितवन जिल्ला बचत संघ (चिस्कून) र नेफ्स्कूनको संयुक्त कार्यक्रम मार्फत अनुग्रह साकोस वैशाख १९ गते कर्ब्समा आबद्ध भएको हो ।

साकोसको कार्यालयमा आयोजित एक संक्षिप्त कार्यक्रमका बीच साकोसका अध्यक्ष बसन्त कुमार चौधरी, नेफ्स्कूनको तर्फबाट चितवन फिल्ड कार्यालय इन्चार्ज रिसभराज रेग्मी, चिस्कूनको तर्फबाट कार्यक्रम अधिकृत पुरूषोत्तम ढकालले सम्झौतापत्रमा हस्ताक्षर गर्नुभएको थियो ।

कार्यक्रममा साकोसकी उपाध्यक्ष ख्यान्टी महतो, सचिव अर्जुन प्रसाद चौधरी, नेफ्स्कून टाँडी सेवाकेन्द्र प्रमुख केदार अधिकारी, अनुग्रह साकोसकी व्यवस्थापक माया चौधरी, सह-व्यवस्थापक मिरा महतो, बजार प्रतिनिधि कल्पना चौधरी उपस्थित हुनुहुन्थ्यो ।

## दक्षिणकाली महिला साकोस

दक्षिणकाली नगरपालिका-६, फर्पिङमा अवस्थित दक्षिणकाली महिला बचत तथा ऋण सहकारी संस्था लि.कर्ब्स कार्यक्रममा आबद्ध भएको छ । जिल्ला संघ साझेदारी कार्यक्रम अन्तर्गत काठमाडौं जिल्ला बचत संघ (कास्कून) र नेफ्स्कूनको संयुक्त कार्यक्रम मार्फत दक्षिणकाली महिला साकोस असार २८ गते कर्ब्समा आबद्ध भएको हो ।

साकोसको कार्यालयमा आयोजित एक संक्षिप्त कार्यक्रमका बीच साकोसकी अध्यक्ष मिरा आचार्य श्रेष्ठ, नेफ्स्कूनको तर्फबाट बरिष्ठ सहायक मनोहर आचार्य र कास्कूनको तर्फबाट कार्यक्रम अधिकृत नवराज कार्कीले सम्झौतापत्रमा हस्ताक्षर गर्नुभएको थियो ।

दक्षिणकाली नगरपालिकाभर कार्यक्षेत्र रहेको समुदायमा आधारित दक्षिणकाली महिला साकोसमा हाल ८०० सदस्य छन् भने कुल वासलात ५ करोड ५० लाख रहेको छ ।

# ओकू अध्यक्षमा डायना डिक्स्ट्रा



विश्वभरका बचत ऋण सहकारीहरूको छाता संगठन–विश्व ऋण परिषद् (ओकू) ले नयाँ अध्यक्ष चयन गर्दै सन् २०२२ को वार्षिक साधारण सभा सम्पन्न गरेको छ । ओकूले स्कटल्याण्डको ग्लास्गोमा जुलाई १७ देखि २० सम्म आयोजना गरेको विश्व क्रेडिट युनियन सम्मेनल–२०२२ को अवसर पारेर साधारण सभा समेत गरेको हो । उक्त साधारण सभाले अमेरिकी क्रेडिट युनियनकर्मी डायना डिक्स्ट्रालाई अध्यक्ष चुनेको हो । उनले आगामी अंग्रेजी वर्ष अर्थात् सन् २०२३ सम्म ओकू अध्यक्षको रूपमा काम गर्नेछिन् । डिक्स्ट्रा अमेरिकास्थित क्यालिफोर्निया एण्ड नेभाडा क्रेडिट युनियन लीग्स्की प्रमुख कार्यकारी अधिकृत हुन् ।

अध्यक्ष चुनिए लगत्तै संक्षिप्त मन्तव्य राख्दै उनले उक्त सम्मानबाट आफु गौरवान्वित भएको बताउँदै आगामी दिनमा ओकू बोर्ड र विश्वभरका बचत ऋण सहकारीकर्मीहरूसँग मिलेर काम गर्न इच्छुक भएको बताइन् । डिक्स्ट्रा सन् २०१६ देखि ओकूको सञ्चालक रहँदै आएकी थिइन् । विगतमा उनले सान् फ्रान्सिस्को फायर क्रेडिट युनियन र कोस्ट हिल्स् क्रेडिट युनियनको प्रमुख कार्यकारी अधिकृतको रूपमा अनुभव बटुलेकी थिइन् । त्यस्तै, पटेल्को क्रेडिट युनियनको बरिष्ठ उपाध्यक्ष पनि उनी रहीसकेकि थिइन् ।

यसैगरी, साधारण सभाले केही सञ्चालकहरूलाई पुनः चुनेको छ भने सञ्चालक मार्था डर्बिनको स्थानमा क्यानेडीयन क्रेडिट युनियन एशोसिएसनका जेफ गुर्थिनलाई आगामी २ वर्षका लागि सञ्चालक चुनेको छ ।

# विश्व क्रेडिट युनियन सम्मेलन २०२२ सम्पन्न

विश्व ऋण परिषद्को आयोजनामा विश्व क्रेडिट युनियन सम्मेलन–२०२२ स्कटल्याण्डको ग्लास्गो सहरमा जुन २० मा सम्पन्न भएको छ । जुन १७ देखि आयोजना गरिएको सम्मेलनमा यो पटक प्रविधि केन्द्रविन्दुमा रह्यो । स्मरणीय छ, ओकूले सन् २०२५ भित्र विश्वभरका अधिकाशं बचत तथा ऋण सहकारीहरूलाई प्रविधिमैत्री सेवा प्रवाहका लागि नीतिगत तथा कानुनी बहस पैरवी, तालिम, शिक्षा, आर्थिक तथा प्राविधिक सहजीकरण आदि सबै खाले सहयोग गर्ने उद्देश्य हासिल गर्ने दिशामा देखिएका चुनौतीहरू समाविष्ट रणनीतिक कार्यक्रम–च्यालेञ्ज २०२५ केही वर्ष अघि नै सार्वजनिक गरेको थियो । त्यसैलाई आधार मानेर यो पटकको सम्मेलनको मुख्य विषयवस्तु क्रेडिट युनियनहरूको प्रविधिकरण रहेको थियो । खासगरी विश्वभरका सफल क्रेडिट युनियनहरूले के कस्ता नयाँ प्रविधिजन्य सेवाहरू प्रदान गरेका छन् भन्ने विषयमा सम्मेलनमा छलफल भएको थियो ।

सम्मेलनमा नवीन प्रविधि अवलम्बन गर्ने क्रेडिट युनियनहरूलाई पुरस्कृत समेत गरिएको थियो । अमेरिकी क्रेडिट युनियहरूको छाता संघ कुना र आयरल्याण्डको अर्थ विभाग अन्तर्गत क्रेडिट युनियन नीति शाखाका प्रमुखले प्रविधि विषयमै कार्यपत्र प्रस्तुत गरेका थिए । यस्तै, दैनन्दिन कार्य सञ्चालन पद्धति, व्यवसायमा सहानुभूति र सद्भावको महत्व, रणनीतिक सोच, साइबर सुरक्षा, लघुवित्तको प्रभावकारीता वृद्धिमा डिजिटल रूपान्तरणको भूमिका, सफलताका कथाहरू प्रचार र प्रचार गर्ने कला र काइदा आदि विविध विषयमा ब्रेकआउट सत्रहरू सञ्चालन गरिएको थियो । एउटा ब्रेक आउट सत्रमा अफ्रिकी मुलुक सेनेगलमा क्रेडिट युनियनका सदस्यहरूले सञ्चालन गरेको व्यवसायका सम्बन्धमा गरिएको नमूना अध्ययन प्रस्तुत गरिएको थियो ।

यसपटक सामना शक्ति, दिगोपना र समावेशिता जस्ता मुल विषयहरूमा आधारित रही सामूहिक र ब्रेकआउट सत्र सञ्चालन गरिएका थिए । मुल विषयहरू कार्यपत्रहरूमा पनि सम्बोधन गरिएका थिए ।

# एनएफआरएस तालिम सम्पन्न




नेफस्कूनको आयोजनामा सदस्य साकोसका प्रतिनिधिहरूका लागि नेपाल वित्तीय प्रतिवेदन मान– एनएफआरएस (Nepal Financial Reporting Standard) तालिम भक्तपुरको नगरकोटमा वैशाख २१ गते सम्पन्न भएको थियो ।

तालिमको सहजीकरण सि.ए. प्रबिन बरालले गर्नुभएको थियो । सहजकर्ता बरालले संस्थाहरूले दीर्घकालमा भुक्तानी गर्नुपर्ने विभिन्न दायित्वहरू जस्तै उपदान, सञ्चित बिदाको लेखांकन गर्दा Acturial Science को माध्यमबाट विश्लेषण गर्नुपर्ने, हाल अभ्यासमा रहेको लेखामान बाट एनएफआरएस मा जानुपर्ने वैज्ञानिक कारणहरू, ऋणमा ब्याज आम्दानी एवं सेवा शुल्कमा Effective Interest Rate मा गणना गर्नुपर्ने, स्थगन कर लेखांकन हुने आधारहरू, सम्पत्ति एवं ह्रासकट्टिका आधारहरू, कर लेखांकन र एनएफआरएस बमोजिमको प्रतिवेदनमा फरक पर्ने क्षेत्रहरू लगायतका विषयमा सहजीकरण गर्नुभएको थियो ।

वैशाख १९ देखि २१ गतेसम्म सञ्चालित उक्त तालिमको सञ्चालन सहजीकरण नेफस्कूनका प्राचार्य सञ्जयराज तिमिल्सीनाले गर्नुभएको थियो । तालिममा विभिन्न जिल्लाबाट एनएफआरएस लागु गर्ने मापदण्ड अनुरूप ठूला, मझौला तथा साना बचत तथा ऋण सहकारी संस्थाका गरी ३१ जना व्यवस्थापकहरूको सहभागिता रहेको थियो । तालिममा एनएफआरएस कार्यान्वयनमा लैजाने सन्दर्भमा हाल प्रचलनमा रहेको सहकारी लेखामान र एनएफआरएस मा देखिएका फरकहरूको बारेमा सिकाई एवं अभ्यासकार्य समेत भएको थियो ।



तालिम पश्चात सहभागीको तर्फबाट मुकुन्दहरि ज्ञवाली र यमुना फुँयालले तालिम अत्यन्त राम्रो भएको र अहिलेसम्म लिएका तालिम भन्दा फरक अनुभूति भएको प्रतिक्रिया दिनुभएको थियो । तालिममा सहभागी ज्ञवाली रजिष्ट्रर लेखापरिक्षक समेत हुनुहुन्छ ।

सहकारी ऐन-२०७४ को परिच्छेद १२ मा लेखा र लेखापरीक्षण अन्तर्गत दफा ७४ मा सहकारी संस्थाको कारोबारको लेखा दोहोरो लेखा प्रणालीमा आधारित र कारोबारको यथार्थ स्थिति स्पष्ट रूपमा देखिने गरी प्रचलित कानुन बमोजिम अधिकार प्राप्त निकायले लागू गरेको लेखामान (एकाउन्टिङ स्टयाण्डर्ड) र यस ऐन बमोजिमपालना गर्नु पर्ने अन्य शर्त तथा व्यवस्था बमोजिम राख्नु पर्नेछ भनि उल्लेख गरेको छ ।

लेखामान बोर्डले नेपालको लेखा प्रणाली एनएफआरएस अनुसार राख्नको लागि अवधारणा विकास गरिसकेको छ भने नेपाल चार्टर्ड एकाउन्टेन्ट संस्था (आइक्यान) ले नेपाल वित्तीय प्रतिवेदन मान (एनएफआरएस) लागु गर्न उत्प्रेरित गरेको छ । अब सहकारी संस्थाहरूले आफ्नो कारोबार आकारका आधारमा नेपाल वित्तीय प्रतिवेदन मान (एनएफआरएस) अनिवार्य रूपमा लागु गर्नुपर्ने भएको छ ।

# सफ्ट स्किल समयको माग हो: महासचिव अधिकारी




नेफ्स्कूनका महासचिव दामोदर अधिकारीले संघको व्यवस्थापनबाट उच्च व्यावसायिकता र नतीजामुखी कार्य अपेक्षा गरेको बताउनुभएको छ ।

नेफ्स्कूनको मानव संशाधन मुलकुभरका साकोसहरूका लागि शिक्षा, तालिम, सूचना र जानकारीको श्रोत भएको बताउँदै उहाँले सदस्यहरूको अपेक्षा सम्बोधनका लागि पनि उपल्लोस्तरको व्यावसायिकता र परिणाममुखी कार्य अनिवार्य शर्त भएको स्पष्ट पार्नुभयो । नेफ्स्कूनको आयोजनामा असार २६ र २७ गते काभ्रेको पनौतीमा भएको एनएफआरएस तालिमको उद्घाटन गर्दै प्रमुख व्यक्ति महासचिव अधिकारीले उक्त अनिवार्य आवश्यकताको व्यावहारिक परिणतिका लागि मानव संशाधनलाई क्षमता विकासका कार्यक्रमहरूमा निरन्तर जोडिएको उल्लेख गर्नुभयो । उहाँले कर्मचारीहरूलाई समयसापेक्ष दीक्षित बनाउँदै लाने रणनीतिक योजना संघको रहेको दाबी गर्नुभयो ।

महासचिव अधिकारीले कर्मचारीहरूको क्षमता विकासमा लक्षित तालिम, कार्यशाला, आदि आयोजनाको विषयलाई भविष्यमा पनि उच्च प्राथमिकताका साथ अघि बढाइने प्रतिबद्धता समेत व्यक्त गर्नुभयो । 'नेफ्स्कूनका कर्मचारीहरूको क्षमता अभिवृद्धि र वृत्ति विकासलाई उच्च प्राथमिकता र जवाफदेहीताका साथ अघि बढाएका छौं, ' प्रमुख व्यक्तित्व महासचिव अधिकारीले भन्नुभयो, ' त्यो क्रम अझ परिस्कृत हुँदै जाने विश्वास म तपाईहरूलाई दिलाउन चाहन्छु ।' उहाँले प्राविधिक विषयको ज्ञान सम्मिलित हार्ड स्किलसँगै इमान्दारी, नैतिकता, विश्वसनीयता, लगनशीलता, शिष्टाचार जस्ता विषय अटाउने सफ्ट स्किल समयको माग भएको भन्दै त्यसतर्फ विशेष ध्यान दिन कर्मचारीहरूलाई आग्रह पनि गर्नुभयो । नेफ्स्कूनको वृद्धि, विकास र उचो छविलाई थप मजबूत बनाउन यसमा संलग्न मानव संशाधनमा समूह भाव, विश्वास र पारदर्शिता (टीम वर्क, ट्रस्ट र ट्रान्सपरेन्सी–थ्री टी) आवश्यक भएकोमा महासचिव अधिकारीको विशेष जोड थियो ।

कार्यक्रममा नेफ्स्कूनका सदस्य सेवा विभाग प्रमुख गणेश प्रसाद तिमल्सिनाले एनएफआरएस तालिम अहिलेको आवश्यकता भएको बताउँदै २ दिनसम्म गहनरूपमा सहभागितामूलक हिसाबले तालिममा सहभागिता जनाउन सबैलाई आग्रह गर्नुभयो । साथै उहाँले तालिममा सिकेका कुराहरूलाई व्यवहारमा लागू गरी सदस्य साकोसहरूलाई चुस्त र प्रभावकारी सेवा प्रवाहसँग जोडिन आग्रह गर्नुभयो । नेफ्स्कूनका बरिष्ठ अधिकृत नवीनराज दाहालले सञ्चालन गर्नुभएको कार्यक्रममा तालिम सहजकर्ता चार्टर्ड अकाउन्टेन्ट प्रविण बरालले एनएफआरएस तालिमले नेफ्स्कूनका कर्मचारीहरूको क्षमता विकासमा थप सहयोग पुऱ्याउने बताउँदै सक्रिय सहभागिताका लागि आग्रह गर्नुभयो । सहभागीहरूका सबै



किसिमका जिज्ञासाहरूको सरल र सहज ढंगबाट सम्बोधनका लागि आफु तयार रहेको पनि उहाँले जानकारी गराउनुभयो । तालिममा संघको तालिम तथा स्रोत केन्द्र विभाग एवम् सदस्य सेवा विभागका कर्मचारीहरू सहभागी थिए ।

# साकोस स्तरीकरण  कार्यक्रममा सहकार्य गर्न विभाग तयार छः रजिष्ट्रार पण्डित




सहकारी विभागका रजिष्ट्रार रूद्रप्रसाद पण्डितले नेफ्स्कूनले विकास गरेका स्तरीकरण कार्यक्रममा सहकार्य गर्न विभाग तयार रहेको बताउनुभएको छ । नेफ्स्कूनले सदस्य साकोसहरूका निम्ति विकास गरेको गुणस्तर सुनिश्चितताासम्बन्धी स्तरीकरण कार्यक्रममा नियमनकारी निकायको साथ र सहयोग रहने विश्वास उहाँले दिलाउनुभयो । नेफ्स्कूनले असार २८ गते काभ्रेको पनौतीमा आयोजना गरेको प्रोबेसन तथा कर्ब्स म्यानुअल अध्यावधिक कार्यक्रमका प्रमुख अतिथि रजिष्ट्रार पण्डितले समयानुसार स्तरीकरण कार्यक्रमका सूचकहरू र विधिहरू अद्यावधि भने गर्नुपर्ने बताउनुभयो । नेफ्स्कूनका अध्यक्ष परितोष पौड्यालको अध्यक्षतामा आयोजित कार्यक्रममा विभागले प्रोबेसन तथा कर्ब्स म्यानुअलमा आफ्नो तर्फबाट 'इनपुट' दिने र समयसापेक्ष संशोधनमा पूर्ण सहकार्य, समन्वय र सहयोग गर्ने रजिष्ट्रार पण्डितको भनाइ थियो । दुबै निकायबीच सघन छलफलपछि निस्कने निष्कर्ष नियामक निकाय र समग्र अभियानका लागि सर्वस्वीकार्य हुने उहाँको तर्क थियो ।

'राज्यले डण्डा लाएर मात्र हुँदैन, नियमन, प्रवर्द्धन तथा प्रशिक्षणका कार्यक्रमलाई पनि सँगसँगै लिएर जानुपर्छ । विभाग त्यसतर्फ सचेत छ,' उहाँले भन्नुभयो, 'ब्राण्ड र रिवार्डको काम विषयगत केन्द्रीय संघले गरेको राम्रो हो ।' विभाग स्वयंले गर्नुपर्ने काम नेफ्स्कूनले गर्दा त्यसमा सहयोग हुने विश्वास रजिष्ट्रार पण्डितले दिलाउनुभयो । उहाँले विभागले पछिल्लो समय जारी गरेका निर्देशन र सूचनाहरूको भावपनि प्रतिविम्बित हुने गरी म्यानुअल अद्यावधिक गरिनुपर्नेमा जोड दिनुभयो । एक अर्को प्रसङ्गमा रजिष्ट्रार पण्डितले अब विभागको ध्यान कर्जा सूचना केन्द्र र कर्जा असुली न्यायाधिकरणको संरचना निर्माण तथा कार्यविधि निर्माणतर्फ केन्द्रीत हुने स्पष्ट पार्नुभयो ।

नेफ्स्कूनका अध्यक्ष परितोष पौड्यालले साकोसहरूको गुणस्तर सुनिश्चितता सम्बन्धी कार्यक्रम अभियानको दिगोपना तथा संस्थागत विकाससँग जोडिएको भन्दै यसका विधि र प्रक्रियामा विभागको ऐक्यबद्धता रहेकोमा प्रसन्नता व्यक्त गर्नुभयो । साकोस अभियानको दुई स्तम्भ स्तरीकरण कार्यक्रम र स्थिरीकरण कार्यक्रम भएको बताउँदै अध्यक्ष पौड्यालले ब्राण्डेड संस्थाहरूको स्वतन्त्र अनुगमनका लागि विभागसँग आग्रह गर्नुभयो । स्तरीकरण र स्थिरीकरण कार्यक्रम

साकोस अभियानको छवि निर्माणसँग सम्बन्धीत भएको अध्यक्ष पौड्यालले बताउनुभयो ।

कार्यक्रममा स्वागत मन्तव्य राख्दै नेफ्स्कूनका बरिष्ठ उपाध्यक्ष चन्द्रप्रसाद ढकालले स्तरीकरण कार्यक्रममा विभागको ऐक्यबद्धता महत्वपूर्ण भएको बताउनुभयो । उहाँले संविधानले मान्यता दिएको सहकारी क्षेत्रलाई जिम्मेवार बनाउने काम विभाग र नेफ्स्कूनको दायित्व भएको बताउनुभयो । त्यसका लागि स्तरीकरण कार्यक्रम महत्वपूर्ण भएको बताउँदै बरिष्ठ उपाध्यक्ष ढकालले यस विषयमा विद्यमान असहजतालाई सहज बनाउने काममा विभागको भूमिका खोजी भएको स्पष्ट पार्नुभयो । विभाग र नेफ्स्कूनको ऐक्यबद्धतालाई मजबुत बनाउँदै लानुपर्ने उहाँको धारणा थियो ।

कार्यक्रम सञ्चालन गर्दै नेफ्स्कूनका महासचिव दामोदर अधिकारीले स्तरीकरण कार्यक्रममा नियामक निकाय र संघको साझा बुझाइ हुँदा कार्यान्वयनमा सहज हुने बताउनुभयो । उहाँले साकोस अभियानका चुनौतीहरू सामना गर्नका लागि पनि विभाग र नेफ्स्कूनबीच सहकार्य आवश्यक भएकोमा जोड दिनुभयो । यसैले स्तरीकरण कार्यक्रममा सम्बन्धमा पनि विभागको पृष्ठपोषण र सहजीकरण आवश्यक भएको महासचिव अधिकारीको भनाइ थियो ।

कार्यक्रममा नेफ्स्कूनकी उपाध्यक्ष शान्ति अधिकारी, कोषाध्यक्ष दिपक पनेरू, लेखा सुपरिवेक्षण समिति संयोजक नवराज सापकोटा, सञ्चालक सदस्य हरेराम प्रसाद, प्रमुख कार्यकारी अधिकृत प्रकाश प्रसाद पोखरेल, विभागीय प्रमुखहरू लगायतको सहभागिता थियो । यसैगरी, विभागका तर्फबाट उप रजिष्ट्रार द्वय टोलराज उपाध्याय र खिमानन्द आचार्य, कानुन अधिकृत मनुका घिमिरे तथा शाखा अधिकृत शोभा घिमिरे सहभागी हुनुहुन्थ्यो । कार्यक्रममा नेफ्स्कूनका सहायक कार्यकारी अधिकृत दुर्गा प्रसाद ढकालले संघले सञ्चालन गरेको स्तरीकरण कार्यक्रमसम्बन्धी ऐतिहासिक पृष्ठभूमि, विभागको संलग्नता र वर्तमान चुनौती समेटिएको प्रस्तुतीकरण गर्नुभएको थियो ।

यसैबीच, समापन कार्यक्रममा बोल्दै विभागका उपरजिष्ट्रार टोलराज उपाध्यायले नेफ्स्कूनसँग सहकार्य गर्न विभाग तयार रहेको भन्दै स्तरीकरण कार्यक्रममा सम्बन्धमा पनि आवश्यक सहजीकरणसहित निकासको लागि कुनै समस्या नरहेको बताउनुभयो । स्तरीकरणका विविध विषयमा दुबै निकायबीच छलफलमार्फत ठोस निष्कर्ष निकाल्न सकिने उहाँले बताउनुभयो । उपरजिष्ट्रार उपाध्यायले समग्र साकोस अभियान र विभागबीच स्तरीकरण कार्यक्रमका विषयमा बुझाइमा एकरूपता आवश्यक भएको स्वीकार्दै त्यसको बाटो पनि नेफ्स्कून र विभागले नै मिलेर खोज्नुपर्ने उल्लेख गर्नुभयो ।

समापन कार्यक्रमको अध्यक्षता गर्नुभएकी नेफ्स्कूनकी उपाध्यक्ष शान्ति अधिकारीले नेफ्स्कून राज्यको सहयोगी अंग भएको बताउँदै साकोस अभियानलाई मर्यादित, सुशासित र दिगो बनाउने काममा संघ लागिपरेको दाबी गर्नुभयो । सहकारी विभाग अभियानको सहयोगी निकाय भएकाले निरन्तर हातेमालो गर्दै अघि बढ्ने कुरालाई संघले प्राथमिकतामा राखेको जानकारी गराउनुभयो । उहाँले आज समूहगत रूपमा भएका छलफलबाट प्राप्त सुझावहरूलाई पनि समावेश गरी विभाग र संघको संयुक्त प्राविधिक कार्यदलमा छलफल गरी निष्कर्ष दिइने बताउनुभयो ।समापन कार्यक्रम संघका सहायक कार्यकारी अधिकृत गणेश प्रसाद तिमल्सिनाले सञ्चालन गर्नुभएको थियो ।



# सहकारीको दश वर्षे रणनीतिक सोचपत्र सम्बन्धमा सरोकारवालाहरूबीच अन्तरक्रिया




भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्री शशी श्रेष्ठले विभागले तयार पारेको दशवर्षे भिजन पेपर र सहकारी कर्जा सूचना केन्द्र स्थापना र सञ्चालन सम्वन्धी अवधारणापत्र यथासक्य चाडो अन्तिम रूप प्रदान गर्न आग्रह गर्नुभएको छ ।

सहकारी विभागद्वारा असार २३ गते आयोजित दशवर्षे रणनीतिक सोचपत्र र सहकारी कर्जा सूचना केन्द्र सम्वन्धी सरोकारवालाहरूसँग अन्तरक्रिया तथा छलफल कार्यक्रमलाई सम्बोधन गर्ने क्रममा प्रमुख अतिथि मन्त्री श्रेष्ठले विभागले तयार पारिरहेको सोचपत्र र सहकारी कर्जा सूचना केन्द्र निर्माण गर्न ढिला भइसकेको भन्दै सरोकारवाला सबैको राय र सुझाव समेटेर छिटो भन्दा छिटो अन्तिम रूप दिन आग्रह गर्नुभएको हो ।

सहकारीका मुल्य, मान्यता, सिद्धान्त र प्रशस्त कानुनहरू भएपनि त्यसको कार्यान्वयनमा मुख्य समस्या रहेको भन्दै उहाँले सहकारी सम्बन्धी भएका व्यवस्थाहरूलाई समयानुकुल सुधार गर्दै प्रभावकारी रूपमा कार्यान्वयनमा लैजान अनुरोध गर्नुभयो ।




कार्यक्रममा मन्त्रालयका सचिव रामप्रसाद थपलीयाले सहकारी क्षेत्रको सुधारका लागि आएको दश वर्षे सोचपत्रमा छलफलमा आएका विषय समेटेर अझै समृद्ध बनाएर अघि बढाउनु पर्ने बताउनुभयो ।

राष्ट्रिय सहकारी विकास बोर्डका सह-अध्यक्ष मित्रराज दवाडीले सदस्यहरूको उद्यमशिलता विकास गरी गरिबी निवारण गर्ने उद्देश्य राखेर सहकारीका कार्यक्रमहरू बनाउनुपर्नेमा जोड दिनुभयो ।

सहकारी विभागका रजिष्ट्रार रूद्रप्रसाद पण्डितले अवधारणा पत्रको प्रारम्भिक मस्यौदा तयार पारिएको र सबैको सुझाव समेटेर यसलाई समृद्ध बनाउने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो ।

दशवर्षे रणनीतिक सोचपत्र समेत पेश भएको उक्त कार्यक्रममा सरोकारवाला निकायका प्रतिनिधिहरूद्वारा सुझावहरु प्रस्तुत गरिएका थिए ।

सहकारी ऐन, २०७४ को दफा ८१ मा कर्जा सूचना केन्द्र स्थापना तथा सहकारी नियमावली, २०७५ को नियम ३७ द्वारा उक्त कर्जा सूचना केन्द्र विशिष्टीकृत सहकारी संघको ढाँचामा स्थापना हुने व्यवस्था भए वमोजिम विगत लामो समयदेखि सहकारी अभियानले उठाउदै आएको सहकारी कर्जा सूचना केन्द्रको विषय चाँडै टुङ्गोमा पुग्ने संकेत देखिएको छ ।




# सहकारी क्षेत्र सरकारको प्राथमिकतामा छः मन्त्री श्रेष्ठ

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री शशी श्रेष्ठले सहकारीलाई सरकारले विशेष प्राथमिकतामा राखेर काम गरेको र काम सम्पन्न भएपछि मात्रै त्यसको पुष्टी हुने दाबी गर्नुभयो ।

राष्ट्रिय सहकारी विकास बोर्डको आयोजना र नेफ्स्कूनको व्यवस्थापन सहजीकरणमा वैशाख १५ गते भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको सभाहलमा आयोजित "सहकारी ऐन कार्यान्वयन एवम् समसामयिक विषयमा छलफल" कार्यक्रमलाई सम्बोधन गर्ने क्रममा मन्त्री श्रेष्ठले सहकारी क्षेत्रको विकासका लागि मन्त्रालयको तर्फबाट गम्भीर ध्यानाकर्षण भएको प्रष्ट पार्नुभयो ।

राष्ट्रिय सहकारी विकास बोर्डका सह–अध्यक्ष मित्रराज दवाडीको अध्यक्षतामा आयोजित कार्यक्रममा प्रमुख अतिथि मन्त्री श्रेष्ठ, विशेष अतिथि संविधानविद् एवम् समस्याग्रस्त सहकारी व्यवस्थापन समितिका अध्यक्ष काशिराज दाहाल, मन्त्रालयका सचिव रामप्रसाद थपलिया, राष्ट्रिय सहकारी महासंघका अध्यक्ष मिनराज कंडेल, रजिष्ट्रार रूद्रप्रसाद पण्डित, नेफ्स्कूनका अध्यक्ष परितोष पौड्याल, सहसचिवहरू जनकराज जोशी, निराजन घिमिरे, प्रदिपराज अधिकारी सहितको आतिथ्यता रहेको थियो ।

कार्यक्रममा मन्त्री श्रेष्ठले सहकारी अभियान, सहकारी विकास बोर्ड र मन्त्रालय सँगैसँगै अगाडि बढ्नुपर्ने आवश्यकता औल्याउनुभयो । तीनवटै पक्ष जवसम्म एकैठाउँमा हुँदैन, एउटै लय पक्डँदैन र एउटै आवाज बोल्दैन तबसम्म सहकारीले आफ्नो लक्ष्य प्राप्त गर्न नसक्ने उल्लेख गर्नुभयो ।

सहकारी क्षेत्रमा समस्या बृहत छन्, तिनको पहिचान हामीले गरिसकेका छौं, अबको समय त्यसको समाधानको हो, मन्त्रालयले त्यसमा मसिनोसँग काम गर्ने सोच अगाडि बढाइसकेको छ, सँगै बसेर छलफल गरौं, गर्ननसकिने भन्ने हुँदैन त्यसप्रति प्रतिबद्ध छु, उहाँले जोड्नुभयो । सहकारी क्षेत्रका कानुन, नीति, नियम विरोधाषपूर्ण छन् र कार्यान्वयनमा असहजता भयो भन्ने सबाल उठाइराख्नुभएको छ, मन्त्री श्रेष्ठले भन्नुभयो, "त्यसमा कहाँ कहाँ के भएका छन् तपाईहरू आउनुहोस्, के कति गाँठा फुकाउन सकिन्छ

त्यसमा सहजीकरण गर्न मन्त्रालय तयार छ ।" यतिवेला सरकार नीति तथा कार्यक्रम र बजेट निर्माणको संघारमा छ, मन्त्रालयले सहकारी क्षेत्रलाई के कति प्राथमिकतामा पारेको छ भन्ने कुरा बजेट कार्यक्रममार्फत छर्लङ्ग हुने समेत उहाँले दाबी गर्नुभयो ।

उहाँले स्थिरीकरण कोष सञ्चालनको जिम्मेवारी ऐनमा व्यवस्था भएअनुरूप आबद्ध सदस्य संघ संस्था र नेफ्स्कूनकै हो, यसमा मन्त्रालय सहयोगी मात्र रहेको स्पष्ट पार्नुभयो । नेफ्स्कूनका अध्यक्ष परितोष पौड्यालले प्रस्तुत गर्नुभएको साकोस अभियानको रणनीतिक मार्गचित्र र सहकारी क्षेत्रको समसामयिक बस्तुस्थितिको खुलेर प्रशंसा गर्दै मन्त्री श्रेष्ठले बचत तथा ऋण सहकारी अभियानले स्तरीकरणको कार्यक्रमलाई जोड दिनुपर्ने विचार व्यक्त गर्नुभयो ।

साकोस अभियानको रणनीतिक मार्गचित्र र सहकारी क्षेत्रको समसामयिक बस्तुस्थितिबारे प्रस्तुतीकरण गर्दै नेफ्स्कूनका अध्यक्ष परितोष पौड्यालले स्थिरीकरण कोषको प्रभावकारी सञ्चालनका लागि पनि बचत ऋण सहकारी ऐनको आवश्यकता अनुभूति गरिएको भन्दै यसतर्फ तीब्र पहलकदमीका लागि मन्त्रीको ध्यानाकर्षण गराउनुभएको थियो । कमजोर नियमन र प्रभावहिन आन्तरिक नियन्त्रण प्रणाली ले नियामक निकाय तलसम्म पुग्न नसक्ने अवस्था रहेको र कुनै पनि बेला सहकारी क्षेत्र दुर्घटनामा पर्न सक्नेतर्फ संकेत गर्दै अध्यक्ष पौड्यालले दिगो समाधानका लागि सरकारले विशेष ध्यानदिनुपर्नेमा जोड दिनुभयो । यससँगै अन्तरसहकारी कारोबार, ऋण असुली न्यायाधिकरण र बचत तथा कर्जा सुरक्षण कोष सम्बन्धी कार्यविधिको मस्यौदा नेफ्स्कूनद्वारा विभागसमक्ष पेश गरिएको समेत जानकारी गराउनुभयो ।

कार्यक्रममा सहकारी मन्त्रालयका सचिव रामप्रसाद थपलियाले कर्णाली प्रदेशमा कार्यरत रहँदा सहकारी क्षेत्रका समस्याप्रति भुईतहदेखि जानकार रहेको साथै समस्या दिनप्रतिदिन बढ्दो देखिएको बताउनुभयो । सहकारी क्षेत्रको समस्या समाधानका लागि सबै सरोकारपक्षहरूसँगको समान बुझाई आवश्यक रहेको उहाँले औल्याउनुभयो । तुलनात्मक रूपमा सहकारीको संख्या बढी भएका महानगरपालिकासँग पहिलो चरणमा दफाबार छलफल गर्ने र ठूला सहकारीलाई कसरी लैजाने भन्नेमा दुरदृष्टिकोण सहित कार्य गर्न मन्त्रालय तयार रहेको उहाँले बताउनुभयो ।

राष्ट्रिय सहकारी विकास बोर्डका सह-अध्यक्ष मित्रराज दवाडीले बोर्ड सरकार र अभियानबीचको समन्वयकर्ता हो, यसले जहिल्यै पनि पुलको भूमिका निर्वाह गर्ने बताउनुभयो । बोर्डप्रति अभियानको गुनासो नै नरहने गरी र अभियानभित्रका विद्यमान सम्पूर्ण समस्याहरूको समाधानका लागि बोर्डले सधैं सहजीकरणको भूमिका निर्वाह गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

राष्ट्रिय सहकारी महासंघका अध्यक्ष मिनराज कडेलले सरकार, सरोकारवाला निकाय र अभियानबीच साझा दृष्टिकोण बनाएर अगाडि बढ्नुपर्नेमा जोड दिंदै जवसम्म तीन तहका सरकारबीच साझा धारणा विकास हुँदैन तबसम्म अभियान अगाडि बढ्न नसक्ने औल्याउनुभयो । अभियान सरकारको परिपूरक हो, सहकारीमार्फत आर्थिक, सामाजिक, सांस्कृतिक र वातावरणीय क्षेत्रमा काम गर्न अभियान दृढ संकल्पका साथ अगाढि बढेको छ, यसलाई सहजीकरण गर्न सरकारको ध्यानाकर्षण जरूरी रहेको उहाँले चर्चा गर्नुभयो । बचत तथा ऋण सहकारीको नियमनका लागि छुट्टै बचत ऋण ऐनको आवश्यकताबारे चर्चा गर्दै अध्यक्ष कडेलले सहकारी ऐन अभियानमैत्री नभएको, यससँग अन्तरसम्बन्धीत ४ दर्जन ऐन बाँझिएको विषयमा पुनः सरकारको ध्यानाकर्षण गराउन चाहेको बताउनुभयो ।

नेफ्स्कूनका महासचिव दामोदर अधिकारीले सञ्चालन गर्नुभएको कार्यक्रममा स्वागत मन्तव्य सहकारी विभागका रजिष्ट्रार रूद्रप्रसाद पण्डितले राख्नुभएको थियो ।

रजिष्ट्रार पण्डितले सरकार र सहकारी अभियान एउटै डुङ्गाका सहयात्री भएकोले समन्वय र सहकार्यमा अगाडि बढेमात्रा पूर्णता प्राप्त हुने उल्लेख गर्नुभयो । एकल यात्राले न त सरकार र न त अभियान कुनैले पनि सार्थकता पाउन सक्दैन उहाँले भन्नुभयो, "जे जति काम गर्नुपर्नेछ, त्यो सबै सहकार्यमार्फत अगाडि बढ्नुपर्छ ।" स्थिरीकरण कोष सञ्चालनको प्रक्रिया अगाडि बढेको छ, सहकारी ऐन तथा नियमावलीको प्रभावकारी कार्यान्वयनका लागि समेत विभाग तीब्र रूपले लागिरहेको छ, रजिष्ट्रार पण्डितले भन्नुभयो, "सहकारी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) कार्यान्वयका लागि पनि अभियानको सकारात्मक सहयोग प्राप्त हुने अपेक्षा छ ।"

कार्यक्रममा राष्ट्रिय सहकारी महासंघकी बरिष्ठ उपाध्यक्ष ओमदेवी मल्ल, नेफ्स्कूनका बरिष्ठ उपाध्यक्ष चन्द्रप्रसाद ढकाल, उपाध्यक्ष शान्ति अधिकारी, महासचिव दामोदर अधिकारी, नेफ्स्कूनका सञ्चालक गोमा नेपाल, न्हुच्छे नारायण श्रेष्ठ, कमलादेवी गिरी, जिवसराज खड्का, विभागका उपरजिष्ट्रार, राष्ट्रिय सहकारी विकास बोर्डका प्रतिनिधिहरू, स्थिरीकरण कोष सञ्चालन समितिका सदस्यहरू, कोषका सदस्य सचिव एवम् नेफ्स्कूनका प्रमुख कार्यकारी अधिकृत प्रकाश प्रसाद पोखरेल, नेफ्स्कूनका बरिष्ट कार्यक्रम अधिकृत नविनराज दाहाल लगायत मन्त्रालयका उपसचिवहरू र नेफ्स्कून कर्मचारीहरूको उपस्थिति रहेको थियो ।

# सहकारी अभियान : सुशासनको बाहक



**कृष्णहरि बास्कोटा**
**पूर्व सचिव, नेपाल सरकार**

२०७२ सालमा जारी भएको बर्तमान नेपालको संविधानले तीन खम्बे अर्थनीति अबलम्बन गरेको छ । यसमा सरकार, निजी क्षेत्र र सहकारी क्षेत्र पर्दछन् । जस अनुसार सहकारी क्षेत्र मुलुकको अर्थतन्त्र निर्माणको एउटा महत्वपूर्ण खम्बा हो । यथार्थमा सहकारी एउटा अभियान पनि हो । यसर्थ, नेपालभरिका सहकारी संस्थाहरूले मुलुकको आर्थिक सम्बृद्धिमा प्रत्यक्षरूपमा सघाउ पुग्ने काम गर्नुपर्छ । यस क्रममा ती निकायहरूले आफूलाई सुशासनको बाहकरूपमा आफ्नो पहिचान बनाउनु पर्छ ।

सुशासनको परिभाषा खोज्दा असल शासनलाई सुशासन भनिन्छ । कानुनी शासन नै सुशासनको आधार हो । राम्रो, असल र व्यवस्थित शासनलाई सुशासन भनिन्छ । नागरिकको प्रशासनिक अधिकारको समुचित प्रयोग नै सुशासन हो । धार्मिकरूपमा रामराज्यलाई सुशासनको पर्यायका रूपमा बुझिन्छ । सेवाग्राही जनताको सन्तुष्टी मापनमा आधारित शासन प्रणाली नै सुशासन हो । जनअपेक्षा अनुसार सञ्चालित हुने शासन नै सुशासन हो । गुनासोरहित शासन प्रणाली नै सुशासन हो । यथार्थमा सहकारीको मान्यता पनि यिनै सुशासनको परिभाषाभित्र रहेको छ ।

सहकारी अभियानमा सुशासन र स्वावलम्बनको ठूलो महत्व छ । सहकारीकर्मीमा स्वावलम्बीका दुई गुण हुनुपर्छ । पहिलोकुरा, उ आफ्नो भर पर्छ । दोस्रोकुरा, उसको आफ्नो भाग गर्छ । अर्काको भर नपरे पछि आफ्नो भर परिन्छ । स्वावलम्बी आत्मनिर्भर हुन्छ । आफ्नै खुट्टामा उभिन्छ । उ आशमा बाँच्दैन, प्रयासमा बाँच्दछ । प्रयासमा बाँच्नेले पर्खदैन, थाल्दछ । अनावश्यक शंका गर्दैन, आवश्यक आट गर्छ । देख्नेले के भन्लान् भन्दैन, देख्नेले नि जान्लान् भन्दछ । जोहो प्रयासमा बाँच्नेको आधार हो । प्रयत्नशीलले भईपरिको सोच्छ । उसले राख्दछ, जतन गर्दछ, बचत गर्दछ । यस्ता आदर्शताबाट बसिभूत सहकारीकर्मीनै आम जनताका सच्चा साथी हुन् भनी सहकारी विभागको प्रकाशनमा लेखिएको छ । यसर्थ, प्रत्येक सहकारीकर्मीहरू यस अनुच्छेदमा लेखिएका भावनामा खरो उत्रिनु पर्छ । यसका लागि मुलुकभरिका करिब ७० लाख सहकारीकर्मीले सहकारीको आदर्शमार्गमा बिचरण गर्न मन, वचन र कर्मले प्रतिबद्ध हुनुपर्छ । यसबाट सहकारी संस्था र सहकारीकर्मीहरू सुशासनको मार्गमा रहेको बुझिईने छ ।

हाल मुलुकमा सहकारीको प्रवर्द्धनका लागि संघीय सरकार अन्तर्गत भूमि सुधार, सहकारी तथा गरिबी निवारण मन्त्रालय क्रियाशील रहेको छ । यसैगरी, प्रदेश सरकार र स्थानीय तहले पनि आफ्नो स्थानबाट भूमिका निर्वाह गरिआएका छन् । साथै, सहकारी विकास वोर्ड र सहकारी विभागको सक्रियतालाई पनि नजर अन्दाज गर्न मिल्दैन । विशेषगरी सहकारी अभियानको सञ्चालनमा राष्ट्रिय सहकारी महासंघ, केन्द्रीय सहकारी संघ (२० वटा), राष्ट्रिय सहकारी बैक, जिल्ला सहकारी संघ (३२५ वटा) र सहकारी संस्था (३४,७३७ वटा) को अहम् भूमिका रहिआएको छ । यी सबै निकायहरू सुशासनको मापदण्डमा सञ्चालित हुनुपर्छ ।

सुशासन ऐन, २०६४ को प्रावधान बमोजिम कुनैपनि काम गर्दा निश्चित कार्यविधि अवलम्बन गर्नुपर्छ । सबै निकायले निश्चित समयमा निर्णय गर्नुपर्छ । निर्णयको पारदर्शिता कायम गर्नुपर्छ । साथै, निर्णयको आधार र कारण खुलाउनु पर्छ । स्वार्थ बाझिएको विषयमा निर्णय गर्नु हुदैन । सार्वजनिक पदमा रहेकाले जिम्मेवारी पन्छाउन हुदैन । सबैले तोकिएको पदीय आचरण पालना गर्नुपर्छ । साथै, पदीय उत्तरदायित्व निर्वाह गर्नुपर्छ । सबै निकायले क्षतिपूर्तिसहितको नागरिक बडापत्र जारी गर्नुपर्छ । सबैले घुम्ती सेवा सञ्चालन गर्नुपर्छ । सार्वजनिक सुनुवाइ गर्नुपर्छ । गुनासो व्यवस्थापन गर्नुपर्छ । यी सबै कार्यबाट सुशासन हासिल हुन्छ । यसर्थ, मुलुकभरिका सबै सहकारी संस्थाले यी कानुनी प्रावधानलाई हुबहु पालना गर्नुपर्छ ।

अन्तर्राष्ट्रिय अभ्यासलाई नियाल्दा सहकारीको मूल्य मान्यता भनेको स्वावलम्बन, स्वउत्तरदायित्व, लोकतन्त्र, समानता, समता र ऐक्यवद्धता नै हो । यसैगरी सहकारीको मूल्य मान्यतामा इमान्, खुल्लापन, सामाजिक उत्तरदायित्व र अर्काको ख्याल गर्ने जस्ता बिषय पर्दछन्, जो सहकारीका नैतिक मूल्य हुन् । यी कुरा कोरा कितावमा लेखिईने विषयमात्रै होईनन्, प्रत्येक सहकारीकर्मीले आफ्नो दैनिक जीवनमा यसको पालना गर्नुपर्छ । यसर्थ सहकारीकर्मीका लागि जारी भएको आचारसंहिताको हुबहु परिपालन हुनु आजको आवश्यकता हो । प्रस्तुत प्रसङ्गमा सुशासनका विशेषताहरूलाई नियाल्दा जनताप्रति उत्तरदायी राजनैतिक सरकार, गुनासो सुन्ने र सम्बोधन हुने व्यबस्था तथा राजनैतिक अधिकारसहितको बहुदलिय व्यवस्था भन्ने बुझिन्छ । यसैगरी, कानुनी शासन, राजनैतिक स्थिरता, स्वतन्त्र न्यायपालिका, विकेन्द्रीकरण र दिगो विकास पनि यसका विशेषताहरू हुन् । साथै, जनसहभागिता, भ्रष्ट्राचारबिहिनता, मानव अधिकारको प्रत्याभूति, पारदर्शिता, सार्वजनिक उत्तरदायित्वको पालना, जनताको आधारभूत आवश्यकताको पूर्ति तथा जनमुखी,

सेवामुखी र विकासमुखी कर्मचारीतन्त्र लगायत यसका आधारभूत विशेषता हुन् । यिनलाई प्रवर्द्धन गर्न सहकारी संस्थाहरू मन, वचन र कर्मले कार्यक्षेत्रमा क्रियाशील हुनुपर्छ ।

मुलुकमा वर्तमान संविधानको भावनालाई आत्मसाथ गर्दै साविकको सहकारी ऐनलाई विस्थापित गरी २०७४ सालमा नयाँ सहकारी ऐन जारी भएको छ । यस सहकारी ऐन, २०७४ बमोजिम छरिएर रहेको पुँजी, प्रविधि तथा प्रतिभालाई स्वावलम्बन र पारस्परिकताका आधारमा एकीकृत गर्नु नै सहकारीको मूल मर्म हो । सहकारी खेती, उद्योग, वस्तु तथा सेवा व्यवसायका माध्यमबाट आत्मनिर्भर, दिगो एंव समाजवाद उन्मुख राष्ट्रिय अर्थतन्त्रको विकास गर्नुनै सहकारीको ध्येय हो । यसरी गाउँ, शहर, वस्ती र घरपरिवारले मुलुकको अर्थतन्त्र निर्माणमा सहकारीको माध्यमलाई आत्मसाथ गर्नु उपयुक्त हुने देखिन्छ ।

सहकारीले उपभोक्ताको सन्तुष्टीलाई आफ्नो मूल ध्येय बनाउनु पर्छ । यसका अतिरिक्त, सेवाको बजारीकरण गर्न पनि सहकारी संस्थाहरू पछि पर्नु हुदैन । बर्तमान सहकारी ऐन बमोजिम जलविद्युत आयोजना, रासायनिक मल कारखाना, आवासीय परियोजना, यातायात, भारी कृषि उपकरण, फलफूल प्रशोधन, जडिबुटी प्रशोधन, चिनी उद्योग, शित भण्डार, अस्पताल, शिक्षालय, प्राविधिक शिक्षालय, प्रयोगशाला जस्ता ठूला लगानीमा पनि सहकारी संस्थाहरू जान सक्छन् ।

कानुन बमोजिम सहकारी बैंकहरू गठन हुन सक्छन् । यसरी सहकारी भनेको सानो पुँजीको कारोबार गर्ने संस्था हो भन्ने बुझाईलाई नयाँ सहकारी ऐनले बिस्थापित गरिदिएको छ । यसर्थ, सहकारी संस्थाहरूले मुलुकमा एउटा कृषि औजार कारखाना सञ्चालनमा ल्याउन सक्छन् । एउटा रासायनिक मल कारखाना र प्राङ्गारिक मल कारखानाको लागि सहकारी संस्थाहरूले सार्थक प्रयास गर्नुपर्छ । यसैगरी, सहकारी संस्थाहरूले मिलेर एउटा पाउडर दूध कारखाना स्थापना गर्नुपर्छ । अर्थात्, महाकविको सन्देश अनुसार उद्देश्य के लिनु उडि छुनु चन्द्र एकको मार्गमा सहकारी संस्थाहरू अग्रसर हुनुपर्छ । तर, यी सबै कार्यमा सुशासनलाई सर्वोपरी अनिवार्य तत्वका रूपमा आत्मसाथ गर्नुपर्छ ।

सहकारी ऐन अनुसार, सहकारी संस्थाहरू अविच्छिन्न उत्तराधिकारीवाला एक स्वशासित र संगठित संस्था हुन् । यसर्थ, यी संस्थाहरू स्वयंमा अनुशासित भएर सुशासनपूर्ण व्यवहारका साथ सञ्चालन हुनु पर्नेमा कुनै द्विविधा रहन्न । सहकारी संस्थाहरूले भाषिक, साहित्यिक, सञ्चार विशेष, कृषि, बन तथा पैदावारको उत्पादन, सञ्चय र प्रशोधन जस्ता व्यावसायिक क्षेत्रमा पनि काम गर्न सक्छन् । विश्वव्यापी अनुभवका आधारमा यूरोपेली मुलुकहरूले सहकारीकै माध्यमबाट विकसित अर्थतन्त्र निर्माण गरेको पाईन्छ । साथै, सहकारीको माध्यमबाट सामाजिक परिवर्तनका अतिरिक्त आर्थिक रूपान्तरण भएको दृष्टान्त पनि प्रशस्त भेटिन्छ । यिनै विश्वव्यापी असल अभ्यासको मार्गमा अघि बढनु सहकारी संस्थाहरूको कर्तव्य हुन आउछ । जस्का लागि सहकारी संस्थाहरूले समाजमा आफ्नो छुट्टै पहिचान र छवि निर्माण गर्नुपर्छ ।

सहकारीले छरिएको पुँजीलाई एकीकृत गरी लघु, घरेलु, साना, मझौला र ठूला उद्योग सञ्चालन गर्दैआएका छन् यसर्थ, सहकारी संस्थाहरू उत्पादनको द्योतक पनि हुन् । यसको उत्पादनमा श्रृजनशीलता गाँसिएको हुन्छ । यस्ता उत्पादनले राष्ट्रिय पहिचान निर्माण गर्छन् । यिनै अर्थमा हरेक मुलुकमा उत्पादनको तहमा सहकारी क्रियाशील हुन्छन् । उत्पादित बस्तुको बिक्री र निकासीमा निजी क्षेत्र सक्रिय हुन्छन् । अर्थतन्त्र निर्माणको लागि आवश्यक पर्ने वातावरण निर्माण गर्ने र नियमन गर्ने काममा सरकार संलग्न रहन्छ । यसर्थ यी तीन वटा क्षेत्र एक आपसका प्रतिस्पर्धी होईनन्, एक अर्काका पुरक निकाय हुन् । वास्तवमा सहकारीले मुलुकलाई आत्मनिर्भरताको बाटोमा अघि बढाउँछ । यसर्थ, यिनका काम कारवाहीले मुलुकलाई रूपान्तरित गर्न मद्दत पुर्‍याउछ ।

सहकारी ऐनमा सहकारी संस्थाहरू सञ्चालनका विधि उल्लेखित छन् । जसअनुसार, हाल कार्यान्वयनमा रहेको सहकारी ऐन बमोजिम सहकारी संस्थामा साधारण सभाबाट निर्वाचित सञ्चालक समिति गठन हुन्छ । यसमा कम्तिमा ३३ प्रतिशत महिलाको प्रतिनिधित्व हुनुपर्छ र एक परिवारबाट एक भन्दा बढी व्यक्ति सञ्चालक हुन पाईदैन । साथै, कानुनमा कुनै पनि सहकारी संस्थाको सञ्चालकले आफ्नो स्वार्थ जोडिएको विषयको निर्णयमा सहभागी हुन नमिल्ने र व्यक्तिगत फाइदा हुने काम संस्थाबाट गराउन नहुने व्यवस्था छ । यी कुरामा सहकारीकर्मीहरू नैतिकतामा खरो उत्रिनु पर्छ ।

कानुन अनुसार सहकारी संस्थाको प्रयोजनका लागि बचत तथा ऋणको सन्दर्भ व्याजदर तोक्न सकिनेछ । सहकारी बैंकले प्रारम्भिक खर्च, अघिल्लो वर्षमा भएको नोक्सानी, पुँजीकोष, जोखिम व्यहोर्ने कोष र जगेडा कोष पूर्ति नगरेसम्म लाभांश घोषणा गर्न वा वितरण गर्न पाउँदैन । सहकारी संस्थाले एकै सदस्यलाई आफ्नो कूल शेयर पुँजीको २०% भन्दा बढी हुने गरी शेयर विक्री गर्न सक्दैन । सहकारी संस्थामा एक जगेडा कोष रहनेछ । सहकारी संस्थामा एक संरक्षित पुँजी फिर्ता कोष पनि हुनुपर्छ । सहकारी संस्थामा एक सहकारी प्रवर्द्धन कोष पनि रहनेछ । सहकारी संस्थाले आर्थिक वर्ष सम्पन्न भएको ३ महिनाभित्र अनिवार्य रूपमा लेखा परीक्षण गराउनुपर्छ । यी सबै कुरामा सहकारी संस्थाहरू सुशासनको कसीमा उत्कृष्ट ठहरिईनु पर्छ ।

अन्त्यमा, सहकारीहरू सदैव परिवर्तनको वाहक हुनुपर्छ । यिनले नविनतम् सोचमा आधारित कार्य शैली अवलम्बन गर्नुपर्छ । यी सदैव परिवर्तनप्रति उत्सुक रहँदै परिवर्तनलाई आत्मसात् गर्न सक्षम हुनुपर्छ । यिनले प्रत्येक कामलाई परिणामसँग दाँज्नु पर्छ । साना साना सुधारको सफलतावाटै अझ बढी उत्प्रेरित हुंदै जाने यिनको नीति हुनुपर्छ । यिनले सबैलाई समान व्यवहार गर्नु पर्छ । अर्थात्, कुनै पनि प्रकारको भेदभाव गर्नु हुदैन । यिनीहरुद्वारा सम्पादित प्रत्येक काम पारदर्शी हुनुपर्छ । यिनले निर्भिकता, निश्पक्षता, नकारात्मक टिप्पणी, आफ्ना भावनाको स्वभाविक प्रस्तुतीकरण र सुधारप्रतिको प्रतिवद्धता स्पष्ट देखाउदै आफूलाई उच्च नैतिकताको पर्यायका रूपमा स्थापित गर्नुपर्छ । यसका लागि लोभ, रिस, निराशा एवं कुण्ठावाट उन्मुक्त हुनु पर्दछ । नेपालभरिका सहकारी संस्था र सहकारीकर्मीहरूलाई सदैव सुशासनमय हुन र यसको वकालत गर्न सफलता मिलोस्, यहि शुभकामना छ ।

०००

# विभागद्वारा जारी निर्देशनको प्रभावकारी कार्यान्वयनको विकल्प छैन



**रूद्र प्रसाद पण्डित**
रजिष्ट्रार, सहकारी विभाग

सहकारी विभाग यतिवेला सहकारीको वास्तविक चित्र तयारीका लागि डाटा संकलन प्रणालीको प्रभावकारी कार्यान्वयनमा जुटेको छ । नेपाल सरकार भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालयले २०७३ चैत्रदेखि सुरू गरेको सहकारी तथा गरिबी निवारण सम्बन्धी सूचना व्यवस्थापन प्रणाली (कोपोमिस) हालसम्म पनि कार्यान्वयनमा आउन सकेको थिएन । सहकारी विभागका रजिष्ट्रार रूद्रप्रसाद पण्डित गत फागुन २ गते विभागको रजिष्ट्रारमा नियुक्त भएसँगै उहाँले कोपोमिस को प्रभावकारी कार्यान्वयनमा निकै जोड दिँदै आएनुभएको छ । यससँगै उहाँले बचत तथा ऋण सहकारी संस्था सम्बन्धी स्थिरीकरण कोषको शुभारम्भ, सहकारी संघ संस्थाहरूका लागि ३५ बुँदे निर्देशन जारी, सहकारीको दश बर्षे रणनीतिक सोचपत्र निर्माणको कार्य, कर्जा सूचना केन्द्र र कर्जा असुली न्यायाधिकरणको विषयलाई प्राथमिकताका साथ काम गर्दै अगाडि बढ्नुभएको छ । यसै विषयमा केन्द्रित रहेर विभागका रजिष्ट्रार पण्डितसँग साकोस आवाज पत्रिकाका सह-सम्पादक राधा पौडेलले गर्नुभएको कुराकानीको सारसंक्षेपः

**सहकारी विभागले आगामी वर्षका लागि प्राथमिकताका राखेका कार्यक्रमहरू के के हुन् ।**

आगामी आर्थिक वर्षको कार्यक्रमहरूमध्ये एक नम्बरमा सहकारी विभागको दश वर्षे रणनीतिक सोचपत्र फाइनल गर्ने काममा केन्द्रित रहेको छु । त्यस्तै कर्जा सूचना केन्द्रको कार्यविधि र विनियम फाइनलको प्रक्रियामा लाग्दै छु । यसका लागि अब करिब डेढ महिनाको समय लाग्ला । त्यसपश्चात यो टुङ्गोमा पुग्छ ।

कर्जा असुली न्यायाधिकरणको संगठनात्मक संरचना निर्माणको लागि पनि मन्त्रालयमा तत्कालै समिति गठन गरेर सिफारिस गर्ने प्रक्रिया शुरू हुँदैछ । यी मुख्य पक्ष सँगसँगै कोपोमिस प्रणालीलाई अझ सुदृढीकरण गर्नका लागि विभागले केन्द्रीय संघहरूसँग साझेदारीका कार्यक्रमहरू सञ्चालन गर्नेगरी मुख्य कार्यक्रम अगाडि सारेको छ ।

**विभागमा नियुक्त भएसँगै कोपोमिस कार्यान्वयलाई जोड दिँदै आउनुभएको छ, अझै पनि सहकारीहरू कोपोमिसमा आबद्ध हुन किन आनाकानी गरिरहेका छन् ?**

कोपोसिमको अपेक्षाकृत प्रगति भएन अथवा विभागको नेतृत्वले पहिले देखिनै प्राथमिकता दिएर कार्यान्वयन गरेको भए यतिबेला आत्तिनुपर्ने अवस्था हुने थिएन । २०७५/०७६ देखि विभागमा आएको विषयवस्तु अहिले सम्म प्राथमिकतामा परेको थिएन । यसमा धेरै कामहरू भए । सफ्टवेयरमा सुधार तथा परिमार्जन गरिए । सहकारी संघ संस्थाले भर्नुपर्ने विवरणहरूमा स्पष्टता ल्याउँदै सहज बनाइयो । अहिले समष्टिगत विवरण फाराममा सहकारी संघ संस्थाले आफ्ना विवरणहरू सहजै भर्न सकिने व्यवस्था गरिएको छ ।

पछिल्लो अवधिमा असार ३० गतेसम्म १६ हजारले युजर आइडी र लगइन लिइसक्नुभएको छ, सोमध्ये करिब ९ हजारले एक पटक इन्ट्री गरिसकेका छन् । जेठको ९ गतेपछि कार्यान्वयनमा ल्याइएको समष्टिगत विवरणमा ५ हजारले इन्ट्री गरिसक्नुभएको छ । यो पछिल्लो अवधिको प्रगति उत्साहजनक छ । यसलाई सहकारी संस्थाहरूमा अनिवार्य गर्नुपर्छ भनेर सहकारी अभियान र केन्द्रीय संघका नेतृत्वहरूसँग छलफल गरेर बनाएको समष्टिगत विवरण इन्ट्री गर्नको लागि राष्ट्रिय सहकारी महासंघ, राष्ट्रिय सहकारी बैंक, नेफ्स्कून र अन्य विषयगत केन्द्रीय संघ लगायत सबै मार्फत परिपत्र पनि भएको छ, उहाँहरूले भौतिक एवम् जुम

मिटिङ लगायतका कार्यक्रम मार्फत पनि अनिवार्य कोपोमिस आबद्धताका लागि आव्हान गरिरहनुभएको छ । भर्खरै हाम्रो अनुरोधलाई स्वीकार गरेर असार २८ गते आन्तरिक राजश्व विभागले सबै राजश्व कार्यालयहरूलाई पनि कोपोमिसमा इन्ट्री भइसकेपछि मात्रै सहकारीहरूले करचुक्ता प्रमाणपत्र पाउने व्यवस्था गरेको छ । यसमा आगामी असोज सम्म हामीले सोचेको भन्दा बढी प्रगति हुन्छ भन्ने अपेक्षा गरेका छौं । जहाँसम्म यसमा प्राविधिक जटिलता र समस्याका कुराहरू छन्, ति सुरूवाती अवस्थाका पुराना कुरा हुन्, त्यसमा धेरै परिमार्जन भएको छ, अहिलेको अवस्थामा समष्टिगत विवरण यदि तपाईंले तयारी गरेर बस्नुभयो भने १० मिनेटमा सबै भर्न सकिन्छ । यदि समस्या परिहालेमा पनि त्यहाँ गाइडलाईन, भिडियो पनि राखेको छ । प्रयोग गर्ने तरिका पनि वेवसाईटमा राखिएको छ । सामान्य हेर्न चाहने मान्छेले पनि गर्न सक्छ । नयाँ युजर आइडी लिएका त ५/६ हजारले भरिसके भने अव त्यति समस्या छ भन्ने लाग्दैन । समष्टिगत विवरण भर्नलाई बढीमा १० मिनेट लाग्छ, यूनिकोडमा विवरण हाल्नुपर्छ अथवा अंग्रेजीमा पनि विवरण भर्न सकिने बनाइएको छ । फेरी सफ्टवेयरको कुरो सबै यही हो, नेभर इण्डिङ भन्ने हुँदैन, पूर्णता दिनका लागि निरन्तर रूपमा लागिरहनुपर्छ ।

हाम्रो यो वर्षको लक्ष्य कुल सहकारीको ५० प्रतिशत सहकारी कोपोमिसमा आबद्ध गराउन सकिन्छ भन्ने हो । आगामी असोजसम्म २० हजार सहकारी आबद्ध हुन्छन् भन्ने अपेक्षा छ ।

कोपोमिसको सब्मिसन फाराममा गएर आफूले दाखिला गरेको प्रमाण स्वयं प्राप्त गर्ने व्यवस्था गरेको छ । यसले गर्दा आफ्नो विवरण दाखिला भएनकी भन्ने समस्या भएन । दोस्रो कुरा हामीले सहकारी संस्थाहरूको नेपालभरको ट्रेण्ड कस्तो छ, सहकारीहरूका सदस्य कति छन्, बचत कति छ, यस सम्बन्धमा नीति योजना तथा कार्यक्रम कसरी बनाउने भन्नेमा सहजता हुन्छ । अर्को सहकारीले सूचना दाखिला गरिसकेपछि सहकारी संघ संस्थाले प्राप्त गर्ने सुविधा अनुदानका विषयहरू सरकारले सहजीकरण गर्ने विषयहरू, उहाँहरूसँग साझेदारी गर्ने विषयहरूका विषयमा पनि सहज हुन्छ । भोलिका दिनमा कर्जा सूचना केन्द्रले पनि यही सफ्टवेयर प्रयोग गर्न सकिन्छ, कर्जा असुली न्यायाधिकरणका लागि पनि कोपोमिस प्रयोगमा आउन सक्छ ।

**सहकारीमा सम्पत्ती शुद्धीकरण निवारणका लागि गोएएमएल प्रणालीलाई प्रभावकारी बनाउनेतर्फ पनि विभागले जोड दिएको हो ? यसमा के कति काम भएका छन् ?**

देशभर कुल सहकारी संख्यामध्ये बचत तथा ऋणको कारोबार गर्ने सहकारीको संख्या धेरै छ । वित्तीय सहकारीहरूमा कारोबारको जोखिम पनि त्यत्तिकै बढी रहन्छ । त्यसकारण विभागले सहकारी संघ संस्थाहरूका लागि सीमा कारोबार प्रतिवेदन (टिटिआर) र शंकास्पद कारोबार प्रतिवेदन (एसटिआर) तोकिएको ढाँचामा पठाउन सहकारी विभागले सर्कुलर समेत जारी गरेको थियो । सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी सहकारी संघ र संस्थालाई जारी गरिएको निर्देशन २०७४ को दफा १९ र २० बमोजिम सबै सीमा कारोबार प्रतिवेदन (टिटिआर) र शंकास्पद कारोबार प्रतिवेदन (एसटिआर) अनिवार्य बुझाउनु पर्ने व्यवस्था छ ।

नेपाल राष्ट्र बैंकले २०७८ साउनदेखि १० करोडभन्दा बढी निक्षेप वा पुँजी भएको बचत तथा ऋणको कारोबार गर्ने सहकारीले गोएएमएल सफ्टवेयर सिस्टममार्फत वित्तीय जानकारी इकाईमा एसटिआर र टिटिआरको रिपोर्टिङ गर्नेपर्ने कानुनी व्यवस्था लागू गरेको थियो ।

पछिल्लो विवरण अनुसार ३ सय ७३ वटा सहकारी संस्थाहरूले गोएएमएल सफ्टवयेरमा रिपोर्टिङ गरिरहेका छन् । सहकारी संस्था जसले अस्वभाविक, शंकास्पद र थ्रेसहोल्ड भन्दा माथिको कारोबार गरिरहेका छन् त्यस्ता सहकारी संस्थाहरू गोएएमएल सफ्टवेयरमा इन्ट्रि गर्ने, भोलि राज्यले कुनै निकायमा कोही व्यक्तिको बारेमा खोजिनीति गर्दाखेरी स्रोतको खोजि गर्ने विषयवस्तु भएकोले त्यसबाट अभिलेख लिने र ट्रयाकिङ गर्न सहज हुन्छ । त्यसमा चाँही केही सहकारी संस्था बैंक वित्तीय संस्थाहरूमा के भ्रम परेको रहेछ भने धेरै कारोबार गर्दा यसले समात्छ कि भन्ने रहेछ, त्यो गलत हो । अहिलेसम्म त्यसमा आबद्ध भएर कसैलाई समातेको रेकर्ड छैन । के हो भन्नुहुन्छ भने राज्यको सूचना प्रणालीमा आबद्ध हौं, भोलि विहान राष्ट्रिय अन्तर्राष्ट्रिय निकायहरूबाट त्यस्तो कारोबारमा संलग्न भएका मान्छेहरू जो चाहि गैरकानुनी लाभ आर्जन गरेका सम्पत्ती शुद्धीकरण गराएका विषयवस्तुहरू छन् भने त्यसलाई ट्रयाकिङ गर्न सहज होस् भनेर यो प्रणाली अवलम्बन गरिएको हो । यसलाई मुख्यत १० करोड भन्दा बढी कारोबार गर्ने सहकारी संस्थाहरू त्यसमा आबद्ध हुन निर्देशिकाले निर्देशित गरेको छ । तर व्यक्तिगत हिसाबमा एकैपटकमा १० लाख भन्दा बढी कारोबार गर्नेहरू र वर्षमा ३० लाख भन्दा बढीको कारोबार गर्नेको हकमा रिपोर्टिङ गर मात्रै भनेको हो । यसमा सबै सहकारी संस्थालाई अनिवार्य रूपमा जानुपर्छ भनिएको हैन ।

गत वर्षको हिसावमा यस वर्ष गोएएमएलमा रिपोर्टिङ गर्नेको संख्या

बढेको छ । १० करोड भन्दा बढीको कारोबार गर्ने ३ सय ७३ सहकारीले सफ्टवेयर मार्फत आफ्ना प्रतिवेदन पेश गरेका छन् । एशिया प्रसान्त क्षेत्रीय सम्पत्ती शुद्धीकरण (एपीजी) बाट अन्तर्राष्ट्रिय मूल्यांकनको तेस्रो वर्ष पनि भएको र यसलाई अलि बढी फोकस गरेर लैजानुपर्छ भन्ने प्रधानमन्त्री तथा मन्त्रीपरिषद् कार्यालयको पनि निर्देशन, रणनीतिक कार्ययोजनाको व्यवस्था, नेपाल राष्ट्र बैंकको गभर्नरको अध्यक्षतामा बसेको नियामक निकायका कमिटिहरूको कार्यान्वयनको व्यवस्था र अहिले आवधिक रूपमा भैरहेका मिटिङका आधारमा पनि यसमा कार्यान्वयनमा जानुपर्छ । त्यस्तो संकास्पद कतै छ भने जानकारी देउ । कसैले फाराम भरेको छैन, विवरण भरेको छैन भने त्यसलाई कानुनी कारबाहीको दायरामा ल्याउ भन्ने कुरो छ । यो कार्यप्रक्रिया निरन्तर जारी छ ।

पहिला सचेतीकरण, जानकारी, तरिका तथा फाराम भर्ने विधिको बारेमा जानकारी गराएर मात्र एक्सनमा उत्रिएका हौं । हामीले गएको वर्ष ६० वटा संस्थालाई सचेतीकरण गराउने, फिल्डमै गएर निरीक्षण गरी फाराम भराउन लगाउने र अभिमुखीकरण गर्ने काम गरेका थियौं ।

**कर्जा सूचना केन्द्र कहिलेदेखि कार्यान्वयनमा आउँछ ?**

कर्जा सूचना केन्द्रको विषयमा केही द्विविधाहरू भए । यो विशिष्टिकृत सहकारी मोडलमा जाने हो की कर्जा सूचना केन्द्रको विषयमा भएको कानुनी व्यवस्था र विशिष्टिकृत सहकारी मोडलमा भएको व्यवस्था अलिक फरक भएको हो । कहिले कोपोमिस सिस्टमबाटै कर्जा सूचना केन्द्रको पनि काम हुन सक्छ भन्ने बहस पनि चले । कोहीले पनि मन्त्रालयले यसलाई सक्रियतापूर्वक अगाडि बढाउनुपर्छ भन्ने सोच राखेन । यस खालका कन्फ्यूजनहरू भए । मैले गएको एक हप्ता अगाडि सबै अभियानका साथीहरू, मन्त्रालयका प्रतिनिधि, सचिवज्यू र माननीय मन्त्रीज्यू सबैसँग विभागको तर्फबाट एउटा धारणा प्रस्तुत गरिसकेको छु । यो सम्बन्धी कार्यविधि पनि फाइनल गर्दैछौं । दोस्रो यसको विनियम पनि फाइनल गर्दैछौं । यो कानुनी व्यवस्था पहिले कानुनको धरातल नवनाइकन अगाडि बढाउन मिल्दैन । मैले यो कुरा मन्त्रालयमा पेश गर्नासाथ अभियानका साथीहरूलाई प्रारम्भिक सहकारी संस्थाहरू यसमा सेयरका लागि कति इच्छुक हुनुहुन्छ । त्यसको लागि प्रारम्भिक आशय पत्र माग गर्ने भनेर एक खालको समझदारी भएको छ । मैले प्रक्रिया मन्त्रालयमा पेश गर्नासाथ अभियानले आफ्ना डकुमेन्टेसन तयारी सहित यसमा कार्य सुरूवात हुन्छ ।

**कर्जा असुली न्यायाधिकरण गठनको विषय के हुँदैछ ?**

कर्जा असुली न्यायाधिकरण गठनका लागि ओएनएम सर्भे गर्न मन्त्रालयमा अनुरोध गरिसकेको छु । त्यसको पदाधिकारी नियुक्ती सम्बन्धी व्यवस्था राजपत्रमा प्रकाशन गर्नुपर्ने व्यवस्था रहेछ, त्यसका लागि छलफल भइराखेको छ, यथासक्य छिट्टै काम टुङ्गोमा पुग्छ । विभागले कुरो मात्रै गरेर भएन, आफूले गर्ने काम गरेर मन्त्रालयमा पुऱ्याउने र मन्त्रालयको नेतृत्वलाई भन्ने जिम्मेवारी मेरो हो, कतिपय कुरा नेपाल सरकारको निर्णयमा पनि भर पर्छ । सहकारी क्षेत्रमा देखिँदै गएका समस्याहरूलाई सम्बोधन गर्न सरकारले संवेदनशिल रूपमा सुन्छ भन्ने मेरो विश्वास हो । मैले मन्त्रालयको नेतृत्वसम्म पुऱ्याएँकी पुऱ्याइन भन्ने कुराले पनि महत्व राख्छ । यो विषय आजसम्म मन्त्रालयमा पुऱ्याइएको थिएन । मैले पुऱ्याउँछु र यसलाई टुङ्गोमा पुऱ्याउँछु भन्नेमा म प्रतिबद्ध छु ।

**यहाँको पहलमा स्थिरीकरण कोषको शुभारम्भ भएको छ । प्रभावकारी कार्यान्वयनका लागि विभागको भूमिका के रहन्छ ?**

म विभागमा आउँदा स्थिरीकरण कोषमा करिब साढे सात करोड मात्रै रकम जम्मा भएको थियो । यो कार्यक्रम कार्यान्वयन गर्नुछ भनेर नेफ्स्कूनका अध्यक्ष, प्रमुख कार्यकारी अधिकृत लगायत अन्य पदाधिकारीहरूले यहाँ आएर अनुरोध पनि गर्नुभयो । मैले दश करोड पुऱ्याउनुहोस् नेपाल सरकारको तर्फबाट केही योगदान हुन्छ र यसलाई कार्यान्वयन गर्ने कुरामा मेरो प्रतिवद्धता रहने जानकारी गराएँ । अभियानबाट दश करोड रकम जम्मा गरेर आउनुभयो । मैले मेरो तर्फबाट तुरून्तै मन्त्रालयको नेतृत्व लगायत सबैलाई कन्भिन्स् गराएर अर्थ मन्त्रालयबाट सहमती ल्याएर कार्यक्रम शुभारम्भ भइसकेको छ । तथापी यसको कार्यान्वयनको सन्दर्भमा केही स्तरीकरणका अर्थात अनुगमनका मापदण्डहरू स्वीकृत गर्नुपर्ने छ भने दोस्रो कुरा त्यसको कार्यविधि विभागमा संशोधनका लागि पेश भएको छ, त्यो कार्यविधि पनि तत्काल हामी परिमार्जन सहित स्वीकृतिका लागि मन्त्रालयमा पठाउँछौं । त्यो आइसकेपछि यसमा १० करोड रकम कोषमै राख्नुपर्ने, सो भन्दा बढी रकम मात्रै परिचालन गर्न सक्ने व्यवस्था छ । त्यसका लागि सञ्चालन समितिले आवश्यक निर्णय लिन्छ । मेरो तर्फबाट कार्यान्वयनमा जान्छ ।

**बचत तथा ऋण सहकारी सम्बन्धी स्तरीकरण कार्यक्रमलाई विभागले कसरी लिएको छ ?**

नेफ्स्कूनले विकास गरेका स्तरीकरण कार्यक्रमहरू राम्रा छन् । अकुले अनुगमन गर्ने एशियाली स्तरको एक्सेस कार्यक्रम पनि प्रभावकारी छ भन्ने अभियानबाटै सुनेको छु । नेपालको आफ्नै हावापानी सुहाउँदो

बचत तथा ऋण सहकारीको गुणस्तर सुनिश्चित गर्ने ब्राण्डिङ कार्यक्रम प्रोबेसनमा यस अघि पनि विभागको साथ समन्वय रहँदै आएको म विभागमा आएपछि नै जानकारी पाएँ । त्यो कार्यक्रममा रहँदै आएको साथ किन र कसरी टुट्यो भन्ने कुरा त मैले भन्ने विषय भएन । अब कसरी जाने भन्ने सबालमा स्तरीकरण कार्यक्रम अन्तर्गत प्रोबेसनलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न नेफ्स्कूनले बनाएका केही अवधारणाहरू र ब्राण्डका विषयमा छलफल भएका छन् । त्यसलाई कार्यान्वयन गर्नुपर्छ । सहकारीको क्षेत्रमा राज्यको गर्नुपर्ने प्रवर्द्धनात्मक काम अन्तर्गत यो एउटा महत्वपूर्ण काम भित्रै पर्दछ, सहकारी संस्थालाई राईट ट्र्याकिङ गर्ने, गलत काम कारबाही हुन नदिने र केही अनुपालन गर्नुपर्ने मापदण्डहरू प्रोबेसनमा छन् । त्यसमा भएका राम्रा पक्षहरू कार्यान्वयन गर्नको लागि विभागको सरोकार के हो भने दुई पक्षबीच समझदारी गरेर सूचक अर्थात मापदण्डको बारेमा घनिभूत छलफल गरौं र त्यसलाई अन्तिम रूप दिउँ । मापदण्ड सहितको प्रस्ताव नेफ्स्कूनबाट आएपछि मन्त्रालय समक्ष राखेर त्यसको सर्टिफिकेशन के ? क्राइटेरिया के हुने, त्यसको मान्यता कस्तो खालको हुने, अनुगमनमा देखिएका समस्याप्रतिको जवाफदेहिता के हुने भन्ने विषयहरू हामीले समझदारीमा अन्तिम फाइनल गरिसकेपछि स्तरीकरणको विषयमा विभाग एक खालको टुङ्गोमा पुग्छ ।

सहकारी संस्था नबिग्रिउन, राम्रो बाटोमा हिडुन्, सहकारी क्षेत्रले प्रगति गरोस्, सदस्यहरूको हितमा काम गरोस् र व्यवस्थापन राम्रो सँग सञ्चालन होस् भनेर काम गर्ने दायित्व राज्यको पनि हो । राज्यले गर्नुपर्ने काम, जुन बचत तथा ऋण केन्द्रीय सहकारी संघ, नेफ्स्कूनले गरिराखेको छ । त्यो कार्यान्वयन गर्ने विषय किन छुट्यो भन्नेकुरा अहिले मैले गरिरहने विषय भएन । ब्राण्डिङका कुराहरू राम्रा छन् । कार्यान्वयन गर्न योग्य छन् । तर त्यसका केही मापदण्ड र मेजरिङ गर्ने टुल्स्हरू छन्, त्यसको बारेमा बसेर छलफल गरेर टुङ्ग्याउँ र यसको शुल्क पनि के कति हो भन्ने कुरा तय गरौं । विभागले एमओयू गरिसकेपछि त्यसलाई सर्टिफिकेसन गर्ने मापदण्डको पनि निर्धारण गरौं भन्ने विभागको सरोकार हो, यी विषयहरू निर्धारण भइसकेपछि कार्यान्वयनमा जान्छ । त्यसमा हामीलाई सरोकार छैन, तिमीहरू जे सुकै गर भन्ने मनसायमा विभाग छैन । प्रवर्द्धनात्मक काम विभागको पनि हो ।

**सहकारी संघ संस्थाका लागि विभागले ३५ बुँदे निर्देशन जारी गरेको छ । के यो एउटा कर्मकाण्डी मात्रै हो की कार्यान्वयन पनि भएको छ ?**

विभागले निर्देशन जारी गरेको छ । यसको विषयमा भर्खर जिल्ला संघ, केन्द्रीय संघहरूमा कार्यान्वयन गर्नुपर्छ यसको सकारात्मक प्रभाव छ, राज्यले लिएको नीति हो, भन्ने विषयले महत्व पाएको देखेको छु । सहकारी संस्थालाई सहकारीका मूल्य, मान्यता र सिद्धान्तको आधारमा कार्यान्वयन गर्नका लागि यो प्रभावकारी छ भनेर धेरै ठाउँबाट सकारात्मक प्रतिक्रियाहरू पनि प्राप्त भएका छन् । साथै यसले दिएको मापदण्डको आधारमा लोन लस प्रोभिजन कति राख्ने, लिक्विडिटी कति राख्ने जस्ता विषयले संस्थाहरूलाई व्यवस्थापन गर्न सहज भएको छ । यद्यपी त्यसभित्र रहेका जस्तो राजनीतिक पदाधिकारीहरूले छोड्ने विषय केही ठाउँमा कार्यान्वयन भएको छ, केही ठाउँमा भएन भनेर गुनासो आएको अवस्थामा हामीले लेखेर पनि पठाएका छौं । तत्काल छोड्नु छोडाउनु भनेर पनि भनिराखेका छौं । सुधारका प्रक्रियाहरू क्रमिक रूपमा हुन्छन् । यो ३५ बुँदेमा भएका व्यवस्थाहरू सबैको सहमति र समन्वयमा जारी भएको हुनाले प्रभावकारी रूपमा कार्यान्वयनमा जानुपर्छ । कार्यान्वयनमा समस्या आएको छ, जटिलता सृजना गरेको छ भने त्यसको तथ्य र आधार सहित आओस्, त्यसमा विभाग त्यसलाई सुधार गर्न तयार छ तर निर्देशन प्रभावकारी रूपमा कार्यान्वयन गर्नुको विकल्प छैन ।

**विभागले सहकारीको नियमनको पाटोलाई प्रभावकारी रूपमा निभाउन सकेन भन्ने सुनिन्छ नि !**

कानुनत सहकारी ऐन २०७४ को दफा १५० बमोजिम कार्यविभाजनको हिसावले झण्डै ७९ प्रतिशत स्थानीय तहमा १९ प्रतिशत प्रदेशमा र बाँकी रहेको संघको मात्रै कार्यक्षेत्रमा पर्दछ । यतिहुँदा हुँदै पनि हामीले बार्षिक रूपमा ५० करोड भन्दा बढी पुँजी भएकाको हकमा सघन अनुगमन र १० करोड भन्दा बढी पुँजीगत दायित्व भएका सहकारी संस्थाको हकमा सम्पत्ती शुद्धीकरण गरेर करिब बार्षिक रूपमा १२५ वटा सहकारी संस्थामा नियमन गर्छौं । त्यो नियमनको आधारमा हामीले केही सहकारी संस्था समस्याग्रस्त हुँदैछन्, यिनलाई आवश्यक कारबाही गर भनेर पनि लेखेर पठाइसकेका छौं । विगतका वर्षमा रिपोर्ट नदिएका संस्थाहरूलाई पनि हामीले बोलाएर निर्देशन दिइराखेका छौं । सहकारी विभागलाई यसका मातहतका निकाय पनि नभएको अवस्थामा त्यो पहिलाको जस्तो अपेक्षा हुनु स्वभाविक हो । तर विभागले आफ्नो तरिकाले गर्छ । एकपटक संस्थाले रिपोर्ट दियो भने करिब करिब एक वर्ष लाग्छ त्यो फर्छौट गर्न । त्यो कारणले गर्दा असहज मानेको अवस्था होला । तर त्यसले सुधार पनि गरेको छ । अर्को कुरा स्थानीय तहका कर्मचारीहरूलाई

हामीले २/३ पटक प्रशिक्षण पनि दियौं । उहाँहरूलाई एउट सहकारी शाखाको अतिरिक्त अर्को शाखाको पनि जिम्मेवारी छ । खरिदार, सुब्बा तहको कर्मचारी हुनुहुन्छ, कुनै प्रविधि पनि छैन । अनुगमन संयन्त्र पनि छैन । अब ठूला ठूला संस्था स्थानीय तहमा पनि छन् । प्रदेशमा पनि छन् । त्यस्ता संस्थाहरूको वास्तवमा सहकारी ऐन २०७४ निर्माण गर्ने समयमा वित्तीय जोखिमको क्षेत्र भएकोले तत्काल अधिकार प्रत्यायोजन नगर्नुपर्थ्यो कि भन्ने पनि व्यक्तिगत रूपमा कता कता लाग्छ । त्यसरी दिँदा खेरी एक ठाउँमा समस्या सृजना भयो भने त्यसको चेन इफेक्ट्स नेपालभरी पर्छ । त्यसको दोष सिधैं संघीय सरकारमा आउँछ । त्यसमा चाँही अलिकति गल्ती भएको हो कि जस्तो लाग्छ । कानुनी व्यवस्था भइसकेपछि त्यसको पालना पनि गर्नुपर्‍यो । प्रदेशलाई पनि इम्पावर गर्ने, स्थानीय तहलाई पनि इम्पावर गर्ने, वहाँहरूलाई तालिम दिने, क्षमता विकास गर्ने काम जारी छ । तर यो पर्याप्त भने छैन । त्यो विभाग स्वीकार्न तयार छ ।

**सहकारीमा सुशासनको सवाललाई यहाँले कसरी लिनुभएको छ ?**

विभाग मुख्यत अहिले महासंघ, केन्द्रीय संघहरूलाई नै सुशासनका पहरेदार बनाउनुपर्छ भन्ने अभियानमा लागेको छ । उनीहरूले नै आफ्ना मातहतका सदस्यहरूको प्रभावकारी नियमन गर्ने, त्यसको प्रतिवेदन सहकारी विभागमा दिने, देखिएका कमी कमजोरीहरूको हकमा हातेमालो गर्दै हिड्ने त्यो कामचाँहि गर्नुपर्ने अवस्था देखिन्छ । त्यसमा कमजोरी भएको हो कि जस्तो लाग्छ । उदाहरणको लागि संघ त छन् तर अस्तित्वमै छैनन् । सूचना गर्‍यो सम्पर्कमै आउँदैनन् । अब त्यस्ता संघहरूले कसरी सुशासन गर्लान् । जहासम्म यो बचत ऋणको कारोबार गर्ने सहकारी संस्था करिब ७० प्रतिशतभन्दा बढी भएको सन्दर्भमा यसैको बढी प्राथमिकता हुने, यसैको बढी चर्चा हुने र समस्या पनि यसै ठाउँमा हुने भएकोले विभागको पनि बढी ध्यान त्यसैमा केन्द्रित छ । एका दुई जुन बदमासी गर्ने सहकारीहरूको कारणले समग्र सहकारी अभियानलाई पनि आलोचना गर्ने ठाउँ यही क्षेत्रमा छ । यद्यपी समस्या जहाँ पनि हुन्छ । समस्याको विकल्प समाधान हामीसँगै छ । त्यसलाई सुधार गर्दै जाने हो । विभाग र अभियानबीचको सम्बन्धलाई बुझ्दा अहिलेजस्तो सौहार्दपूर्ण छलफलको माध्यमबाट अगाडि बढ्ने वातावरण बनेको थिएन भन्ने नै पाएको छु । यो अत्यन्त सकारात्मक कुरा हो । विभागमा आएको करिब ४ महिनामा १२/१३ वटा संयुक्त वैठकहरू सञ्चालन भए । अभियानसँग समन्वय, सहकार्य र साझेदारी गरेर अगाडि बढ्ने काममा विभाग सदैव सकारात्मक छ । विभाग र सहकारी अभियान एउटै डुङ्गाका सहयात्री बन्न सकेमात्रै सहकारीमा सुशासन कायम हुनसक्छ भन्नेमा विश्वस्त छु ।

**अन्तमा सहकारी अभियानमा नेफस्कूनको भूमिकालाई यहाँले कस्तो पाउनुभएको छ ?**

नेफस्कून बचत तथा ऋण सम्बन्धी सहकारी संस्थाको केन्द्रीय संघ हो । लामो समयदेखि नेपालमा कार्यरत रहेको संस्था यसका जिवन्त नेतृत्वहरू पनि विभिन्न फिल्डमा कार्यरत रहनुभएको, उहाँहरूको सुझाव पृष्ठपोषण र अभियान भित्र रहनुभएका सबैका कुरा सुन्दा खेरी संघले आफ्नो गतिशिलता लिइराखेको छ ।

गतिशिलतालाई कार्यरूप दिनका लागि यसले सञ्चालन गरेका केन्द्रीय नीति, कार्यक्रमहरू राम्रा छन्, कतिपय कुराहरू सुधार गर्नुपर्ने छन् । संगठन ठूलो हुँदै जाँदा त्यहि भित्रका पनि कतिपय कुराहरू सुधार गर्नुपर्ने हुनसक्छ । संस्थागत सुशासनका कुराहरू पनि बढाउनुपर्नेछ । केही नीति निर्देशनहरू पालना गर्नुपर्ने अवस्था पनि छ । सुधारको विकल्प सुधार नै हो । संस्थाले बचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्थालाई सही ट्र्याकमा ल्याउनको लागि सकारात्मक भूमिका खेलेको छ भन्ने मैले मान्छु ।

Be READY to fight
#coronavirus
Be SUPPORTIVE Be CAREFUL Be Alert Be KIND
For the latest health advice, go to: www.who.int/COVID-19

# वित्तीय सहकारीमा जोखिम व्यवस्थापन र आन्तरिक नियन्त्रण प्रणाली





**डा. रमेश चौलागाईं**
**उप-निर्देशक, नेपाल राष्ट्र बैंक**
(नेफ्स्कूनद्वारा २०७९ जेठ २९ र ३० गते काठमाडौंमा आयोजित चौथो साकोस शिखर गोष्ठीमा लेखकद्वारा प्रस्तुत गरिएको कार्यपत्रमा आधारित ।)

**परिचय**

देशभर खासगरी ग्रामिण क्षेत्रका मानिसमा बचत गर्ने बानी बसाली यस क्षेत्रमा छरिएर रहेका स-साना बचत सङ्कलन गर्दै राष्ट्रिय पुँजी निर्माणमा सघाउ पुऱ्याउन, साना वचतमा यथोचित व्याज प्रदान गर्न, देशभर स्थानीय कच्चा पदार्थ, पुँजी र श्रममा आधारित कृषि तथा साना उद्योग स्थापना गर्न, उत्पादित बस्तु एवम् आयातित कृषि औजार तथा बस्तुको प्रभावकारी बितरण गर्न, सर्वसाधारण जनतामा वित्तीय पहुँच बिस्तारका साथै वित्तीय साक्षरता अभिवृद्धि गर्न, वित्तीय समावेशिताको समसामयिक यथोचित मात्रा र उपयुक्त दिशा तय गर्न, आधुनिक वित्तीय प्रविधि मार्फत डिजिटल वित्तीय सेवा प्रवाहीकरणमा अधिकतम् जनतालाई समावेश गर्ने काममा नेपालका सहकारीको योगदान उल्लेखनीय रहेको छ । वित्तीय कारोबार र आम मानिसको संलग्नताका दृष्टिकोणले नेपालको वित्तीय क्षेत्रको दोश्रो ठूलो सेवा प्रदायक समूह भएका कारणले सहकारी क्षेत्रमा देखा परेका र देखा पर्नसक्ने जोखिम व्यवस्थापनका साथै आन्तरिक नियन्त्रण प्रणाली सम्बधमा विश्लेषण गर्दै यस क्षेत्रको विस्तृत अध्ययन तथा नीति निर्माणमा पृष्ठपोषण गर्नु यस लेखको मूल उद्देश्य रहेको छ । यस लेखमा आधारभूत रूपले वित्तीय सहकारीहरूमा आउनसक्ने जोखिम र त्यसको यथोचित व्यवस्थापन तथा सहकारीका आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धी बिषयमा आधारित सैद्धान्तिक विश्लेषण समेटिएको छ । नेपालमा सम्बत् ५० को दशकदेखि सहकारीका संख्यामा आएको वृद्धि, वित्तीय कारोबारमा आएको विस्तार, सदस्यहरूको संख्यामा आएको व्यपकतालाई विबेकशिल नियमन र प्रभावकारी सुपरिवेक्षणका माध्यमबाट समयमै यथोचित रूपमा व्यवस्थित गर्न नसक्दा कतिपय सहकारीहरूले धेरै प्रकारका जोखिमहरूको सामना गर्नुपर्ने अवस्था श्रृजना भएको छ । आन्तरिक नियन्त्रण प्रणाली समेत कमजोर रहेकाले यी सहकारीको जोखिम व्यवस्थापनमा थप चूनौतिहरु देखा परेका छन् ।

## २. सहकारी क्षेत्रका केही समसामयिक तथ्य एवम् तथ्याङ्क

सहकारी क्षेत्र संस्थागत, सदस्यहरूको संख्या र कारोबारका आधारमा विस्तार हुँदै गएको क्षेत्र हो । नेपालको अन्तरिम संविधान, २०६३ ले सहकारी क्षेत्रलाई अर्थतन्त्रका तीनमध्ये एक आधार स्तम्भका रूपमा स्थापित गरे पश्चात नेपालको अर्थतन्त्रमा सहकारी क्षेत्रको बलियो प्रभाव, महत्व र सम्भावनालाई राजकीय र शासकीय तहबाट सहजतापूर्वक ग्रहण गर्न थालिएको हो । त्यसको निरन्तरता स्वरूप, नेपालको संविधानको धारा ५१ (घ१) मा राज्यको अर्थनीति सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता र स्वतन्त्र विकास मार्फत राष्ट्रिय अर्थतन्त्र सुदृढ गर्ने भन्ने उल्लेख गरिए पछि नेपालको अर्थतन्त्रमा सहकारीको भूमिका महत्वपूर्ण रहेको थप प्रष्ट भयो । नेपालको संविधानले सहकारीलाई संघीय, प्रादेशिक र स्थानीय सरकारको मातहतमा रहने गरी व्यवस्था गरेको छ । संविधान बमोजिम सबै तहका सरकारहरु त्यस क्षेत्रमा रहेका सहकारीका नियामक र सुपरिवेक्षक निकाय हुन् ।

नेपालमा सहकारीहरूको संख्यात्मक र कारोबारको अवस्था विस्तार हुँदै गएको छ । २०७८ फागुनमा देशभर सहकारीका सदस्यहरूको संख्या ७३ लाख नाघेको छ भने संस्थाहरूको संख्या ३०,८७९ पुगेको छ । सहकारीहरूको उपस्थिति सबै जिल्लामा रहेको छ । यस क्षेत्रले ९० हजार भन्दा बढीलाई प्रत्यक्ष रोजगारी दिएको अनुमान छ । सहकारीका प्रतिनिधिमुलक संरचनाका रूपमा एउटा राष्ट्रिय महासंघ र १७ वटा केन्द्रीय बिषयगत संघहरु स्थापना भएका छन् । सहकारीहरूले यस अवधिमा जम्मा ९४ अर्ब शेयरपुँजी र ४७८ अर्ब निक्षेप परिचालन गर्दै ४२६ अर्ब ऋण प्रवाह गरेका छन् । उल्लिखित तथ्याङ्क वमोजिम कारोबारका हिसावले सहकारी क्षेत्र देशको दोश्रो ठूलो वित्तीय कारोबार गर्ने समूहका रूपमा रहेको देख्न सकिन्छ । यद्यपी, सहकारी क्षेत्रमा अद्यावधिक र भरपर्दो तथ्याङ्कको सङ्कट भने निकै पुरानो हो । सहकारी क्षेत्रलाई प्रदेश र स्थानीय सरकारहरूका समेत मातहतमा राख्ने प्रावधानले यसै पनि कमजोर रहेको सहकारीहरूको संख्यात्मक र कारोबार सम्बन्धी तथ्याङ्क झन् अन्योलग्रस्त बनेको छ । सहकारी बिभागले तयार पारेको COPOMIS Software मा आवद्ध सहकारीहरूको संख्या उल्लेखनीय रूपमा बढ्न नसक्दा तथ्याङ्क सङ्कट समाधान हुन नसकेको हो । अझैपनि ठूला सहकारीहरूमा ५० करोड वा एक अर्बभन्दा बढी कारोबार गर्ने सहकारीको संख्या, सहकारी क्षेत्रले कूल गार्हस्थ उत्पादनमा गरेको योगदानको अनुपात, सहकारी क्षेत्रबाट प्रवाह हुने कूल ऋण प्रवाहमा ठूला १०० वा २०० जना सदस्यहरूको ऋण रकमको अनुपात, सहकारीकै संख्याको भरपर्दो तथ्याङ्क, आदि तथ्याङ्क सङ्कलन गर्ने भरपर्दो संयन्त्रको विकास भएको देखिदैन ।

## ३. वित्तीय सहकारीका जोखिमको परिचय

केही विषयगत कृयाकलाप गरिरहेका बाहेक नेपालका सहकारीहरू मूलतः बचत तथा ऋण कारोबारमा केन्द्रीत रहेका छन् । यस प्रकारले वित्तीय कारोबार गर्ने सबै प्रकारका संस्थामा जोखिमको सम्भावना बढी रहने गर्दछ । खासगरी जोखिम भन्नाले अनिश्चिततामा आधारित अवाञ्छित अवस्था हो । यद्यपी, संस्थाका काम कार्यवाही, पृष्ठभूमि, संस्थागत सुशासन, देश तथा अन्तर्राष्ट्रिय आर्थिक अवस्था र वित्तीय अनुशासनलाई दृष्टिगत गरी यस्ता संस्थामा आउनसक्ने जोखिम अनुमान भने गर्न सकिन्छ । जोखिमको अवस्थाले संस्थाको आम्दानी गुम्ने, नाफा कटौति हुने र प्रतिष्ठामा आँच आउने, वित्तीय दायित्व वहन गर्नसक्ने क्षमतामा ह्रास आउने, संस्थाको लागत बढ्न सक्ने सम्भावना रहन्छ । यद्यपी, जोखिम र नाफालाई एक सिक्काका दुई पाटा पनि मानिन्छ । अर्थात, कुनै पनि व्यवसायमा जोखिम बिना नाफाको सम्भावना न्यून रहने तर्क पनि गरिन्छ । तसर्थ, कतिपय अवस्थामा सहकारीको संस्थागत वृद्धि र सदस्यहरूको हीत जगेर्ना गर्न जोखिम लिन अर्थात व्यवस्थापन गर्न आवश्यक समेत हुने गर्दछ ।

तुलनात्मक रूपले वित्तीय कारोबार गर्ने सहकारीहरूको ऋण तथा लगानीमा जोखिमको सम्भावना बढी रहन्छ । वित्तीय सुशासन कमजोर रहेका सहकारीमा भने यस्तो जोखिमको मात्रा अझ बढी रहन्छ । यसरी देखापर्ने जोखिम न्यूनिकरणका लागि जोखिम पहिचान, जोखिमको विश्लेषण, जोखिम उपेक्षा, जोखिमको बाँडफाँड, बीमा, पोर्टफोलियो व्यवस्थापन तथा जोखिम व्यवस्थापनका अन्य उपायहरु अपनाएर जोखिम व्यवस्थापन गर्न सकिन्छ । जोखिम मुलतः आन्तरिक र बाह्य पक्षबाट श्रृजना हुने गर्दछन् । आन्तरिक जोखिम आन्तरिक श्रोत साधन र सावधानीले व्यवस्थापन गर्न सकिन्छ भने बाह्य जोखिम संस्थाको नियन्त्रण भन्दा बाहिर पनि रहन्छ ।

## ४. वित्तीय सहकारीमा देखापर्ने जोखिमका प्रकारहरु

सहकारीमा धेरै प्रकारका जोखिम देखापर्न सक्ने सम्भावना रहन्छ । यस्ता जोखिमको पहिचान, अनुमान र व्यवस्थापन गर्न आवश्यक छ । कतिपय जोखिमलाई समयमै नियन्त्रण गर्न नसके संस्थालाई यसबाट क्षति पुग्नसक्छ । वित्तीय कारोबार गर्ने सहकारीमा देहाय बमोजिमका जोखिमहरु देखापर्न सक्छन्ः

**४.१ तरलता जोखिमः** संस्थालाई कानुनले तोके बमोजिम न्यूनतम स्तरको तरल सम्पत्तीको अनुपात (मूलतः नगद) संस्था वा संस्थाको बैंक खातामा कायम राख्न नसक्ने

अवस्थालाई तरलता जोखिमका रूपमा लिने गरिन्छ । यस्तो अवस्था श्रृजना भएमा संस्थाले आफ्ना शेयर सदस्यहरूको बचत फिर्ता गर्ने लगायतका अल्पकालिन दायित्व बहन गर्न सक्दैन, सदस्यहरूको माग वमोजिमको थप ऋण लगानी गर्न सक्दैन र यसबाट संस्थाले सदस्यहरूको विश्वास गुमाउनसक्छ ।

**४.२ कर्जा जोखिमः** सहकारीका सदस्यहरूले संस्थाबाट लिएको कर्जा समयमै तोके वमोजिम चूक्ता गर्न नसक्ने अवस्था श्रृजना भएमा कर्जा जोखिम देखा परेको मानिन्छ । यसले संस्थाको आम्दानी र तरलताको अवस्थामा नकारात्मक प्रभाव पार्ने गर्दछ । सही ढंगले कर्जा प्रवाह नगरेमा वा प्रवाह गरिएको कर्जाको यथासमयमा समीक्षा र मूल्याङ्कन नगरेमा यसप्रकारको जोखिम देखा पर्नसक्छ ।

**४.३ सञ्चालन जोखिमः** सहकारी सञ्चालनमा बिभिन्न प्रकारका प्रणाली, प्रविधि तथा संयन्त्रले काम गरिरहेको हुन्छ । जस्तैः जनशक्ति, आन्तरिक नियन्त्रण प्रणाली, सूचना प्रविधि, नीति नियम, सुरक्षा व्यवस्था, आवश्यक सहायक सेवाहरू, आदि । यस्ता सबै प्रकारका संयन्त्रले कार्य गर्ने सिलसिलामा कुनै एक वा एकभन्दा बढी संयन्त्रमा आउन सक्ने बिभिन्न प्रकारका जोखिमलाई सञ्चालन जोखिम भनिन्छ । जस्तैः संस्थाको गोप्य सूचना चुहिनु, संस्थाका कर्मचारीहरूले दिनुपर्ने सेवा प्रवाह गर्न नसक्नु, आदि । यस प्रकारको जोखिमले संस्थाको उत्पादकत्व र साखमा नकारात्मक प्रभाव पार्दछ ।

**४.४ प्रतिष्ठा जोखिमः** सहकारी सञ्चालकको खराव आचरण तथा अनुशासन, सदस्यहरूको निष्कृयता, संस्थाका कर्मचारीहरूको गलत व्यवहार तथा आचरण, संस्थाको लगानी तथा खर्चको कमजोर व्यवस्थापन, आदिका कारणले संस्थाको प्रतिष्ठामा आँच आउनसक्छ । यसो भएमा संस्थाका सदस्यहरु निरास हुने र संस्थाबाट अलग हुनसक्ने अवस्था समेत आउँछ । सहकारी क्षेत्रमा देखापर्ने केही सहकारीको नाजुक अवस्थाले समग्र सहकारी क्षेत्रलाई प्रभाव पार्ने गरेका छन् ।

**४.५ व्याजदर जोखिमः** सदस्यहरूद्धारा स्थापना हुने स्वायत्त संस्था भएतापनि सहकारीहरूले वित्तीय वजारमा रहेका बैंक तथा वित्तीय संस्थाहरूसंग आन्तरिक रूपमा प्रतिस्पर्धा गरिरहेका हुन्छन् । संस्थाका कतिपय सदस्यहरु एकै समयमा बैंक तथा वित्तीय संस्थाका पनि सेवाग्राही रहने हुँदा यस्तो अवस्था स्वभाविक जस्तो पनि देखिन्छ । यस अवस्थामा प्रतिस्पर्धाका कारणले व्याजदरमा आउने गिरावटले संस्थाले आम्दानी गुमाउनुपर्ने अवस्था श्रृजना हुनसक्छ ।

**४.६ सम्पत्ती शुद्धीकरण जोखिमः** कतिपय सहकारीमा पारदर्शिता, सुशासन र वित्तीय अनुशासनको अवस्था कमजोर रहेको हुँदा अवैध श्रोतबाट प्राप्त आम्दानी, करछली, भ्रष्टाचार, सामाजिक अपराध, अपहरण तथा फिरौती, आतङ्ककारी गतिविधि आदिबाट आर्जित रकम सहकारी मार्फत शुद्धीकरण हुनसक्ने सम्भावना बढ्दै गएको छ । यसप्रकारको गतिविधिले सहकारीको ख्यातिमा नकारात्मक प्रभाव पार्नुका साथै संस्था कुनै पनि समयमा कानुनी झमेलामा समेत पर्नसक्ने सम्भावना रहन्छ ।

**४.७ डिजिटल र साईबर सेक्युरिटी जोखिमः** सहकारीहरूमा समेत वित्तीय सेवाहरूको उपलब्धता बढ्दै गएको सन्दर्भमा यससँग जोडिने डिजिटल तथा साईबर सेक्युरिटी सम्बन्धी जोखिम र अपराध बढ्दै जानसक्ने देखिएको छ । यस प्रकारको जोखिम र अपराधमा  डिजिटल माध्यमको प्रयोग गरी हुने बिभिन्न ठगी, कार्ड ह्याकिङ, डाटा चोरी जस्ता अपराधहरु पर्दछन् ।

**४.८ कानुनी तथा नियामकीय जोखिमः** संस्थामा आवश्यक कानुन, नीति नियम, संस्थाका कार्यविधि, विनियम, विनियमावली, निर्देशिका, आदिको अभावमा सहकारीमा कानुनी तथा नियामकीय जोखिम बढ्नसक्छ । यसप्रकारका अति आवश्यक कानुनी तथा नियामकीय संरचना बिना निरीक्षण तथा सुपरिवेक्षण कार्य पनि सम्भव नदेखिने हुँदा संस्थामा कानुनी तथा नियामकीय जोखिम बढ्न जाने देखिन्छ । साथै नियामकीय निकाय कमजोर भई प्रभावकारी नियमन तथा सुपरिवेक्षण कार्य हुन नसकेमा संस्थामा बिभिन्न प्रकारका चुनौति बढ्नजाने सम्भावना रहन्छ । हालको समयमा यो जोखिम अझ बढेको देख्न सकिन्छ ।

## ५) वित्तीय सहकारीमा जोखिम देखा पर्नुका केही कारणहरू

**५.१ सहकारीहरूको बढ्दो संख्याः** अध्ययन र आवश्यकतामा आधारित नभई अन्य बिभिन्न कारणले जाहाँपनि, जहिलेपनि र जतिपनि सहकारी स्थापना गर्दै जानाले अस्वस्थ प्रतिस्पर्धा निम्त्याएको र यस्ता स्थानका एक सदस्यले अनेक सहकारीको सदस्य बनी सेवा ग्रहण गरिरहेको हुँदा सदस्य सचेतना र सकृयताको सम्भावना नरहेको ।

**५.२ अपर्याप्त र असमसामयिक नीति, कानुन र नियमन व्यवस्थाः** सहकारीमा अपर्याप्त र असमसामयिक नीति, कानुन र नियमन व्यवस्थाका कारणले सहकारी सञ्चालनमा असहजता र परिपालनाको अवस्था कमजोर रहँदा संस्थामा सञ्चालन जोखिम बढ्नजाने ।

**५.३ अप्रभावकारी सुपरिवेक्षणः** सहकारी क्षेत्रमा रहेको परम्परागत र अप्रभावकारी सुपरिवेक्षणका कारणले संस्था यथासमयमै शुद्धीकरण हुने र सच्चिने सम्भावना कमजोर रहेको ।

**५.४ कमजोर सहकारी साक्षरताः** सहकारीको आधारभूत सिद्धान्त, अन्तर्राष्ट्रिय सहकारी मूल्य मान्यता, सहकारी सम्बन्धी राष्ट्रिय नीति नियम तथा कानुन, आर्थिक व्यवस्थापन, सुशासन तथा सदस्यहरुप्रतिको जिम्मेवारी सम्बन्धमा सहकारीका नियामक, सञ्चालक, नीति निर्माता, सहकारीका प्रतिनिधिमूलक संस्थाहरु, आदिमा सहकारी साक्षरताको कमी देखिएको ।

**५.५ कमजोर सहकारी सुशासनः** कतिपय सहकारीमा आर्थिक अनुशासन, पारदर्शिता, जिम्मेवारी र कानुनी शासनको अवस्था कमजोर देखिएको ।

**५.६ सदस्य सकृयता र संस्थामा सदस्यको पहूँचः** सदस्य सकृयता र संस्थामा सदस्यको सहज पहूँचको प्रत्याभूति नरहेका संस्थामा संस्थागत सुशासनको अवस्था कमजोर रहेको र सदस्य नियन्त्रणको अवस्था कमजोर हुनगई सञ्चालन जोखिम बढ्न गएको ।

**५.७ अव्यवसायी सञ्चालक र व्यवस्थापनः** सहकारीको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मूल्य मान्यताको जानकारी नभएका र सहकारीको व्यवसायिकता नबुझेका कतिपय सहकारीका सञ्चालक र व्यवस्थापकका कारणले सञ्चालन जोखिम बढ्दै गएको ।

**५.८ संस्थाको कार्यक्षेत्रभन्दा बाहिरका व्यक्तिहरू र गैरसदस्यहरूसँगको कारोबारः** कतिपय शहर र शहरमुखी स्थानमा रहेका सहकारीहरूले कार्यक्षेत्र भन्दा बाहिरका व्यक्तिहरु र गैरसदस्यहरूसँग समेत कारोबार गर्नाले संस्थामा सहकारी मूल्य मान्यताको उल्लंघन हुनुका साथै आर्थिक अनुशासनहीनता बढेको ।

**५.९ तरलताको कमजोर अवस्थाः** कतिपय सहकारीले मौजुदा कानुन वमोजिमको तरलता अनुपात कायम नगर्नाले अल्पकालिन दायित्व भुक्तानीमा चुनौति थपिएको ।

**५.१० अन्तर्राष्ट्रिय सहकारी मूल्य मान्यता पालनाको कमजोर अवस्थाः** कतिपय सहकारीहरूले सहकारीहरूसँग सम्बन्धीत अन्तर्राष्ट्रिय सहकारी मूल्य मान्यताको पालना नगर्दा पनि सहकारी क्षेत्रमा जोखिम बढेको ।

**५.११ सहकारीहरू बीचको कारोबारः** सहकारीहरु सदस्यहरूको कारोबार गर्न सदस्यहरुबाट स्थापित संस्था भएतापनि बिभिन्न बहानामा सहकारीको मर्म तथा मूल्य मान्यता उल्लंघन गरी केही सहकारीबीच संस्थागत कारोबार हुने गरेको ।

**५.१२ कर्जा प्रवाह कार्यबिधिको आभाव र कमजोर कर्जा मूल्याङ्कनः** सहकारीले सदस्यहरुबीच कर्जा प्रवाह गर्दा कतिपय सहकारीमा कर्जा कार्यबिधि तयार नपार्नुका साथै कर्जा प्रवाह गर्दा कर्जाको धितो मूल्याङ्कन सम्बन्धी तरीका प्रभावकारी रुपमा कार्यान्वयन नगर्दा कर्जा डुब्ने गरेको ।

**५.१३ विषयगत, सामूदायिक र सदस्य केन्द्रीत भन्दा वित्तीय कारोबारमा केन्द्रीतः** सहकारीमध्ये बचत तथा ऋणको कारोबार धेरैमध्ये एउटा कारोबार हो । तर नेपालमा बिषयगत कार्य गर्ने गरी स्थापना भएका अधिकांस सहकारीले बचत तथा ऋणको मात्रै र कतिपयले बचत तथा ऋणको समेत कार्य गर्ने गरेकाले सहकारी मूलतः एउटै कार्यमा सिमिति हुने गरेको । यसबाट सहकारीहरुबीच पनि अस्वस्थ प्रतिस्पर्धा बढ्न गई सञ्चालन जोखिम बढ्न गएको ।

**५.१४ प्रतिसदस्य कर्जा सीमा पालनाको उल्लंघन, सिमिति व्यक्तिमा कर्जा अधिकेन्द्रीतः** सहकारीमा वित्तीय अनुशासन कायम गर्न अति आवश्यक रहने गरेको प्रतिसदस्य कर्जा सीमा सम्बन्धी प्रावधान कतिपय सहकारीले पालना नगर्नुका साथै प्रतिव्यक्ति कर्जा सीमा समेतको पालना नहुने गरेको ।

**५.१५ आन्तरिक नीति, कार्यविधि, विनियम तथा आचार संहिताको अभावः** कतिपय सहकारीले संस्था सञ्चालनका लागि आवश्यक आन्तरिक नीति, कार्यविधि, विनियम तथा आचार संहिता तयार नपारी संस्था सञ्चालन गर्ने गरेकोले सञ्चालन जोखिम बढ्न गएको ।

**५.१६ कानुन बमोजिम साधारणसभा आयोजनाको अभावः** सहकारीलाई सहज ढंगले सञ्चालन गर्न साधारणसभाले मार्गदर्शन प्रदान गर्दछ । हरेक सहकारीको लागि साधारणसभा सर्वोच्च निकाय हो । तर कतिपय सहकारीले बार्षिक साधारणसभा गर्ने नगरेको र गरेकामध्ये पनि कतिपयले साधारणसभाको मर्म बमोजिम सभा आयोजना र सञ्चालन गर्ने नगरेको ।

**५.१७ लेखा सुपरिवेक्षण समितिको निष्कृयताः** लेखा सुपरिवेक्षण समिति संस्थाको कार्य सन्तुलनका लागि साधारण सभाबाट गठन गरिन्छ । कतिपय सहकारीमा यसरी गठन भएका समित सकृय नहुने गरेको ।

**५.१८ कानुन बमोजिमका कोष व्यवस्थापनको अभावः** सहकारीको वित्तीय स्वास्थ्य मजबुत बनाउन हरेक वर्षको नाफाबाट बिभिन्न कोषहरुमा रकम विनियोजन गर्ने कानुनी प्रावधान भएता पनि कतिपय सहकारीमा यसको व्यवस्थापन प्रभावकारी नभएको ।

**५.१९ पर्याप्त लेखा अनुसूचीहरूको अभावः** सहकारीको लागि सुशासन अत्यन्त महत्वपूर्ण बिषय हो । यसको प्रमुख अंग पारदर्शिता हो । वित्तीय विवरण तयार पार्दा सहकारीका सदस्यहरूले सरल र सहज ढंगले बुझ्ने गरी पर्याप्त लेखा अनुसूचीहरु प्रस्तुत गर्नुपर्नेमा कतिपय सहकारीहरूले यसो गरेको नपाईएको । यसबाट सहकारीमा प्रतिष्ठा जोखिम निम्तिन सक्ने देखिएको ।

**५.२० व्यापार चक्र तथा आर्थिक देशको समग्र स्थितीः** उदार प्रकृतिको अर्थतन्त्र अंगालेका मुलुकमा व्यापारचक्र र समग्र आर्थिक अवस्थामा आउने उतारचढावले सहकारीमा जोखिम ल्याउने गरेको ।

**५.२१ प्राकृतिक विपत्ती तथा महामारीः** प्राकृतिक विपत्ती र महामारीका कारण सहकारीमा बिभिन्न जोखिम उत्पन्न गरेका कतिपय उदाहरणहरु छन्, जस्तै कोभिड महामारीका कारणले देखा परेको जोखिम ।

## ६) परिपालना र जोखिममा आधारित सुपरिवेक्षण

परिपालनामा आधारित सुपरिवेक्षण कार्य नियामक निकायद्वारा जारी गरिएको नियमनको पालना भए नभएका सम्बन्धमा स्थलगत तथा गैरस्थलगत मूल्याङ्कनमा आधारित रही सम्पन्न गरिन्छ भने जोखिममा आधारित सुपरिवेक्षण मुलतः संस्थाको सम्पत्ती अर्थात कर्जा तथा लगानीमा आउनसक्ने बिभिन्न प्रकारका जोखिमको मूल्याङ्कनमा आधारित रही सम्पन्न गर्ने गरिन्छ ।

- जोखिममा आधारित सुपरिवेक्षण कर्जा तथा लगानीमा बढी केन्द्रीत हुने गर्दछ ।
- यस्तो सुपरिवेक्षण वित्तीय अध्ययन, पहिचान, विश्लेषण, स्थलगत निरीक्षण तथा वजार विश्लेषणमा आधारित हुने गर्दछ ।
- जोखिममा आधारित सुपरिवेक्षण गर्दा सम्पत्ती वा लगानीमा जोखिमको वर्गीकरण गरिन्छ । जस्तैः उच्च, मध्यम तथा न्यून ।
- जोखिममा आधारित सुपरिवेक्षण मुलतः वित्तीय आचरण, अनुशासन र संस्थागत संस्कारमा निर्भर रहने हुँदा यस प्रकारको सुपरिवेक्षण दण्ड सजायमा भन्दा बढी सुझावात्मक हुने गर्दछ ।

## ७) वित्तीय सहकारीको जोखिम न्यूनिकरणका केही उपायहरू

नेपालको संविधानको परिकल्पना कार्यान्वयन गर्ने सिलसिलामा संघीय संरचनालाई समेत आधार मानी सहकारी क्षेत्रलाई व्यवस्थित गर्न सहकारी ऐन, २०७४ र सहकारी नियमावली, २०७५, सम्पत्ती शुद्धीकरण निवारण सम्बन्धी निर्देशिका, २०७४ र सम्पत्ती शुद्धीकरण निवारण सम्बन्धी कार्यविधि, २०७५, सहकारी संस्थाहरूको लेखापरीक्षण निर्देशिका, २०७५, सहकारी लेखानीति, लेखा सूची तथा लेखा मापदण्ड, २०७६, सहकारीको सुपरिवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७७, सहकारी संघसंस्थालाई जारी गरिएको एकीकृत निर्देशन, २०७९, आदि नीतिगत तथा कानुनी प्रावधानहरु ल्याईएको छ । सबै नीतिगत तथा कानुनी प्रावधानहरूले गुणस्तरीय सहकारी क्षेत्रको स्थापना गर्न मदत गर्ने अपेक्षा गरिएको छ । सहकारीमा जोखिम न्यूनिकरणका लागि उल्लिखित सबै नीतिगत तथा कानुनी प्रावधानहरूको प्रभावकारी कार्यान्वयन गर्न आवश्यक छ । यसबाट सहकारीका धेरैजसो जोखिम व्यवस्थापन हुनसक्छन् ।

सहकारीका सम्पूर्ण कृयाकलापहरूमा नियमित निगरानी, नियन्त्रण, अनुगमन, परीक्षण आदिको आवश्यकता छ । यो काम आन्तरिक वा बाह्य वा दुवै तहबाट उत्तिकै मात्रामा हुनसक्छ । सहकारीहरु स्वनियमनमा आधारित संस्था भएका कारणले उल्लिखित कार्यहरु सहकारी आफैंले गरे अझ बेश हुन्छ । सहकारीका दैनिक आन्तरिक कृयाकलापहरूमा दोहोरो वा तेहोरो परीक्षण, मूल्याङ्कन बढाउन आवश्यक देखिएको छ । यसो हुँदा एक तहबाट हुनसक्ने त्रुटीलाई अर्को पक्षले समयमै पहिचान र नियन्त्रण गर्नसक्छ । बलियो भवन, दोहोरो साँचो प्रणालीमा आधारित ढुकुटी व्यवस्थापन, आधुनिक तथा चुस्त प्रकारको व्यवस्थापन सूचना प्रणाली, पर्याप्त र प्रभावकारी सि.सि.टि.भि. क्यामराको व्यवस्था, नगद वा सम्पत्तीको बीमा प्रवन्ध पनि जोखिम व्यवस्थापनका लागि आवश्यक छन् । त्यसैगरी संस्थामा रहेको बिभिन्न कार्यगत समितिहरु, जस्तैः सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति, कर्जा उप समिति, बिभिन्न सेलहरूको बैठक यथासमयमा बस्ने र भएका निर्णयहरु यथोचित रूपमा निर्धारित समयमा कार्यान्वयन गर्नुपर्दछ ।

सहकारी क्षेत्रको गुणस्तर वृद्धि गरी सहकारी सेवाको निरन्तरताका लागि सुशासन कायम गर्न आवश्यक छ । यसका लागि सहकारी क्षेत्र सदस्यहरूप्रति उत्तरदायी बनाउन, कानुनी शासनमा आधारित व्यवस्था कामय गर्न र सदस्यहरूलाई सहकारीका सबै पक्षको सरल र सहजतापूर्वक पारदर्शि बनाउन आवश्यक छ । सहकारी क्षेत्रको गुणस्तर बढाउन संस्थाका जोखिम व्यवस्थापन प्रणाली प्रभावकारी बनाउन आवश्यक छ ।

आतङ्ककारी गतिविधि, मानव बेचबिखन तथा तस्करी, मानव अपहरण एवं फिरौती असूलि, लागुऔषध कारोबार, अबैध हातहतियार, भ्रष्टाचार, चोरी तथा डकैती, राजस्व छली एवं

अन्य कुनै पनि प्रकारको गैरकानुनी कृयाकलापबाट प्राप्त नगद वा सून जस्ता अबैध वा गैरकानुनी सम्पत्तीलाई कानुनी रूपले बैध बनाउन बैंक तथा वित्तीय संस्था वा सहकारीको प्रयोग हुनसक्छ । सहकारी क्षेत्रमा देखा परेको कमजोर सुशासन र वित्तीय कारोबारमा रहने गरेको अपारदर्शिताले यसको सम्भावना बढाएको छ । यस सन्दर्भमा, सहकारी क्षेत्रलाई स्वच्छ, पारदर्शि र सदस्यहरूप्रति उत्तरदायि बनाउन नेपाल राष्ट्र बैंक, सहकारी तथा गरिबी निवारण मन्त्रालय र सहकारी विभागको पहलमा सम्पत्ती शुद्धीकरण निवारण सम्बन्धी सहकारी सङ्घ संस्थालाई जारी गरिएको निर्देशन, २०७४ र यस निर्देशनलाई अझ व्यवस्थित गरी कार्यान्वयन गर्न सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी सहकारी सङ्घ संस्थालाई जारी गरिएको कार्यविधि, २०७५ को प्रभावकारी कार्यान्वयन गर्न आवश्यक छ ।

सिद्धान्ततः सहकारीहरु स्वनियमनमा आधारित संस्था हुन् । सदस्यहरूद्धारा स्थापित, सञ्चालित र नियन्त्रित रहने सैद्धान्तिक आधारमा सहकारीहरूमा सदस्यहरूकै नियमन र प्रभावकारी नियन्त्रण हुन्छ भन्ने मान्यता राखिन्छ । तर, कस्ता सहकारी कस्ता ब्यक्तिहरूले कसरी सञ्चालन गर्ने भन्ने बारेमा सरकारी स्तरबाट बेलैमा नीतिगत र कानुनी व्यवस्था हुन नसक्दा, भएका कानुनी संरचनाको प्रभावकारी कार्यान्वयनमा उदासिनता देखिँदा, सहकारीका नाममा भईरहेको गैर सदस्यहरूसँगको वित्तीय कारोबारलाई सरकारले समयमै नियन्त्रण गर्न नसक्दा, संस्थाका सदस्यहरूको सहकारी ज्ञान र साक्षरताको अभावका साथै निष्कृयताका कारणले र कतिपय सहकारीकर्मीहरूको व्यवसायिकताको कमीका कारण यस्ता संस्थाहरूमा विबेकशिल नियमन र प्रभावकारी बाह्य व्यवसायिक सुपरिवेक्षणको आवश्यकता बढ्दै गएको छ । सबै सहकारीहरूलाई एकैप्रकारले लिन खोज्दा यस क्षेत्रको गुणस्तर विकासमा चुनौतिहरु देखिएका हुन् । तसर्थ, यस क्षेत्रको जोखिम न्यूनिकरणका लागि नियमन र सुपरिवेक्षणका दृष्टिकोणले सहकारीहरूको वर्गीकरण गर्न आवश्यक देखिएको छ ।

### ८) आन्तरिक नियन्त्रण प्रणाली

सहकारीमा रहेका आन्तरिक नीतिगत संरचना, काम कार्यवाही, दैनिक कारोबार, आदिको मूल्याङ्कन नियमित रूपमा गर्दै संस्थागत सुशासन कायम राख्ने प्रणालीलाई आन्तरिक नियन्त्रण प्रणाली भनिन्छ । यो प्रणाली संस्थाको कार्यक्षेत्रमा आन्तरिक रूपमा सिमित हुन्छ । आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारी अवलम्बनले संस्थामा देखापर्नसक्ने आन्तरिक जोखिमहरु न्यून हुनसक्छ । अर्थात संस्थाका विभिन्न आन्तरिक जोखिम न्यूनिकरणका लागि पनि आन्तरिक नियन्त्रण प्रणाली चुस्तदुरूस्त र प्रभावकारी बनाउन आवश्यक छ । आन्तरिक नियन्त्रण प्रणाली भनेको स्वनियमनको अभ्यास पनि हो । स्वनियमन भनेको भन्ने कुरा मात्र नभई व्यवहारमा प्रयोग गर्ने नियमित प्रणाली हो । अधिकारको आवश्यक प्रत्यायोजन, हरेक कर्मचारीको कार्यविभाजन, काम कार्यवाहीमा उचित परीक्षण तथा दोहोरो/तेहोरो संलग्नता आदि मार्फत प्रभावकारी आन्तरिक नियन्त्रण प्रणाली कायम गर्न सकिन्छ ।

आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी बनाउन सहकारी मूल्य, मान्यता एवम् सिद्धान्तको पालना, संस्थामा आन्तरिक नीति, नियम, कार्यविधि, मार्गदर्शन आदि तयार पार्नु आवश्यक छ । आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउन सहकारी ऐन, २०७४ र सहकारी नियमावली, २०७५, सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी निर्देशिका, २०७४ र सम्पत्ती शुद्धीकरण निवारण सम्बन्धी कार्यविधि, २०७५, सहकारी संस्थाहरूको लेखापरीक्षण निर्देशिका, २०७५, सहकारी लेखानीति, लेखा सूची तथा लेखा मापदण्ड, २०७६, सहकारीको सुपरिवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७७, सहकारी संघसंस्थालाई जारी गरिएको एकीकृत निर्देशन, २०७९, प्रत्येक सहकारीका विनियम, आदि नीतिगत तथा कानुनी प्रावधानहरूको अहम् भूमिका रहन्छ ।

### ९) वित्तीय सहकारीमा आन्तरिक नियन्त्रण प्रणालीका संरचना तथा औजारहरू

नेपालका सहकारीहरूमा आन्तरिक नियन्त्रण प्रणालीका विद्यमान संरचना तथा औजारहरु देहाय वमोजिम रहेका छन्ः

**९.१ साधारणसभाः** यो सभा हरेक संस्थामा प्रत्येक आर्थिक वर्षमा संस्थाको विगत वर्षको समीक्षा र आगामी वर्षको योजना बनाउनुका साथै सञ्चालक तथा लेखा सुपरिवेक्षण समितिको निर्वाचन सम्पन्न गर्ने गरी बस्नुपर्दछ । यसरी गठन हुने उल्लिखित दुवै समिति साधारणसभा अर्थात संस्थाका सदस्यहरूप्रति उत्तरदायी रहने गर्दछ । सञ्चालक समितिले संस्थाका नियमित र दैनिक काम कार्यवाहीको निर्णय गरी व्यवस्थापनलाई निर्देशन तथा मार्गदर्शन गर्दछ भने लेखा सुपरिवेक्षण समितिले सञ्चालक समितिले गर्ने निर्णय, यसको कार्यान्वयन र त्यसले संस्थामा पार्ने प्रभावको परीक्षण तथा मूल्याङ्कन गर्दछ । दुवै समितिको बैठक तोके वमोजिम बस्नुपर्दछ र वार्षिक प्रतिवेदन साधारणसभामा पेश गर्नुपर्दछ । यी दुबै समितिले एकार्कामा शक्ति सन्तुलनको काम गरिरहेको हुन्छ ।

**९.२ आन्तरिक लेखापरीक्षणः** सहकारीमा लेखा सुपरिवेक्षण समितिले नै आन्तरिक लेखापरीक्षणको भूमिका खेल्न पनि

सक्दछ भने अलि ठूला संस्थामा आन्तरिक लेखापरीक्षणका लागि आवश्यक बाह्य विज्ञ व्यवस्थापन पनि गर्दछ ।

**९.३ ऋण उपसमितिः** यो उपसमिति सञ्चालक समितिले गठन गर्न सक्दछ । संस्थाबाट प्रवाह हुने ऋण व्यवस्थापन प्रभावकारी बनाउन सञ्चालक र व्यवस्थापनका कर्मचारीहरु सम्मिलित यो उप समितिले ऋण प्रवाहका लागि प्रकृया निर्धारण गर्ने, यसका लागि आवश्यक धितो मूल्याङ्कनको प्रवन्ध मिलाउने, आदि काम गर्दछ । सञ्चालक समितिले सहकारीलाई सदस्यहरुमाफ प्रभावकारी रुपले पुऱ्याउन तथा सदस्यमुखि सामाजिक कार्यहरु समेत सञ्चालन गर्न शिक्षा, महिला, उद्यमशिलता, युवा, सामाजिक परिचालन तथा अन्य उपसमितिहरु पनि गठन गर्नसक्छ ।

**९.४ सामुहिक जिम्मेवारी प्रणालीः** संस्थाका सबैजसो काम कार्यवाहीलाई दोहोरो परीक्षण सहित सम्पन्न गर्न एकभन्दा बढी कर्मचारीहरुको संयुक्त जिम्मेवारी संयन्त्र तथा प्रणालीको विकास गर्न आवश्यक छ । यसो हुँदा गल्ति, त्रुटी, भुल, अपचलन, ठगी, भ्रष्टाचार आदि हुने सम्भावना कम हुने गर्दछ । जस्तैः सामुहिक निर्णय प्रणाली, संयुक्त जिम्मेवारीको बाँडफाँड, आदि । साथै, हरेक कारोबारको नियमित परीक्षण समेत हुन आवश्यक छ ।

**९.५ जिम्मेवारीको बाँडफाँडः** संस्थाका सबै कर्मचारीको काम कर्तव्य र अधिकारको बाँडफाँड दोहोरो नपर्नेगरी, प्रष्टसँग र समय तालिका सहित लिखित रुपमा हुन आवश्यक छ । तोकिएको जिम्मेवारी पूरा नगरेमा हुनसक्ने कारवाही र माथिल्लो तथा तल्लो तहको किटानी पनि हुन आवश्यक छ ।

९.६ वित्तीय कारोबार गर्ने सहकारीहरुमा PEARLS औजारको उपयोग गरी नियमित रुपमा संस्थाको वित्तीय स्वास्थ्य परीक्षण गर्न सकिन्छ । यसको जिम्मेवारी नीतिगत रुपमा सञ्चालक समितिको हो भने व्यवस्थापकीय रुपमा कार्यकारी प्रमुखको हो । यसका लागि तोकिए वमोजिमको वित्तीय मापदण्डको पालना हुन आवश्यक छ । PEARLS monitoring system भन्नाले (P=protection, E=effective financial structure, A=asset quality, R=rate of return, L=liquidity, S=sign of growth) बुझिन्छ । यो प्रणालीमा उल्लिखित परिसूचकहरुको उपयोग गरी संस्थाको वित्तीय अवस्थाको जानकारी लिन र आवश्यकता अनुसार कमजोर पक्षको सुधार समयमै यथोचित तरीकाले गर्न सकिन्छ ।

## १०) अन्त्यमा

नेपालमा सहकारीको संख्या र कारोबारमा वृद्धि भईरहेको छ । यसले सहकारीले वित्तीय पहूँच, साक्षरता हुँदै समग्र वित्तीय समावेशितामा सकारात्मक प्रभाव परेको छ । ग्रामिण क्षेत्र र बैंक तथा वित्तीय संस्थाहरुले सेवा विस्तार गर्न नसकेका स्थानहरुमा सहकारीहरुले सेवा पुऱ्याईरहेका छन् । पछिल्लो समयमा कतिपय सहकारीहरुले डिजिटल वित्तीय सेवा प्रवाहमा समेत उल्लेखनिय योगदान गरिरहेका छन् । बढ्दै गएको सहकारीको संख्या र कारोबारसँगै विवेकशिल नियमन र प्रभावकारी सुपरिवेक्षणको अभावका कारणले नेपालको सहकारी क्षेत्रमा विभिन्न प्रकारका जोखिम समेत बढ्दै गएको छ । यद्यपी, कुनै पनि प्रकारका जोखिम रहित वित्तीय कारोबार एक आदर्श कल्पना मात्रै हो । तथापी, सहकारीहरु जोखिमबिनाको कारोबारको तयारीतर्फ नभई जोखिम व्यवस्थापन र न्यूनिकरणको लागि उपयुक्त तरीका अपनाउनेतर्फ लाग्नुपर्दछ । यसका लागि संस्थाको सवल तथा दुर्वल पक्षका साथै अवसर तथा चुनौतिहरुको नियमित समीक्षा र मूल्याङ्कन गरिरहनु पर्दछ ।

जोखिम व्यवस्थापन एक निरन्तर प्रकृया हो । जोखिमलाई यसमा निहित गुरूत्वका आधारमा यसको वेवास्ता गर्ने, जोखिम विभाजन गर्ने तथा यसलाई व्यवस्थापन गर्ने उपाय अवलम्बन गर्नु आवश्यक छ । सहकारी क्षेत्रको अधिकांश जोखिम चाहिँ समयमै यसको सुपरिवेक्षण हुन नसक्दा देखा परेको पाईन्छ । नियमित र प्रभावकारी सुपरिवेक्षण र यसको नियमित पालनाले धेरै जोखिम कम हुनजाने देखिन्छ । स्वस्थ, नियमित र प्रभावकारी आन्तरिक नियन्त्रण प्रणालीको अवलम्बन गर्दा पनि सहकारीका धेरै जोखिम कम हुन्छन् । आन्तरिक नियन्त्रण एक स्वनियमनमा आधारित प्रणाली पनि हो जुन कुरा सबैजसो संस्था र व्यक्ति स्वयंका लागि पनि आवश्यक छ । नेपालको सहकारी क्षेत्रमा देखा परेका बाह्य जोखिम व्यवस्थापनका जिम्मेवार पक्षहरुमा सहकारीका छाता संगठनहरु, नेपालका संघीय, प्रादेशिक तथा स्थानीय सरकार र नेपाल राष्ट्र बैंक हुन् । आन्तरिक रुपमा भने संस्था स्वयं यसको जिम्मेवार हो ।


* यस लेखमा प्रस्तुत विचार तथा विश्लेषण लेखकका निजी विचारमा आधारित छन् । यसले लेखक कार्यरत संस्थाको प्रतिनिधित्व गर्दैन ।

(नेफ्स्कूनद्वारा २०७९ जेठ २९ र ३० गते काठमाडौंमा आयोजित चौथो साकोस शिखर गोष्ठीमा कार्यपत्र प्रस्तुत गर्ने अवसर प्रदान गर्ने नेफ्स्कूनप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु । -लेखक)



# सहकारीमा 4D र हाम्रो अवस्था

**डा. भोज राज घिमिरे**
प्रमुख कार्यकारी अधिकृत, नियोसिस टेक्नोलोजी प्रा. लि.




प्रविधिको यस युगमा सहकारी क्षेत्रका अभियन्ताहरु सिद्धान्त तथा व्यवहारमा नै अबको सहकारीमा "नीति, विधि र प्रविधिमा एकरूपता" आवश्यक रहेको ठान्छन् त्यसो त सूचना तथा प्रविधिको विश्वव्यापी गुणात्मक विकास र प्रयोग भईरहेको यस परिप्रेक्षमा नेपाल अछुतो रहने कुरै भएन, देशको जनसंख्याको आधारमा १३५% को हातमा मोबाइल (सिम बिक्रीको आधार ) र करिब ६५% मा इन्टरनेट तथा इमेलको पहुँच रहेको तथ्यांकले देखाउँछ । २०२८ सालको जनगणनामा IBM १४०१ प्रयोग गरेर औपचारिक रूपमा नेपाली सरकारी काम कार्यवाहीमा कम्प्युटरको सदुपयोगको सुरूवात पश्चात शिक्षा, स्वास्थ्य, सूचना, प्रविधि, कृषि, व्यापार तथा व्यवसाय, अध्ययन– अध्ययापन, उद्योग तथा कल कारखाना, बैंकिङ तथा वित्तीय सेवा लगायत सम्पूर्ण पक्षमा यसको प्रयोग व्यापक रूपमा भई आएको विधितै छ ।

कम्प्युटरको प्रयोगले कुनै पनि क्षेत्रको कार्य क्षमता र कार्य कौशलतामा वृद्धि मात्र नगरी छिटो, छरितो, झन्झट रहित र सहि ढंगले समस्याको समाधान गर्न मद्दत पुऱ्याउँछ । चालु दशकमा प्रविधिलाई विद्युतीय रूपान्तरणको सेतुको रूपमा ब्याख्या गरिएको छ । कुनै पनि क्षेत्रको आम रूपमा परिवर्तन हुनको लागि डिजिटाईजेशन (D), डिजिटलाईजेशन (D), डिजिटल ट्रान्सफरमेशन (D) र डिजिटल इन्क्लुजन (D) गरि ४ वटा D को चक्र हुनु आवश्यक छ । सहकारीको परिप्रेक्षमा यी ४ D के हुन् र हाम्रो आवस्था के छ भन्ने संक्षिप्त चर्चा गरिएको छ ।

## डिजिटाईजेशन (पहिलो D)

कागजी रूपमा कलमले लेखेर ढड्डामा राखिएको कारोबारको लागतलाई विद्युतीय मध्यममा परिवर्तन गर्नु भनेको डिजिटाईजेशन गर्नु हो । शेयरको निवेदन, नागरिकताको प्रमाणपत्र, लाल पुर्जा, घरको नक्सा, शेयर प्रमाणपत्र, ऋणको तमसुक, पास बुकको विवरण, शेयर कारोबारको विवरण इत्यादिको क्यामेरा वा स्क्यानर प्रयोग गरि विद्युतीय माध्यममा परिवर्तन गरि यस्तो विवरणलाई कम्प्युटरमा सुरक्षित गरि भण्डारण गर्ने व्यवस्था गर्न सकेमा कागज पत्र मक्किने, च्यात्तिने, अक्षर उड्ने, जलेर नष्ट हुने जस्ता जोखिम नहुनुका साथ साथै आवश्यक परेको बेलामा सहजै खोज्न समेत सकिन्छ । तर प्रविधि सम्बन्धी अभिमुखीकरणको कमी, आवश्यक मानव श्रोत तथा उपकरणको खाँचो, लगानीको प्रतिफलको अनिश्चितता लगायत कारणले सयौं सहकारीका कारोबार हाल पनि झोला र कन्तुरमा केहि दर्जन खाता पातामा थन्किन विवस छन् ।

## डिजिटलाईजेशन (दोश्रो D)

कागजी प्रक्रियालाई कम्प्युटर सफ्टवेयरमार्फत सम्पन्न गर्ने गरि प्रक्रिया पुनर्संरचना (Process Reengineering) गर्ने र यी प्रक्रियाहरूलाई हदै सम्म समेट्ने गरि सफ्टवेयरको विकास गरि सोहि मार्फत सञ्चालन गरि यथा सम्भव स्वचालित (Automation) गर्नु भनेको डिजिटलाईजेशन हो । धेरै सदस्य भएका वा सहर केन्द्रित सहकारीहरूले आफ्ना सहकारीको सीमित सेवाहरूको अभिलेख मात्र स्थापना गर्न सकेका छन् । हाल धेरै जसो संस्थाले बचत जम्मा, ऋण प्रवाह, आम्दानी, खर्च, सम्पत्ति, दायित्व लगायतका अभिलेखहरूलाई डिजिटलाईज गर्न सकेका छन् । अझै पनि ९५% भन्दा बढी सदस्य आफै सहकारी पुगेर फारम भरेर/ भराएर सदस्यता लिने गरेका छन् । साना साना विश्वासका भरमा हुने बाहेक १००% ऋण प्रवाह भौतिक रूपमै मात्र भएका छन् । नेपाली कागजमा लेखेर / टाइप गरेर ऋण तमसुक बनाइन्छ । सञ्चालनका प्रक्रियाहरू र कारोबारका प्रक्रियाहरू सबै सफ्टवयेर भन्दा बाहिर हुने गर्छन । एकै संस्थामा पनि बैंकिङ कारोबारको लागि एउटा, जिन्सी व्यवस्थापनको लागि अर्को, विभागमा रिपोर्ट गर्नको लागि अर्को, सम्पत्ती शुद्धीकरण सम्बन्धी प्रतिवेदनको लागि फेरी अर्को गरि फरक प्रयोजनको लागि फरक फरक सफ्टवयेर प्रयोग भईरहेको देखिन्छ । प्रयोग भईरहेको सफ्टवयेर पनि आफैमा पूर्ण नभएका, कुनैले नेपाली सपोर्ट नगर्ने, आवश्यक प्रतिवेदन नदिने, दिनेले पनि आधा अधुरो दिने जस्ता कारणले सफ्टवयेर प्रयोग गर्ने संस्थाले पनि चाहिएको प्रतिवेदन तयार गर्न थप जनशक्ति प्रयोग गर्नु परेको छ । अर्को तिर एकै संस्थाका तथ्याङ्कहरू एक अर्का सँग अन्तर सम्बन्ध राख्नुको साटो डिजिटल टापु बनेर सम्पर्क बिच्छेद गरि बसेका हुन्छन । यस्तो प्रकारको अटोमेशन एक तह सम्म त अवश्य सहयोग गर्दछन् तर कुनै एक बिन्दुमा पुगे पछि थप प्रभावकारी हुदैनन् र तथ्याङ्कको डङ्गुर मात्र बन्दै जान्छ । त्यसबाट विशेष किसिमको ज्ञान प्राप्त गर्न सकिन्न । आफ्नै तथ्याङ्कले थिचेर आफै अपाहिज मात्र बन्छन र अन्त्यमा त्यस्तो सफ्टवयेर कारोबार अभिलेखीकरण गर्ने कार्य मात्रमा सिमित हुन्छन ।

## डिजिटल ट्रान्सफरमेशन (तेश्रो D)

सूचना प्रविधिको प्रयोग गर्दै मानिसहरूको कार्य सञ्चालन गर्ने परम्परागत शैलीमा परिवर्तन गरेर कारोबार तथा व्यवसायको नयाँ आयाम पत्ता लगाई आम रूपमा परिवर्तन गरि नयाँ चरणमा प्रवेश गर्ने, सेवा ग्राहीको हित, सहजता र खुसिलाई केन्द्रमा राखेर नविनतम सोचहरूलाई कारोबारमा सामेल गर्ने प्रक्रिया नै डिजिटल ट्रान्स्फरमेशन हो । हुलाकबाट चलचित्रका DVD ग्राहककोमा पुऱ्याएर भाडा असुली गरि आफ्नो व्यवसाय शुरू गर्ने गरेको Netflix ले इन्टरनेटको मध्यम प्रयोग गरि Subscription को आधारमा हात हातमा र एक क्लिकमा सोहि व्यापार आज लाखौं ग्राहक समक्ष अझ बढी व्यवस्थित, कम खर्च र बढी मुनाफा हुने गरि गरिरहेको छ । यो डिजिटल ट्रान्स्फरमेशनको एक उत्कृष्ट उदाहरण हो । कोभिड १९ का कारणले नेपालको डिजिटल कारोबार शैलीमा ल्याएको एक रूपान्तरणलाई नगन्ने भो भने सहकारी क्षेत्रमा थप केही विद्युत्तीय रूपान्तरण देखिदैन । सबै संस्थाहरूले बचत र ऋण बिचको भिन्नतालाई नै केन्द्रमा राखेर कारोबार गरिरहेका छन् । मोबाइल बैंकिङ मार्फत केहि तेश्रो पक्ष सेवा (Third Party Service) अन्तर्गत सबै जसोले दिएका मोबाइल टप अप, बैंक ट्रान्सफर, डिजिटल वालेट, बिजुली को पैसा, फोन को पैसा तिर्ने जस्ता सीमित र एकै किसिमका सेवाहरू दिएइरहेका छन् । त्यसभन्दा पर कसैले सोच्न सकेको देखिदैन । एक साकोसको तथ्याङ्क अर्को साकोस सम्म पुऱ्याउने, केन्द्रिकृत सदस्य प्रोफाइल, ऋण सूचना आदान प्रदान, स्थानीय नगद चक्रलाई सहकारीको मूल कारोबारमा आकर्षित गर्ने, अन्तर सहकारी कारोबार जस्ता प्रशस्त सम्भावनाहरूको तार्किक खोजि नगरी सीमित कारोबारको दायरामा सहकारीहरू निश्चित एक तह भन्दा माथि जान नसक्ने कुरा विभिन्न अन्तरर्राष्ट्रिय अध्ययन र अनुभवले देखाएको छ ।

## डिजिटल इन्क्लुजन (चौथो D)

एक वा अर्को कारणले विद्युत्तीय प्रविधिमा समावेशी पहुँच हुन सकेको छैन । सर्वप्रथम त Accessibility, Affordability and Assurance of Quality of Service (3A) अर्थात्

पहुँच, शुलभता र गुणस्तर सहितको इन्टरनेट सेवा प्रदान देशको प्रमुख चुनौती नै हो । त्यस माथि प्रविधिमा लाग्ने लागत, प्रविधि सम्बन्धी अभिमुखीकरण, प्रविधि सञ्चालनका लागि दक्ष जनशक्ति र प्रविधिको प्रयोगले आफ्नो कारोबार तथा संस्थागत आर्थिक विकासमा ल्याउन सक्ने परिवर्तन सम्बन्धी आवश्यक शिक्षणको अभाव अर्को ठुलो चुनौति रहेको छ । यी लगायत विविध कारणले गर्दा आज पनि धेरै सहकारी संस्थाहरू विद्युतीय प्रणाली भन्दा बाहिर छन् । सफ्टवयेर सेवा प्रदायक कम्पनीहरू नाफामुलक उद्देश्यले प्रेरित हुँदा ग्रामिण भेगका न्यून सदस्यहरू रहेका ठूलो संख्यामा संस्थाहरू अझै कागजी तौर तरिका बाट चलिरहेका छन् । सिद्धान्तत ३० न्युनतम सदस्य राखी खुल्ने एक साकोसले उचित मुल्यमा विद्युतीय कारोबार गर्न मिल्ने गरि सफ्टवयेरमा आबद्ध हुन पाउनु पर्छ ।

4D चार चरण मात्र नभएर यो एक चक्र पनि हो । त्यसैले यो एक चलायमान प्रक्रिया हो । यसको अर्थ कुनै पनि चरणमा पूर्णता पाउने कुरा सम्भव नहोला । तर हाम्रा संस्थामा रहेका विभिन्न प्रकारका कार्य प्रक्रिया मध्ये बढी महत्वपूर्ण र क्रिटिकल प्रक्रिया बाट शुरू गरि क्रमश विस्तारै सबै प्रक्रियालाई 4D को चक्र मा दौडाउने र नव प्रवर्तन गर्दै जाने एक मात्र गुरू मन्त्र हो । सहकारीका विश्वव्यापी गुरूहरूले भन्ने गरेको नीति, विधि र प्रविधिमा एकरूपता ल्याउन को लागि साझा प्लेटफर्म सहितको साझा सफ्टवयेरको विकल्प छैन ।

# सहकारीका मूल्य मान्यतालाई आत्मसाथ गर्दै अगाडि बढ्नुपर्छः काशिराज दाहाल




जनकपुर । नेपाल सरकार, भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय अन्तर्गत, समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको आयोजनामा मधेश प्रदेशस्थित जनकपुरधाममा सहकारी सुशासन, प्रवर्द्धन र व्यवस्थापन विषयक प्रदेशस्तरीय अन्तरक्रिया विहिबार सम्पन्न भएको छ । समस्याग्रस्त सहकारी व्यवस्थापन समितिका अध्यक्ष काशिराज दाहालको अध्यक्षतामा आयोजित कार्यक्रममा मधेश प्रदेशका प्रमुख सचिव कृष्णबहादुर राउत, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयका सचिव डा. नम्रता सिंह, जनकपुरधाम उपमहानगरपालिकाका उपप्रमुख किशोरी साह, नेफ्स्कूनका निवर्तमान अध्यक्ष एवम् समस्याग्रस्त सहकारी व्यवस्थापन समितिका सदस्य डी.बी. बस्नेत, नेफ्स्कूनका सञ्चालक सदस्य हरेराम प्रसाद, स्थानीय सहकारी प्रतिनिधिहरू लगायतको उपस्थिति रहेको थियो ।

समितिका अध्यक्ष काशिराज दाहालले सहकारीमा फैलिएको विकृतिलाई न्यूनीकरण गर्दै सहकारीको मूल्य मान्यतालाई आत्मसाथ गर्दै सहकारीलाई अगाडि बढाउनेतर्फ जोड दिनुभएको थियो ।

कार्यक्रम मार्फत समितिले नेपालको संविधान र प्रचलित कानुनबमोजिम पारस्परिक सहयोग, समन्वय र सहकार्यको भावना अनुरूप सहभागीहरूको आपसी सहमतिमा १० बुँदे प्रतिवद्धतापत्र जारी गरी कार्यान्वयनको प्रतिबद्धता समेत गरेको थियो ।

कार्यक्रममा प्रदेशका प्रमुख सचिव कृष्णबहादुर राउतले देशको अर्थतन्त्रको मुख्य तीनवटा खम्बामध्ये एक सहकारी रहेकोले देशको तीनवटै खम्बामध्ये एउटा पनि कमजोर भयो भने देशको अर्थतन्त्र कमजोर हुनेहुँदा सहकारी क्षेत्रलाई सबल बनाउनुपर्नेमा जोड दिनुभएको थियो ।

जनकपुरधाम उपमहानगरपालिकाका उपप्रमुख किशोरी साहले सहकारी निम्न वर्गीय जनताका लागि जीवन उकास्ने आधार रहेकोले ऐन नियममा भएका कमी कमजोरीलाई सुधार गर्दै सहकारीलाई सबल बनाउनुपर्ने बताउनुभयो । मधेश प्रदेश भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयकी सचिव डा. नम्रता सिंहले मधेशका सहकारी संस्थाहरूको अवस्था र चुनौति विषयक प्रस्तुतीकरण गर्नुभएको थियो ।

मधेशका विभिन्न स्थानीय तहका सहकारी संस्था तथा सहकारी सम्बद्ध निकायका प्रतिनिधित्व गर्दै सहभागी हुनुभएका प्रतिनिधिहरूले सहकारीका समस्याहरूबारे जिज्ञासा राख्नुभएको थियो भने समस्याग्रस्त सहकारी व्यवस्थापन समितिका पदाधिकारी तथा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका सहकारी विभागका प्रतिनिधिले समस्या समाधानका उपायहरू सम्बन्धमा सुझाव प्रस्तुत गर्नुभएको थियो ।

# सहकारी क्षेत्रमा लघुवित्त कार्यक्रम



**उमा जोशी बोहरा**
**पूर्व उप-निर्देशक**
**नेपाल राष्ट्र बैंक**

२०४६ सालको राजनैतिक परिवर्तन पश्चात ६ दशक लामो सहकारी अभियानमा सहकारी संस्थाहरू खुल्ने क्रम बढ्न थाल्यो । यस अभियानमा मुलुकमा ३५ हजार भन्दा बढी सहकारी संस्थाहरू सञ्चालनमा आए । संस्थाहरूबिच भएको एकीकरण र खारेजीले सहकारी संस्थाको संख्यामा कमी आई हाल करिब ३१ हजारको संख्या कायम भएको छ । यसरी सञ्चालनमा आएका सहकारी संस्थाहरू मध्ये बचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्थाको संख्या करिब आधा रहेको छ । आफ्ना शेयर सदस्य बिच वित्तीय कारोबार गर्ने बचत तथा ऋण सहकारी संस्था र बहुउद्देश्यीय सहकारी संस्थाले शेयर सदस्यहरूलाई वित्तीय पहुँचको माध्यमबाट विभिन्न उत्पादनमुलक कार्यमा संलग्न गराउँदै आएका छन् । यसले प्रत्यक्ष रूपमा सदस्यको आय र रोजगारी बढाउने हुनाले राष्ट्रिय अर्थतन्त्रलाई बलियो बनाउन सहयोग पुग्दछ । यसरी समाजका सम्पन्न, शिक्षित, विपन्न र न्यून आय भएका सबै वर्गलाई वित्तीय सहकारी संस्थाले आफुसँग आवद्ध गरी उनीहरूको आवश्यकता र क्षमता अनुसार बचत संकलन गर्ने, कर्जा प्रदान गर्ने, सीपमुलक तालिम तथा अवलोकन भ्रमण जस्ता प्रोत्साहन प्रदान गर्ने कार्यक्रमहरू सञ्चालन गर्दै आएका छन् ।

प्राप्त तथ्याङ्क अनुसार सहकारी क्षेत्रले समट्दै आएको शेयरसदस्यको अंश उल्लेख्य (कुल जनसंख्याको करिब २८ प्रतिशत) रहेकाले वित्तीय पहुँच बृद्धिकालागि सहकारी संस्थाको भुमिका महत्वपूर्ण रहेको छ । यस क्षेत्रलाई व्यवस्थित बनाउने उद्देश्यले नियामकीय प्रावधानहरूको अनुपालना गराउने तर्फ नियामकीय निकाय सक्रिय रहेको देखिन्छ । सहकारी विभागको सक्रियतामा सन्दर्भ ब्याजदर र सेवा शुल्क निर्धारण गरी लागु भएको र सहकारी तथा गरिबी सम्वन्धी व्यवस्थापन सूचना प्रणाली (CoPoMIS) को सशर्त प्रभावकारी कार्यान्वयन गर्ने निर्देशनले सहकारी क्षेत्र व्यवस्थित बन्ने देखिन्छ । यसरी कार्यान्वयनमा ल्याईएका नीतिगत व्यवस्थाले यस क्षेत्रमा संस्थागत सुशासन कायम गर्न मद्दत पुग्नुको साथै सहकारी क्षेत्रसँग सम्बन्धित तथ्याङ्क उपलब्ध हुने भएकाले सेवाग्राही र सरोकारवालालाई यस क्षेत्रको वास्तविक अवस्थाको वारेमा जानकारी प्राप्त हुन सहज हुने देखिन्छ । वित्तीय सहकारी संस्थाले आफ्ना शेयर सदस्यहरूलाई आवश्यकता अनुसार वित्तीय सेवा प्रवाह गर्नुको साथै विपन्न र न्यून आय भएका शेयरसदस्यलाई लघुवित्तीय सेवा पनि प्रवाह गर्दै आएका छन् । यस लेखमा वित्तीय सहकारी संस्थाले लक्षित वर्ग अन्तर्गत रहेका शेयरसदस्यलाई प्रवाह गर्दै आएको लघुवित्तीय सेवाको वारेमा चर्चा गर्ने प्रयास गरिएको छ ।

### लघुवित्त कार्यक्रमको शुरुवात

वित्तीय सहकारी संस्थाले वित्तीय पहुँचबाट विमुख रहेका सिमान्तकृत, गरिब, न्यून आय र विपन्न वर्गका आफ्ना शेयरसदस्य विशेषगरी महिला वर्गलाई समुहमा आवद्ध गरी लघुवित्तीय सेवा प्रवाह गर्दै आएका छन् । यी सहकारी संस्थाले परम्परागत ग्रामीण ढाँचामा लघुवित्त कार्यक्रम सञ्चालन गर्ने भएकाले लक्षित वर्गलाई वित्तीय दृष्टिकोणले साक्षर बनाई लघुवित्तीय सेवा प्रवाह गर्दै आएको पाइन्छ । यसरी लघुवित्तीय सेवाको माध्यमबाट विशेषगरी ग्रामीण क्षेत्रका लक्षित वर्गलाई उत्पादन, रोजगारी र आयमुलक कार्यमा संलग्न गराउन सकिने भएकाले यस्ता कार्यले ग्रामीण अर्थतन्त्रलाई अर्थतन्त्रको मुलधारमा जोड्न सकिन्छ । यसरी लघुवित्त कार्यक्रमले एकातिर लक्षित वर्गको आर्थिक सामाजिक अवस्थामा सुधार आउनुको साथै अर्कोतिर गरिबी निवारणमा सहयोग पुग्ने देखिन्छ ।

लघुवित्त कार्यक्रमको थालनी केही अग्रणी वित्तीय सहकारी संस्थाबाट भएको पाइन्छ । सहारा बचत तथा ऋण सहकारी संस्था, झापा, बिन्धबासिनी बचत तथा ऋण सहकारी संस्था, काभ्रेपलाञ्चोक, नवप्रतिभा बचत तथा ऋण सहकारी संस्था, नवलपुर लगायतका सहकारी संस्थाले वि.सं. २०५८ देखि परम्परागत ढाँचामा लघुवित्त कार्यक्रम शुरू गरेका हुन् । यसै क्रममा एशियाली ऋण महासंघ बैंकक र एग्रिटेरा नेदरल्याण्डको सहयोगमा मुलुकका बचत तथा ऋण सहकारी संस्थाले लघुवित्त कार्यक्रमलाई निरन्तरता दिँदै आएको

देखिन्छ । उल्लिखित सहयोग कार्यक्रमबाट १० वर्षको अवधिमा ४६ जिल्लाका ५०० भन्दा बढी सहकारी संस्थाले लघुवित्त कार्यक्रम सञ्चालन गरी सेवाग्राहीलाई लाभान्वित हुने अवसर प्रदान गरेका थिए । समय क्रमसँगै यस कार्यक्रमलाई अभियानकै रूपमा अगाडि बढाउँदै आएकाले लघुवित्त कार्यक्रम सञ्चालन गर्ने सहकारी संस्था र यस कार्यक्रमबाट लाभान्वित हुने लक्षित वर्गको संख्या दिनानुदिन बृद्धि भैरहेको देखिन्छ । यस क्षेत्रका जानकारका अनुसार मुलुकमा रहेका बचत तथा ऋण सहकारी संस्था र बहुउद्देश्यीय सहकारी संस्थाहरू मध्ये १२ देखि १५ प्रतिशतले लघुवित्त मोडलमा कारोबार गर्दै आइरहेको अनुमान गरिएको पाइन्छ ।

### नीतिगत व्यवस्था

वि.सं. २०१३ सालमा १३ वटा सहकारी संस्था स्थापना भएपश्चात नेपालमा आधुनिक सहकारीको अभियान शुरू भएको हो । सहकारी संस्थालाई व्यवस्थित गर्ने उद्देश्यले वि.सं. २०१६ को सहकारी समाज ऐन, २०१६ नै यस क्षेत्रको पहिलो ऐन हो । त्यसपछि २०४१ सालमा साझा समाज ऐन, २०४१ ले अघिल्लो ऐनलाई प्रतिस्थापन गऱ्यो । वि.सं. २०४६ पछि बनेको सहकारी ऐन, २०४८ लाई सहकारी क्षेत्रमा निकै उत्कृष्ट ऐन मानिन्छ त्यसपछि सहकारी क्षेत्रको नियामक निकायको रूपमा सहकारी विभाग क्रियाशील रहँदै आएको छ । पछिल्लो ऐनमा भएका कमी कमजोरीलाई सुधार गर्दै २०७४ सालमा सहकारी ऐन, २०७४ जारी भई कार्यान्वयनमा रहेको छ । नेपालको अन्तरिम संविधान, २०६३ ले सरकारी, नीजि र सहकारीलाई अर्थतन्त्रका तीन खम्बाको रूपमा व्याख्या गरेपश्चात सहकारी क्षेत्रको नीतिगत व्यवस्थामा निकै सुधार भएको पाइन्छ ।

सहकारी ऐन, २०७४, सहकारी नियमावली, २०७५, सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरीङ) निवारण ऐन, २०६४, सम्पत्ति शुद्धीकरण निवारण नियमावली, २०७३, सहकारी संस्थाको लेखा निर्देशिका, २०७५, बचत तथा ऋण सहकारी सुपरिवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७७, सम्पत्ति शुद्धीकरण निवारण सम्वन्धी सहकारी संघसंस्थालाई जारी गरीएको निर्देशन, २०७४, सहकारी संस्था दर्ता दिग्दर्शन, २०७४, एकीकृत स्वनियमन मार्गनिर्देशन, २०७८ लगायतका कानुनी व्यवस्थाहरू सहकारी क्षेत्रमा कार्यान्वयनमा रहेका छन् । सहकारी संस्थाले आफ्ना लक्षित शेयरसदस्य बिच लघुवित्त कार्यक्रम सञ्चालन गर्ने कार्य विगत देखि नै सञ्चालन गर्दै आएको भएपनि नीतिगत रूपमा यस कार्यक्रमलाई एकीकृत स्वनियमन मार्गनिर्देशन, २०७८ ले व्यवस्थित गर्ने प्रयास गरेको देखिन्छ ।

मार्गनिर्देशनको दफा १४ को उपदफा १५ मा सहकारी विभागको २०७७ मंसिर २३ गतेको प्रेस विज्ञप्तिअनुसार सहकारी संस्थाहरूले शेयरसदस्यलाई प्रवाह गर्ने ऋणमा सम्झौता बमोजिमको ब्याज रकम बाहेक अतिरिक्त शुल्क नलिने तर ऋण प्रवाह गर्दा संस्थाले अतिरिक्त खर्च गर्नुपर्ने भई अतिरिक्त शुल्क नलिई नहुने भएमा ब्याज बाहेक अधिकतम १ प्रतिशत नबढ्ने गरी सेवा शुल्क लिन सकिने व्यवस्था गरेको छ । समूह सिर्जना गरी सामूहिक जमानीमा प्रदान गरिने लघुकर्जा लगानी गरेको हकमा संस्थाको अतिरिक्त खर्च पर्न गई अतिरिक्त शुल्क नलिई नहुने अवस्था सिर्जना भएमा ब्याज बाहेक अधिकतम १.५ प्रतिशत नबढ्ने गरी सेवा शुल्क लिन सकिने र ऋणको ब्याज र सेवा शुल्क बाहेक थप प्रक्रिया शुल्क, प्रशासन शुल्क वा अन्य कुनै शुल्क लिन पाइने छैन भन्ने उल्लेख भएको पाइन्छ । सोही मार्गनिर्देशनको दफा ३१ मा सहकारी लघुवित्त (बचत समूह) परिचालन सम्वन्धमा बचत तथा ऋण सहकारी संस्थाहरूले सहकारी लघुवित्त (बचत समूह) मार्फत सेवा प्रवाह गर्दा सहकारी लघुवित्त (बचत समूह) परिचालन आन्तरिक कार्यविधि तयार गर्नुपर्ने, बचत समूह निर्माण गर्दा सहभागितामूलक ग्रामीण लेखाजोखा प्रणालीबाट आवश्यकताको अवस्था पहिचान गर्नुपर्ने व्यवस्था रहेको छ । यसरी समूह निर्माण गर्दा आवश्यकता भएका समुदायका सम्बन्धीत सहकारीमा आबद्ध साझा सह-बन्धन (Commond Bond) कायम भएको हुनुपर्ने, बचत समूहबाट परिचालन हुने बचत ऋण तथा अन्य सेवाहरू समूहमैत्री र प्रतिस्पर्धी हुनुपर्ने, बचत समूहमा आबद्ध सदस्यहरूलाई प्रजातान्त्रिक नियन्त्रण प्रणाली, लाभांश, संरक्षित पुँजी फिर्ता कोष लगायतका सेवा-सुविधामा विभेद गर्न नहुने, बचत समूहहरूमा उद्यमशीलता विकास र सामाजिक क्रियाकलापमा सहभागिता गराउन वार्षिक कार्यक्रम तथा योजनामा समावेश गरिएको हुनुपर्ने, बचत समूह परिचालनमा संलग्न कर्मचारीको लक्ष्य निर्धारण गर्दा खर्च धान्न सक्ने गरी गरिएको हुनुपर्ने, बचत समूहमा भएको आर्थिक कारोबार संस्थाको लेखा प्रणालीमा एकीकृत भएको हुनुपर्ने लगायतका व्यवस्थाहरू उल्लेख गरिएको पाइन्छ ।

यसका साथै, आर्थिक वर्ष २०७९/८० को वार्षिक बजेटले महानगरपालिका, उपमहानगरपालिका र नगरपालिका क्षेत्रमा रहेका सहकारी संस्थालाई लाग्दै आएको आयकरको दरलाई बृद्धि गरी क्रमशः १५ प्रतिशत, १० प्रतिशत र ७.५ प्रतिशत लाग्ने व्यवस्था गरेको छ । यस भन्दा अघि आयकरको दर क्रमशः १० प्रतिशत, ७.५ प्रतिशत र ५ प्रतिशत कायम रहेको थियो । सहकारी ऐन, २०७४ लागु हुनुपूर्व यस्तो कर २० प्रतिशत रहेको थियो । हाल गाउँपालिका क्षेत्रमा रहेका सहकारी संस्थालाई आयकर तिर्नु नपर्ने व्यवस्था रहेको छ । त्यसैगरी आयकर ऐन, २०५८ को दफा ११ (२)(क) मा व्यवसायिक छुट तथा सुविधा अन्तर्गत गाउँपालिकाको क्षेत्रमा सञ्चालित लघुवित्त संस्था, ग्रामीण विकास बैंक, हुलाक बचत बैंक र सहकारी ऐन, २०७४ वमोजिम स्थापना भएका सहकारी संस्थामा जम्मा गरेको निक्षेपबाट आर्जित वार्षिक २५ हजार रूपैयाँसम्मको ब्याज आयमा लाग्ने कर तिर्नुनपर्ने

व्यवस्था रहेको छ । यसरी अधिकांश विपन्न तथा न्यून आय भएका वर्ग ग्रामीण क्षेत्रमा बसोबास गर्ने भएकाले कर सम्वन्धी उपरोक्त व्यवस्थाले लक्षित वर्गलाई नै लाभ पुग्ने देखिन्छ ।

**समस्या**

सैद्धान्तिक रूपमा स्वनियमनमा रहनुपर्ने व्यवस्था भएपनि व्यवहारमा अधिकांश सहकारी संस्थामा सो व्यवस्थाको पालना भएको पाईदैन । त्यसैगरी नियामकीय निकायबाट पनि प्रभावकारी नियमन तथा सुपरिवेक्षण कार्य हुन नसक्दा र नियमकीय प्रावधानको अनुपालना अत्यन्त कमजोर रहेका कारण सहकारी क्षेत्रसँग सम्वन्धि तथ्याङ्क अद्यावधिक हुने नगरेको र संस्थागत सुशासन कमजोर रहेको पाइन्छ । त्यसैले सहकारी संस्थाबाट लघुवित्त कार्यक्रममा आवद्ध भई लाभान्वित भएका सेवाग्राहीको संख्या एकीनका साथ भन्न सकिने अवस्था छैन । यसरी अद्यावधिक तथ्याङ्क प्राप्त हुन नसक्दा कार्यक्रमको विगतको समिक्षा, विद्यमान अवस्था, कार्यक्रमको कमीकमजोरी र आगामी दिनमा चालिनुपर्ने कदमहरूको वारेमा पहिचान गर्न नसकिने अवस्था रहेको छ ।

सहकारी संस्थाहरू नेपाल सरकार, सहकारी विभागबाट अनुमति प्राप्त गरी सञ्चालनमा आएका संस्था हुन् । विभागकै नियमकीय अधिनमा रही वित्तीय सहकारी संस्थाले आफ्ना शेयरसदस्य बिच वित्तीय कारोबार गर्ने नीतिगत व्यवस्था भए पनि नियामकीय निकायको प्रभावकारी निरीक्षण तथा सुपरिवेक्षण हुन नसक्दा केही सहकारी संस्थामा भएको अनियमितता र नीतिगत व्यवस्था विपरितका कार्यले सिङ्गो सहकारी क्षेत्रलाई नै वदनाम गराएको छ । यसरी नीतिगत व्यवस्थाको अनुपालना र स्थलगत तथा गैरस्थलगत निरीक्षण तथा सुपरिवेक्षण कार्य हुन नसक्दा लघुवित्त कार्यक्रम सञ्चालन गरिरहेका वित्तीय सहकारी संस्थाहरू बिच अस्वस्थ्य प्रतिस्पर्धा बढेको पाइन्छ ।

नेपाल राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त गरी लक्षित वर्गलाई वित्तीय पहुँचको माध्यमबाट स्वरोजगार बनाई उनीहरूको आर्थिक सामाजिक अवस्थामा सुधार ल्याउने उद्देश्यले सञ्चालनमा आएका लघुवित्त वित्तीय संस्थाहरू स्थापानाकालदेखि नै नियामकीय निर्देशनको अधिनमा रही लघुवित्त कार्यक्रम सञ्चालन गरिरहेका छन् । यसका साथै, ती संस्थाहरूको निरन्तर रूपमा नेपाल राष्ट्र बैंकले निरीक्षण तथा सुपरिवेक्षण गर्दै आएको छ । एउटै वर्ग र भौगोलिक अवस्थितिमा कार्य गर्ने दुई नियामकको अधिनमा रहेका संस्थाहरू मध्ये लघुवित्त वित्तीय संस्थालाई नियामकले नजिकबाट निगरानीमा राखेर हेर्ने गरेको छ भने अर्कोतिर सहकारी संस्थामा त्यस्तो अवस्था नहुँदा अस्वस्थ्य प्रतिस्पर्धा सिर्जना भई सेवाग्राही मर्कामा पर्ने गरेको पाइन्छ ।

सहकारी संस्थाले आफ्ना शेयरसदस्यलाई प्रदान गर्ने कर्जाको ब्याजदर निर्धारण गर्दा सहकारी नियमावली, २०७५ को दफा (२३) मा उल्लेख भए वमोजिमको सन्दर्भ ब्याजदरलाई आधार बनाउनुपर्ने व्यवस्था रहेको छ । "घ" वर्गका लघुवित्त वित्तीय संस्थाबाट प्रवाह हुने लघुकर्जामा भने राष्ट्र बैंकले १५ प्रतिशतको सीमा कायम गरेको छ । सन्दर्भ ब्याजदरमा भएको उपरोक्त व्यवस्थाले नियामकको निगरानीमा रहेको समान प्रकृतीको लघुवित्त कार्यक्रम सञ्चालन गर्ने संस्थाको ब्याजदरलाई प्रभाव पर्ने गरेको छ । सामान्यतयः यसरी लघुवित्त वित्तीय संस्थाले लिने लघुकर्जाको ब्याजदर वित्तीय सहकारी संस्थाले लिने ब्याजदर भन्दा बढी रहने गरेको पाइन्छ ।

सरकारले आर्थिक वर्ष २०७५/७६ को बजेट मार्फत लघुवित्त वित्तीय संस्था र वित्तीय सहकारी संस्थालाई कर्जा सूचना केन्द्रको सञ्जालमा आवद्ध गराउने घोषणा गरेको भएपनि हालसम्म लघुवित्त वित्तीय संस्था मात्र कर्जा सूचना केन्द्रको सञ्जालमा आवद्ध भएका छन् । दुवै संस्थाका सेवाग्राही एउटै लक्षित वर्ग भएको र एउटा सेवाप्रदायक संस्था मात्र कर्जा सूचना केन्द्रमा आवद्ध भएकाले यस क्षेत्रमा बहुबैंकिङ कारोबारको समस्या बढ्दै गएको पाइन्छ । जसले गर्दा सेवाग्राहीको क्षमता भन्दा बढी कर्जा प्रवाह हुन गई सदस्यमा ऋणग्रस्तता बढ्दै जाने देखिन्छ ।

लघुवित्त कार्यक्रम सञ्चालन गरिरहेका वित्तीय सहकारी संस्थामा वित्तीय श्रोतको व्यवस्थापन गर्ने कार्य सहज छैन । गरिबी निवारण गर्ने उद्देश्यले सञ्चालित लघुवित्त कार्यक्रमका लागि सरकारी स्तरबाट सहुलियत ब्याजदरमा वित्तीय श्रोतको आपुर्ति हुन नसक्दा अन्य संस्थाबाट वित्तीय श्रोत जुटाउनुपर्ने वाध्यता रहेको छ । यस्तो श्रोतको उपलब्धता निश्चित नहुने र उपलब्ध हुँदा पनि व्यावसायिक कर्जाको सरह ब्याज तिर्नुपर्ने भएकाले लघुकर्जाको ब्याजदर महङ्गो पर्ने गर्दछ ।

लघुवित्त कार्यक्रम सञ्चालन गर्ने वित्तीय सहकारी संस्थाप्रति समुदायको हेर्ने दृष्टिकोण सकारात्मक रहेको पाइदैन । बेलाबेलामा यस्ता कार्यक्रमप्रति समुदायमा नकारात्मक धारणा फैलाउने गरेको पाइन्छ । पछिल्लो समय ब्याज र हर्जाना मिनाहा गर्ने मात्र नभई ऋण नै मिनाहा गर्नुपर्ने कुराहरू सार्वजनिक भईरहँदा दिगो लघुवित्त कार्यक्रमप्रति प्रश्न उठ्ने गरेको पाइन्छ । नीतिगत व्यवस्था वमोजिम स्थापना भएका संस्थाले कार्यक्रम सञ्चालन गर्दा नियामक निकायको आँखा छलेर वा नियामकीय प्रावधान मिचेर सेवाग्राहीलाई मर्कामा पार्ने गरेको पाइएमा कानुनी रूपमा नै उजुरी/गुनासो गर्ने व्यवस्था हुँदाहुँदै पनि सो नगरी कर्जा नै मिनाहा गर्नुपर्ने गैह्रकानुनी अभियान चलाउनु निन्दनीय कार्य हो । यस्ता कार्यले सेवाग्राहीमा वित्तीय सेवाप्रति नै विचलन पैदा गरी लघुवित्त कार्यक्रमप्रति अविश्वास पैदा गर्ने र कर्जा भुक्तानी कार्यलाई नकारात्मक प्रभाव पार्ने भएकाले लघुवित्त कार्यक्रम सञ्चालन गर्ने वित्तीय सहकारी संस्थाको अस्तित्वमा नै समस्या ल्याउन सक्दछ ।

यसका साथै, लघुवित्त कार्यक्रम सञ्चालन गर्ने वित्तीय सहकारी संस्थामा समयमा नै लेखापरीक्षण नगर्ने, साधारण सभा नगर्ने, लेखापरीक्षकलाई आफु खुसी चयन गर्ने, औकात र पहुँचलाई आधार बनाई शेयरसदस्यमा समान व्यवहार नगर्ने, नीतिगत व्यवस्था भन्दा व्यक्तिवादी प्रवृत्ती हावी हुने लगायतका समस्याहरू यस क्षेत्रमा रहेको पाइन्छ । जसले गर्दा लघुवित्त कार्यक्रम र सहकारी संस्थाको दिगो विकासलाई असर पर्ने अवस्था सिर्जना हुन सक्दछ ।

**आगामी बाटो**

वित्तीय चेतना भएका र विश्वासिला ग्राहक नै वित्तीय कारोबार गर्ने संस्थाका बलिया आधार हुन् । संस्था र ग्राहक बिचको विश्वासको वातावरणले नै वित्तीय संस्थालाई अगाडि बढाउन सहज हुन्छ । यसका लागि संस्थाको तर्फबाट नियामकीय प्रावधानको अनुपालना गर्ने, आफ्ना नीतिगत व्यवस्थाको पालना गरी स्वनियमनमा रहने, सेवाग्राहीलाई वित्तीय दृष्टिकोणले साक्षर बनाई वित्तीय कारोबार गर्न प्रोत्साहन गर्ने, सञ्चालकले असल अभ्यास तथा आवश्यकताको आधारमा नीतिगत व्यवस्थाको निर्माण गर्ने र व्यवस्थापनले सोको सफल कार्यान्वयन गर्ने जस्ता कार्यले संस्थालाई सही बाटोमा सञ्चालन गर्न सकिन्छ । अधिकांश अनियमितता र अस्वस्थ्य प्रतिस्पर्धाको शुरूवात संस्थामा पहुँच पुग्ने तहबाट नै हुने हुँदा सो वर्गबाट नै नीतिगत व्यवस्था र नियामकीय प्रावधानको अधिनमा रही संस्था सञ्चालन गर्नुपर्ने हुन्छ । यसका साथै, सहकारी संस्थाको सर्वोच्च निकाय साधारण सभाले सञ्चालक समिति र लेखा सुपरिवेक्षण समितिको चयन गर्ने भएकाले सम्पूर्ण शेयर सदस्यहरूले विवेकपूर्ण निर्णय लिनुपर्दछ ।

वित्तीय सहकारी संस्थाले नै लघुवित्त कार्यक्रम सञ्चालन गर्ने भएकाले सहकारी क्षेत्रले ब्यहोरेका समस्याहरू नै वित्तीय सहकारी संस्थाका समस्या हुन् । हालसम्मको अनुभवलाई हेर्दा सहकारी क्षेत्रका मुल्य र मान्यतालाई भन्दा नाफा कमाउने कार्यलाई प्रमुखता दिएका कारणले नै वित्तीय सहकारी संस्थामा समस्या आएको देखिन्छ । त्यसैले संस्थाको प्रभावकारी निरीक्षण र सुपरिवेक्षणबाट मात्र उल्लिखित समस्याको समाधान गर्न सकिन्छ । सहकारी क्षेत्रलाई व्यवस्थित बनाउन नियामकीय निकाय सहित सरोकारवालाबाट विगत देखि नै प्रयास भए पनि उक्त प्रयास नगण्य भएको देखिन्छ । सहकारी संस्थाको संख्यात्मक उपस्थिति अनुसार नियामकीय निकायको पहुँच र सक्रियता विस्तार गर्न नसकेकै कारण विगतदेखि हुँदै आएका प्रयासहरू आवश्यकता अनुरूप हुन नसकेको देखिन्छ । त्यसैले विद्यमान नियामकीय निकायबाट प्रभावकारी निरीक्षण तथा सुपरिवेक्षण कार्य सम्भव नहुने देखिएकाले सबल र सक्षम दोश्रो तहको नियामकीय निकायको गठन गर्नुपर्दछ । विगतदेखि नै दोश्रो तहको नियमकीय निकायको अवधारणा ल्याइएको भए पनि हालसम्म पनि त्यसले मुर्त रूप लिन सकेको छैन । उक्त निकाय गठन गरी वित्तीय सहकारी संस्थालाई नजिकबाट निगरानी राख्न सकेमा संस्थामा स्वनियमन समेत सम्भव हुने भएकाले दोश्रो तहको नियामकीय निकाय नै अहिलेको आवश्यकता र समाधान हो ।

अधिकांश वित्तीय सहकारी संस्थाका सञ्चालक र शेयरसदस्यहरूमा वित्तीय साक्षरता सम्वन्धी जनचेतनाको कमीमा कारण आर्थिक अनियमितता, खराब कर्जामा बृद्धि, बचत संकलन नियमित हुन नसकेको, वित्तीय अनुशासन कायम हुन नसकेको, सदस्यबिच असमान ब्यवहार लगायतका समस्याहरू देखिने गरेको पाइन्छ । त्यसैले यस्ता समस्याको निराकरणका लागि सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति, अन्य उपसमितिहरू र शेयर सदस्यहरूलाई उनीहरूको शैक्षिक स्तर, आवश्यकता र ज्ञान अनुसार वित्तीय साक्षरता प्रदान गर्नुपर्ने देखिन्छ । जसले गर्दा सहकारीका सात सिद्धान्तहरूको सही तवरले पालना भई यस क्षेत्रमा स्वस्च्छ प्रतिस्पर्धात्मक वातावरण सिर्जना गर्न सकिन्छ ।

**निचोड**

वित्तीय सहकारी संस्थाहरूले समुदायमा रहेका विभिन्न तह र तप्काका जनतालाई शेयर सदस्यको रूपमा संस्थामा आवद्ध गरी वित्तीय कारोबार सञ्चालन गर्दै आएका छन् । बैंकिङ पहुँचमा रहेका वा पहुँचबाट विमुख रहेका जुनसुकै वर्ग, स्तर र अवस्थाका मानिसलाई सहकारीले समेट्न सक्ने भएकाले वित्तीय पहुँच विस्तारमा सहकारी संस्थाको महत्वपूर्ण भुमिका रहँदै आएको छ । यसका साथै यिनै वित्तीय सहकारी संस्थाले आफ्ना शेयरसदस्य मध्ये विपन्न र न्यून आय वर्गमा परेकालाई लघुवित्त कार्यक्रममा समेट्दै लघुवित्तीय सेवा प्रवाह गरी आयमुलक व्यवसायसँग आवद्ध गराउँदै आएका छन् । यसरी वित्तीय सहकारी संस्थाले समाजमा रहेका लक्षित वर्गलाई लघुकर्जाको माध्यमबाट आय, रोजगारी र उत्पादनसँग जोडेर उनीहरूको आर्थिक र सामाजिक जीवनमा सकारात्मक परिवर्तन ल्याउन सहयोग पुर्‍याउँदै आएका छन् ।

**Be READY to fight**
**#coronavirus**

Be **SUPPORTIVE** Be **CAREFUL** Be **Alert** Be **KIND**

*For the latest health advice, go to:* **www.who.int/COVID-19**

# के हो सहकारिता ?



**बरूण विद्यार्थी**

मानव जीवनका लागि दुई वटा कुरा सबैभन्दा बढी महत्वपूर्ण छन्, एक नियम र अर्को प्रेम । यी दुई चीजले जीवनलाई सार्थक बनाउँछ ।

समाज भौतिवादको विकाससँगै आफु मानव भएर जन्मनुको अर्थ बिर्सदै गैरहेको छ । सहकारीको नेतृत्वले प्रेम गर्नुपर्दछ र प्रेम गर्न सिकाउनुपर्दछ । तर यो सँगै मानव जिवनको असल आचरण र पद्धतीको नियमहरू पनि बसाउनुपर्दछ । संसारमा धनी र गरिबबीच खाडल बढ्दो छ । यसले सामाजिक न्याय संकुचित भएको छ । हामीहरू एउटा क्रेटमा राखिएको गँगटोजस्तो छौं । जसरी एउटा गँगटो क्रेटबाट बाहिर निस्कन लागेको अर्को गँगटोलाई फेरि तानेर सोही क्रेटमा खसालिदिन्छ । हामी हाम्रै घरबाट अन्यायको सुरूवात गर्छौं । एसियामा अहिले पनि महिलाहरू आफ्नै घरबाट अन्याय सहन बाध्य छन् ।

समयको परिपालना सिकाउनु धेरै आवश्यक छ । अनुशासन महत्वपूर्ण कुरा हो । हामी संगठनमा जसले बढी काम गर्दछ, उसैलाई मात्र सबै काम सुम्पिदिन्छौ । त्यो व्यक्तिको अनुपस्थितिमा संगठन सञ्चालनमा निरन्तरता दिन नसकिने अवस्था आउँदछ । यसैले भूमिका र जिम्मेवारीमा सबै मानिसलाई उत्तिकै जिम्मेवार बनाउनुपर्दछ ।

युरोपको एक रिपोर्टले ६० प्रतिशत मानिसहरू काममा रमाउँदैनन् । उनीहरू किन त्यो काम गरिरहेका छन् भन्दा त्यसले पैसा आएको छ, त्यसैले गरेको बताएका छन् ।

मानिसहरूमा पैसाको आकांक्षा बढेको छ । यसले मानिसहरूलाई वार्षिक कति बिक्रि भयो र कति नाफा कमायो भन्ने विषय मात्र प्राथमिकतामा परेको छ । तर हामी सहकारीकर्मीहरूले कुनै पनि उत्पादनमा कति मानिसको सहभागिता भयो, Do not focus on turnover, focus on people engagement त्यसलाई प्राथमिकतामा राख्नुपर्दछ । मानवोदय ईन्स्टिच्युटले समाजमा यस्तै काम गर्नको लागि थुप्रै सेल्फ हेल्प समूहहरू बनाएको छ । हामीले वातावरण संरक्षण र स्थानीय रोजगारीको लागि स्थानीय उत्पादन स्थानीय उपभोगको अवधारणामा काम गरिरहेका छौं ।

"We are working on Participatory Business Development" यो काम गर्न सजिलो छैन् किनकी सबैभन्दा पहिले मानिसको चेतना स्तर, सोचमा परिवर्तन ल्याउन जरूरी छ । हामीले विशेषगरी महिला र युवाहरूलाई लक्षित गरेका छौं । सकरात्मक सोचका लागि हामी सबैभन्दा पहिले उनिहरूलाई केही समय ध्यान योग गराउँछौ ।

समुदायमा काम गर्ने हामीहरू पहिल्यै हाम्रो विकासे एजेण्डा अरूलाई थोपरीदिन्छौ । यो गलत हो । सबैभन्दा पहिला तपाई हामीले सुन्न सिक्नुपर्दछ । सबैलाई सिकायत गर्न दिनुपर्दछ । हामीले समुदायमा छलफल गराउँदा सबैभन्दा पहिले उहाँहरूलाई आफ्ना कुराहरू राख्न दिन्छौं । कतिपय मिटिङमा उहाँहरू आक्रामक शैलीमा प्रस्तुत हुनुहुन्छ । उनिहरूको कुरा सुन्नाले हामीले समुदायको अप्ठ्यारा कुराहरू के के हुन भन्ने थाहा पाउन मद्दत गर्दछ ।

वातावरण विनास सम्पूर्ण पृथ्वी बासीहरूको लागि खतराको संकेत बनिसकेको छ । मैले विगतमा भन्दा अहिले धेरै तापमान बढेको पाएको छु । यसैको असरले केही टापुहरू समुन्द्रमुनि पुग्ने जोखिम बढ्दै गएको छ । हामी सबैले यस बारे बेलैमा सोचेनौं भने यो विनासले कसैलाई छोड्ने छैन । तर हामी कसैले

यसलाई गम्भीर रूपमा लिएका छैनौं ।

हाल नर्वेले वातावरण संरक्षणका लागि युवाहरूलाई विशेष रूपमा अघि सारेको छ । अब हामीले उपभोग घटाएनौं भने यसले दुरगामी असर पार्ने निश्चित छ । मानिसको आकांक्षा असिमिति छ । एउटा मानिसलाई ४ जोर कपडाले वर्षभरि पुग्छ भने उ किन २० जोर खरिद गर्छ ? आडम्बर र देखावटीका लागि गरिएको यो अधिक उपभोगले वातावरणलाई कसरी विनाश गर्दछ र मैले यसमा कसरी योगदान गर्न सक्छु भनेर नसोच्ने हो भने यसले विनास ल्याउने निश्चित छ । व्यक्ति व्यक्तिमा जागरण ल्याउन जरूरी छ । यस्तै, पानीको मुद्दा पनि यस्तै छ । जलाधार संरक्षण गर्न सकेनौं भने यसले मानव जीवनमा गम्भीर असर गरेको प्रशस्तै उदाहरणहरू छन् ।


हामीले सहकारिता सिकाएनौं । हाम्रा संस्थाहरू बचत र ऋणमा मात्र केन्द्रीत भए । यसले मात्र मानव जीवनमा परिवर्तन आउँदैन । यसैले सहकारीको नेतृत्वले मानव जीवनको आवश्यकताहरू सुक्ष्म रूपले बुझ्केन भने परिवर्तन कसरी आउँछ ? हामीहरूमध्ये यी विषय उठाउनेहरू कि त राजनीतिक रूपमा स्थापित हुन् वा जागिरको रूपमा काम गर्नेहरू मात्र छौं । सहकारीको नेतृत्व गर्नेहरूले सहकारी स्थापना गर्नुको उद्देश्य के हो ? हामी जे काम गछौं त्यसबाट चेतनास्तरमा विकास भएको छैन भने त्यो काम छोड्नुपर्छ । कुनै काम सुरुवात गरेपछि त्यसलाई तार्किक निष्कर्षमा पुऱ्याउनुपर्छ ।

मैले भनेको कुरा हामी सबैले पहिले पनि जानेकै हो र हामी सबै जान्ने बुझ्ने नै  छौं । तर जाने बुझेका कुरा हामी व्यवहारमा लागु गर्दैनौ । यसैले आजैबाट आँफैबाट जानेका कुरा गर्न सुरू गरौं ।

**नेफ्स्कूनको आयोजनामा भएको ' चौथो साकोस शिखर गोष्ठी-२०७९' मा मानवोदय इन्स्टिच्युट अफ पार्टिसिपेटरी डिभेलपमेन्ट, भारतका निर्देशक वरूण विद्यार्थीले राख्नुभएको उत्प्रेरणात्मक अभिव्यक्तिको सम्पादित अंश )**



# विश्व ऋण परिषद् लक्ष्य २०२५
## (WOCCU Challenge-2025)





**राधेश्याम श्रेष्ठ**
**सहायक कार्यकारी अधिकृत**
**वित्त तथा सामान्य सञ्चालन विभाग, नेफ्स्कून**

सन् २०१४ मा विश्व ऋण परिषदले सन् २०२० भित्र विश्व भरीको बचत ऋण सहकारी संस्थाहरूमा २६ करोड सदस्य पुऱ्याउने लक्ष्य निर्धारण गऱ्यो । उक्त लक्ष्य सन् २०१७ भित्रै हासिल भयो । निर्धारित लक्ष्य तोकिएको अवधि भन्दा तीन वर्ष अगावै कसरी हासिल भयो? यस विषयमा विश्व ऋण परिषदले एक अध्ययन गऱ्यो ।

अध्ययनको निश्कर्ष के रह्यो भने विश्व भरिकै बचत ऋण सहकारी संस्थाहरूको अथक प्रयत्नबाट जुन उपलब्धी हासिल भएको छ, त्यो उपलब्धी सबै संस्थाहरूमा हासिल भएको थिएन । जुन संस्थाले नविनतम् प्रविधि अवलम्वन मार्फत वित्तीय सेवाको पहुँच अभिबृद्धि गरे ति संस्थाहरूमा अपेक्षाकृत भन्दा अधिक दरमा सदस्यता बृद्धि भएको कारण विश्व ऋण परिषदको भिजन २०२० मा उल्लेखित सदस्यता सम्बन्धी लक्ष्य सन् २०१७ मै पुरा भयो । विशेष गरी अनलाईन र मोबाईल च्यानल प्रयोग गरी वित्तीय सेवा विस्तार गर्ने संस्थाहरूमा अधिक संख्यामा सदस्यता बृद्धि भएको देखियो ।

नेपालको सन्दर्भमा आजको मितिमा कति व्यक्तिहरू बचत तथा ऋण सहकारी संस्थामा आवद्ध छन्, तिनीहरूको जनसांख्यिकीय विश्लेषण हुन सकेको छैन । साँचै भन्ने हो भने संस्थाहरूको सदस्यता, कारोबार लगायतका अन्य आधारभुत तथ्यांक समेत एकीकृत हुन सकेको छैन । यसको लागि संघीय सहकारी विभाग पछिल्लो समय तदारूकताका साथ लागेको छ, जसमा सहकारी अभियानको सकारात्मक साथ रहेको छ । आशा गरौं हामी छिट्टै नेपालको सहकारी जगतको यकिन र अद्यावधिक तथ्यांक हरवखत एक क्लिकमा थाहा पाउन सक्ने युगमा प्रवेश गर्नेछौं ।

सहकारी अभियान भित्र युवा सहभागिताको दर कस्तो छ ? भन्ने प्रश्नको जवाफ अड्कल गर्न नै मुस्किल अवस्था छ । यद्यपि ध्रुवसत्य कुरा के हो भने अन्य वित्तीय संस्थाहरूको तुलनामा बचत तथा ऋण सहकारी संस्थाद्वारा प्रवाह हुने वित्तीय सेवामा युवाहरूको सहभागिता अभिवृद्धि गराउने चुनौती अभियान सामु टड्कारै देखिएको छ । आजको युवापुस्ताको रूची पुरातन पद्दतिका सेवा उपभोगमा रहँदैन, आगामी पुस्ताले दिनानुदिन नवविकसित प्रविधियुक्त सेवाको अपेक्षा गर्ने नै छ ।

नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कून) ले सन् २०२० मा बचत तथा ऋण सहकारी संस्थाहरूमा सदस्यहरूको आवद्धता वृद्धि गर्न एवम् प्रतिस्पर्धात्मक प्रविधियुक्त सेवा प्रवाह गर्न नेपालको सन्दर्भमा के कस्तो प्रणाली आवश्यक हो ? च्यालेन्ज २०२५ मा योगदान गर्न कस्ता सेवाहरूलाई उक्त प्रणालीमा समावेश गर्नुपर्दछ ? भन्ने लगायतका विषयहरूमा एक गहन अध्ययन सम्पन्न गर्‍यो । उक्त अध्ययनको निश्कर्ष बमोजिम २०२१ मा आफ्नो साधारण सभाबाट योजना पारित गरी नेपालको बचत तथा ऋण सहकारी सञ्जालको साझा प्रविधि विकासको लागि नेफ्स्कूनले कार्य प्रारम्भ गर्‍यो । हाल उक्त प्रणाली निर्माणाधिन अवस्थामा रहेको छ र छिट्टै साकोस अभियानले अनुभूत गर्न पाउने गरी सञ्चालनमा आउँनेछ ।

प्रविधियुक्त सेवा प्रवाह मार्फत बचत ऋण सहकारी सञ्जालमा सदस्यहरूको आवद्धता उल्लेख्य रूपमा बृद्धि गर्न सकिने यथार्थलाई मनन गर्दै विश्व ऋण परिषदले सन् २०२५ भित्र विश्व भरिका बचत ऋण सहकारीहरूको सेवालाई डिजिटाईज गरी सदस्यता प्रवर्द्धन गर्ने र बचत ऋण सहकारीहरू मार्फत स्मार्ट सेवा प्रवाह गर्ने लक्ष्य लिएको छ । जुन लक्ष्यलाई WOCCU Challenge-2025 भनिन्छ । उक्त लक्ष्यलाई परिषद्ले तपशिलका चारवटा प्रमूख सूचकहरू मार्फत मापन गर्ने र वार्षिक रूपमा प्रतिवेदन प्रस्तुत गर्नेछ ।

### (क) डिजिटल माध्यम (Digital Channels)

च्यालेन्ज २०२५ को लक्ष्य मापन गर्न संस्थाहरूले आफ्ना सदस्यहरूलाई डिजिटल माध्यमबाट सेवा प्रवाह गर्ने, अनलाईन तथा मोबाईल च्यानल मार्फत कारोबार गर्न सक्ने प्रविधि अवलम्वन गर्ने, प्राप्ती तथा भुक्तानी सम्बन्धी कारोबार कम समयमै झन्झट रहित तरिकाले गर्न सक्ने विकल्पहरूको विकास गर्ने विषयलाई पहिलो सुचकको रूपमा अंगिकार गरेको छ ।







### (ख) साझा प्लेटफर्म (Shared Platforms)

वित्तीय प्रविधि (FinTech) को उपयोग मार्फत सदस्यहरूलाई सहज र सरल रूपमा स्मार्ट सेवा प्रवाह गर्न संस्था पिच्छे पृथक-पृथक प्रणाली मार्फत सम्भव हुँदैन । साकोस सञ्जालले उपयोग गर्ने एउटै साझा प्लेटफर्मको आवश्यकता पर्दछ, जसमा जोडिएर संस्था र संस्थाका सदस्यहरूको हरेक भुक्तानी तथा फछ्र्यौटका काम कारोबारलाई स्मार्ट ढंगबाट सम्पन्न गर्नुपर्दछ । साझा प्लेटफर्म भनेको सबै साकोसहरूको साझा स्वामित्वको प्लेटफर्म हो । एउटा संस्थाले आफ्नो लागि मात्र छुट्टै प्रणालीको विकास गर्नुपर्दा त्यसको निर्माण एवम् सञ्चालन लागत ज्यादै धेरै पर्न जान्छ, त्यसैले साझा प्रणाली तथा प्लेटफर्ममा आवद्ध भई स्तरीय सेवा सुलभ दरमा प्राप्त गर्न सकिन्छ ।

आफ्नो संस्थालाई साझा भुक्तानी प्रणालीमा आवद्ध गराई कम्प्युटर/मोबाइल उपकरणहरूको उपयोग मार्फत भुक्तानी एवम् फछ्र्यौटमा सहजता प्रदान गर्नु च्यालेन्ज २०२५ को लक्ष्य मापनको दोस्रो सुचक रहेको छ ।

### (ग) जोखिम व्यवस्थापन (Risk Management)

नविन प्रविधिको विकास र अवलम्वन सँगसँगै नविन जोखिमहरू पनि आईपर्दछन् । हार्डवेयरमा आउने समस्याको कारणले सदस्यहरूको डाटा नष्ट हुने वा क्षति पुग्ने जोखिम एकातिर रहन्छ भने अर्कोतिर अनाधिकृत रूपमा सदस्यहरूको अभिलेख चोरी हुने, दुरूपयोग हुने जोखिम हुन्छ । साथसाथै विभिन्न साईबर आक्रमण मार्फत थाहै नपाई अभिलेखका साथ साथै कारोबारहरू समेत अनाधिकृत रूपमा गर्ने, सदस्यहरूको अभौतिक खाताबाट अनाधिकृत रकमान्तर गर्ने,



रकम चोरी हुने जस्ता जोखिम पनि सँगसँगै नै रहन्छन् । यस्ता जोखिमहरूको निराकरणका लागि मजबुद प्रविधि सुरक्षा प्रणाली अवलम्वन गरिनु जरूरी छ, जुन सुरक्षा प्रणालीले सदस्यहरूको व्यक्तिगत अभिलेखहरूको सुरक्षा, साईबर आक्रमणहरूको प्रतिरोधात्मक प्रणाली विकास र कार्यान्वयन गर्नु संस्थाको जिम्मेवारी हो ।

यस्तो जोखिम व्यवस्थापन अन्तर्गत क्लाउड बेस्ड अभिलेख भण्डारण, क्लाउड बेस्ड सफ्टवेयर प्रणालीको अवलम्वन तथा स्वचालित तवरबाट निर्दिष्ट समयमा अभिलेख ब्याकअप व्यवस्थापन तथा प्रणाली भित्र हुने अनाधिकृत प्रवेशको प्रतिरोधात्मक प्रणालीको अवलम्वन पर्दछ । यसरी गरिने जोखिम व्यवस्थापनलाई च्यालेन्ज २०२५ को लक्ष्य मापनको तेस्रो सूचकको रूपमा लिईएको छ ।

### (घ) तथ्यांक विश्लेषण (Data Analytics)

सदस्यहरूलाई जनसांख्यिक, आर्थिक, सामाजिक, साँस्कृतिक एवम् भौगोलिक आधारमा विश्लेषण गर्न सदस्यहरूको तथ्यांकको सुक्ष्म वैज्ञानिक विश्लेषण जरूरी हुन्छ । जसको लागि सर्वप्रथम सदस्यहरूको अभिलेख डिजिटाईज हुन जरूरी छ । सदस्यहरूको डिजिटाईज अभिलेखका आधारमा उनीहरूलाई विभिन्न आधारमा खण्डिकरण गरी विश्लेषण गर्न सकिन्छ । जस्तै, लिंगको आधारमा, उमेर समुहको आधारमा, आयस्तरको आधारमा, सामाजिक साँस्कृतिक परिवेशको आधारमा, भौगोलिक आधारमा आदि । यसरी सदस्यहरूको विश्लेषण गरेपछि ति सदस्यहरूको रूची तथा आवश्यकताको पहिचान हुन्छ र आवश्यकतामा आधारित नवप्रवर्तनात्मक सेवाहरूको विकास गर्न मद्धत पुग्दछ ।



त्यसका अतिरिक्त सदस्यहरूलाई वित्तीय परामर्श र वित्तीय साक्षरताको आवश्यकता विश्लेषण समेत गर्न सकिन्छ भने संस्थाका वस्तु तथा सेवाको लोकप्रियता र त्यसको प्रवृत्ति विश्लेषण गरी भविष्यमा कस्ता वस्तु तथा सेवालाई बढावा दिने भन्ने सन्दर्भमा अध्ययन गर्न समेत सदस्यहरूको तथ्यांक विश्लेषण अत्यावश्यक हुन्छ ।

त्यसैले सदस्यहरूको तथ्यांकको विश्लेषण गर्न सक्ने प्रणालीको अवलम्वनलाई च्यालेन्ज २०२५ को लक्ष्य मापनको चौँथो सूचकको रूपमा लिईएको छ ।

(विश्व ऋण परिषदको च्यालेन्ज २०२५ मा आधारित)


साकोस आवाज
सहकारी सँगै सञ्चार



Like
Comment
Share

कृपया सहकारी समाचारका लागिः
saccosaawaj.coop.np मा जानुहोला ।

यदि तपाईंसँग कुनै समाचार भएमा
saccosaawaj@gmail.com
मा पठाउनुहोला ।

# सहकारी संस्थामा लघु बीमाको आवश्यकता र महत्व





**रिता पाठक**
कर्पोरेट सेल्स हेड
सिटिजन लाईफ ईन्स्योरेन्स कम्पनी लि.
टेकु, काठमाडौं

जोखिम व्यवस्थापनको एक महत्वपूर्ण औजार भनेकै बीमा हो । बीमा फारसी भाषा बाट आएको शब्द हो । यसको अर्थ जिम्मेबारी बहन गर्नु हो, बीमा भनेको कुनै पनि क्षति तथा नोक्सानी हुँदा दिइने क्षतिपूर्तिको सुनिश्चितता हो । भविष्यमा हुनसक्ने आर्थिक तथा भौतिक क्षति सँग सम्बन्धित जोखिमको न्यूनिकरण गर्न तथा सो जोखिम हस्तान्तरण गर्नका लागि गरिएको सम्झौता नै बीमा हो । राज्यले जारी गरेको बीमा ऐन अनुसार बीमा कम्पनी स्थापना भई नियामक निकायको रेखदेखमा सञ्चालन हुने तथा यसको पुनर्बीमा समेत हुने हुँदा यसमा काम गर्ने कम्पनीहरू आधिकारीक, भरपर्दो र विश्वासिलो मानिन्छन् ।

आफ्नो जोखिम अनुरूप बीमाशुल्क बुझाई आपसी करारको माध्यमबाट बीमा गरिएकोमा कुनै अप्रिय घटना घटी क्षति पुग्न गएमा बीमाका माध्यमबाट सहज र सरल तरिकाबाट क्षतिपूर्ति प्राप्त हुन्छ । घटना भन्ने विषयनै सँधै अनिश्चित हुने भएकाले पीडित व्यक्ति वा परिवारजनमा करार गरिएको रकम नियमानुसार भुक्तानी दिने व्यवस्था बीमा कम्पनीले गर्दछ ।

**बीमाको महत्व** : सामान्यतया भन्नुपर्दा आज विश्वका हरेक कुना, काप्चामा बीमाको बारेमा सुसूचित र समुदायस्तरमै जानकार रहेको अवस्था छ । हालैको दिनमा हाम्रो देशमा पनि हरेक क्षेत्रमा बीमा लाई विशेष रूपमा महत्व दिईएको विषय हामीलाई जानकारै छ खासगरी बीमाको महत्वलाई तपसिल बमोजिम अंगिकार गरिएको छ ।

–जोखिम हस्तान्तरणको साधन
–क्षतिको भुक्तानी
–पुँजीको निर्माण
–बचत गर्ने बानीको विकासमा सहयोग
–आश्रित परिवारजनलाई उचित राहत र सुरक्षित भविष्य
–करमा छुट
–सम्पत्तीको रक्षावरण

बीमा भनेको जोखिम हस्तान्तरण एवं व्यवस्थापन गर्ने एक अति उत्तम उपाय हो । बीमाको सम्बन्ध जोखिमसँग जोडिएको हुन्छ । बीमा जोखिम हस्तान्तरणको एक करार हो । हरेक करार वा सम्झौता लिखित रूपमा प्रष्ट खुलाएर दुई पक्षका बीचमा सम्पन्न हुन्छ । बीमा पनि दुई पक्षका बीचमा हुने यस्तै करार हो जस्मा बीमा गर्दा कम्पनी र बीमा गर्ने व्यक्ति वा संस्था बीच आपसी करार गरिन्छ । यसमा बीमाको विषयवस्तुमा हुने जोखिमको क्षतिपूर्तिको भार बीमालेखको माध्यमबाट बीमकमा सार्ने काम हुन्छ । यसका लागि बीमा कम्पनीले निमयानुसार बीमाशुल्क लिन्छन् साथै बीमाशुल्क किस्ताबन्दी वा एकमुष्ट रूपमा पनि बुझाउन सकिन्छ । बीमाशुल्क भुक्तानी पश्चात बीमाको विषयवस्तुमा तोकिएको जोखिमबाट कुनै क्षति , हानि/नोक्सानी भएमा आफुले स्वीकार गरे अनुसारको मूल्याङ्कनमा तोकिएको हदमा नबढ्ने गरी बीमा कम्पनीले क्षति बेहोर्ने गर्दछ । करार दुई पक्षबीच हुने हुँदा एक अर्काको धारणा स्पष्ट हुने गरी बीमा सुरक्षण माग्ने र क्षतिपूर्ति दिने व्याख्या गरी लिखित करार शिलशिलावस सम्पन्न हुन्छ । बीमाको विश्वासनियता भनेको नै लिखित करार साथै करारको पूर्ण रूपमा कार्यान्वयन गर्नु हो ।

**खासगरी बीमालाई दुई भागमा विभाजन गरिएको छ ।**

१. **जीवन बीमा :** व्याक्तिको जोखिम र बचतलाई समेट्ने गरी गरिने रक्षावरणलाई सामान्य तय : जीवन बीमा भनिन्छ । यस अर्न्तगत सावधिक, बाल बीमा, पेन्सन, आवधिक भूक्तानी, म्यादी लगायतका जीवन बीमाहरू पर्दछन् ।

२. **निर्जीवन बीमा :** सम्पत्ती जन्य वस्तुको मुल्यको जोखिमको बहन ।

**उत्पन्न जोखिम र बीमाः**

यस मध्ये हामीले जीवन बीमा अर्न्तगत कर्जा सुरक्षणको लागि गरिने म्यादी बीमाको बारेमा चर्चा गरिएको छ । ऋण जोखिमलाई न्यूनिकरण गर्न सदस्य जमानत, समूह जमानत, आवश्यक धितोको व्यवस्था, सुरक्षणको व्यवस्था गर्ने गरिन्छ । तर ऋणी स्वयंको मृत्यु भएमा वा अन्य कुनै अंगभंग भएमा परिवारले नै उक्त ऋण बुझाऊनु पर्दछ, असुल गर्न नसकेमा घर जग्गानै लिलाम हुन सक्छ र यस्तो बेला ऋण बराबरको ऋणीको बीमा गर्न सकेमा संस्था र सदस्य दुबै सुरक्षित हुन सक्दछन । धेरै संस्थाहरूले संस्था भित्रनै कोष खडा गरि सदस्यको मृत्युभएमा राहत वितरण गरेको पनि पाइन्छ । यो आफैमा जोखिम छ भलै हिजोको दिनमा यस्तो जोखिम लिने कम्पनीहरू थिएनन् तर आजका दिनमा यस्तो जोखिम लिने बीमा कम्पनीहरू छन् । यस्तो सुविधाको लागि सामुहिक रूपमा थोरै भन्दा थोरै बीमा शुल्क बुझाएर बीमा गर्न सकेमा संस्था पनि सुरक्षित र आश्रित परिवार पनि सुरक्षित हुनसक्छन् । त्यस्तै सहकारी संस्था तथा लघुवित्त संस्थामा रहेका सेयर सदस्य, कर्मचारी र सञ्चालकहरूको जीवन बीमा गरेमा उनीहरूको जोखिम पनि बहन हुन्छ ।

सहकारी संस्थाहरू होस् वा लघुवित्त प्रदाय संस्थाहरू ती संस्थाहरूले बीमालाई एउटा महत्वयूर्ण सेवाको रूपमा संस्थामा स्थापित गर्नु पर्दछ । संस्थाले बचत सेवा, ऋण सेवा, रेमिट सेवा, लघुवित्त सेवा तालिम तथा गोष्ठी साथै विभिन्न अवलोकन भ्रमणमा सहभागिता गराए जस्तै अब बीमा सेवा दिन पर्ने अपरिहार्यता देखिन्छ । संस्था स्वंयमले अभिकर्ता भएर बीमा कार्यक्रम सञ्चालन गर्ने हो भने आम्दानीको ठूलो श्रोत संस्थामा भित्रिन्छ र यसले संस्थालाई पूर्ण सक्षम बनाऊन पनि ठूलो मद्दत पुऱ्याउँदछ । संस्थाको बचत सेवाका प्रकार मध्ये बीमा बचत पनि सञ्चालन गरि सदस्यहरूलाई बीमा गर्ने बानीको विकास गर्न सकेमा संस्थामा यथेष्ठ पुँजीको निर्माण हुने र सदस्यहरू पनि बीमा सुविधा पाई सुरक्षित हुने देखिन्छ ।

मानव समाजमा विपत्ति वा जोखिमका पर्याप्त ढोकाहरू खुलिरहेको देखिन्छ । व्यक्तिगत जीवन, रोजगारी, व्यावसायिक कारोबार आदि सबैमा धेरथोर जोखिम अवश्य रहन्छ, भविष्यमा आउन सक्ने अनिश्चित प्रकारका जोखिमलाई अन्यत्र हस्तान्तरण गरि सोबाट भएको आर्थिक क्षतिपूर्ति प्राप्त गर्ने एक महत्वपूर्ण माध्यमनै बीमा हो ।

बीमा करारलाई बीमालेख भनिन्छ । बीमालेखमा बीमा गर्न प्रस्ताव गर्नेले बीमा प्रस्ताव गर्दा उल्लेख गरिएको बिषयहरूलाई आधार मानी प्रस्तावकको नाम, ठेगाना, जोखिमको विवरण, बीमाशुल्क बुझाएको विषयहरू सम्बोधन गरिएको हुन्छ । प्रत्येक करारमा शर्त भएजस्तै बीमा करारमा पनि जोखिम परिवर्तन भएमा सूचना गर्नुपर्ने, दाबी माग गर्दा खुलाउनु पर्ने व्यहोरा उल्लेख गर्नुपर्ने, दाबी विवाद भएमा समाधान गर्ने तरिका तथा क्षतिपूर्तिमा कुनै बन्देज हुन गएमा सोको सर्त आदि पूर्ण रूपमा उल्लेख भएको हुन्छ जसले गर्दा भविष्यमा हुन सक्ने सम्भावित विवादलाई सहजै निराकरण गर्न सकिन्छ ।

**जोखिमका प्रकारहरूः**

सहकारी तथा लघुवित्तमा जोखिम सदैव मौजुदा रहेको हुन्छ ति जोखिमहरू निम्नानुसार हुन सक्छन तसर्थ सहकारी संस्थाहरू र लघुवित्त संस्थाहरूले विशेष ध्यान दिनुपर्ने हुन्छ ।

- वित्तीय जोखिम
- सञ्चालनमा जोखिम
- रणनीतिक जोखिम
- बजार जोखिम
- सूचना प्रविधि तथा भौतिक सम्पत्तीमा जोखिम
- कानुनी तथा सुशासनमा जोखिम
- मानवीय जोखिम
- अन्य किसिमका जोखिम

**बीमा गर्दा ध्यान दिनुपर्ने कुराहरूः**

बीमा गर्न चाहने व्यक्ति वा संस्थाले बीमा गर्दा मुख्यतय निम्न कुराहरूमा विशेष ध्यान दिनुपर्दछ :

१. मुख्यतय केको लागि बीमा गर्न खोजिएको हो र बीमा गरे पश्चात उक्त उद्देश्य पूरा हुन्छ वा हुँदैन पूर्ण विश्लेषण गरी सो बारेमा प्रष्ट हुनु पर्दछ ।
२. बीमालेखमा ईच्छाईएको व्यक्तिको बारेमा प्रष्ट ढङ्गले उल्लेख गर्नुपर्दछ ताकी भविष्यमा कुनै घटना घटेमा भुक्तानी लिने कुरामा असहज नहोस ।
३. कस्ता किसिमका जोखिम सबैभन्दा बढी सम्भाव्यता देखिन्छ र बीमा गरे पश्चात सो जोखिम सुरक्षण हुन्छ, हुँदैन सोका बारेमा पूर्व नै पूर्ण जानकारी हुनुपर्दछ ।
४. बीमा गर्दा बीमाको विषयवस्तुसँग सम्बन्धित हुने तथ्यहरू नियतबस कदापि लुकाउनु हुँदैन । गलत विवरण, जानकारी वा सूचना दिनु पनि हुँदैन । यदि तथ्यहरू लुकाइएको वा ढाँटिएको साथै गलत सूचना दिएको पाईएमा बीमकले क्षतिपूर्ति प्रदान गर्दैन र यदि झुक्याएर भुक्तानी लिईएको रहेछ भने पनि कम्पनीले पूर्ण रूपमा सोधभर्ना गराउँदछ ।
५. आफ्नो आय विश्लेषण गरेर मात्र बीमा गर्नु पर्दछ । आफूले तोकिएको रकम बराबरको बीमाशुल्क बीमा अवधिभर तिर्न सकिन्छ कि सकिँदैन सो बारेमा पनि ध्यान पुऱ्याउनुपर्दछ, किनभने यो लामो अवधि रहने हुँदा सोको राम्रो विश्लेषण गरिएन भने पछि बीमाशुल्क बुझाऊन गाह्रो पर्ने हुन्छ ।
बीमा गरेपश्चात बीमालेखमा उल्लेखित सम्पूर्ण विवरण,

शर्त, सुविधाहरू र अन्य प्रावधानहरू गहिरिएर अध्ययन गर्नु पर्दछ । सहकारी तथा लघुवित्त संस्थाले कुनै पनि कम्पनीसँग बीमा गर्दा त्यो कम्पनीको ख्यातिलाई पूर्ण रूपमा बिचार गर्नु पर्ने हुन्छ किनभन्दा यसले सदस्यहरूको विश्वसनियतामा लामो समय सम्म प्रभाव पार्ने हुँदा यदि कुनै दुविधामा रहेको खण्डमा सम्बन्धीत बीमा कम्पनी सँग तुरुन्तै सम्पर्क राखेर समयमैं प्रष्ट हुनु पर्दछ ।

६. बीमा सम्बन्धी फर्म भर्न र शुल्क लिन आउने व्यक्ति बीमा कम्पनीबाट आधिकारिक इजाजत पाएको हो, होइन सोको एकिन गरेर मात्र निजलाई विश्वास गर्नुपर्दछ, अन्यथा भोलीका दिनमा कुनै विवाद आएर उक्त विवादले उग्ररूप नलियोस ।

७. बीमाशुल्क भुक्तानी गरेपछि अनिवार्य रूपमा नगद बुझेको भर्पाइ लिनुपर्दछ र सो आफूसँग सुरक्षित तवरले राख्नुपर्दछ । बीमा गरिएको व्यहोरा घर-परिवारका सदस्यलाई पनि जानकारी गराउनु पर्दछ साथै इच्छाएको व्यक्तिलाई अनिवार्य रूपमा जानकारी गराऊनु पर्दछ ।

८. बीमालेख नविकरण मिति ख्याल गरी यथा समयमा नै बीमाशुल्क भुक्तानी गर्नुपर्दछ । म्याद नाघेको खण्डमा दावी भुक्तानीका लागि असहज हुने हुँदा यसमा सजग हुनु पर्ने आवश्यकता देखिन्छ । बीमा सम्बन्धी सम्पूर्ण कागजातहरू जस्तै बीमालेख, बीमाशुल्क बुझाएको रसिद आदि एउटै फाइलमा फाइलिङ गरी अत्यन्तै सुरक्षित तवरका साथ राख्नुपर्दछ । दावी भुक्तानी लिने प्रयोजनको लागि यी कागजात अनिवार्य आवश्यक पर्दछन् । साम्पूर्ण कागजात बिना रकम भुक्तानी लिन मिल्दैन ।

**बीमा गर्ने प्रक्रियाहरू** :

जीवन बीमाको लागि

१. बीमा कम्पनी वा सोको आधिकारिक अभिकर्ताले भने अनुसारको सत्य(तथ्य जानकारी दिई पूर्ण रूपमा फारम भर्ने । आवश्यकता अनुसार आफ्नो स्वास्थ्यको बारेमा जानकारी दिने र कम्पनीले तोकेको चिकित्सककोमा गएर स्वास्थ जाँच गरेको रिपोर्ट पेश गर्ने ।

२. सम्पूर्ण जानकारीहरू रूजू गर्दा सत्य देखिएमा बीमा कम्पनीले प्रस्ताव स्वीकार गरी बीमाशुल्क रकम माग गर्दछ र सोहि अनुसार तोकेको समयमा बुझाउनु पर्दछ । बीमाशुल्क रकम बुझाइसके पछि कम्पनीले बीमालेख बीमितलाई प्रदान गर्दछ ।

(पाठक विगत २ दशक देखि नेपालको बीमा क्षेत्र र सहकारी अभियानमा हुनुहन्छ । )


नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

**सहकारी विभाग**

नयाँ बानेश्वर काठमाडौं

## पुराना साझा (सहकारी) संघ/संस्थामा रहेको ऋण तथा रोक्का जग्गाको विवरण पठाउने सम्बन्धी अत्यन्त जरूरी सूचना

**(प्रथम पटक प्रकाशन मिति : २०७९/०३/१५ गते)**

पुराना साझा (सहकारी) संस्थाको सम्पत्ति, दायित्व यकिन गर्न तथा सदस्यको ऋण व्यवस्थापन गरी रोक्का भएका जग्गा फुकुवा गर्नका लागि भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको निर्णयानुसार सहकारी विभागका रजिष्ट्रारको संयोजकत्वमा गठन भएको कार्यदलको बैठकको निर्णयबाट साविकका पुराना सझा (सहकारी) संस्थामा आवद्ध रहेका सदस्यहरुले संस्थासँग मिति २०४९/२/२ अगावै रहेको ऋणको कारोबारबाट देहायअनुसारका विषयहरुबाट स्पष्ट रुपमा खुल्ने गरी मिति २०७९ श्रावण १७ गतेभित्र निर्धारित ढाँचामा प्रमाणित गरी इमेल ठेगाना sahakaribivag@gmail.com वा सहकारी विभाग, नयाँ बानेश्वर, काठमाडौंको ठेगानामा पठाउनुहुन सम्बन्धीत साझा (सहकारी) संस्थाहरु र सदस्यहरुको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

१. सदस्यले साझा (सहकारी) संस्थालाई हालसम्म तिर्न बुझाउन बाँकी रहेको साँवा, ब्याज, हर्जना समेत जम्मा तिनुपर्ने दायित्व रकम ।

२. साझा (सहकारी) संस्थाका सदस्यको नाममा रोक्का गरेको घरजग्गा र रोक्का राख्ने बैंकको विवरण ।

३. साझा (सहकारी) संस्थाका सदस्यहरुलाई ऋण प्रवाह गर्ने सिलसिलामा तत्कालिन साझा (सहकारी) संघ/संस्थाले कृषि विकास बैंक सँग लिएको ऋणको विवरण ।

प्रदेश सहकारी मन्त्रालय, प्रदेश सहकारी रजिष्ट्रारको कार्यालय तथा सबै स्थानीय तहहरु र राष्ट्रिय सहकारी महासंघ, केन्द्रीय सहकारी संघ एवम् जिल्ला सहकारी संघहरुले समेत यसै सूचनालाई आधार मानी विवरण भर्ने भराउने कार्यमा सहजीकरण गरिदनुहुन अनुरोध गरिन्छ । मिति २०७९ श्रावण १७ गतेभित्र विवरण पेश हुन नआएमा, पछि छुट हुन गएको भनी मागदाबी गर्न पाइनेछैन । **(विवरण बुझाउने समयावधि २०७९ भाद्र १ गतेसम्मको लागि थप गरिएको छ - विभाग ।)**

**नोटः सहकारी विभागको वेवसाइट www.deoc.gov.np बाट यस सम्बन्धी सूचना र निर्धारित ढाँचा फाराम डाउनलोड गर्न सकिनेछ ।**

# सुदूरपश्चिमको श्री एकता प्रगतिशिलले थालेको प्रगति

सुदुरपश्चिम प्रदेशको कैलाली भौगोलिक विकटताका बाबजूद पर्यटन, जलश्रोत, वनजङ्गल, जडिबुटी, बन्यजन्तु लगायत प्राकृतिक सम्पदाले धनी समथर भूभाग तथा पहाड मिश्रित जिल्ला हो । सुदुरपश्चिम खाद्यान्न उत्पादनमा पूर्ण आत्मनिर्भर बन्न नसकेपनि जिल्लाका उत्पादन जस्तै फलफूल, तरकारी, भट्मास, घ्यू, मह निर्यात हुँदै आइरहेका छन् । पछिल्लो समय सडक सञ्जालको विस्तार, जिल्लाबासीहरुमा शिक्षा र चेतनास्तर बृद्धिका कारण साक्षरता दर, औषत आयु र प्रति व्यक्ति आय जस्ता सूचकहरूमा उकालोलाग्दो स्थितिमा छ । पाँच नगरपालिका र एउटा उपमहानगरपालिका रहेको उक्त जिल्लाको सदरमुकाम धनगढी हो । टीकापुरमा अवस्थित 'टीकापुर बृहत उद्यान' नेपालकै सबैभन्दा ठूलो मानव निर्मित उद्यान हो । कैलाली जिल्लामै रहेको 'घोडाघोडी ताल' लाई पनि विश्व सम्पदा सूचीको संरक्षित सिमसार क्षेत्रमा राखिएको छ । कैलाली जिल्ला पर्यटनको हिसाबले पनि प्रचुर सम्भावना बोकेको जिल्ला हो भने यसलाई सहकारी मार्फत जोडेर सहकारी पर्यटन प्रवर्द्धन गर्न सकिने सम्भावन पनि उच्च रहेको छ ।

अन्य क्षेत्रसँगै जिल्लामा बचतको महत्व सिकाउन, व्यवसायका लागि पुँजी अभावको समस्यामा सहयोग गर्न, समुदायका सदस्यबीच सुखदुःखमा सहकार्यको भावना विकसित गराउन समुदायमा सहकारी संघ संस्थाहरू लागिपरेका छन् । यस्तैमध्येको एक हो श्री एकता प्रगतिशिल बचत तथा ऋण सहकारी संस्था लि.। सहकारी समर्पणको उत्कट अभिलाषा बोकेका युवाहरूले जिल्लाबासीहरूको दुःखसुखमा साथ दिने उद्देश्यले स्थापित श्री एकता प्रगतिशिल सदस्यहरूको सुख दुःखको सारथी बनेको छ ।




**स्थापना**

कैलालीको गोदावरी नगरपालिका वडा नं. ८ जमुनानगरमा अवस्थित श्री एकता प्रगतिशिल बचत तथा ऋण सहकारी संस्था लि. २०६६ साल फागुन १२ गते स्थापना भयो । स्थानीय ३१ जना महिला र १० जना पुरुष सहित ४१ जनाको सानो बचत सहभागितामा १ लाख ४७ हजार रूपैंया संकलन भयो, उक्त बचत परिचालनका लागि कानुनी प्रक्रिया बमोजिम २०६७ साल असोज २६ गते विधिवत दर्ता भयो । साकोसकी **संस्थापक अध्यक्ष राधा देवी ओली** स्मरण गर्नुहुन्छ, "२०६६ सालमा सहकारी स्थापना गर्ने भनी छलफलमा बस्दा गर्ने की नगर्ने भनी सबैजना द्विविधामा थियौं । सबैमा सहकारी बारे ज्ञान थिएन । कसरी काम गर्ने भन्ने अन्यौलता थियो । गर्दै जाँदा सिकिँदो रहेछ । आज सहकारीमार्फत धेरै सदस्यहरूको जीवनस्तरमा सकारात्मक परिवर्तन भएका छन् । सहकारीले राम्रो गर्दै गएको छ, त्यसमा सम्पूर्ण सदस्यहरूको साथ सहयोग प्राप्त भएको छ ।"

अहिले सहकारी आफ्नै हो र यसमा ढुक्कका साथ वित्तीय कारोबार गर्न सकिन्छ भन्ने विश्वास सदस्यहरूमा जागृत भएको छ । सहकारी संस्थाद्वारा प्रदान गरिने सहकारी शिक्षा शिविरहरूमा सदस्यहरूको उपस्थिति बाक्लो बन्दै गएको छ । हिजोका दिनमा घरघरमा गएर सम्झाउँदा पनि सदस्य बन्न तयार नहुने सदस्यहरू आज सहकारी संस्था खोजी खोजी सदस्यता लिने क्रम बढेको छ ।

**वित्तीय अवस्था**

शुरू सुरुमा ५ रूपैया बचत गर्न धौ धौ पर्ने सदस्यहरू हाल आएर २००, ३००, ५०० मासिक बचत गर्न सक्षम भएका छन् । ऐच्छिक तथा बाल बचत गर्ने संख्या क्रमिक रूपमा बृद्धि भैरहेको छ । मासिक नियमित बचत ५०.१३ प्रतिशत रहेको छ । सदस्यहरूलाई वित्तीय सेवा अर्न्तगत बाल बचत, ऐच्छिक बचत, जेष्ठ नागरिक बचत, नियमित मासिक बचत, विप्रेषण सेवा तथा कृषि, व्यापार, वैदेशिक रोजगार लगायत क्षेत्रमा रू १० हजार ऋण लगानी शुरू गरेकोमा हाल रू १० लाख सम्म ऋण प्रवाह गरिरहेको छ । सदस्यहरूको आर्थिक अवस्था उजागर गर्नका लागि विपन्न वर्ग उद्यम ऋण, लघु उद्यम ऋणको व्यवस्था गरि विपन्न वर्गका सदस्यहरूलाई उद्यमशिल बन्नका लागि प्रोत्साहन गर्दै आएको छ । घरमै गएर वित्तीय सेवा प्रदान गर्दै आएको छ ।

हिजोका दिनमा सहकारीमा कारोबार गर्न संकोच मान्ने सदस्यहरूले सहकारीको बारेमा राम्रो शिक्षा प्राप्त गरेका छन् । साकोस सञ्चालनमा हाल ७ महिला र ५ पुरुष कर्मचारी कार्यरत छन्  । केन्द्रीय कार्यालय र सो अन्तर्गत एक सेवा केन्द्र सञ्चालनमा रहेको छ  । कृषि, व्यापार, वैदेशिक रोजगार, उच्च तथा प्राविधिक शिक्षा लगायतका क्षेत्रमा कर्जा लगानीलाई विशेष प्राथमिकता दिइएको छ । त्यसैगरी सहकारीले बचत सेवा तर्फ बाल बचत, नियमित बचत, ऐच्छिक बचत, जेष्ठ नागरिक बचत, शेयर सदय सुरक्षा बचत सञ्चालन गरिरहेको छ भने ऋण सेवा, विप्रेषण सेवा, तालिम तथा शिक्षाका कार्यक्रमलाई पनि निरन्तरता दिँदै आएको छ ।

सञ्चालक समिति र व्यवस्थापनबीच सुमधुर सम्बन्ध रहेको छ । सदस्यता बृद्धिदर उकालो लाग्दो छ, समुदायमा साकोसको छवि उच्च छ । एक आपसमा सुमधुर सम्बन्ध विकास भएको छ । सदस्यता बृद्धि साकोसको सकारात्मक पक्ष हो भने यसले समुदायमा पनि बचत शिक्षाको ज्ञान विस्तार गर्दै बर्तमान पुस्ताबाट भावी पुस्तासम्मलाई आर्थिक सशक्तिकरणको बाटो पहिल्याउन सहयोग पुऱ्याएको छ ।

सदस्यता वृद्धिसँगै सदस्यहरूको आर्थिक सशक्तिकरणको क्षेत्रमा सहकारीमार्फत भएका कामहरू समुदायमा प्रशंसनीय बनेका छन् । सदस्यहरूमा बचत गर्ने बानीको विकास भएको छ । बैकिंङ कारोबारमा महिला सहभागितामा वृद्धि भएको छ, व्यावसायिक आर्थिक लगानी मार्फत स्वरोजगार सृजना भएको छ ।

साकोसका **अध्यक्ष सुरत बहादुर बोगटी** भन्नुहुन्छ, "विपन्न वर्गबाट ५/१० रूपैंयादेखि बचतको सुरुवात गरेर अगाडि बढेको साकोस आज ८ करोड ४५ लाखको पुँजी परिचालन गर्न सफल भएको छ । साकोसले आफ्नै सुविधासम्पन्न भवनबाट सेवा प्रवाह गर्न सफल भएको छ ।

साकोस गत असार १८ गते (जुलाई महिनाको पहिलो शनिबार) अन्तर्राष्ट्रिय सहकारी दिवसका अवसरमा राष्ट्रिय सहकारी महासंघबाट प्रदेश स्तरीय उत्कृष्ठ व्यवसाय पुरस्कार (आ.व.२०७८/०७९) बाट समेत पुरस्कृत भएको थियो । सुदूरपश्चिम प्रदेशमा रहेर जिल्लाका सदस्यहरूमाझ सहज वित्तीय उपलब्धता सहित व्यवसाय विकास र उद्यमशिलता अभिवृद्धिमा पुऱ्याएको योगदान स्वरूप सुदूरपश्चिम स्तरीय उत्कृष्ठ व्यवसाय पुरस्कारले श्री एकता प्रगतिशिल साकोसको छवि झनै चुलिएको छ ।

नेफ्स्कूनद्वारा सञ्चालित जोखिममा आधारित साकोस सुपरिवेक्षण कार्यक्रम (कर्ब्स) आबद्धता सँगै साकोसमा निती निर्माणमा सहज भएको छ । अनुभव तथा सिकाई आदान प्रदानमा सहयोग पुगेको छ भने पर्ल्स अनुगमन तथा प्रतिवेदन बनाउन सहज भएको छ । आगामी दिनमा संस्थामा पर्न जाने जोखिम न्यूनिकरण, साकोसको स्थायित्व तथा नीती निर्माणमा सहयोग पुग्ने उद्देश्यसहित बचत तथा ऋण सहकारी संस्था सम्बन्धी स्थिरीकरण कोषमा पनि साकोसको आवद्धता रहेको छ ।



### साकोसका सेवाहरू

- ऋण लगानी तथा असुलीमा सहजता
- सदस्य तथा बचत बृद्धिमा सहयोग
- बचत गर्ने बानीको विकास (बाल बचत, नियमित मासिक बचत, ऐच्छिक बचत, जेष्ठ नागरिक बचत)
- लघुवित्त समुहद्वारा बचत तथा ऋण परिचालन
- लघु तथा विपन्न उद्यम कर्जा प्रवाह
- वित्तिय कक्षा सञ्चालन

### तालिम तथा शिक्षा

- सञ्चाकहरूको क्षमता अभिवृद्धि तालिम
- ऋण व्यवस्थापन तालिम
- संस्थागत विकास तालिम
- कर्मचारी क्षमता अभिवृद्धि तालिम
- रणनैतिक व्यवसायिक योजना निर्माण तालिम
- पर्ल्स अनुगमन सम्बन्धी अभिमुखीकरण
- एकीकृत सूचना प्रणाली सम्बन्धी तालिम
- सहकारी शिक्षा
- अध्ययन अवलोकन भ्रमण

### संस्थाको आगामी योजना

- विपन्न वर्गलाई मध्यनजर गरि संस्थाको आन्तरिक कोषबाट २० जना लाई विपन्न उद्यम कर्जाको व्यवस्था
- यूवा स्वरोजगार कोष तथा ग्रामिण स्वावलम्बन कोष सँग समन्वय गरि लघु उद्यम कर्जाको व्यवस्था
- वित्तीय साक्षरता तथा सहकारी शिक्षा तालिम सञ्चालन
- शेयर सदस्यलाई सम्बन्धीत निकाय सँग समन्वय तथा सम्बन्ध विस्तार
- आवश्यकता अनुसार निती निर्माण गरि लागु गर्ने गरिएको ।
- समयमै साधारण सभा संचालन गर्ने गरेको ।

### संस्थाको भावी रणनीतिक लक्ष्य

- ४ हजार शेयर सदस्य पुऱ्याउने
- शेयर पुँजी वृद्धि गरि २ करोड पुऱ्याउने
- संस्थागत पुँजी ५ प्रतिशत कायम गर्ने
- आधुनिक भौतिक पुर्वाधार तयार गर्ने
- दक्ष मानव संशाधन दरबन्दी व्यवस्था गर्ने
- हरेक वर्ष १० ओटा सामुदायिक कार्यक्रम सञ्चालन गर्ने
- भाखा नाघेको ऋणलाई ० मा झार्ने
- लघुवित्त समुह ३५० पुऱ्याउने
- संस्थामा कम्तिमा पनि १२ वटा नीती निर्माण र विकास गर्ने
- बाह्य ऋण ५ प्रतिशत भन्दा कमी गर्ने
- आवासिय तथा सहभागितात्मक तालिम सञ्चालन गर्ने

### संस्थाले प्राप्त गरेका सम्मान तथा पुरस्काहरू

- राष्ट्रिय सहकारी महासंघद्वारा उत्कृष्ट सहकारी व्यवसाय २०७८ बाट पुरूष्कृत ।
- सि.वि.ओ. विकास केन्द्र कैलालीबाट २०७५ सम्मान ।
- जिल्ला सहकारी संघ कैलालीबाट प्रसंसा पत्र प्राप्त ।

### आबद्धता

- नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि.(नेफ्स्कून)
- जिल्ला सहकारी संघ
- प्रदेश बचत संघ
- राष्ट्रिय सहकारी वैंक

### सामाजिक कार्यक्रम

१. वार्षिक साधारणसभामा प्रत्येक सदस्यलाई १५ किलो आयोडिन नून वितरण ।

२) गरीब तथा जेहन्दार विद्यार्थीलाई छात्रवृद्धि प्रदान ।

३) मृत शेयर सदस्यका परिवारलाई क्रिया खर्च वितरण ।

४) सामुदायिक कार्यक्रम (सरसफाई, वृक्षारोपण, विद्यालयमा अतिरिक्त क्रियाकलाप ) सञ्चालन



# कोपोमिस प्रणालीमा आवद्ध हुन
# संघमा आवद्ध सम्पूर्ण संघ/संस्थाहरुलाई आह्वान

सहकारी बिभागले विगत केही वर्षदेखि देशभरका सबै सहकारी संघसंस्थाहरूको एकिकृत अभिलेख राख्ने तथा नियामक निकायमा विद्युतीय सूचना व्यवस्थापन माध्यम मार्फत प्रतिवेदन पठाउने कार्यलाई विद्युतीय माध्यमबाट सहजीकरण गर्नको लागि सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (COPOMIS) सञ्चालनमा ल्याएको व्यहोरा विदितै छ ।

उक्त प्रणालीमा अनिवार्य रूपमा आवद्ध भई प्रत्येक महिनाको ७ गते भित्र मासिक, प्रत्येक चौमासिक अवधि व्यतित भएको १५ दिन भित्र चौमासिक र प्रत्येक आर्थिक वर्ष व्यतित भएको ३० दिन भित्र वार्षिक प्रतिवेदन रजिष्ट्रारले तोकेको ढाँचामा कोपोमिस प्रणालीमा दाखिला गर्नुपर्ने कानुनी व्यवस्था रहेको छ । साथै, उक्त प्रणालीमा समष्टिगत विवरण फारम थप गरिएको हुँदा उक्त फारम समेत प्रत्येक आर्थिक वर्षको माघ मसान्त भित्र भर्नुपर्ने व्यवस्था रहेको छ ।

सहकारी सम्बन्धी नीति तथा योजना निर्माण गर्नको लागि सहकारी क्षेत्रको एकीकृत तथ्यांक अत्यावश्यक हुने भएकोले सबै संघसंस्थाहरूलाई उक्त प्रणालीमा २०७८ असार मसान्त भित्र आवद्ध भई नियमित रूपमा प्रतिवेदन पेश गर्न र हालै उक्त प्रणालीमा थप भएको समष्टिगत विवरण फारम समेत अनिवार्य रूपमा भरी सहकारी क्षेत्रको पहुँच, क्रियाशिलता, अर्थतन्त्रमा यस क्षेत्रको योगदान सहितको एकीकृत तथ्यांक तयार गरी सहकारी क्षेत्रको विकास, सम्वर्द्धन र प्रवर्द्धनको लागि सबैबाट सहकार्य गर्न आह्वान गर्दछौं ।

*नोटः हाल सम्म उक्त प्रणालीको Username र Password नलिएका संघसंस्थाहरूले आ-आफ्नो नियामक निकाय वा सहकारी बिभागमा सम्पर्क गरी Username र Password लिन सकिनेछ । संघसंस्थाले सहकारी बिभागको ईमेल ठेगाना sahakaribivag@gmail.com मा संघसंस्थाको नाम, दर्ता नम्बर र आधिकारिक ईमेल ठेगाना उल्लेख गरी संस्थाको आधिकारिक लेटरप्याडमा लेखिएको पत्र पठाईएको ३ (तीन) दिन भित्र सो को जवाफ प्राप्त हुने व्यवस्था रहेको छ ।*

आवद्धता

**नेफस्कून**

नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि.

नयाँ बानेश्वर, काठमाडौं, नेपाल, फोन नं. : +९७७-१-४७९११९६३, ४७८०२०१, ४७८३०७१, ४७८४६५९,
इमेल : nefscun@nefscun.org.np, वेभसाइट : www.nefscun.org.np



बागमती प्रदेश सरकार

# भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

हेटौंडा, नेपाल

# सहकारी संस्थाका सदस्यहरु र सर्वसाधारणलाई सूचना !!!

१. सहकारी संस्थाको कार्यक्षेत्र सीमित हुन्छ ।सीमित कार्यक्षेत्रभित्रका स्थानीय बासिन्दाहरुले रीत पूर्वक संस्थाको न्यूनतम एक शेयर खरिद गरी सदस्य बनेर शेयर प्रमाणपत्र प्राप्त गरेर मात्र बचत राख्ने तथा ऋण लिने कार्य गर्नुपर्छ । आफू बसोबास गरेको क्षेत्र संस्थाको कार्यक्षेत्रभित्र पर्छ, पर्दैन बुझेर सदस्य भएर मात्र कारोबार गर्नुहोला ।

२. सहकारी संस्था सदस्यले नियन्त्रण गर्ने संस्था हो । संस्था समुदायमा आधारीत हो, होइन ? संस्थाका संचालकहरु आफूले चिने जानेका व्यक्तिहरु हुन कि होइन्न ? संस्थाले सबै सदस्यहरुलाई साधारण सभामा सहभागी गराएर छलफल गर्ने गराउने, सदस्यहरुको सुझाव निर्देशन लिई कार्यान्वयन गर्ने गर्छ कि गर्दैन, यी कुराहरु राम्रो बुझेर मात्र सदस्य भै कारोबार गर्नुहोला ।

३. विद्यमान कानूनी व्यवस्था अनुसार सहकारी संघ/संस्थाहरुले आफ्नो नाम अनुसारको मुख्य कारोबार गर्नुपर्छ, जस्तै-कृषि सहकारी संस्थाले कृषि सामाग्री बिक्री र सदस्यको कृषि उत्पादन संकलन प्रशोधन र बजारीकरण गर्ने, उपभोक्ता सहकारीले उपभोग्य बस्तु विक्री गर्ने, बहुउद्देश्यीय सहकारी संस्थाले उत्पादन खरीद र उपभोग्य बस्तु विक्री गर्ने, बचत तथा ऋण सहकारी संस्थाले बचत तथा ऋण लगानी गर्ने जस्ता कामहरु मुख्य कारोबारका रुपमा गर्नुपर्छ र बचत तथा ऋण बाहेक अन्य संस्थाहरुले सहायक कारोबारको रुपमा मात्र बचत तथा ऋणको कारोबार गर्न पाउँछन् । तसर्थ आफ्नो संस्थाको विषय र सो अनुसार आफूले लिने सेवा प्रति सचेत रहेर मात्र कारोबार गर्नुहोला ।

४. साधारण सभामा सहभागी भएर छलफलमा भाग लिन पाउनु सबै सदस्यहरुको अधिकार हो । संस्थाहरुले साधारण सभा गर्दा एकै स्थान वा क्षेत्रगत रुपमा समूह विभाजन गरी सबै सदस्यहरुलाई सहभागी गराउनु पर्छ । कुनै कुनै सहकारी संस्थाले निश्चित रकमको शेयर खरीद गर्ने सदस्यहरलाई मात्र साधारण सभामा सहभागी गराउने र शेयर लाभांश, संरक्षित पूँजी फिर्ता गर्ने लगायतका रकमहरु दिने, राहत कार्यक्रमहरुमा सहभागी गराउने, संचालक र लेखा सुपरिवेक्षण समितिमा त्यस्ता सदस्यहरुको प्रतिनिधित्व रहने जस्ता विभेदकारी व्यवस्थाहरु राखेको पाइएको छ । तपाई सदस्य भएको संस्थामा पनि यस किसिमको विभेद गरिएको छ भने शेयर लगानीको आधारमा त्यस्तो विभेद गर्न पाइदैन । न्यूनतम एक कित्ता शेयर खरीद गर्ने सदस्यले संस्थाका सबै अधिकार प्रयोग गर्न र सुविधा प्राप्त गर्न पाउँछ । संस्थामा कुरा उठाउनुहोस्, सुधार नभएमा नियामक मन्त्रालयमा सम्पर्क गरी लिखित उजुरी गर्नुहोस् ।

५. सहकारी संस्थाहरुले ऋण लगानीमा प्रचलित कानूनले तोके बमोजिम निर्धारणगरिएको सन्दर्भ ब्याजदर भन्दा बढी ब्याज लिन पनि पाउँदैनन्। ब्याजलाई साँवामा जोडी पुनःसावाँ कायम गरेर ब्याज लिन पाँउदैनन् । किस्ता घट्दै गए अनुसार ब्याज पनि घट्दो दरमा लिनुपर्छ । सदस्य भई ऋणको कारोबार गर्दा यी कुराहरुमा ध्यान दिनुहोला र यस बमोजिम नभएको पाइएमा प्रमाण सहित यस मन्त्रालयमा उजुरी गर्नुहोला ।

६. एक स्थानीय तहमा एकै खालको सेवा दिने एक भन्दा बढी संस्थामा सदस्य भएर कारोबार गर्न नपाइने कानूनी व्यवस्था भएको हुँदा आफूलाई सदस्य भएर कारोबार गर्न उपयुक्त लागेको एक संस्थामा मात्र सदस्य भएर कारोबार गर्नुहोला ।

७. यस मन्त्रालयको नियमन क्षेत्राधिकारमा रहेका सहकारी संघ/संस्थाहरुमध्ये धेरै सहकारी संस्थाहरुले संस्था नियमित रहेको प्रमाण कागजात, आ.व. ०७७/०७८ सम्मको लेखापरीक्षण प्रतिवेदन पेश गरी अद्यावधिक हुन आएका छैनन् । त्यस्ता सहकारी संस्थाहरु निस्कृय सहकारी संस्थाको सूचीमा पर्दछन्। ।नियामक निकायसँग सम्पर्क नगर्ने, प्रतिवेदन पेश नगर्ने तथा अपारदर्शी ढंगले कारोबार गर्ने, संस्थाहरुसँग कारोबार गर्दा जोखिम हुन सक्ने भएकाले यस प्रति सर्वसाधारणले सचेत भएर मात्र कारोबार गर्नुहोला ।

८. केही सहकारी संस्थाहरुले सदस्य बनाउने समयमा शेयर पूँजी र प्रवेश शुल्क बाहेक जगेडा कोषमा सहभागिता, घर जग्गा कोषमा सहभागिता लगायत विभिन्न खालका अतिरिक्त रकमहरु लिने, नियमित रूपमा सदस्यता खुला नगरी निश्चित समयमा मात्र सदस्यता खुला गर्ने लगायतका कार्य गरेको गुनासो प्राप्त हुने गरेको छ । सहकारी संस्थाको सदस्यता सधै खुला हुनु पर्दछ र सदस्य बन्दा न्यूनतम शेयर पूँजीको रकम तथा विनियममा तोकिए बमोजिम प्रवेश शुल्क बाहेक अन्य थप शुल्कहरु केही तिर्नुपर्दैन । कुनै संस्थाले योग्यता पुगेर पनि कृत्रिम बन्देज खडा गरी सदस्यता नदिएमा वा प्रवेश शुल्क बाहेक अन्य यस्तो अतिरिक्त शुल्क माग गरेमा तत्काल यस मन्त्रालयमा लिखित उजुरी गर्नुहोला ।

९. सहकारी सम्बन्धी विभिन्न सूचनाहरु यस मन्त्रालयको वेवसाइट, फेसबुकपेज क्रमश **"https://molmcpa.bagamati.gov.np/"**, **"https://www.facebook.com/molmcpa/"** मा नियमित रुपमा प्रकाशन भई राख्ने हुँदा यस्ता सूचनाहरु हेरेर, बुझेर कुनै कुरा अस्पष्ट भएमा यस मन्त्रालयको फोन नं. **०५७-५२५६४३**, मा सम्पर्क गरी स्पष्ट हुनुहुन र आफ्नो बचत रकमको सुरक्षा हुने गरी ऋण लिदाँ पनि अनुचित रुपमा आर्थिक भार नपर्ने गरी र सदस्यतामा विभेद समेत नहुने वातावरण सृजना भए नभएको सम्बन्धमा विश्वस्त भएर मात्र सहकारी संस्थासँग कारोबार गर्नुहोला ।

# नेफस्कून फिल्ड कार्यालय तथा सेवा केन्द्र सम्बन्धी जानकारी

| क्र.सं. | फिल्ड कार्यालयहरु | सम्पर्क नं. | ईमेल |
|---|---|---|---|
| १. | चितवन | ०५६-५९८८०४ | nefscunchitwanfo@gmail.com |
| २. | सुनसरी | ०२५-५८४८०५ | sunsarifo@gmail.com |
| ३. | बाँके | ०८१-५३७५९१ | nefscun.nepalgunj@gmail.com |
| ४. | दोलखा | ०४९-४२१६८४ | nefscundolakha@gmail.com |
| ५. | सर्लाही | ०४६-५३०६८७ | nefscunsarlahi@gmail.com |
| ६. | चावहिल | ०१-४४७९५४४ | nefscunchabahil@gmail.com |
| ७. | ललितपुर | ०१-५५३२६५० | lalitpurfo@nefscun.org.np |
| ८. | कञ्चनपुर | ०९९-५२५२०५ | kanchanpurfo@nefscun.org.np |
| ९. | रूपन्देही | ०७१-५३०३९० | rupandehifo@nefscun.org.np |
| १०. | पोखरा | ०६१-५३३३८९ | nefscunpokharafo@gmail.com |
| ११. | झापा | ०२३-५८५३५५ | nefscun.jhapa@gmail.com |
| १२. | कलंकी | ०१-५२३४३५० | kalankifo@nefscun.org.np |
| १३. | डडेलधुरा | ०९६-४१०१२७ | dadeldhurafo@nefscun.org.np |
| १४. | दाङ | ०८२-५६१८०९ | dangfo@nefscun.org.np |
| १५. | पर्सा | ०५१-५२८१०६ | nefscun.birgunj@gmail.com |
| १६. | लमजुङ | ०६६-५२१०९३ | lamjungfo@nefscun.org.np |
| १७. | सुर्खेत | ०८३-५२५७६० | surkhetfo@nefscun.org.np |
| १८. | बनेपा | ०११-६६२७५४ | banepafo@nefscun.org.np |
| १९. | न्यूरोड | ०१-४२२४७६२ | newroadfo@nefscun.org.np |
| २०. | जनकपुर | ०४१-५९०५९० | nefscunjanakpur@gmail.com |
| २१. | धादिङ | ०१०-५२१२९९ | dhadingfo@nefscun.org.np |
| २२. | मकवानपुर | ०५७-५२३८१२ | makawanpurfo@nefscun.org.np |
| २३. | भक्तपुर | ०१-५०९३३०३ | nefscun.bhaktapurfo@gmail.com |
| २४. | गोंगबु | ०१-४९५११५६५ | nefscun.gongabu@gmail.com |

| क्र.सं. | सेवा केन्द्रहरु | सम्पर्क नं. | ईमेल |
|---|---|---|---|
| १. | लेटाङ | ०२१-५६०६०५ | letangnefscun@gmail.com |
| २. | भुमही | ०७८-४१५४१८ | bhumahisc@nefscun.org.np |
| ३. | टाँडी | ०५६-५६०७८९ | tandisc.nefscun@gmail.com |
| ४. | मन्थली | ०४८-५४०४१० | nefscunramechhap@gmail.com |
| ५. | विराटनगर | ०२१-५९०४१५ | biratnagarsc@gmail.com |
| ६. | खैरहनीटार | ०६५-४१२२०५ | nefscunkhairenitar@gmail.com |
| ७. | सुर्यविनायक | ०१-६६१२९४० | nefscunsuryabinayak@gmail.com |
| ८. | विर्तामोड | ०२३-५९०४१९ | nefscun.birtamod@gmail.com |
| ९. | धनगढी | ०९१-५९०५१० | nefscun.dhangadhi@gmail.com |
| १०. | सिन्धुली | ०४७-५९०३०० | nefscunsindhuli@gmail.com |
| ११. | म्याग्दी | ०६९-५२२०८९ | myagdisc.nefscun@gmail.com |
| १२. | पेप्सीकोला | ०१-५९१०९९३ | pepsicola.nefscun@gmail.com |
| १३. | लहान | ०३३-५९००३३ | lahan.nefscun@gmail.com |
| १४. | चापागाऊँ | ०१-५२६५३६७ | chapagaunsc.nefscun@gmail.com |


**नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि.**

नयाँ बानेश्वर, काठमाडौं

फोन नं.: ०१-४७९११६३, ४७८०२०१

इमेल: nefscun@nefscun.org.np

वेबसाइट: www.nefscun.org.np

## ICA द्वारा प्रतिपादित सहकारीका अन्तर्राष्ट्रिय सिद्धान्तहरु

तल उल्लेखित सहकारी सिद्धान्तहरु अन्तर्राष्ट्रिय सहकारी महासंघ (ICA) द्वारा सहकारी संस्थाहरूका मूल्यहरुलाई व्यवहारमा उतार्नका लागि प्रतिपादन गरेका मार्गदर्शनहरु हुन्।

१) स्वेच्छिक तथा खुल्ला सदस्यता (Valuntary and Open Membership)
२) सदस्यहरुद्वारा प्रजातान्त्रिक नियन्त्रण (Democratic Member Control)
३) सदस्यहरको आर्थिक सहभागिता (Member Economic Participation)
४) स्वायत्तता तथा स्वतन्त्रता (Autonomy and Independence)
५) शिक्षा, तालिम र सूचना (Education, Training & Information)
६) सहकारी संस्थाहरुका बीच सहयोग (Cooperation among Cooperatives)
७) समुदायप्रति चासो (Concern for Community)

## विश्व ऋण परिषद् (WOCCU) द्वारा प्रतिपादित बचत तथा ऋण सहकारी संघ संस्था सञ्चालनका सिद्धान्तहरु (WOCCU International Operating Principles)

**(क) सहकारी संरचना (Cooperative Structure)**

१. सदस्यको स्वामित्व (Member Owned)
२. सदस्यद्वारा नियन्त्रण (Member Controlled)
३. प्रजातान्त्रिक नियन्त्रण (Democratic Control)

**(ख) सदस्यलाई सेवा (Service to Members)**

४. वित्तीय समावेशीकरण (Financial Inclusion)
५. वित्तीय दीगोपना (स्थायित्व) (Financial Sustainability)
६. सदस्यको आर्थिक लाभमा वृद्धि (Maximizing Member Economic Benefit)

**(ग) सामाजिक उत्तरदायित्व (Social Responsibility)**

७. वित्तीय साक्षरता (Financial Literacy)
८. सञ्जाल सहकार्य (Network Cooperation)
९. सामाजिक उत्तरदायित्व (Community Responsibility)
१०. विश्वव्यापी परिकल्पना (Global Vision)

IME LiFE

कर्जा म्यादी जीवन बीमा योजना

# आइ.एम.ई. कर्जा म्यादी जीवन बीमा योजना

# I.M.E. Credit Term Life Policy

## विवरण:

मानव जीवन संग सम्बन्धित जीवन बीमा,लघुवित्त संस्थाहरुको बचत तथा ऋण सहकारी संस्थाहरुद्वारा आफ्ना ग्राहकलाई प्रदान गरिने विभिन्न कर्जाको सुरक्षणको लागि यो बीमा योजना बजारमा हामीले ल्याएका छौ ।

यस अन्तर्गत बिभिन्न ब्यक्ति, संस्थाका शेयर सदस्यहरु, बचतकर्ताहरु र संस्था मार्फत कर्जा लिएका ऋणीहरुको न्युनतम बीमाशुल्कमा जीवन बीमा गरी वितीय संस्थाहरुको कर्जा सुरक्षित समेत गर्न सकिनेछ । बीमित व्यक्तिको बीमा अवधि भित्र कुनै पनि कारण (कालगति, दुर्घटना, कुनै रोग वा अन्य कुनै अज्ञात कारण) बाट मृत्यु भएमा बीमा बराबरको रकम सहित भुक्तानी गरिने छ । साथै काजक्रिया खर्च वा दुर्घटनाको कारणबाट आंशिक वा पूर्ण स्थायी अशक्तताको समेत जोखिम बहन गरिने छ ।

| | |
|---|---|
| १. न्यूनतम प्रबेश उमेर: | १६ वर्ष |
| २. अधिकतम प्रवेश उमेर: | ६५ वर्ष |
| ३. न्यूनतम बीमा अवधि: | १ वर्ष |
| ४. अधिकतम बीमा अवधि: | ९ वर्ष |
| ५. अधिकतम उमेर परिपक्वतामा: | ६६ वर्ष |
| ६. न्यूनतम बीमाङ्क रकम: | रु. १०,०००/– |
| ७. अधिकतम बीमाङ्क रकम: | रु. २०,००,०००/– |
| ८. बीमा शुल्क भुक्तानी तरिका: | वार्षिक । |
| ९. चुक्ता मुल्यरसमर्पण मूल्यरकर्जा: | बीमालेख अन्तर्गत यी सुबिधाहरु उपलब्ध हुने छैन । |

**IME Life Insurance Company Ltd.**

3rd Floor, Hathway Complex, Lainchaur, Kathmandu | P. Box 740 | 977-01-4024071

info@imelifeinsurance.com | www.imelifeinsurance.com